डाकिनी मन्दारवा

(जीवनहरु र विमुक्ति)

अनुवादक

मुकेश लामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डाकिनी मन्दारवा

(साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्ति)

अनुवादक तथा प्रकाशक

मुकेश लामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डाकिनी मन्दारवा जीवनहरू र विमुक्ति

मुद्रक : यु. बी. प्लेट प्रिन्टिङ सपोर्ट, अनामनगर

प्रथम संस्करण: डिसेम्बर, २०२१, ५०० प्रति

कम्प्युटर टाइप तथा सेटिङ: मुकेश लामा

मूल्य: रू २५०/=

सर्वाधिकार: अनुवादक तथा प्रकाशकमा सुरक्षित

पत्राचार: पोष्ट बक्स नं १३७७९, काठमाण्डौ

ईमेल: mukeshlama@gmail.com

फोन: ९८४१४९१६३०

Mandarawa Jeewanharu ra Bimukti

Translated and Published by Mukesh Lama

ISBN : 978-9937-1-1056-3 .

यो पुस्तकको कुनै अंश वा पुरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनर् उत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइने छैन । कसैले त्यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन अन्तर्गत कारबाही गरिने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवादकको भनाइ

गुरु पद्मसम्भव, डाकिनी येसे छोग्यालको जीवनी अनुवाद र प्रकाशन गरिसके पछि एकजना सामान्य धर्मगुरुले धेरै वर्ष पहिला मन्दारवाको जीवनी अनुवाद गर्ने अनुरोध गर्नु भएको थियो । उहाँको अनुरोधलाई स्विकार गरेर एक दिन उहाँको जीवनीलाई अनुवाद गरेर प्रकाशन गर्ने मनमनै अठोट गरेको थिएँ । धेरै पहिला नै अनुवाद गर्ने इच्छा हुँदा हुँदै पनि उहाँको जीवनी फेला नपरेको हुँदा यती समय बितेर जाँदा पनि त्यो काम अधुरो नै रहन पुग्यो ।

सबै कुरा उचित समय आए पछि मात्र हुन्छ भन्ने कुरालाई मनन गर्दा मन्दारवाको जीवनी अनुवाद र प्रकाशन हुने उचित समय बल्ल आयो भन्ने लागेको छ ।

डाकिनी येसे छोग्यालको जीवनी तिब्बतको सेरोफेरोमा केन्द्रित रहेको छ । यद्यपि उहाँ पटक पटक नेपाल पनि आउनु भएको कुरा धर्म ग्रन्थहरूमा लेखिएको छ । यसै गरी मन्दारवाको जीवनी उत्तरि भारतको सेरोफेरोमा केन्द्रित रहेको छ । उहाँ पनि नेपालमा आउनु भएको कुरा यही पुस्तकमा लेखिएको छ ।

नेपाल, भारत, भुटान तिब्बत लगायतको क्षेत्रहरूको प्राचीन गुम्बाहरूमा गुंरु पद्मसंभव, उहाँको तिब्बती सहचरी येसे छोग्याल र भारतीय सहचरी मन्दारवाको मूर्तिहरू स्थापना गरिएको पाइन्छ । बुद्धधर्म हिमाली क्षेत्रमा स्थापना गर्नमा मन्दारवाको पनि योगदान रहेको स्पष्ट देखिन्छ । उहाँले खोटाङको मारातिका गुफामा नै अमरत्वको सिद्धि प्राप्त गर्नु भएको थियो । यस पुस्तकले उहाँबारे रहेको जिज्ञासालाई शान्त पार्ने आशा लिएको छु । आध्यात्मिकताबाट टाढा टाढा हुँदै गरेको र भौतिकता तर्फ बढि आकर्षित हुँदै गएको एक्काइसौं शताब्दको समाजमा उहाँको जीवनीले धेरैलाई प्रेरणा दिने आशा लिएको छु । सबैको मङ्गल होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय सूचि पृष्ठ

१. साहोरको राजाकी छोरी, राजकुमारी मन्दारवा १
२. राजा इन्द्रदेवकी छोरी ६
३. राजकुमार सूर्यगर्भसँग विवाह... ... ... १५
४. कनक राज्य... ... ... २५
५. डमरु राज्य... ... ... ३१
६. डमरु राज्यलाई सम्यक् सम्बोधि लाभ गराउँदै... ... ... ४१
७. देवलोक... ... ... ४६
८. काला चण्डालको नाग लोकमा... ... ... ४८
९. असुर राजाकी छोरी... ... ...५१
१०. श्री सागर... ... ...५३
११. पच्चीस प्रादुर्भावहरू... ... ... ५६
१२. डाकिनीहरूको आशीर्वाद... ... ...५७
१३. जन्मको देशलाई हेर्दै... ... ... ६१
१४. माता र पिता छान्दै... ... ... ६४
१५ गर्भ प्रवेश... ... ... ६७
१६. माता र पितालाई वन्दना ७१
१७. संसारबाट विरक्ति... ... ... ७७
१८. बाह्य विज्ञानहरूमा सिद्धि... ... ... ८३
१९. पाखण्डी क्याबसाल नागपोलाई मुक्त गर्दै ८९
२०. तीन सय आर्य महिलालाई धर्मको पथमा डोऱ्याउँदै... ... ... ९२
२१. राजकुमार पावोडेको मृत्यु... ... ... ९६
२२. पाँच सय महिलाहरूलाई मुक्तिको पथमा लगाउँदै... ... ... १००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२३. एकजना बोधिसत्त्वको पवित्र देह... ... ... १०७
२४. बज्रसत्वको दर्शन... ... ... ११०
२५. प्रवज्या लिएर धर्मको तालिम... ... ... ११७
२६. गुरु पद्मसम्भवसँग भेट... ... ... १२०
२७. चमत्कारहरूद्वारा राजालाई वशमा ल्याउँदै... ... ... १२३
२८. कैदबाट मुक्ति... ... ... १३१
२९. संसार त्याग... ... ... १३५
३०. मरातिका गुफामा अमरत्वको सिद्धि १४१
३१. कोताल राज्यमा विधर्मीहरूलाई वशमा ल्याउँदै... ... ... १४३
३२. स्मशान घाटको तत्वहरूलाई पराजित गर्दै... ... ...१५१
३३. चामरको नरभक्षीहरूलाई धर्ममा ल्याउँदै... ... ...१५४
३४. आठ देश[illegible] आठ चमत्कारहरू... ... ... १५६
३५. ओड्डीयानमा [illegible]र्म चक्र प्रवर्तन १६८
३६. शाम्भालामा [illegible]र्म चक्र प्रवर्तन ... ..., ... १७०
३७. प्रज्ञाज्ञान [illegible]ी बन्दै... ... ... १७६
३८. मन्दारवा[illegible]भिव्यञ्जनाहरूलाई प्रार्थना... ... ...१८२
उपसंहार १९२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहोरकी राजकुमारी मन्दारवा

मौलिक शुद्धताको आदि माता,
अन्तरिक्षको मण्डलको सर्व व्याप्त सहज प्रज्ञाज्ञान,
पञ्चबुद्ध परिवारका सर्वोच्च भूमिबाट प्रादुर्भाव हुँदै,
सबै डाकिनीहरूकी अगुवा,
कुनै अपवाद बिना तीन कालका बोधिसत्वहरूकी माता,
चमत्कारी प्रदर्शनको नृत्यको दिव्य शुद्ध चेतना वाहक,
दीर्घायुको सर्वोच्च मार्गमा तपाईँ सबै बज्र कुलकी देवी हुनुहुन्छ !
हे मन्दारवा, म तपाईँलाई दण्डवत् गर्छु !

बुद्धहरूकी सानदार योगिनी माता, गौरवान्वित शुद्ध लोकको महासागरहरू भित्रबाट तपाईँको प्रादुर्भावहरूको क्रीडा प्रस्तुत गरिएको एक अरब रूपहरूमा प्रकट हुन्छन् । कैयन् कल्पभरि नै तपाईँको उपस्थितिको सङ्केतको उत्कृष्टता नाप्न नसकिने गरी असीमित छ । प्राणीहरूको क्षमता अनुसार तपाईँले सांसारिक रूपहरूको चमत्कारपूर्ण क्रियाकलापहरूको नृत्य प्रदर्शन गर्नुहुन्छ । निर्मल प्राकृतिक प्रज्ञाज्ञान सँगै तपाईँले परिपक्वता र मुक्तिको बाटोको गहिराइको व्यापक रूपको सारलाई प्रकट गर्नु हुन्छ । तपाईँ अस्तित्वको चारवटा अवस्थाहरूमा पुण्यलाई कायम राख्ने सबै जिन पुत्रहरूकी माताको रूपमा चिनिनुभएको छ । कुनै अपवाद बिना बुद्धहरूको सबै उत्तराधिकारीहरूले तपाईँको पद्म पाउमा दण्डवत् गरेका छन् र साँचो सिद्धि प्राप्त गरेका छन् । आकाश जस्तो सबै प्रज्ञाज्ञान डाकिनीहरूको रूपको आधारकै रूपमा तपाईँ सत्यको आकाशको रानी सहचारीका हुनुहुन्छ । तीन काल भरि नै यस संसारमा प्रकट हुनु भएका सबै डाकिनीहरू केवल तपाईँको आफ्नै कान्तिको बादलहरू मात्र हुन् । अक्षोभ्यवीर, तपाईँको प्रमुख र सहायक बज्र लक्षणहरूले शून्यताको आकाशको विस्तारलाई प्रकट गर्दछ । वर्षाको ठूलो धारा जस्तै प्राणीहरूको लाभको लागि –निर्माणकायको सर्वोच्च लोकबाट पञ्चकुलहरूको प्राकृतिक प्रकट जस्तै र पूर्ण रूपबाट व्यवस्थित अकल्पनीय जादुई जालको रूपमा तपाईँ प्रकट हुनुहुन्छ । एकजना डाकिनीको रूपमा तपाईँका सम्यक् सम्बोधि प्राप्त शक्तिहरू असङ्ख्य चमत्कारी क्रियाकलापहरूमा प्रकट हुन्छन् । मन्दारवाको रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिनिएको तपाईँको प्रसिद्धिले अस्तित्वको तीन तथ्यहरूलाई समेट्छ । सार युक्त प्रकृतिबाट अटल तपाईँ मेरो हृदयमा कमलको फूलको मध्य भागमा सम्यक् सम्बोधिको हृदय सिद्ध नभएसम्मको लागि अविभाज्य र स्थिर रूपमा रहन सक्नुहुन्छ । मेरै वास्तविक प्रकृतिसँग आमने सामने हुनको लागि म तपाईँलाई आदरभावले दण्डवत् गर्छु ।

महान् करुणाको सूर्यको चम्किलो प्रकाशले अज्ञानताको गह्रौं दागहरू र विकृत दृष्टिको अस्पष्टतालाई तत्काल हटाइदिन्छ र धर्मको भूमि र मार्गलाई वास्तवमा नै महसुस गरिन्छ । यस पथको अभ्यासलाई पूरा गरेर पूर्ण सत्यको परिणाम पूर्ण हुन्छ । सम्यक् सम्बोधि प्राकृतिक रूपमा शुद्ध आदिकालिन माताको अवस्थामा प्राप्त होस् ।

एमाहो ! घना व्यूह रचनाको स्वर्ग अकनिष्ठको मण्डलमा पञ्चबुद्ध कूल र उहाँहरूको पाँचजना सहचरीहरूको भूमिबाट अविभाज्य वस्तुगत रूप शून्यताको परम सुख युक्त प्रज्ञाज्ञानको दरबार हो । सबै दिशा र समयमा अपरिवर्तित उत्तम उपलब्धिसँग बुद्ध र बोधिसत्वहरू धर्मकाय, सम्भोगकाय र निर्माणकायको सम्यक् सम्बोधि प्राप्त अवतारहरूका प्राकृतिक प्रकटहरू हुन् । स्थानहरूका यी लोकहरू र पवित्र भूमिको प्रदर्शन साधारण अवधारणा भन्दा टाढा छ । एक परमाणु कणमा यस विश्व प्रणालीको क्षेत्रहरूको व्यक्तिगत आवश्यकताहरू अनुसारले धर्मबारे प्रकाश पार्दै गरेका शिक्षक र सभाको अनन्त प्रादुर्भावहरू रहन्छन् । पवित्र स्थानहरूको प्रदर्शन अकल्पनीय रूपले अचम्म लाग्दा छन् । आफ्नो सम्बन्धित पवित्र शक्ति स्थान र आधारसँग आकाश, पृथ्वी र उपत्यका क्रियाकलापहरू *क्षान्तोहा* र अन्यको रूपमा प्रकट हुन्छन् । यिनीहरू सम्यक् सम्बोधि प्राप्त काय, वाक, चित्त, महान् गुणहरू र सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूसँग मेल खान्छन् जस मध्येको प्रत्येकमा अन्य चारवटा पनि समावेश रहेका छन् ।

यी असङ्ख्य पवित्र मैदान र भूमिहरूमा तिब्बत नाम भएको एउटा लोक छ जसमा रातो अनुहार भएका राक्षसहरू जीवित छन् । केन्द्रीय प्रान्त तिब्बतमा *समे पेलोलिङ* को रातो चट्टानमा तीनवटा परम्पराहरूको अपरिवर्तनीय स्वतः उपस्थित महलको रूपमा जानिएको मन्दिर छ जुन पद्म किरण लोकको तामा रङ्गको पर्वतसँग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिन्न छ । वैदूर्य स्फटिकको नामले चिनिने त्यस मन्दिरको आन्तरिक कक्षमा गुरु आफै राजा र उहाँका चेलाहरू र जनताहरूसँग बस्नु भएको थियो । नेपालकी शाक्यदेवी, न्याङ्ग्यात्सो, ताशी खिदेन, कलासिद्धी, चोग्रोजा, म आफै खार्चेनकी येसे छोग्याल र कैयौं हजार भाग्यशाली चेला चेलीहरूको उपस्थितिमा गुरु रिन्पोछेले बुद्धहरूको घनीभूत सार आठजना हेरूकाको मण्डललाई खोल्नु भयो र परिपक्व हुने, मुक्त हुने अत्यावश्यक प्रसारणहरू दिनुभयो । यस समयमा आधिकारिक आज्ञाका नौ जना कार्मिक वाहकहरूका साथै पाँचजना चेलीहरूले भक्ति र श्रद्धाको धेरै सङ्केतहरू अर्पण गरे । विशेष गरी हामीले आठ वर्षको बच्चाको मुठ्ठी जत्रो आकारको नीलमणि लगायत सबै भन्दा बहुमूल्य रत्नहरू अर्पण गऱ्यौ । राजा र उहाँको प्रजाहरूले धनको खजाना प्रदान गरेका थिए जुन नागा राजा नन्दको थियो । यस मण्डल समर्पणको साथमा एउटा बिन्ती गरिएको थियो- "एमाहो ! कस्तो आश्चर्यजनक ! अमिताभ बुद्धको परम सुखावती भूमि अकनिष्ठ देखि आर्य अवलोकितेश्वरको पोतालासम्म, उड्डीयानको भूमिसम्म, गर्भको जन्मलाई त्यागेर राजाको निर्माणकाय पुत्रको रूपमा तपाई चमत्कारिक रूपमा धनकोश तालको एउटा कमलको फूलबाट जन्मिनु भएको थियो र तपाई सरोरूह बज्रको रूपमा प्रसिद्ध हुनुहुन्छ । सबै बुद्धहरूको चमत्कारपूर्ण सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूको सार्वभौम रूपमा तपाईं उड्डीयानाको भूमिको एक हजार डाकिनीहरूद्वारा घेरिनु भएको छ । गोप्य मन्त्र वज्रयानको परिपक्व हुने र मुक्त हुने निधिको रूपमा तपाईं आफ्नो सांसारिक अनुयायीहरूको एकमात्र रक्षक हुनुहुन्छ । हे गुरु पद्मसंभव, सबै शुद्ध प्रज्ञाज्ञान वाहकहरूको प्रमुख, महान् आध्यात्मिक गुरु, कृपया हामीलाई आफ्नो सम्यक् सम्बोधि प्राप्त प्रज्ञाज्ञानको निर्देशन दिनुहोस् । तपाईंका प्रबुद्ध क्रियाकलापहरू भारत र तिब्बत सहित बीसवटा महाद्वीपहरूमा फैलिएका छन् । प्राणीहरूको मनलाई तह लगाउनको लामि तपाईंले देखाउनु भएका चमत्कारहरू अकल्पनीय रूपमा अचम्म लाग्दा छन् । साहोरको देशमा तपाईंको भेट अस्तित्वको तीनैवटा लोकहरूमा प्रतिष्ठा व्याप्त भएको मन्दारवाको रूपमा चिनिने एकजना तेजस्वी महिला दीर्घायुकी देवीसँग भएको थियो, प्राणीहरूको लागी लाभ पुऱ्याउने जसको क्षमताहरू कोही अरूको भन्दा बढी उत्कृष्ट थिए । हे गुरु, तपाईंको महान् करुणाले यहाँ जम्मा भएका प्राणीहरू र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भविष्यको पुस्ताहरूको भलाइको लागी कृपया हामीसँग उहाँको जीवन र मुक्तिको कथा साझेदारी गर्नुहोस् ! "

गुरु पद्म धेरै खुसी भएर मुस्कुराउनु भयो र भगवान ब्रह्माको भव्य आवाज जस्तै उहाँको बज्र बोलीमा भन्नुभयो- "क्ये हो ! कर्मका नौ जना मालिक र उत्कृष्ट आध्यात्मिक गुणहरूले युक्त भएका तपाईं सबै जनाले ध्यान दिएर सुन्नुहोस् । यस्तो राम्रो अनुरोध गर्नुभएको भाग्यशाली चेलाहरू अब सम्मान पूर्वक ध्यान दिएर सुन्नुहोस् र यी शब्दहरूलाई मनमा राख्नुहोस् !

"ए मा हो ! कस्तो आश्चर्यजनक ! मौलिक शुद्ध बुद्धलोक स्वतः उपस्थित, स्वतः उत्पन्न हुने आदि प्रज्ञाज्ञानको पवित्र रंगभूमि हो । मूल शुद्ध मित्र दायरा प्रायः उपस्थित, स्व-उत्पन्न, आदिम ज्ञानको पवित्र क्षेत्र हो । अकनिष्ठ स्वर्गमा सर्वोच्च विधिका अभिव्यक्ति धर्मकाय समन्तभद्र र सत्य मण्डलकी माता समन्तभद्री बस्नुहुन्छ । तीन कालका बुद्ध र उहाँहरूको उत्तराधिकारीहरूको जन्मस्थानको रूपमा पञ्चबुद्ध कूलको अविरल प्रकटहरूको रूपमा देखा पर्ने उहाँहरूको प्रकृति शून्यताको प्रज्ञाज्ञान हो । साथै, सामान्य बोध भन्दा उत्कृष्ट रहने आर्य सम्यक् सम्बोधि प्राप्त गुणहरूको प्रदर्शन हुने सुखावतीको सर्वोच्च बुद्धलोकमा सबै जिनहरूको राजा अमिताभ बुद्ध रहनु हुन्छ । सबै जिनपुत्रहरूको राजा बुद्ध अमिताभ रहनुहुन्छ । सम्भोगकाय रूपमा दीर्घ जीवनका बुद्ध अमितायुसको रूपमा चिनिनु हुने उहाँ यस कल्पका एक हजार निर्माणकाय बुद्धहरूको पिता हुनुहुन्छ । उहाँको प्रज्ञाज्ञान प्रतिरूप देवी पाण्डरावासिनी हुन् जसले संसारको सबै लोकहरूको प्राणीहरूलाई तह लगाउनको लागि सम्यक् सम्बोधि काय, वाक, चित्त, आर्य गुणहरू र चमत्कारिक क्रियाकलापहरूको अकल्पनीय प्रदर्शनहरू प्रकट गर्नुहुन्छ । यी अभिव्यञ्जनाहरू देखा पर्ने विधिहरू प्राणीहरूको व्यक्तिगत आवश्यकताहरू अनुसार फरक भए पनि यो कल्प समाप्त भए पछि पनि तिनीहरू जारी रहने छन् । हाम्रो यस लोकमा आदि प्रज्ञाज्ञान डाकिनीहरू प्रादुर्भाव हुने विधि यस्तो छ कि अहिलेसम्म असङ्ख्य अभिव्यञ्जनाहरू प्रकट भएका छन् र तीन काल भरी नै हुनेछन् । तिनीहरू मध्येकी एक पद्म कुल डाकिनी नाट्येन्द्री एकजना दीर्घायु डाकिनी र शुद्ध प्रज्ञाज्ञान सहचरी हुनुहुन्छ जसले मानव लोकमा मन्दारवा भनेर चिनिएकी एक महिलाको रूप लिनु भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"ख्यातिमा बेजोड उहाँ यो संसारमा एकजना राजकुमारीको रूपमा आउनुभयो तैपनि देवलोकमा पनि सिद्ध प्राणीको रूपमा ख्याति प्राप्त हुनुहुन्थ्यो जहाँ उहाँले गोप्य मन्त्रको उपदेश फैलाउनुभयो । डाकिनी लोकमा उहाँले प्रज्ञाज्ञान गरुडको जीवनी प्रचार गर्नुभयो । उहाँको जीवन कथाको दस हजारवटा अध्यायहरू प्रचार गरिएको उड्डीयानको भूमिमा उहाँ *दुङ्मेन छेजीन* दीर्घायुको शङ्ख स्वामिनीको रूपमा प्रसिद्ध हुनुभयो । साहोरको देशमा नौ सय अध्यायहरू फैलाइयो । भारतमा उहाँ श्रीमालाको रूपमा प्रसिद्ध हुनुभयो र त्यहाँ उहाँको जीवन कथाको एक सय अध्यायहरू फैलिए । आठ जनजातिको देशमा उहाँ *बुद्धि छोमो* को रूपमा चिनिनु हुन्छ र त्यहाँ उहाँको जीवन कथाका पाँचसय दस अध्यायहरू प्रचारित थिए । नागको चिसो रक्त युक्त लोकमा उहाँ मायाको गौरवशाली देवी, मैत्री श्रीदेवीको रूपमा चिनिनु भएको थियो र त्यहाँ उहाँको जीवन कथाको एक हजार अध्याय प्रसारित गरियो । त्यसै गरी, सिंघला, छोती बिक्चे, लङ्का, ओड्डीयाना, भेटा सोगे, शाम्बाला, कश्मीर काराभा र आठवटा महान् श्मशान घाट जस्ता अन्य द्विपहरूमा उहाँका एक सय अध्याय प्रचार गरिएका थिए । यहाँ तिब्बतमा अहिलेसम्म उहाँको नामहरू र विगतका जीवन कथाहरू परम बुझाइको चमत्कारिक स्तर अनुसारले प्रकट गरिएको छैन । म सौभाग्यको लागि उहाँको जीवन र मुक्तिको कथा छोटकरीमा बताउने छु । जसले यो जीवनी सुन्छ, स्मरण गर्छ वा यो सँग जम्काभेट हुन्छ, उसलाई सम्यक् सम्बोधिको.पथमा लगाइनेछ । यो वृत्तान्तमा यी कुराहरू समावेश गरिएका छन्- सप्त स्वर्गहरूमा उहाँको जीवन शैली, प्राणीहरूको लाभको लागि उहाँ स्वेच्छाले प्रादुर्भाव हुने विधि, पाँच गुणाको अतीन्द्रिय दृष्टिको शक्ति युक्त भएर उहाँले आफ्नो आमाको गर्भमा कसरी प्रवेश गर्नु भएको थियो, उहाँ कसरी संसारको भ्रान्तिबाट मुक्त हुनु भएको थियो, उहाँले छवटा सिद्धिहरू प्राप्त गरेर त्यस पथको चरणहरूको तालिम कसरी प्राप्त गर्नुभयो, गोप्य मन्त्रको अभ्यास मार्फत उहाँले कसरी गुणहरूको विकास गर्नुभयो, उहाँको अविनाशी शुद्ध ज्ञानधरको अवस्था प्राप्ति, उहाँको सम्यक् सम्बोधि लाभ, उहाँको निर्वाण र प्राणीहरूको लाभको लागि उहाँले स्वेच्छाले पुनर्जन्म लिनु भएको विधि । यसमा जम्मा तेह्रवटा अध्यायहरू हुनेछन् " समय *यहाँ अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको पहिलो अध्याय पूरा हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा इन्द्रदेवकी छोरी

हजार किरणको प्रकाश भास्कर सहस्रका नामक दस हजार बयालीस कल्प पहिलाको समयमा कोतमती नामक देशमा सालपत्र नामक दरबारमा राजा *ग्येचे सुग्पुपेल* बस्थे । उनी भगवान विष्णुका भक्त पुजारी जातका थिए । उनको सहचरी *रिन्छेन नाङ्चे ड्रोन्मे* ले एकजना पुत्र भास्कर श्रीलाई जन्म दिइन् । भास्कर श्रीको शासनसँग सुरु भए पछि लगातार एक हजार पीढीसम्मको पितृ सत्तात्मक आरोह अवरोहको प्रत्येक राजामा सिद्धिका मुख्य र सहायक लक्षणहरू थिए ।

यस वंशका अन्तिम राजा इन्द्रदेवले एकजना धनी व्यापारीकी छोरी अनन्त सुन्दरी *ताए जेसेमा* लाई आफ्नो सहचरीको रूपमा लिए । एक पटक उनीहरू महलमा बसिरहेका बखत नजिकै एक सय माइल गहिरो र सात हजार माइल चौडा एउटा वैदूर्य मणिको तालमा नागा राजा मलाशीको दरबार भएको राजालाई थाहा भयो ।

यस तालको वरिपरि हेर्नको लागि अति आनन्ददायी कुण्ड भएको एउटा सुन्दर वन थियो । त्यहाँ अचम्म लाग्दा विभिन्न प्रकारका गीत गाउने चराहरू बकुलाहरू जम्मा हुन्थे र कैयन् झर्नाहरूबाट अमृत निस्कन्थ्यो । यिनीहरूको बीचमा *नामेतोत्रा* नामक चारकुने स्फटिकको पर्वत थियो । यसको शिखरमा पञ्चरङ्गी प्रकाशका बादलहरू एकत्रित हुन्थे र यो स्वतः सिद्ध शुद्ध लोकहरूको पर्वत जस्तै देखिन्थ्यो ।

त्यस पवित्र स्थानमा भ्रमण गर्ने चाहना राख्दै राजाले आफ्नो सुन्दर रानीलाई यसरी सम्बोधन गरे- "सुन्नुहोस्, सुन्दरी दिकारी, शुद्ध गोपनीय महान् गुणहरूले युक्त स्वामिनी *ताए जेसीमा,* कृपया राम्ररी सुन्नुहोस् ! यहाँबाट उत्तर पूर्व दिशामा विभिन्न देशहरू मध्ये एक सय माइल गहिरो ताल भएको र सात हजार माइल चौडाइ रहेको एउटा उपत्यका छ । यो नागा राजा मलाशीको घर हो । त्यो ताल साना पोखरी र कुण्डहरू, फूलका मैदानहरू र अमृत बग्ने झरनाहरूले घेरिएको छ, फूलहरूको क्षेत्रहरू र अमृतहरूको बुलबुले तालहरूले घेरिएको छ । त्यहाँ *नामेतोत्रा* नामक एक वर्गाकार स्फटिकको पहाड अवस्थित छ । पञ्चरङ्गी इन्द्रेनीको किरणले सजाइएको यसको शिखर ब्रह्मलोक तर्फ चढ्छ । आँखाहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आनन्दित पार्नको लागि त्यहाँ सयौं अद्भुत दर्शनीय स्थानहरू छन् ! आउनुहोस् हामी यस पवित्र स्थानमा मन्त्री र सेनाहरूको परिचारक वर्गसँग जाऔं । यस सभालाई भेला गर्न र हाम्रो यात्राको लागि सबै आवश्यक तयारी गर्नको लागि महान् ढोलकलाई बजाउनुहोस् हे मेरो हृदयकी साथी ! "

तदनुसार, माननीय रानीले सभाको ढोलक बजाइन । तत्काल दरबारको दोस्रो तल्लामा मन्त्रीहरू र तिनीहरूको टोली भेला भए । बुद्धिमानी मन्त्री त्रात्राश्रीले सम्मान पूर्वक रानीलाई तिनले किन सभा बोलाउनु भएको हो भनेर सोधे । वाक् पटुताले बोल्दै उनले भने "ए मा ! कस्तो आश्चर्यजनक ! राजाकी सहचरी, महान् व्यापारीकी जवान छोरी, तपाईंको अनुहार लट्ठ पार्ने गरि सुन्दर छ । देव र मानिसहरूकी दिदी, तपाईंलाई हेरेर मांत्र सम्भवत हाम्रो आकाङ्क्षा पुरा हुँदैन । देवताहरूको महान् ढोलक ब्रह्माले चमत्कार पूर्ण रूपमा सिर्जना गरेका थिए । यो शान्ति, संवर्धन, प्रभुत्व र क्रोधको महान् धुनले प्रतिध्वनित हुन्छ । यस महान् ढोलक बज्दा देवताहरूको चमत्कारिक प्राण शक्तिबाट सजिएका हामी स्वाभाविक रूपले भेला भएका छौं । कृपया हामीलाई किन बोलाइएको हो बताउनुहोस् । म तपाईंको गलाको रक्षकलाई, तपाईंको आवाजको शङ्खलाई मुक्त पार्न अनुरोध गर्छु" रानीले जबाफ दिइन्-

"कि ! ह्राक ! बुद्धिमान् मन्त्री त्रात्राश्री र तपाईंका अधिकृतहरूको भेला कृपया सुन्नुहोस् ! यस भूमिका कोतमतीको शासक इन्द्र देवले उहाँको सुरिलो आवाजमा हामीलाई उत्तर पूर्वतर्फको देशको भ्रमण गर्नको लागी आदेश दिनु भएको छ जहाँ नागा राजा मालांशी नामको महान् तालमा आफ्नो दरबारमा बस्छन् । यो देश देवलोक जस्तै देदीप्यमान छ ! यसको स्फटिकको पहाड, नामेतोत्रा, पञ्चरङ्गी प्रकाशको अवाधित किरणको चमकले व्याप्त छ । त्यहाँ चम्किला नदीहरू र अमृत र फक्रिएका कलमका फूलहरूका बगैंचाहरू छन् । यदि तपाईं वरिष्ठ र कनिष्ठ मन्त्रीहरू आफ्नो आठ गुणाको टोलीका साथ यस अकल्पनीय र अद्भुत स्थानमा जान चाहनु हुन्छ भने तत्काल तपाईंहरूलाई यहाँ बोलाउनको लागि महान् ढोलक बजाउनुहोस् ! हामी सबैले हाम्रो राजाको आज्ञालाई पालन गर्नु पर्दछ !"

रानी बोलिसकेपछि तिनलाई मन्त्रीहरू र त्यहाँ भेला भएकाहरूले दण्डवत् गरे । तिनीहरूले रेशमी ओढ्ने, जरी वस्त्र र अनमोल गहना लगायत आफ्ना सबै भन्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राम्रो सामानहरू जम्मा पारेर तिनीहरूलाई राजालाई मण्डल समर्पणको रूपमा चढाए । त्यसपछि तिनीहरूले यस्तो अनुरोध गरे- "नमो ! वन्दना । हे महान् राजा, देवहरूको सार्वभौम राजा, मानव जातिको एकमात्र रक्षक, स्वयं र अन्यको पुण्य, कृपया ध्यान दिनुहोस् ! महान् ढोलकको आवाज सुनेर हामी तत्काल भेला भएका छौं ! हामीले सबैले तपाईँको आदेशको अर्थ बुझेका छौं जुन हाम्रो अमूल्य रानीले बताइ दिनु भएको छ । कृपया यो सबैभन्दा वाञ्छनीय यात्राको लागि कसरी तयारी गर्ने हो हामीलाई बताउनुहोस् "

तिनीहरूको अनुरोध सुनेर राजाले यस्तो जबाफ दिए- "*ग्याचे छुगपेल* को समयदेखि अहिलेसम्म ब्राह्मणहरूको वंशको सबै महान् राजाहरूको नागहरूमा समर्पणहरू चढाउथे । वास्तवमा, थुप्रै महान् नाग राजाहरूमा समर्पणहरू चढाउनका लागि गरिएका धेरै यात्राहरूको बारेमा वर्णन गरिएको पाइन्छ । अब, हामीले हाम्रो यात्राको लागि तयारी गर्दा सबैभन्दा उत्कृष्ट प्रतीकहरू सङ्कलन गर्ने कुरामा ध्यान दिनुहोस् ।

सर्वोच्च घोडा, महान् हात्ती, पालाशा नामले चिनिने मनोकामना पुरा गर्ने रत्नहरू, औषधि र सङ्गीतका वाद्य यन्त्रहरू, नर्तकहरू, गायकहरू, ढोलक बजाउनेहरू, निधि कलशहरू, उठाउन नपर्ने बाली नालीहरू, अन्न, रेशम, छाताहरू, चँदुवाहरू, विजय पताकाहरू र विभिन्न अन्य सजावटका सामानहरू । केही कुरा पनि नछाडीकन सम्भव भएसम्म सबै कुरा ल्याउनु होस् ! तपाईँको सबैभन्दा विलासी लुगाहरू लगाउनुहोस् र आफ्नो कपाललाई गहनाहरूले सजाउनुहोस्"

राजाले बोलिसकेपछि सबै आवश्यक तयारीहरू गरिए । आकाश मण्डलमा आठौं नक्षत्र उदय भएपछि पृथ्वी असाधारण सुन्दरताले पूज्य भएको थियो । बगैंचाहरूमा फूलहरू फक्रिएका थिए र हात्तीहरू मनोकामना पुरा गर्ने रत्नहरू र विभिन्न आभूषणहरूले सजाइएको थियो । राजाले आफ्नो सवार लिनु भयो, रानी, तिनका सेवकहरू र तिनीहरूका घोडामा चढेका सबै जनताहरू, ध्वजा पताकाहरूको लावालस्कर लाग्यो, सङ्गीत वाद्य सामग्री र शङ्खको गुञ्जनले व्याप्त भयो ।

आनन्द, सन्तुष्टि र प्रचुर मात्रामा सद्भावनाले भरिएर महान् नेता र उनको टोली पवित्र स्थानमा पुग्यो । महिलाहरूले सुरिलो गीतहरू गाउँदा पुरुषहरू नृत्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दै उत्सव मनाउँदै अगाडि बढे । थुप्रै क्षेत्र र देशहरूबाट आएका भए पनि तिनीहरू पूर्ण आनन्दको अवस्थामा एक भएका थिए । राजाले तिनीहरूले जम्मा पारेका सबै आनन्ददायी पदार्थहरू प्रचुर मात्रामा प्रस्तुत गरे । त्यसपछि नागहरूले आफ्नो उपस्थिति प्रकट गरेर मानिस प्रति आफ्नो आनन्द प्रदर्शन गरे र मानिस र नागहरू दुवैले सँगसँगै त्यस अवसरको आस्वादन गरे ।

त्यो साँझ, राजा र रानीले सुत्नको लागि तयारी गर्दै गर्दा, राजा, रानी र सेवकहरूले सबै दिव्य सङ्गीतसँग गीत सुने । रातको बीचमा, तथापि, असभ्य नागहरू तिनीहरूलाई हानि गर्ने योजना बनाइरहेको कुरा तिनीहरूले थाहा पाए । राजाले पालाशा नामक आफ्नो मनोकामना पुरा गर्ने रत्न उठाएर आफ्नो शिरको मुकुटमा राखेर यो प्रार्थना गरे-

"ए मा ! मनोकामना पुरा गर्ने रत्न जसले स्वाभाविक रूपले सबै आवश्यकताहरू र इच्छाहरू पूरा गर्दछ, तपाईं राजा *छुग्पुपेल* ले गरेका प्रार्थनाहरूको परिणाम हो । यदि तपाईं साँच्चै नै पलाशा नामक मनोकामना पुरा गर्ने रत्न हुनुहुन्छ भने हानी पुऱ्याउन चाहने उपद्रो, असभ्य नागहरूलाई निर्मूल पार्नुहोस् । तत्काल पवित्र आध्यात्मिक सिद्धिलाई प्रदान गर्नुहोस् !"

यस प्रार्थनाको बल र मनोकामना पुरा गर्ने रत्नको चमकले गर्दा उपद्रो नागहरूलाई छेड्दै आगोका धेरै झिल्काहरू उत्पन्न भए । तिनीहरूलाई तत्काल खरानी पारियो । बिहानको सुरुवातमा राजा र रानी दुवैले सपना देखे । राजाले सातवटा शुभ सङ्केतहरू देखे । मनोकामना पुरा गर्ने रत्नको माला उनी भित्र विलय भयो र उनको मुकुटबाट एक सेतो स्तूप उत्पन्न भयो । इन्द्रेनी प्रकाशका किरणहरूका गोलाहरू आकाशबाट तल झरेर उनको हृदयमा बिलायो । उनको दाँतबाट सेता कमलका फूलहरू फक्रिए र उनको हृदयमा एउटा सुनौलो बज्रबाट पञ्चरङ्गी हल्का किरणहरू उत्पन्न भए । रेशमको खादा अर्पण गर्दै एउटा तालबाट एकजना युवा बाहिर निस्किए । उनको हातको हत्केलाबाट फूलहरू फक्रिएर दसै दिशाहरूमा फूले ।

राजा ब्यूँझिए पछि उनले रानीलाई आफ्नो सपनाको बारेमा भने । रानीले आफ्नै छातीको बीचमा पनि पाल जस्तै स्फटिकको प्रकाशको किरणको चक्कादार गोला रहेको र राजाले तिनलाई स्फटिकको फूलदान दिएको सपना देखेको उनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बताइन् । तिनले पाँचवटा सुल भएको बज्र आफ्नो काँधमा बोक्दा उनको शिरको मुकुटबाट राता प्रकाशका किरणहरू उत्पन्न भए । उनले एउटा खटवाङ लिएकी थिइन जसबाट कैयन् त्रिशूलहरू आफै निस्कन थाले । त्यसपछि उनले यो कैयन् कल्पसम्मको हुनेछ भन्दै गरेको एउटा आवाज सुनिन । उनको सपना सुने पछि राजाले जबाफ दिए कि तिनीहरू दुवैले शुभ सङ्केतहरू पाएका छन् जसबारे पवित्र ज्योतिषले व्याख्या गर्नु पर्छ । यसपछि, मन्त्रीहरूको टोलीले त्यस ताललाई परिक्रमा गर्यो र राजाको सामु सातजना नाग कन्याहरू प्रत्येकले आफ्नो हातमा भिन्नाभिन्नै मनोकामना पुरा गर्ने रत्न लिएर तुरुन्तै देखा परे । तिनीहरूले हातमा लिएका मनोकामना पुरा गर्ने रत्नका नामहरू इन्द्रनील, कोषाला, खुस्तासुख, पारोल गोल्वाजोम, नारायण बलधर, बागे कदोग र मुलागेन थिए । नागकन्याहरूले राजालाई सात प्रकारका मनोकामना पुरा गर्ने सबै रत्नहरू राजालाई प्रदान गरे । त्यसपछि तिनीहरूले यस्तो घोषणा गरे- "क्ये ! हे मानिसहरूको शक्तिशाली राजा, राजा इन्द्रदेव ! यी सात अद्भुत मनोकामना पुरा गर्ने रत्नहरू हाम्रा दाजुले उहाँको समर्पणको रूपमा पठाउनु भएको छ । यसबाट मजा लिनुहोस् र हामीलाई नियमित र समयमै समर्पणहरू चढाउनुहोस् ! "

राजाले जबाफ दिए- "क्ये ! हे नागलोकका सातजना निष्कपट नागकन्याहरू तपाईँहरूको परिवारको नाम के हो ? तपाईँको जाति के हो र तपाईँको देशको नाम के हो ? तपाईँहरू कुन साथीहरू खोज्दै हुनुहुन्छ र तपाईँको जिल्लाका मानिसहरूलाई कस्तो छ ? कृपया मेरो प्रश्नहरूको उत्तर दिनुहोस् र कस्तो प्रकारको प्रसादले तपाईँलाई सबैभन्दा खुसी ल्याउनेछ मलाई इमानदारी पूर्वक भन्नुहोस्"

राजाले बोलिसकेपछि नागकन्याहरूले जबाफ दिए- "क्ये क्ये ! महान् राजा, हेर्नमा तपाईँ आनन्ददायी हुनुहुन्छ ! तपाईँको बल र निपुणता केवल महान् ब्रह्मा बराबर नै छ र तपाईँ देव पुत्र जति नै सुन्दर हुनुहुन्छ । तपाईँको यौवन र प्रतिभा धनको देवता, वैश्रवणको जस्तै छ । तपाईँको उपस्थितिको महिमा तुलना भन्दा बाहिर छ । हामी नाग नस्लका हौं र हाम्रो सम्पत्ति र प्रतिभा महान् छन् । हामी शाही जातिको हौं र हाम्रा प्रजाहरू आठ वर्गका नागहरू हुन् । हाम्रो बुबाको नाम राजा शिरोरत्न, श्रीपेचको रत्न हो । हाम्री आमाको नाम देवी मारिची, प्रकाशको स्वामिनी हो । हामी सातै जना राजकुमारीहरू हौं र हाम्रा साथीहरू ब्रह्माका छोराहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन् । हाम्रो प्रजाहरूमा दस लाख नागिनीहरू लगायत छन् । हामीलाई आनन्दित तुल्याउने समर्पणहरूमा औषधिहरू, अन्न, बहुमूल्य रत्नहरू र निधि कलशहरू हुन"

यो सुनेपछि राजाले तिनीहरूलाई पाँच प्रकारका औषधिहरू, अन्न, प्रशस्त गर-गहना, उठाउनु नपर्ने बाली र निधि कलश चढाए । सात जना नागकन्याहरू आफ्नै निवासमा फर्किए । तिनीहरूले राजालाई चढाएको मनोकामना पुरा गर्ने रत्नलाई सावधानी पूर्वक रेशमको कपडामा लपेटे । त्यसपछि रत्नहरूलाई रथमा राखियो र ध्वजा पताका र बाजागाजा सहित राज्यमा लगियो । महान् राजा पनि आफ्नो रानी, मन्त्रीहरू आफ्नो टोलीसँग फर्किए । उनीहरूको आगमनमा तिनीहरूले चमत्कारिक, शुभ उपहारहरूको लागि एउटा विशाल उत्सव मनाए । उनीहरूको भाग्यको खबर सारा राज्यमा फैलियो । आदर र प्रशंसाको चिन्हको रूपमा मनोकामना पुरा गर्ने रत्नहरूलाई आदर पूर्वक शाही विजय पताका भन्दा माथि राखियो । राजाले रत्नहरूलाई नियमित रूपमा अर्पणहरू चढाएर रानीले दैनिक रूपमा दण्डवत् गरेर परिक्रमा गरिन् ।

एक रात राजा र रानीले यौन क्रीडा गरि रहेको बखत आँखा नै अन्धो पार्ने जस्तो गरि एउटा चमकदार सुन्तला प्रकाशको किरण तिनीहरूको अगाडि देखा परेर त्यसपछि बिलाएर गयो । रानीले त्यो राजाको निधारमा बिलाएर गएको देखिन् भने राजाले त्यो रानीको घाँटीमा प्रवेश गरेको देखे । तीन महिना पछि रानीले असहज महसुस गर्न थालिन् र तिनी गर्भवती भएको थाहा भयो । एक पटक राजाले रानीको स्वास्थ्यको बारेमा सोध्नुभएपछि उनीहरू दुवैले उनको गर्भबाट आनन्ददायी शब्दहरू आइरहेको सुन्नुभयो- "ए मा ! महान् दयाका बुबा राजा ! तपाईंको बच्चाले के भन्नु छ त्यो कुरा सुन्नुहोस् । परम सुख युक्त, परम सुख युक्त, मैले यति परम सुख अनुभव गरि रहेकी छु ! मेरी आमाको शरीरको यो कलश परम सुख युक्त स्वर्ग हो, जिनपुत्रहरूको दरबार हो । पुरुष र महिलाको यो रातो र सेतो बोधिचित्त अमृत उपाय प्रज्ञाको परम सुख हो, सूर्य र चन्द्र हो । सेतो रेशमको यो सालनालको आवरण महान् न्यानोपनको आनन्द हो र नरमपनको परम अनुभूति हो । धर्मकर्मको यो छ बुँदे स्रोत सबै जिनपुत्रहरूको परम सुख युक्त जन्मस्थान हो । मेरी आमाको शरीरभित्रको महत्त्वपूर्ण वायुको गति छब्बीस हजार अत्यावश्यक ऊर्जाहरूको परम सुख पूर्ण गति हो । केन्द्रीय नाडी र नाडीहरूको पाँचवटा मुख्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्जाल पाँच परिवारहरूको स्वर्ग र तीन सम्यक् सम्बोधि प्राप्त मुर्तत्त्वहरूको परम आनन्दहरू हुन् । शाखाहरूको विकासको चरणहरू पाँचवटा पथ र दसवटा चरणहरूलाई पार गर्ने परम आनन्दहरू हुन् । मेरो आमाको शारीरिक गतिको क्रियाकलाप डाकिनीको गीत र नृत्यको परम आनन्द हो । प्राणीहरूको लाभको लागि परम आनन्द पूर्वक प्रकट हुने म महान् सहचरी पाण्डरावासिनी हुँ । मेरो सार पिता अक्षोभ्यबाट उत्पन्न हुन्छ र शून्यपन कमलबाट मुक्त हुन्छ ।

"यो स्वतः उत्पन्न हुने बज्र पितृ वंशको परम आनन्द, अरूको भलाइ गर्ने क्रियाकलापको परम आनन्द, पञ्च प्रज्ञाज्ञानको अङ्गहरूको परम आनन्द आफ्नै चेतनाको रूपमा मुक्ततालाई साक्षात्कार गर्ने स्वतः स्पष्टताको परम आनन्द र नागहरूलाई खुसी चढाएको परम आनन्द राजकुमारीको परम आनन्द पूर्ण जाति हो । यी सबै अब तपाईंलाई फिर्ता चढाइएको छ, महान् दयालु मेरा पिता" यी शब्दहरू सुनेर राजा र रानी दुवै आनन्दले विभोर भए । दस महिना बिते पछि, रानीले आफ्नो बच्चालाई जन्म दिँदा उनी माथिको आकाश देव र देवीहरूले भरिएका थिए, जसले बच्चालाई नुहाइ दिएर स्वर्गबाट फूलहरूको वर्षा हुँदा शुभ गीतहरू गाएका थिए । नागहरूले वाद्यवादनका साधनहरू, गीतहरू र नृत्यहरूको साथमा समर्पणहरू चढाए । राजा र सेवकहरूले उत्सव मनाए । जन्म दिने बेला, रानीले परम आनन्द अनुभव गरिन् र उनकी छोरीको जन्म रेशमका लुगा लगाएर ऋषि मुद्रामा भएको थियो ।

नवजात शिशुले भने- "आह ला ला हो ! अपरिवर्तनीय परम आनन्दको मण्डलको दरबारमा, म स्पष्ट प्रकाशको प्रदर्शनको सजावटकी देवी हुँ । मैले आफ्नी आमाको गर्भमा दस चरण र पाँच पथहरू साक्षात्कार गरेकी छु । म शून्य परम आनन्दको महान् फराकिलो आकाशबाट आएँ । महान् दयाका हे बुबा र आमा, मैले सम्मान पूर्वक तपाईंलाई दण्डवत् गर्छु र तपाईंको दयाको प्रतिफल चुकाउनको लागि प्रार्थना गर्छु ! "

यसरी बोल्दै, दयाको प्रतिफल चुकाउँदै तिनले आफ्नो बुबा र आमालाई दण्डवत् गरिन् । राजा र रानीले खुसीले उनको नाम तुष्टिकारदेवी, आनन्द प्रदायक देवी नाम राखि दिए । उनीहरूले उनको नाम पण्डारावासिनी सेतो वस्त्रकी स्वामिनी पनि राखे, किनभने उनी रेशमी लुगा लगाएर जन्मेकी थिइन र उत्कृष्टताकी प्रसिद्ध स्वामिनी राखि दिए,, किनभने उनको जन्मको प्रसिद्धि टाढा टाढासम्म फैलिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थियो । त्यसपछि तिनीहरूले सबै भन्दा शुभ नामको सङ्केत गर्ने आशामा ती पवित्र ऋषिलाई निम्तो दिए, जुन उहाँले स्विकार गर्नुभयो । उनको छोरी चक्रवर्ती रानी हुने छिन कि हुने छैनन् भन्नेबारे सङ्केत गर्न राजाले उनलाई बिन्ती गरे । ऋषिले जबाफ दिए- "यी बालिका शुद्ध आदि प्रज्ञाज्ञान डाकिनी हुन्, महान् उत्कर्षकी स्वामिनी हुन । उनले साधारण अस्तित्वको सबै लोकहरूलाई मुक्त पार्ने छिन् । पाण्डरावासिनीको रूपमा उनी सबै बुद्धहरू र उनीहरूको उत्तराधिकारीहरूकी आमा हुन् । चक्रवर्ती रानीको पद उहाँ भन्दा धेरै तल छ । उनी एक सर्वोच्च रूपमा सम्यक् सम्बोधि प्राप्त प्राणीको एक निष्कलङ्क मुर्तत्त्व हुन । उनी भक्ति भाव पूर्ण समर्पणको यस्तो वस्तु भएकीले तिनलाई संसारमा एउटा स्थान लिने एउटा रूपमा न लिनू ! "

यी शब्दहरू सुनेर राजा र उनको सबै प्रजाहरू आनन्दित भए । त्यो समय देखि, राजकुमारी अझ सुन्दरी भएर बढिन् । अरूलाई एक वर्ष पुरै लाग्ने समयमा उनी एक दिनमै बढिन् । एघार वर्षको उमेरमा उनी बुद्ध रत्नश्रीको पाउमा परेर धर्मको पथमा प्रवेश गरिन् । बुद्ध रत्नश्रीले उनीलाई वज्र कुलको सहचरी भएको घोषणा गर्नुभयो, महिला शुद्ध चेतना वाहक जो उनानब्बे हजार वर्षसम्म पूर्ण रूपमा सम्यक् सम्बोधि प्राप्त भएकी र अमितायुस बुद्धबाट अविभाज्य रहेकी थिइन । यस महत्त्वपूर्ण सङ्केत अनुसार उनले धर्मको पथमा प्रवेश गरिन् । *नामेतोत्रा* भनिने ठाउँमा संसारलाई त्याग्दै उनले अकल्पनीय दिव्य चक्षु र चमत्कारी क्षमताहरू विकास गरिन् । उनले सोह्र हजार भाग्यशाली अनुयायीहरूको लागि धर्मको चक्रलाई असीमित रूपले घुमाइन ।

यस बीच, परम सुखावती भूमिमा, पूर्ण रूपमा प्रवृज्या लिएका भिक्षु धर्माकारले सम्यक् सम्बोधि लाभ गरे । त्यसपछि असीमित प्रकाशका बुद्ध अमिताभ र उहाँको विशाल अनुगामीहरू, साथसाथै असङ्ख्य स्वर्गहरू पञ्च सम्भोगकाय लोकको रूपमा व्यवस्थित भए, देवी पाण्डरावासिनीको सम्यक् सम्बोधि प्राप्तिलाई स्वीकार गरे । उनीहरूले उनलाई जीवन काल असङ्ख्य भएको बखत असङ्ख्य कल्प देखि रक्षक बुद्ध अमिताभसँग अलग पार्न नसकिने रहेको र उहाँको सहचरीको रूपमा गद्दी आरोहण गरिएको रूपमा स्वीकार गरे । संसारलाई यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गहिराइ देखि नै खाली पार्नको लागि उनले अकल्पनीय विधिले प्रकट हुने प्रतिज्ञा गरिन् ।

समय

राजा इन्द्रदेवको छोरीको रूपमा उहाँको जन्म र उहाँको सम्यक् सम्बोधि लाभबारेको कथा बताउँदै यहाँ एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको दोस्रो अध्याय पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमार सूर्यगर्भसँग विवाह

त्यसपछि परम सुखावती भूमिमा सम्यक् सम्बोधि प्राप्त गर्नु भएकी पाण्डरावासिनीको रूपमा चिनिने देवीले निरन्तरता पाइ रहेको अस्तित्वमा प्राणीहरूलाई तह लगाउनको लागि आफूलाई विभिन्न अभिव्यञ्जनाहरूमा प्रकट गर्नु भएको थियो ।

भास्कर सहस्रकार नामक कल्प पछि रत्नहरूले ढाकिएको रत्न विस्तीर्ण नामक कल्प आयो । यस कल्पको समय अवधिमा यस लोकमा सम्यक् सम्बुद्ध बज्रगर्भ आउनु भयो । सुखवन देशको *तामादु* नामक दरबारमा वरुणसेन नामको एकजना ऋषि थिए र रानी शाही जातिकी थिइन । उनको नाम आनन्दश्री, महान् आनन्द थियो र तिनी त्यस राज्यको आध्यात्मिक जिम्मेवारीको प्रभारी थिइन् । राजकुमारको नाम सूर्यगर्भ, सूर्यको सार थियो ।

राजकुमार सूर्यगर्भको लागि एकजना रानी विवाह गर्ने समय आएपछि राज्यभरि नै कुरा चल्यो । यो निर्णय गरियो कि रत्न श्रीभद्र नामक एकजना मन्त्री उपयुक्त जोडीको खोजीमा धेरै राज्यहरूको यात्रा गर्नेछन् । आफ्नो प्रारम्भिक प्रयासहरूमा असफल भए पछि तिनी सन्तहरूको देशमा यात्रा गर्न गए जहाँको राजाको नाम शुभ थियो र रानी गोलेग्मा थिइन् । तिनीहरूका सात जना छोराहरू र एकजना छोरी थिइन् । तिनीहरूको सानदार महलको नाम सामातो थियो र उनीहरूका सम्पत्ति र सङ्गठन यती व्यापक थियो कि उनीहरूका सबै प्रजाहरू महा शक्तिशाली थिए ।

आफै हेर्न उत्सुक भएर रत्न श्रीभद्र दरबारमा गए जुन बखत उनको ध्यान नजिकमा रहेको एउटा सुन्दर फूलको बगैंचाले आकृष्ट गर्यो । नजिक गएर हेर्दा उनले त्यहाँ बगैंचा भित्र एउटा नुहाउने पोखरी देखे जहाँ राजा रानी आफ्ना छोरा छोरीहरूसँग जम्मा भएका थिए । गहनाले सजिएकी छोरीले उनलाई देखेर नजिक आउँदै भनिन्-

"क्वे ! उत्कृष्ट पुण्य, गौरवमय गुणहरू र आनन्ददायी रूप ! तपाईं कुन देशबाट आउनु भएको हो कृपया मलाई बताउनुहोस् र तपाईं यहाँ के उद्देश्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि आउनुभयो । तपाइँको बुबा र आमा को हुनुहुन्छ ? तपाईंको देशको नाम के हो, तपाईं कुन जातिको हो, तपाइँको वंश र तपाइँको पेसा के हो ? तपाइँको राजाको नाम के हो ? के उहाँको छोराको नाम राजकुमार सूर्यगर्भ हो ? राज्य कति ठूलो छ, यसका कतिवटा प्रान्तहरू छन् र जनसङ्ख्या कति छ ? माननीय महोदय, दयालु भएर मलाई आफ्नो उत्तर दिनुहोस्" यस प्रकारले तिनले आफ्नो गौरवशाली सुन्दरता, मुस्कुराएको अनुहार र सुरिलो आवाजमा सोध खोज गरिन् ।

मन्त्री रत्न श्रीभद्रले जबाफ दिए- "क्ये ! हे राजकुमारी, कृपया ध्यान दिनुहोस् ! मेरो देशलाई सुखवन भनिन्छ र यो अति आनन्ददायी छ । मेरो राजाको नाम वरुणसेना हो र उनको सहचरी, रानी आनन्दश्री हो । उनीहरूका छोराको नाम सूर्यगर्भ हो । सुन्दरी राजकुमारी, उनको स्थिति र बुद्धिमानी तपाईंको जस्तै छ । जाति, स्थान, आध्यात्मिकता, बल, प्रभुत्व, लोकप्रियता र सम्मानको सम्बन्धमा तपाईं समान छन् । म शाही जातिको हुँ र मेरो बुबाको नाम देवेन्द्रश्री हो ।

मेरी आमा सबैभन्दा सुन्दर पाल्मो सेल्ड्रोन हो र मेरी बहिनीको नाम क्षेमादेवी हो । मेरो नाम रत्न श्रीभद्र हो र म यहाँ राजा वरुणसेनाका छोरा, राजगद्दीको लागि र राज्यमा शासन गर्ने उत्तरदायित्त्व लिने तयारी गरि रहेका सूर्यगर्भको तर्फबाट आएको हो । तर पहिला, उहाँले आफ्नो रानीको लागी सबै भन्दा उपयुक्त महिलाको खोज्नु पर्छ । म यहाँ त्यस्तो रानी खोज्न आएको छु । कृपया यो समाचार तपाईंको बुबा, आमा र भाइहरूलाई सुनाउनुहोस्"

त्यही बमोजिम राजकुमारीले आफ्नी आमालाई गएर भनिन्- "क्ये ! मलाई मेरो शरीर दिने हे दयालु आमा, प्रेमको अभिभावक, प्रिय आमा, मेरो जन्मको कलश -राजा वरुणसेनाको मन्त्री रत्न श्रीभद्र यहाँ आएका छन् । उनी उहाँ राजकुमार सूर्यगर्भको गद्दी आरोहणको अवसरको लागि उपयुक्त रानी खोज्नको लागि यहाँ आएका छन् । कृपया यस सन्देशलाई राजा कहाँ पुऱ्याउनुहोस्" उनले बोल्दा, मन्त्रीले कस्तो उत्कृष्ट छोरी रहेछिन् र हेर्नमा असाधारण रूपमा प्यारी रहेछिन् भनेर अचम्ममा परे । उनीले सूर्यगर्भको बारेमा कसरी थाहा पाइन् भनेर अचम्ममा परेर उनी राजकुमारको लागि उपयुक्त र असल हुने छिन् भन्नेबारे विश्वस्त भए । त्यसपछि उनी रानी बन्नको लागि मुख्य उम्मेदवार हुन भनेर मन्त्रीले निर्णय गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रानी राजाको सामु गएर आदर पूर्वक भनिन्- "क्ये ! पवित्र पुरुषहरूको जातिको राजा धर्म राजा वरुनासेनाले आफ्नो प्रधानमन्त्री रत्न श्रीभद्रलाई पठाएका छन् । सूर्यगर्भको रूपमा चिनिएका राजकुमार सिंहासनमा बस्न लागेका छन् र उनीहरूले उपयुक्त रानी खोज्दैछन् । उनले यो सन्देश तपाईं सामु पुऱ्याइदिन भनेका छन्, राजा शुभ तपाइँले दयालु भएर आफ्नो प्रतिक्रिया प्रदान गर्नुहोस् "

राजाले यस प्रकारको उत्तर दिए-

"ऋषिहरूको शाही कुल आकाश बराबर हो । शाही पुस्ताको तिनीहरूको परम्पराको महिमा सूर्य र चन्द्रमा जस्तै रहेको छ । हाम्रो छोरीले चक्रवर्तीलाई मात्र विवाह गर्ने छिन् । उनको विवाह अर्कोसँग गर्नु सबैभन्दा ठूलो हानि हुनेछ । महान् धर्म राजा वरुणसेनाको दूतको रूपमा आउनु भएको मन्त्रीलाई मैले के प्रतिक्रिया दिनु ? हाम्रो प्रतिक्रियाको शब्दमा ठूलो विचार पुऱ्याउनु महत्त्वपूर्ण छ"

त्यसपछि मन्त्रीलाई राजाको सामु ल्याइयो र निम्न कुरा बोल्नुभयो- "क्ये ! ऋषीहरूका राजा शुभमणीधर, कृपया मेरो अनुरोधको आवश्यक बुँदालाई ध्यान पूर्वक सुन्नुहोस् । म सुखवन नामक देशबाट आएको हुँ र मेरो राजाको नाम वरुणसेना हो । उनको राजकुमारको नाम सूर्यप्रभा हो, जसलाई आध्यात्मिक मामिलाहरू असीमित रूपमा मन पर्छ । उनको रूप यति आकर्षक छ कि उहाँलाई हेरेर पर्याप्त मात्रामा कोही पनि सन्तुष्ट हुन सक्दैन ।

उनको शारीरिक सुन्दरताले ब्रह्मा कै सुन्दरतालाई चुनौती दिन्छ । उहाँको बोली सुरिलो र गहिरो छ । उहाँ युवा अवस्थाको उच्च शिखरमा हुनुहुन्छ र आफ्नो पिताको सिंहासनमा बस्न लाग्नु भएको छ । म यहाँ एकजना उपयुक्त रानीको खोजीमा आइ पुगेको छु । तिनी जाति, स्थान र पुर्खाको परम्परामा उपयुक्त हुनुपर्छ अनि सुन्दर पनि हुनुपर्छ । हे राजा, तपाईंसँग यस्ती छोरी हुनुहुन्छ र म तपाईंलाई आफ्नो प्रिय छोरीलाई हाम्रो राज्यमा आउने अनुमति दिने बिन्ती गर्छु "

राजाले जबाफ दिए- "क्ये ! हे महान् राजा वरुणका मन्त्री, मेरी छोरी नृत्यको भगवान नाट्येंन्द्रीमा अकल्पनीय रूपमा उत्कृष्ट लक्षणहरू छन् । उनको अनुहार अति सुन्दर छ र उनको माता पिता र बहिनीहरू सबै असल चरित्रका छन् । उनको गुण र ज्ञान धेरै उत्कृष्ट भएकोले, उनलाई कसैलाई दिनु मेरो लागि कठिन हुनेछ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाका शब्दहरू सुनेर मन्त्रीले त्यसलाई मनमा राखे र चाँडै राजा वरुणसेनासँग भेट्न आफ्नो देश फर्किए । रानी र सबै प्रजाहरूको उपस्थितिमा उनले निम्न प्रस्तुतीकरण गरे-

"क्ये ! सबै देवताहरू, राजा र सहमतिको सबैभन्दा उत्तम दसवटा देशहरूमा मैले यात्रा गरे अनि हाम्रा भविष्यको राजाको गद्दी आरोहणमा संलग्न हुनको लागि सुहाउँदो रानी भेट्टाउन असफल भएँ । अन्तमा, म राजा शुभको राज्यमा गए, जसको दरबारलाई समतो भनिन्छ । म त्यहाँ पुग्दा राजा, रानी र उनीहरूका छोरा छोरीहरू सुन्दर कमलको कुण्डमा स्नान गरिरहेका थिए । राजाको सातजना छोरा र एक जना छोरी छन् । गहनाले सजिएकी छोरीले मलाई देखेर र सोध्नु भएको थियो, 'क्ये ! सम्मान जनक चरित्र भएका उत्कृष्ट मन्त्री श्री भद्र ! तपाईं यस देशमा के कारणले आउनुभयो ? तपाईंको बुबा, आमा, तपाईंको जाति, देश र राजाको नाम के हो ? '

उहाँले राजकुमार सूर्यगर्भको नाम लिएर उहाँको बारेमा समेत सोध्नुभयो । मैले ध्यान पूर्वक उहाँको प्रश्नको जबाफ दिएर उहाँले त्यो जानकारी रानी कहाँ पुऱ्याउनु भयो, जसले त्यसलाई राजा सामु पुऱ्याउनु भयो । त्यसपछि म आफै राजाको सामुन्ने गएर म त्यहाँ आउनुको उद्देश्य दोहोऱ्याए । मैले राजालाई उहाँकी छोरी माग्दा त्यसको प्रतिक्रियामा उहाँले बोल्नु भएका शब्दहरू आर्यहरूको जस्तै कवितात्मक पद्यमा थिए"

राजा र मन्त्रीले जे सुकै भएपनि राजकुमार यस घटनाबारे पूर्ण रूपमा सूचित हुनु पर्छ भन्ने निर्णय गरे । राजा आफ्नो छोरालाई आफै भेट गर्न गएर भद्र शब्दहरूमा भने- "क्ये ! धर्मको रक्षक सूर्यगर्भ, तपाईंको आमा बाबुको दया फिर्ता गर्ने ! आफ्नो पिताको हृदयको इच्छाको सार सुन्नुहोस् । मैले मन्त्री रत्न श्रीभद्रलाई खोज्ने क्रममा दसवटा देशमा पठाएको थिएँ र अन्तमा उनले नाट्येन्द्री नामक राजा शुभको छोरीलाई भेटे । तिनी अति सुन्दरी छन् र उनमा धेरै चमत्कारिक लक्षणहरू छन् । तपाईंकी रानीको रूपमा लिनको लागि तिनी सुहाउँदो महिला हुन् भन्ने कुरा निश्चित छ । हामीले के गर्नु पर्ला भन्नेबारे तपाईंले इमानदारी साथ के महसुस गर्नुहुन्छ कृपया आफ्नो बुबालाई भन्नुहोस् !"

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

तिनको शुभ लक्षणहरू जाँच गर्न आवश्यक छ भनेर राजकुमारले जबाफ दिए ।

पूर्णिमाको दिनमा, त्रिरत्नलाई प्रशस्त समर्पणहरू चढाइयो, त्यसपछि राजा र छोरा दुवैले धेरै प्रार्थना गरेर सुते । सूर्यगर्भले उत्कृष्ट सपना देखे । उनले रातो वर्णको सेतो प्रकाश पूर्व दिशाबाट उत्पन्न भएर उनको शरीरमा विलय भयो । त्यसको बदलामा उनी प्रकाशमा पग्लिएर "हुँ" अक्षर बने । त्यस हुँ अक्षरबाट तीनवटा आकाश गङ्गाहरूलाई ढाक्ने गरि एउटा 'ह्' अक्षर उत्पन्न भयो । ब्रह्माण्ड र द्विपहरू पञ्चरङ्गी प्रकाशको किरणले जाज्वल्यमान भयो र सबै कुरा दुईवटा अक्षरहरूको सारको रूपमा बोध भयो ।

तीनवटा आकाश गङ्गाहरूलाई ढाक्नको लागि असीम प्रकाशका किरणहरू अगाडि बढे र जहाँ जहाँ त्यो प्रकाशको किरण चम्कियो त्यहाँ बीज अक्षरहरू देखा परे । राजाले सपनामा सेतो रेशमी कपडा भएको एउटा खोक्रो स्फटिकको कलश देखे । त्यो पूर्व दिशामा देखा पर्यो र उनले त्यसलाई आफ्नो छोरालाई दिए । सूर्यगर्भले त्यसलाई आफ्नो हातमा लिएपछि उनले आफ्नो शरीरलाई त्यस कपडाले सिँगारे । त्यसपछि सूर्यगर्भ आफै स्फटिक कलश बने । राजाले यो समाचार दसै दिशामा फैलिएको सपना देखे ।

अघिल्लो बिहान, राजा र छोरा दुवैले आफ्नो सपनाको शुभ सङ्केत भएको अनुभव गरे । धेरै बहुमूल्य गहना, धन र अन्य सहायक वस्तुहरू जम्मा पारेर राजाले राजा शुभमणीधरलाई आफ्नो छोराको तर्फबाट एउटा पत्र लेखे । सुनको मसीले लेखिएको त्यस पत्रमा तिनीहरूले लेखे- "क्ये ! ऋषिहरूको राजा, गौरवशाली शुभमणीधर ! तपाईंको असाधारण रूपमा आकर्षक छोरी नाट्येन्द्रीले परम आनन्दको सार धारण गर्नु भएको छ । मेरो राज्यको सिंहासनलाई कायम राख्नको लागि, कृपया तिनलाई मलाई दिनुहोस् र सबैभन्दा महत्त्वपूर्ण बहुमूल्य पदार्थहरूको यो उपहारलाई स्वीकार गर्नुहोस् । कृपया यो भाग्यशाली राजाको पुत्रलाई आनन्दित तुल्याउनुहोस् र यस मिलनको उपयुक्ततालाई पहिचान गरेर आफ्नो महान् दया व्यक्त गर्नुहोस् !"

राजा शुभमणीधरलाई आफ्नै हातले पत्र दिनको लागि मन्त्री त्यस तर्फ प्रस्थान गरे । त्यस राज्यमा आइ पुग्दा उनले आश्चर्यचकित हुँदै राजा सुखपाल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो पुत्र बाल उर्धीका साथ राजा शुभमाणीधर, आफ्नो मन्त्री हाद्जीनसँग राजा खसरपाण र अन्य धेरैलाई देखे । त्यहाँ असङ्ख्य प्रकारका धन सम्पत्ति हिरा रत्नहरू लिएर आफ्नो बाह्य र भित्री मन्त्रीहरूसँग आएका करिब तेह्रवटा देशका राजाहरू र राज्यका प्रतिनिधिहरू थिए ।

तिनीहरू सबै जना त्यहाँ राजकुमारीलाई आफ्नै राज्यका लागि जित्ने मनसाय लिएर आएका थिए । मन्त्री रत्न श्रीभद्रले राजासँग भेट गर्न आग्रह गरेर उसलाई राजा वरुणसेनाले सुनको मसीले लेखिएको पत्र र उपहार प्रस्तुत गरे । राजाले पत्र पढे र उहाँका बाह्य र भित्री मन्त्रीहरू, रानी र सबै पुत्रहरूलाई दिए ।

त्यसपछि राजाले त्यहाँ जम्मा भएका प्रजाहरूलाई भने- "क्ये ! मेरो उत्तम छोरीको हात जित्ने प्रयास गर्नको लागि सबै दिशाका राजाहरू यहाँ आएका छन् । यदि मैले उनीलाई कोही एक जनालाई दिने प्रतिज्ञा गरे भने त्यो निश्चित रूपले अर्को प्रति दुर्व्यवहार गरेको ठहरिनेछ । मैले जे गरे पनि त्यसले सम्भवतः हाम्रो राज्यको लागि सम्भावित रूपमा ठूलो हानि ल्याउने छु । के उनीलाई कसैलाई पनि नदिइने निर्णय गर्नु बुद्धिमानी हुँदैन ? प्रज्ञाज्ञान र बुद्धिमानीसँग, कृपया यस समस्याको समाधान गर्ने उत्तम तरिकाबारे विचार गर्नुहोस्"

राजाले बोलिसकेपछि त्यहाँ धेरै छलफल भयो । तथापि, कसैले पनि एउटा निश्चित समाधानको सुझाव दिन सकेन । त्यसपछि रानीले भनिन्-

"हाम्री छोरी नाट्येन्द्री जन्मेको बखत, तिनको शरीर सेतो कपडाले बेरिएको थियो र तिनले नृत्य गर्न सक्ने क्षमता देखाएकी थिइन । अभिषेक दिनको लागि उनले आफ्नो हात चलाइन, त्यसैले हामीले उनको नाम नाट्येन्द्री नृत्यकी शक्तिशाली स्त्री राख्यौं । यस पृथ्वीमा हिँड्ने कसैले पनि चुनौती दिन नसक्ने तिनी एक उत्कृष्ट सुन्दरी सहचरी हुन् । म उनीलाई आफ्नो हृदयलाई जस्तै गरेर माया गर्छु । त्यसैले उनलाई कसैलाई दिने विचारले मलाई धेरै दुखी बनाउँछ ।

हामी केही गर्न नसक्ने निमुखा छौं, किनकी तिनीलाई पाउनको लागि यती धेरै देशहरू यहाँ भेला भएका छन् । यदि यो निर्णयमा ठूलो विचार पुऱ्याइएन भने, त्यहाँ हामीले हाम्रों देश नै गुमाउन सक्ने खतरा छ । अब, कर्मको बलले उनलाई रोक्न गाह्रो छ । हामीले उनलाई आफैँ आफ्नो भविष्यबारे निर्णय गर्ने अनुमति दिनुपर्छ -तर जसले उनलाई प्राप्त गरे पनि तिनलाई चोर्ने प्रयास गर्ने अरूहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

हुनेछन् । उनीलाई सहनै नसकिने दुःख अनुभवलाई गर्न बाध्य पारिने छ । मलाई मेरो मुटु मेरो छातीबाट बाहिर निकालेको जस्तो अनुभव भइ रहेको छ ! ओह, अब के गर्ने हो ?" बोली सकेपछि, रानीले आँसु बगाउँदै दुखी भएर राजातर्फ हेरिन् ।

यसबारे राजकुमारी आफैले रोज्नुपर्छ भन्नेबारे तिनीहरू सबै सहमत भए; त्यस कारण राजा, रानी र तिनका दाजुभाइहरू तिनी कहाँ गए । तिनीहरूले उनीलाई ठूलो सावधानी पूर्वक मायालु ढङ्गले यसरी बोलाए- "क्ये ! सुन्दर छोरी, आमा बाबुको हृदय र आफ्ना दाजुभाइहरूको आँखा, कृपया सुन्नुहोस् । धैरै धन सम्पत्ति र सुनमा लेखिएका पत्रहरू लिएर धैरै देशका राजा, प्रजा र दूतहरू यहाँ भेला भएका छन्, तपाईलाई सबैले आफ्ना राज्यहरूमा लाग्न चाहन्छन् ।

यहाँ तिनीहरू यति धैरै छन् कि राज्यको बाह्य र भित्री क्षेत्रहरू तिनीहरूले भरिएको छ । अब के गर्ने भन्नेबारे हामी निर्णय गर्न सक्दैनौं । यद्यपि तपाईंलाई गुमाउने विचारले हामीलाई धैरै दुःखी तुल्याउँछ भने हामी हाम्रो राज्यको सुरक्षाको लागि डराएका छौ । हे छोरी, तपाईं जहाँ गए पनि हामी तपाईंको निर्णयलाई सम्मान गर्न चाहन्छौं, किनभने हामी यो जान्दछौ कि त्यो सही निर्णय हुनेछ । कृपया हे देवपुत्री, तपाईं के गर्न चाहनुहुन्छ हामीलाई भन्नुहोस्" यो सुनेर, नाट्येन्द्रीले आफ्ना आमा बाबु र दाजुभाइहरूलाई सम्बोधन गर्दै भनिन्-

"क्ये हो ! हाय ! हे बुबा, उत्कृष्ट वंशको देवताको राजा, मलाई बस्नको लागि आफ्नै शरीर दिने दयालु आमा, छ, एकै परिवारका माया गर्ने दाजुभाइहरू, सबैले मलाई हृदय देखि नै मायाले हेर्नुहुन्छ र बोल्नुहुन्छ । आनन्द र दुःख ल्याउने यी समस्या ग्रस्त प्रश्नहरू र व्याख्याहरूले मलाई असर पार्दैन, किनकी मलाई सांसारिक व्यवहार वा उत्तरदायित्वहरूलाई निर्वाह गर्ने कुनै मनसाय छैन । मेरो उत्प्रेरणाको बलको रूपमा जाग्रत भएको चित्त र परोपकारका साथमा, मेरा कार्यहरू विगतका कार्यहरूको शक्ति बमोजिमले प्रवाह हुनु पर्दछ ।

"यो जीवन अघि, म सुखावती भूमिमा सर्वोच्च सहचरी र देवी पाण्डरावासिनीको रूपमा रहेकी थिए । अहिले मैले आफूलाई ऋषिहरूको राजाको छोरीको रूपमा प्रकट गरेको छु । प्राणीको आवश्यकताहरूलाई पूरा गर्ने बाहेक मसँग अन्य कुनै उद्देश्य छैन । विगतको प्रार्थनाको बलबाट, आर्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवलोकितेश्वरको एक प्रादुर्भाव राजकुमार सूर्यगर्भ र मैले बोधिचित्त उत्पाद गरेको छौ । जसको शरीर अरूलाई तल्लो जुनीको जन्म तर्फ डोऱ्याउने कारण बन्ने एउटा साधारण पति मैले कहिलेपनि लिनु हुँदैन ।

यस राज्यलाई त्याग गर्दै म भविष्य राजा सूर्यगर्भको दरबारमा जानको लागी कसैले पनि थाहा नपाउने गरि यहाँबाट भाग्नु पर्छ । बुबा, आमा र दाजुभाइहरू, कृपया राम्रोसँग धर्म अभ्यास गर्नुहोस् । संसारको यस दरबारमा, अन्त्यहीन दुखको पीडा सहनु पर्छ । तपाईंहरूको लागि मेरो हृदयको सल्लाह संसारबाट मुक्ति प्राप्त गर्नु हो । संसार प्रति मलाई कुनै अनुरक्ति छैन । महान् करुणाको विधिद्वारा माध्यमबाट मैले प्राणीहरूको लागि अविच्छिन्न रूपमा काम गर्नु पर्छ । बुद्ध अमिताभका आदेशहरू पूरा गर्दै, म तपाईंहरू सबैलाई आर्यहरूको अवस्था तर्फ मार्गदर्शन गर्नको लागि आएकी हुँ !"

तिनका शब्दहरू सुनेपछि राजा, रानी, दाजुभाइ र सेवकहरू भक्ति र आदर भावले विह्वल भए । उनीले भने जस्तै गरेर, राजकुमारी आफ्नो अनुचरीसँग राज्यबाट भागिन् । यात्रामा सात दिन बिते पछि, अनुचरी अचानक बिरामी भएर प्राण त्याग गरिन् । राजकुमारीले तिनलाई शुद्ध भूमि तर्फ मार्गदर्शन गर्दै उनको लागि चेतना स्थानान्तर (फोवा) गर्नुभयो ।

सात दिन र सात रात बितेर गए । एक बिहान, बिहान सबेरै राजकुमार सूर्यगर्भ ब्यूँझिएर आफू अगाडिको आकाश माथि हेरे । अचानक, एक लाख अति चम्किलो प्रकाशको किरणका साथ करिब हेर्न नै नसकिने गरि आर्य अवलोकितेश्वर देखा पर्नुभयो । अवलोकितेश्वरले त्यसपछि तिनलाई भन्नुभयो-

"मेरो छोरा, अब तिमी आफ्नो निद्राबाट ब्यूँझनु पर्छ । यहाँबाट पूर्व दिशामा ऋषिहरूका राजकुमारी, नाट्येन्द्री आफ्नो सूक्ष्म दर्शि शक्तिहरूद्वारा देवहरूको परम सुख युक्त भूमि आफ्नो राज्यबाट भागेकी छिन्, जहाँ धेरै जना राजा र राजकुमारहरू अझै पनि विवाहको उनको हात पाउनको लागि आक्रामक ढङ्गले सम्बन्ध बढाउने इसारा गर्दै छन् । अहिले तिनी तिमीलाई भेट्न आउँदै छिन् र अहिले यहाँ देखि उत्तरमा निकै टाढा आइ पुगेकी छिन् । सिद्धान्तको संरक्षण र प्राणीहरूलाई लाभ पुऱ्याउनको लागि, गएर उहाँलाई भेट्टाउ !"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो भविष्यवाणी प्राप्त गरे पछि राजकुमारले आफ्ना सबै मन्त्रीहरूलाई भेला गरेर तिनीहरूलाई उत्तर दिशा तर्फ एउटा महत्वपूर्ण यात्रा गर्नु अनि एउटा निकै शुभ भेटको लागि तयारी गर्नु पर्छ भने ।

त्यही अनुसार, उनले तिनीहरूलाई एउटा समूहहरूमा भेला गरे । प्रत्येक सदस्य रेशमी जरी वस्त्र र अनमोल गहनाहरूले सजिएका थिए, उनीहरू उत्तरतर्फ पेमा सेग्पा तालको किनारमा गए । सात दिन बितिसकेपछि, सूर्य आकाशमा उदाए पछि, भविष्यका राजाले तिनीहरूलाई सम्बोधन गरे । उनले ऋषि राजकुमारी नाट्येन्द्रीको आफ्नो राज्यबाट भागेकी थिइन् किनकी धेरै देशका राजाहरूले विवाहमा आफ्नो हात माग्न एकत्र भएका थिए भने । उनी यहाँ आइ पुग्न लागेकी छिन र प्राणीहरूलाई लाभ पुऱ्याउनको लागि तिनी आफूसँग जाने छिन् भन्ने कुरा उनले बताए । उनले तिनीहरूलाई गीत, नृत्य र सङ्गीत वाद्य यन्त्र बजाएर उत्सव मनाउन आग्रह गरे ताकि सबै कुरा सम्भव भएसम्म खुसी र शुभ हुन सकोस् । त्यसपछि, यस तरिकाले तिनलाई अभिवादन गरिसके पछि उनीहरू सबै राज्यमा फर्किने छन् । उहाँले बोले पछि तिनीहरू सबै तालको किनारमा गएर उनको आगमनको प्रतीक्षामा लागे । त्यसपछि, पूर्वी दिशाबाट आएको इन्द्रधनुषी किरणको गोलाकार पिण्ड हेर्नको लागि तिनीहरू सबैले आफ्नो गर्दन उचाले । देव, नाग र मानिसहरूको लागि उपयुक्त समर्पणहरूको बादलसँगै फूलहरूको वर्षाले आकाशमा भरियो । अति चम्किलो प्रकाशको किरणहरूले घेरिएकी नाट्येन्द्री स्वयम् त्यसपछि देखिइन । राजकुमार र सबै मन्त्रीहरूले उनलाई एउटा व्यापक स्वागत कार्यक्रम बीच स्वागत गरे ।

त्यस बीच, अरू देशका राजाहरूले जवान राजकुमारी आफ्नो राज्यमा कहीं लुकेकी छिन् भनेर शंका गर्न थाले । तिनीहरूले उहाँलाई हरेक दिशामा खोजे । कसैले उहाँ कुना कन्दरा वा दुलोमा लुकेकी हुन सक्छिन् भन्ने सोचे; तिनीहरूले जमिन मुनि खनेर पनि खोजे । केहीले उहाँ एउटा खजानाको बाकस भित्र लुकेकी हुन सक्छे भन्ने सोचे, त्यसैले तिनीहरूले हरेक ठाउँको खजानाको खोज गरे । तिनीहरूले उहाँलाई पर्वतमा पनि खोजे । उनीहरूले जहाँ जहाँ खोजे, त्यहाँ उहाँ फेला पर्नु भएन । अन्त्यमा, तिनीहरू थकित भएर खाली हात आफ्नो राज्यमा फर्कन बाध्य भए । राजा र रानीलाई त्यहाँ के भएको थियो भन्ने कुरा बताउनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि सूर्यगर्भले मन्त्री मणि रत्नलाई पहिला नै पठाएका थिए । त्यसपछि राज्यको सम्पूर्ण जनता त्यहाँ भेला भए । तिनीहरूले विभिन्न प्रकारका सङ्गीतका वाद्यवादनहरू बजाउँदै ढोलकलाई बजाए । हातमा धूप बोकेका मानिसहरू र शाही पुत्र र पुत्रीहरूलाई अगाडि लगाएर, नयाँ जोडा महलमा आइ पुगे । पुरै राज्यले एक महिना लामो उत्सव मनाउन सुरु गर्यो । शरणको त्रिरत्नमा विस्तृत रूपको समर्पणहरू चढाइयो । सम्पूर्ण राज्य खेल, खेलकुद र आनन्ददायी कार्यमा संलग्न भयो । मन्त्री रत्न श्रीभद्र र ऋषिका पुत्र, गुण इन्द्रले आफ्नो सम्बन्धित सभाहरूमा सहभागी भएर उत्सव मनाए ।

राजा वरुणसेनाले तीन वर्षसम्म शासन् गरे । एक दिन उनले आफ्नो छोरा सूर्यगर्भ, नाट्येन्द्री र बाह्य र आन्तरिक मन्त्रीहरू र तिनीहरूका टोली बीच एउटा बैठक बोलाए । त्यसपछि सूर्यगर्भ र नाट्येन्द्रीलाई त्यस राज्यमा राज्य गर्नको लागि औपचारिक रूपमा राजगद्दीमा राखियो । पहिला तिनीहरूले गरिब र असहायहरूलाई प्रशस्त भोजन र कपडा दान दिए ।

उनीहरूले बौद्धधर्मलाई राज्य धर्म बनाउने र धर्मको प्रचार नयाँ सरकारको सबैभन्दा महत्त्वपूर्ण कार्य रहेको नयाँ नियम प्रारम्भ गरे । तिनीहरूले राजा र रानीलाई समर्पणहरू चढाए र उनीहरूलाई सबैले आदर गरे । तिनीहरूको राज्यको सबै जना भाग्यशाली व्यक्तिहरूलाई धर्मको बाटोमा ल्याइयो र नाट्येन्द्रीले गोप्य मन्त्रयानको शिक्षा दिइन् । अन्तमा, एक लाख जनसङ्ख्या रहेको राज्यको सम्पूर्ण मानिसहरूले एकै मण्डलको रूपमा सम्यक् सम्बोधि लाभ गरे !

समय

ऋषिहरूका राजाको छोरीको रूपमा उनी कसरी प्रकट हुनुभयो, राजकुमार सूर्यगर्भलाई कसरी विवाह गर्नुभयो सम्पूर्ण राज्यलाई धर्ममा ल्याएर क्रमशः सम्पूर्ण जनसाधारणलाई सम्यक् सम्बोधिको अवस्थामा डोऱ्याउनु भयो भन्नेबारे वर्णन गर्दै यहाँ अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको तेस्रो अध्याय पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कनक राज्य

त्यसपछि, जिनपुत्रहरूको सहभागिता डाकिनी पण्डरावासीनीलाई पञ्चकायको अभिषेक दिनको लागि तीन कालका बुद्धहरूले अभिषेक दिए । त्यस समयमा उहाँको आँखीभौँहरू बीचको बिन्दुबाट यस लोकमा एउटा सेतो रङ्को 'ह्' अक्षर निस्केर गयो । उहाँको घाँटीबाट रातो रङ्को एउटा 'ह्' अक्षर पूर्व तर्फको पोताला द्विप तर्फ गयो । उहाँको हृदयबाट एउटा स्पष्ट नीलो 'ह्' अक्षर देवलोकको माथिल्लो लोक तर्फ गयो । उहाँको नाभिबाट एउटा उज्यालो पहेँलो 'ह्' अक्षर नागराजाको सर्वोच्च दरबारको तल्लो क्षेत्रमा गयो । उहाँको गोप्य स्थानबाट एउटा हरियो रङ्को 'ह्' अक्षर असुर लोकमा गयो । उहाँको एकाग्रताको शक्तिबाट यी प्रत्येक बीजाक्षरहरूबाट अरबौ प्रकटहरू उत्पन्न भए ।

यो सबै प्रभास्वरको युगमा भयो । यो यस प्रकाश युगमा देखा पर्ने हजार जना बुद्ध मध्येको एक कनकमुनि बुद्धको समय थियो । पूर्वी भारतको भूमिमा कनिक नामक सहरमा, कलासिद्धी नामक एक राजा थिए, जसको असल रानी फूलहरूद्वारा सजिएकी पुष्पालङ्कार थिइन । त्यस राज्यमा बुद्धको सिद्धान्त प्रचार गरिएको थिएन र प्राणीहरूको मनलाई तह लगाउने समय आएको छ भन्ने राजालाई बलियो अन्तर्ज्ञान भयो । उनले प्राणी हत्याबाट टाढा रहने अनुशासन लागू गरे तर यस कानुनलाई बेवास्ता गरिँदा उनी बिरामी भएर यस संसारबाट बिदा भए ।

उनकी रानी, पुष्पालङ्कार, उनको मृत्युको झड्काबाट यति धेरै दुःखी भइन कि उनी रायाया तालको किनारमा गएर त्यहाँ फाल हानेर आफ्नै ज्यान लिन लागेको बखत उनको सामुन्ने अचानक एकजना सुन्दर जवान व्यक्ति देखा परे । आनन्दित आत्मविश्वासको साथ उनी तिनको नजिक गएर तिनि त्यहाँ किन आएकी थिइन भनेर सोधे । पुष्पालङ्कारले जवाफ दिइन्-

"मैले ठूलो दुःख र कष्टको सामना गरिरहेको छु । मेरो पति महान् राजा कलासिद्धी थिए, जो संसारभरमा शक्तिको लागि प्रख्यात थिए" उनले आफ्नो प्रिय पतिको अचानक मृत्यु हुनु उनको लागि दुर्भाग्य भएको दुखको साथमा घोषणा गरिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि जवान मानिसले उनलाई भने- "यद्यपि राजा कलासिद्धी बितिसकेका छन्, म अहिले यहाँ छु र म तपाईँको पति बन्नको लागि आएको छु । कृपया निराश नहुनुहोस् ! यहाँ आउनुहोस् युवती र हामी सँगै राज्यमा फर्किने छौं"

उनले बोलिसकेपछि, पुष्पालंकारले आफ्नो हृदय परिवर्तन भएकोको अनुभव गरिन् र ती जवान मानिसलाई अपनाइन् । तिनीहरू सँगै राज्यमा फर्किए, जहाँ सबै मानिसहरूले तिनीले भेटेकी युवक देव पुत्र वा राजकुमार हुन् भन्ने सोचे । सबै जना उहाँ सँग मुग्ध भए । तिनीहरूले उनलाई आफ्नो धन र सम्पत्ति प्रदान गरेर आफ्नो नयाँ राजाको रूपमा गद्दीमा राखे । एक पटक फेरि युवतीको जस्तै महसुस गर्दै धेरै खुसी र आनन्दको अनुभव गर्दै रानी उनीसँग प्रेममा डुबिन् ।

एक रात, पुष्पालंकार आफैले सोचिन्- "मलाई आश्चर्य छ कि यो सुन्दर युवक कहाँबाट आए ? मैले उनलाई सोधेको पनि छैन कि उनी कहाँबाट आएका हुन्, उनका माता पिता को हुन्, उनको जाति र पारिवारिक वंश के हो । यद्यपि उनी सुन्दरतामा देवताहरू बराबर देखा पर्छन्, मैले उनको पृष्ठभूमिको बारेमा सोध्नु पर्दछ" त्यसपछि तिनिले उनलाई भनिन्-

"क्ये ! चमत्कारपूर्ण र आकर्षक युवक, आफ्नो आनन्दमय ध्यानलाई म तर्फ लगाएर सुन्नुहोस् । असहनीय दुखको अवस्थामा, म रायाय तालमा फाल हाल्न लागेकी थिएँ तपाईं त्यहाँ अचानक देखा पर्नुभयो । मेरो दुःख बिर्सिएर, मैले तपाईंसँग यस्तो परम सुखबारे जान्न पाएको छु । मलाई लाग्छ कि मेरो योग्यता उत्कृष्ट छ र म मेरो ठूलो भाग्यमा आनन्दित हुन्छु । तैपनि म तपाईंको पृष्ठभूमि, तपाईँको पारिवारिक नासो, तपाईँको माता पिता आदिबारे जान्नको लागि उत्सुक छु । दया पूर्वक आफ्नो बारेमा मलाई केही भन्नुहोस्"

युवकले यस्तो जबाफ दिए- "ए मा हो ! कस्तो आश्चर्यजनक ! मेरो पिता आदिकालीन बुद्ध समन्तभद्र हुनुहुन्छ, मेरी आमा शून्य परमसुखको आदिकालीन प्रज्ञाज्ञान, समन्तभद्री हुनुहुन्छ । म महान् र शक्तिशाली हयाग्रीभको आविर्भाव हुँ । विवेकशील आदिकालीन प्रज्ञाज्ञानको स्वर्गमा, कन्या पुष्पालंकार, तपाईंको वंश बुद्धको वंश हो । तपाईंको उदासी र अवसाद कहींबाट पनि आएको होइन र यसले कुनै लाभ वा नतिजा ल्याउँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"प्राणीहरू पछिल्लो कर्मका लहरहरूद्वारा संसारको समुद्रमा हुत्तिने गर्छन् । यस राज्यमा बस्नु र रहनु आगोको खाल्डोमा खस्नु जस्तै हो । तल्लो लोक तर्फ डोऱ्याउने यो क्रियाकलापहरूको कारागार जस्तो अस्तित्व नरक लोकको पुनर्जन्म तर्फ डोऱ्याउने अझ बढी बीउ रोप्नु भन्दा अरू केही पनि होइन भन्ने तपाईँलाई लाग्दैन ? जीवित हुँदा राजा संलग्न रहेको सांसारिक क्रियाकलापहरू केवल तपाईँको अकुशल कर्मको अविरल सङ्ग्रह मात्र थियो । तपाईँले अब यो राज्यलाई त्याग गर्ने कुरा विकास गर्नु पर्छ र सम्यक् जागृतिको लागि अब समय आयो भन्ने कुरा जान्नु पर्छ ।

रानी रुन थालिन्- "ए मा हो ! कृपया, हे युवा, हामी कहिल्यै पनि अलग हुनु नपरोस् ! म तपाईँले जे आज्ञा दिए पनि त्यसलाई मात्र तयार छु "

यति भनेर, तिनी दिनरात निरन्तर रूपमा दुखी भइन । केही समयपछि युवकले फेरि तिनलाई भने "युवती, तपाई र मैले यो स्थान छोड्न पर्दैन । अहिलेबाट, तपाईँले धर्मलाई सकेसम्म शुद्ध रूपमा प्राप्त गर्नु पर्छ"

त्यसपछि तिनले उनको भनाइ अनुसारले रहने प्रतिज्ञा गरिन् । त्यस पछि मात्र तिनीले बुद्ध कनकमुनिलाई भेटिन, जो बाहिर भिक्षाटन गर्दै हुनुहुन्थ्यो र उहाँको उपस्थितिमा बोधिसत्वको प्रतिज्ञा लिइन । त्यस पछि, रानीले अमूल्य धर्मको पथको तालिम लिन सुरु गरिन् । एक साँझ, एउटा उज्वल सेतो 'हृ' अक्षर आकाशमा देखा पर्यो; तल तर्फ झर्दै, यो धेरै गुणा बढ्यो ता कि त्यस मध्येको एउटा युवकमा विलय हुँदा उनले अर्को चाही आफ्नो हृदयमा विलय भएको अनुभव गरिन् । अर्को बिहान युवकले यस्तो आज्ञा दिए- "उठनुहोस्, पुष्पालंकार र प्रसाद बनाउनुहोस् । अतीतको कर्मको बलले तपाईँले एक जना छोरीलाई जन्म दिनु पर्छ" जन्म दिनको लागी आफूलाई केही नभएको तिनीले भनिन् । अघिल्लो साँझको अनुभवको अर्थ एकजना बच्चा जन्मनु थियो भनेर उनले जबाफ दिए ।

तिनको पेटबाट 'हृ' शब्दको आवाज दस महिनासम्म प्रतिध्वनित भइ रह्यो । यो ध्वनि बारम्बार सुन्दा त्यो के होला भनेर उनलाई अचम्म लाग्यो र उनलाई आफ्नो पेटमा बच्चा भएको महसुस भयो, यद्यपि उनले कुनै पीडा महसुस गरिनन् । उनले युवकलाई सोध्ने गर्थिन् र उनले मुस्कुराएर जबाफ दिए यो उनले भने जस्तै हो । दस महिनापछि तिनले बच्चालाई जन्म दिइन । त्यस क्षणमा आकाशमा इन्द्रेनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाश किरण देखा पऱ्यो र वर्षा भए जस्तै गरेर फूलहरूको वर्षा भयो । बादलबाट सङ्गीतको वाद्य यन्त्रहरूको आवाज आयो । सबै जनाले राजा र रानीले छोरालाई जन्म दिए भनेर भन्दै थिए ।

बच्चाको पहिलो महिनाको जन्म दिनमा यो थाहा थियो कि जसलाई छोरा भनिएको थियो वास्तवमा उनी छोरी थिइन् । उनको जन्मको क्षणमा, तिनले बसेर "हृ" घोषणा गरेकी थिइन् । उनीमा सबै अचम्मका लक्षण र सङ्केतहरू थिए, जस्तै कि सबैले स्वीकार गरेका थिए कि बच्चा एक छोरी थिइन् । राजाले उनको नाउँ ओजर नान्गेन 'प्रकाशको किरणले सजिएकी' राखे जुन नामले तिनी पछि गएर चिनिइन् । आठौं महिना देखि सोह्र वर्षसम्म उनले आफ्नो पिताको सुपरिवेक्षणमा धर्मबारे अध्ययन गरिन् । एक दिन उनले आफ्नो पितालाई देख्दा भनिन्- "ए मा हो ! जिनपुत्रहरूको चमत्कारिक क्रियाकलाप, महान् शक्तिशाली पिता ! मूल शुद्धताको आधारहीन प्रकृतिमा भूमि विलय भए पनि बुद्धहरूको अवतरणको अभिव्यञ्जनाहरू अटुट छ । मेरो प्रकृति आर्यहरूको जस्तो भएकोले म पनि देवताहरूसँग जोडिएको छु । विगतको गहन आकाङ्क्षा भएकी म एउटी महिला हुँ "

उनले बोलेको केही समय पछि त्यस दरबारमा सेतो इन्द्रेनी प्रकाशको किरण चम्कियो र राजा एउटा सिँढी चढे जस्तै गरेर त्यस इन्द्रेनीमा चढे । उनलाई केहीले पनि रोक्न सकेन र उनी आकाशमा बिलाएर गए राजकुमारीले पीडामा रहेकी आफ्नी आमालाई सान्त्वना दिन सफल भइन् र राज्यको प्रशासन र यसको कानुन ग्रहण गरिन् । बुद्धको सिद्धान्तलाई पूर्ण सम्प्रभुता दिइयो ।

एक दिन ओजेर नानग्येन घुम्नको लागि बाहिर जाँदा तिनले कमल बगैंचामा एकत्रित भएका करिब पाँच सय भिक्षुणीहरूलाई भेटिन् । त्यस बगैंचामा एउटा मण्डल जस्तै धेरै पत्रहरू भएको देदीप्यमान कमलको फूल थियो । पत्रहरूको टुप्पोबाट उत्पन्न भएको उज्ज्वल सेतो प्रकाश यति चम्किलो थियो कि त्यसलाई हेर्न गाह्रो थियो । सम्पूर्ण सभा त्यो उल्लेखनीय दृश्य हेर्न बाध्य भएको थियो । नजिकबाट हेर्दा कमलको केन्द्रमा तिनीहरूले एजना एक सोह्र वर्षीय युवालाई देखे । उहाँ उज्ज्वल प्रकाश, मुस्कुराउँदै गरेका र अत्यन्त आकर्षक हुनुहुन्थ्यो । हेर्नको लागि मन्त्रमुग्ध पार्ने खालको उहाँमा प्रमुख र सहायक सबै लक्षणहरू थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि ती युवाले तिनीहरूलाई भने- "ए मा हो ! अद्भुत देवकन्या, तपाइँको पाँच सय अभिव्यञ्जनाको सभाको साथ ओजर नग्गेन, तपाई आज यहाँ आउनुभएको उत्कृष्ट छ । तपाईको अनुहार सुन्दर रूपमा चित्रित शङ्ख जस्तो छ र तपाईँका दाँतहरू सेता कमलका फूलहरूको माला जस्तो छ । तपाईको जिभ्रो खसकस रंगको रेशमको तह जस्तो लाग्छ । तपाईको मुस्कुराउँदो ओठहरू मोहक कमलको पत्रहरू जस्ता आकर्षक छन् । तपाईँको लामो आँखा र आँखी भौँहरू राम्रो र सूक्ष्म, ढाँचामा सिद्ध छन् । तपाईको हात र खुट्टा पूर्ण रूपमा समानुपातिक छन्, तपाईँको छाला चिरूको उन जस्तै नरम र चिल्लो छ । तपाईको हात्केला र खुट्टाका पन्जाहरू उत्पल कमलको फूलको पत्रहरू जस्तै नाजुक छन् । तपाईँको छातीहरू आकर्षक छन्, तपाईँको गोप्य कमल समृद्ध र सार भूत छ । तपाईँको कपाल नीलो हरियो छ र तपाईको निधार सेतो, चम्किलो चन्द्रमा जस्तो देखिन्छ । तपाईँको कमर पातलो छ, तपाईँको चाल सोह्र वर्षीया युवतीको जस्तो मनमोहक छ । तपाईँ सबै बुद्धहरूको सर्वोच्च सहचरी हुनुहुन्छ । म करुणाका अधिपति, अवलोकितेश्वरको अभिव्यञ्जना हुँ । म एउटा शुद्ध कमलको फूल भित्रबाट चमत्कारिक रूपमा जन्मिएको थिएँ । राज्यलाई उत्थान गर्ने एकमात्र देवताको रूपमा तपाईँ रुपमती कन्या, तपाईँको कर्मको शक्तिले मलाई भेट्न यहाँ आउनु भएको छ । डाकिनी तपाईले आफ्नो सम्पूर्ण राज्यलाई धर्मको पथमा ल्याउनु भएको छ ! "

त्यसपछि ओभर ओजर नान्येन र तिनको पाँच सय ज़नाको सभाले उनलाई यसरी सम्बोधन गरे- "एमाहो ! कमलको हृदयबाट जन्मिएका, महानताको अचम्मको युवा, हामी तपाईँलाई भेट्न पाउँदा आनन्दित भएका छौं । तपाईँको अनुहार हेर्नु हाम्रो तिर्खा मेटाउनु जस्तै हो । तपाईँको करुणाले कृपया हामीसँग हाम्रो दरबारमा आउनुहोस्"

उनीहरूले सावधानी पूर्वक उहाँलाई जाँच गरेर निर्धारित गरे कि सबै सम्भव तरिकामा उहाँ बुद्धको स्पष्ट प्रादुर्भाव हुन । उहाँको अनुहार राम्रो बुरुसले चित्र बनाइएको शङ्ख जस्तो देखिन्थ्यो; उहाँका हात्केला र पैतालाहरू पाली फूलको पत्र जस्तो देखिन्थ्यो । उहाँको नीलो हरियो कपाल टाउको वरिपरि रेशमको बर्को जस्तो लपेटिएको थियो । उहाँको नाक पूर्ण रूपमा मिलेको थियो, ओठ पूरा थियो र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँखाहरू लामो निकै लामा थिए र उहाँका आँखीभौंहरू इन्द्रेनीको प्रकाश किरणहरूले बनेका जस्ता देखिन्थे । उहाँले बहुमूल्य गहना लगाउनु भएको थियो । उनको मुस्कुराहटले आकर्षण र आनन्द फैलाउँथ्यो । उहाँ स्वास्थ्यको उच्च अवस्थामा रहेका सोह्र वर्षका जवान हुनुहुन्थ्यो, यति सुन्दर कि तिनलाई नहेरी रहन नसकिने । उहाँमा शारीरिक पूर्णताको प्रमुख र सहायक लक्षणहरू थिए । उहाँको बोली यति मधुर थियो कि त्यो गीत गाउने कलापांगा चराको गायन जस्तै थियो ।

"तपाईं एक महान् पवित्र प्राणी हुनुहुन्छ र हाम्रो भक्ति र प्रसादको साँचो वस्तु हुनुहुन्छ" तिनीहरूले उहाँलाई भने- "कृपया उठ्नुहोस् र हामीसँग आउनुहोस् !" त्यसपछि उहाँ चम्किलो प्रकाशको किरणहरूको बीचमा उठ्नुभयो । उहाँले जहाँ पाइला राखे पनि फूलहरू तुरुन्तै उत्पन्न भए । त्यस कारण उहाँ पद्म, वा कमलको नामले जानिनु भयो । उहाँ ओनाङ पग्मे, असीमित प्रकाशको रूप, पेमे गम्पार शेग्पा, उहाँ ब्यूँझिंदा कमलहरूले पछ्याउँछन् र डाकिनीहरूको प्रभु डाकाधिपति रूपमा पनि चिनिनु हुन्थ्यो ।

उहाँ तिनीहरूसँग राज्यमा आउनुभयो जहाँ उहाँले बौद्ध शिक्षाहरूलाई पालना गरेर सुरक्षित गर्नुभयो । उहाँले ओजर नान्येनलाई गोप्य मन्त्रको अभिषेक दिनुभयो र उनीले आफ्नो पुण्य परिपक्व नभएसम्म आध्यात्मिक विकासको चरणमा अभ्यास गरिन् र मुक्त भइन् । राजकुमार ओनाङ पाग्मे, राजकुमारी ओजर न्यन्गेन र उनको अनुचर वर्गले राज्यका सबै मानिसहरूलाई आफूसँगै इन्द्रेनी कायमा मुक्त अवस्थामा ल्याए ।

त्यसपछिं त्यो राज्य "इन्द्रेनी कायमा प्रस्थान गर्नको लागि शक्ति स्थान" को रूपमा चिनियो" समय

मानव लोकमा पहिलो अवतारको रूपमा कनीका नामक राज्य भारतमा कसरी जन्म लिनुभयो, राज्यलाई धर्ममा कसरी ल्याउनुभयो र बुद्धत्व तर्फ डोऱ्याउने क्रमिक चरणको सिद्धिबारे वर्णन गरिएको यहाँ एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको चौथो अध्याय पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डमरु राज्य

डाकिनी पाण्डरावासिनीको घाँटीको केन्द्रबाट एउटा 'हृ' अक्षर चम्किलो प्रकाशको साथ निस्किएर सिधा पोतालाको पूर्वी लोकको दरबारमा गयो । त्यस लोकमा आठ शुद्ध गुणहरूको महान् दूध कुण्डको बीचमा सोह्र महाद्वीपहरू छन्, प्रत्येक महाद्वीपहरू सोह्रवटा उप-द्विपहरूले घेरिएका छन् । पूर्वतिर धत्रकोश र मित्ररश्मी दुईवटा महाद्वीपहरू छन् जहाँ दुईजना आर्यहरू, द्रोवा दुल्वा र उत्कृष्ट खसरपाणीले असङ्ख्य अनुयायीहरूलाई असीमित करुणाको धर्म सिकाउनुहुन्छ । दक्षिणका दुईवटा महाद्वीपहरू कट्रोकोपा र रिन्छेन व्यूह हुन् । त्यहाँ अमोघपास र रत्नजयले असङ्ख्य चेलाहरूको सभालाई करुणाको धर्म सिकाउँछन् । पश्चिममा दुई महाद्वीपहरू पराद्ध र पलापात्रे ग्येन छन् । त्यहाँ आर्य पद्म र आर्य उष्णीस विजयाले असङ्ख्य चेला चेलीहरूलाई आनन्ददायी धर्म सिकाउनुहुन्छ ।

उत्तरका दुईवटा महाद्वीपहरू बज्रपाङ्कि र गेपेपेल हुन् । त्यहाँ आर्य अवलोकितेश्वर र पद्म नाटेश्वरले असङ्ख्य अनुयायीहरूलाई समता धर्मबारे उपदेश दिनु हुन्छ । दक्षिण पश्चिमका दुई महाद्वीपहरू मैत्रीकान्त र रत्नालंमार हुन् । त्यहाँ नीलकान्त र ओजर बार्वेवाङले असङ्ख्य अनुयायीहरूलाई क्रिया र चर्या तन्त्रहरूबारेका उपदेशहरू दिने गर्नुहुन्छ । दक्षिण पश्चिमका दुई महाद्वीपहरू मूलरसा र आर्यकोत्र हुन् । त्यहाँ आर्यहरू नाम्खे ग्याल्पो र दोङत्रुग ल्हाले असङ्ख्य चेला चेलीहरूलाई सर्वोच्च यानको सिद्धान्तबारे सिकाउनु हुन्छ । उत्तर पश्चिमका दुई महाद्वीपहरू देवे चाल्छेन र पद्मारशी हुन् । त्यहाँ रत्नार्ची र आर्य विक्रीडीतले असङ्ख्य चेला चेलीहरूलाई तीनवटा यानको सिद्धान्तबारे उपदेश दिनुहुन्छ । उत्तर पश्चिमका दुईवटा महाद्वीपहरू पद्म विक्रीडित र बज्रकूल हुन् । त्यहाँ, आर्य राजा पाल्छेङ र कुन्तुचाङ वाङपोले असङ्ख्य चेलाहरूलाई अति यानबारे उपदेश दिनु हुन्छ ।

पोतालाको केन्द्रीय शुद्ध दरबारमा शक्तिशाली पद्मको नामले जानिएको मण्डलको घरमा एक हजार हात र एक हजारवटा आँखाहरू भएका ग्याल्वा ग्यात्सोको रूपमा अवलोकितेश्वर बस्नु हुन्छ । त्यहाँ उहाँले दसौं भूमिका बोधिसत्वहरूको विशाल सभामा अबाधित परम सत्यको धर्मबारे उपदेश दिनुहुन्छ । त्यस लोकमा सबै कुराहरू सानदार र चमकदार रहेका छन् । त्यहाँ सुन्दर हरिया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैदानहरू, पानीका शुद्ध तलाउहरू, कमलका फूलका बगैंचाहरू र अमृतका नदीहरू छन् । त्यहाँ मनोकामना पुरा गर्ने वृक्षहरू छन् जसको हाँगा र पातहरू रेशमको जरी वस्त्रद्वारा बनेका छन् । त्यस वृक्षका हाँगाहरू बहुमूल्य रत्नहरूको रासद्वारा बनेको फलले लटरम्म भरिएको छ जुन वर्षा भए झैं गरेर खस्ने गर्छन् । दिव्य चराहरू सु-मधुर लयमा चिरबिराउँछन् र गोप्य मन्त्रका गीतहरू गाउँछन् । त्यस सङ्गीतको लयमा देवी र देवताहरू घुम्दै नृत्य गर्ने गर्छन् । त्यहाँ जे चिताए पनि प्रसादका बादलहरूले उत्पन्न गर्छन् । सबै दरबारहरू पाँच प्रकारका रत्नहरू जडित छन् र सबै अनुचर वर्गहरू चम्किलो स्फटिक रङ्का छन् । त्यहाँ दिन वा रात बीच कुनै भिन्नता छैन; त्यहाँ केवल आदि प्रज्ञाज्ञानको स्वतः उत्पन्न हुने प्रकाश छ । खानेकुरा, कपडा र विलासीताका सामानहरू आफूले चाहे अनुसारले स्वतः उत्पन्न हुन्छन् । त्यहाँ कुनै भ्रम छैन, त्यसैले दुख र रोगको कुनै अस्तित्व छैन । परम सुखको यस लोकमा दुखको नामै सुनिंदैन । आर्यहरूको यस त्रुटि विहीन तवरले व्यवस्थित लोकमा कल्पना भन्दा टाढाका उत्तम गुणहरू छन् ।

यस स्वर्ग भन्दा तल उत्तरतिर डमरु भनिने एउटा देश छ । त्यहाँ पाइने पदार्थहरू मासु रगत र हड्डीहरू हुन् । यो महाद्वीप हत्या र पशुबधको अन्धकारले ढाकिएको छ । त्यहाँ कुनै दया वा करुणा छैन र बासिन्दाहरूमा सिद्ध व्यक्तिहरू प्रति कुनै विश्वास छैन । यो एक अँध्यारो भूमि हो जहाँ प्राणीहरूलाई शान्त लगाउनको लागि कुनै बुद्ध छैनन् । सबै महिला बासिन्दाहरूले अरूको प्राण हरण गर्नमा आनन्द मान्ने गर्छन् । तिनीहरूका अनुहारहरू जंगली र रक्तिम छन्, तिनीहरूको आचरण यति निर्दयी छ कि उनीहरूलाई देख्दा डर र आतङ्क उत्पन्न हुन्छ । रगत र मासुको बलि चढाउनको लागि तिनीहरूले आफ्नै आमा बाबुलाई समेत मार्ने गर्छन् ।

यस महाद्वीपको केन्द्रमा कर्मरूप (कामरुप) नामक कैयन् माइल परिधि भएको एउटा ठूलो दरबार छ । त्यहाँ अकुशल राजा शिन्ता बस्ने गर्छन् जसले आफ्नो मन्त्रीहरूलाई हरेक दिन भेला गर्छन् र आफ्नो उपभोगको लागि दसौं हजार बासिन्दाहरूलाई मार्ने गर्छन् । उसँग तीन लाख प्रजाहरू छन् जस मध्येका सबै जनाले उनको कठोर आज्ञालाई पालना गर्ने गर्छन् । त्यहाँ रगतको छाल उत्पन्न हुने र रगतकै भुंमरी भएको ङ्गाम्पाचेन नामक एउटा ताल छ । यस तालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राक्षसका राजा काला यक्षको महल छ । त्यस तालको परिधि एक हजार एक माइल छ गहिराइ त्रिपन्न माइल छ । ती अकुशल राजालाई प्राणीहरूको टाउको, मुटु र अरू अङ्गहरू बली चढाउनको लागि त्यस महाद्वीपका सबै मानिसहरू हरेक दिन त्यहाँ भेला हुन्छन् । त्यसको बदलामा, मानिसहरू आफै मरे पछि तिनीहरूले फेरि राजाको अनुचरको रूपमा पुनर्जन्म लिने गर्छन् । यस नरक लोकमा मृत्युको तरबारहरू अविरल रूपमा चल्ने गर्छ । त्यहाँ भोग्नु पर्ने दुख सहनै नसकिने खालको छ । यो महाद्वीप यति डरलाग्दो छ कि त्यसलाई शान्त पार्नको लागि शान्तिपूर्ण विधिहरू पुरै अप्रभावकारी हुन्छ ।

यो महाद्वीपलाई वसमा ल्याउने समय आयो भन्ने कुरा महान् डाकिनीले बुझ्नु भयो । उहाँले आफूलाई एउटा 'हृ' अक्षरमा परिवर्तन गर्नु भयो र ती आर्यहरूको अगाडि चम्किलो प्रकाशको रूपमा प्रकट गर्नुभयो । उनीहरूको आशीर्वादले त्यो 'हृ' अक्षर एकजना देवीमा परिणत भयो । सोह्रवटा महाद्वीपहरू सबैमा उहाँले समर्पणहरू चढाइ सक्नु भए पछि तिनीहरूको इच्छा पूरा भयो र डमरुका बासिन्दाहरूको मनलाई तह लगाउने समय वास्तवमा नै आयो भन्ने कुरा तिनीहरूलाई थाहा भयो ।

सबै बुद्धहरूको लागि आफ्नो शक्तिशाली क्षमताहरू देखाउने समय आएको र उहाँ आफै पनि बुद्धहरूको स्त्री प्रादुर्भाव भएको कुरा उहाँले घोषणा गर्नु भयो । प्राणीहरूका अनौठो संरक्षकहरूको रूपमा आफ्नो सम्यक् सम्बोधि प्राप्त क्रोधपूर्ण क्रियाकलापहरू प्रदर्शन गर्न महान् डाकिनीहरूले बुद्धहरूलाई विन्ती गरे । यस अनुरोधले सबै बुद्धहरूलाई प्रसन्न तुल्यायो त्यसपछि उहाँहरू क्रोध देव हयाग्रीवको रूपमा प्रकट भए । आफ्नो पाँचवटा प्रादुर्भावहरूमा प्रकट हुनको लागि सम्यक् सम्बोधि प्राप्त गरेकाहरूले डमरुका पाँचजना मन्त्रीहरूको चेतनालाई आकाशमा स्थानान्तरण गरेर तिनीहरूको शरीरहरूमा प्रवेश गर्नुभयो र हयाग्रीवको अनुचर वर्ग बन्नुभयो । डाकिनी त्यसपछि आफ्नो सम्यक् सम्बोधि प्राप्त क्रियाकलापद्वारा अकुशल राक्षस राजा काला यक्षलाई बध गरेर मुक्त पार्नको लागि एउटा रातो रङ्को 'हृ' अक्षरको रूप लिएर डाप्पाचेन तालमा ओर्लनु भयो । त्यसपछि त्यो ताल सेतो रंगमा परिणत हुँदै अमृतमा परिणत भयो । नागा राजा रिन्चेन ओ त्यहाँ आएर यस लोकको देवता, नाग र मानवहरूलाई आफ्नो मित्रको रूपमा पुकार्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा दरबार बनाउनुभयो । त्यस तालले अब उपरान्त मासु र रगतको बलि स्वीकार गरेन । त्यसको प्रतिकारमा राक्षसले चट्याङ र असिना पानी र हुरी बतास उत्पन्न गर्‍यो । तालले अब भयानक रगतको बलि स्वीकार नगरेको र यसको प्राकृतिक रातो रङ सेतोमा परिणत भएको सबैलाई थाहा भयो । प्रजाहरूले यसलाई राक्षसहरूको सिद्धान्त पतन भएको प्रारम्भिक सङ्केतको रूपमा लिए ।

यस महाद्वीपमा अब कुशल धर्म फस्टाउनेछ भने अकुशल धर्मलाई हटाउने समय नजिक आएको छ भन्ने लाग्यो । त्यस भूमिबाट अकुशल प्रचलन करिब करिब लोप भइ सकेको हुँदा मन्त्रीहरूलाई भेला हुने आदेश दिइएको थियो । राजाले तिनीहरूलाई अकुशल कार्यहरूलाई टेवा दिनु आफ्नो राज वंशको परम्परा रहेको र आफूले कुशल धर्मलाई अँगाल्न नसक्ने कुरा बताए ।

त्यसपछि राक्षस ताल ङाम्पाचेनमा नौवटा अपशकुनहरू भए र राजा आफैले नकारात्मक सङ्केतहरू अनुभव गरे । आफ्नो सपनामा उनले मन्त्रीहरूको टाउकोबाट घोडाहरू हिनहिनाएको आवाज सुने । तालको बीचमा उनले धर्म डमरु बजेको आवाज सुने । उनको सर्वोच्च छोरा यक्ष आनन्दपाललाई एउटा रातो रंगको बालिकाले निलेकी थिइन् । उनले सपना आफ्नो सबै लुगा गुमाएको देखे । सपना सम्पूर्ण देश सेतो हिमपातले भरिएको पनि देखे, दरबारको छानामा धर्मशास्त्रहरू खसेको र सेतो प्रकाशको किरणले आफ्नो हृदय छेडेको पनि देखे ।

उनले यी प्रत्येक सङ्केतहरूलाई नकारात्मक अपशकुनको रूपमा लिएर आफ्ना सेवकहरूलाई अकुशलताको बाह्य र भित्री कानुनलाई दृढतापूर्वक लागू गर्ने आदेश दिए । यदि कसैलाई धर्मको अभ्यास गरिरहेको अवस्थामा पक्रिएमा तिनीहरूलाई सजाय दिइन्थ्यो । राज्यमा धर्मकोबारेमा एक वचन समेत बोल्ने कसैलाई पनि अनुमति थिएन । तिनीहरूलाई राक्षस तलामामा रातो प्रसादहरू चढाउन भनिएको थियो । सबै मन्त्रीहरूले यी आदेश अनुसार कानुन लागू गरेर ठूला राजाको नीतिहरूलाई अपनाए । त्यसपछि तिनीहरूले नकारात्मक सपनाहरू खतरा नभएको र सबै कुरा ठीकै चलिरहेको महसुस गर्न थाले । तर तिनीहरूलाई थाहा नभएको सपनाहरू उत्कृष्ट सङ्केतहरू थिए । मन्त्रीहरूको टाउकोबाट घोडाहरूको हिनहिनाहट राजाको जीवन शक्ति चिन्ह, घोडालाई सम्मानको सङ्केत थियो । तालमा डमरुको आवाज आउनुको सङ्केत एकजना अद्भुत राजकुमारीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जन्म हुनु वा एक स्त्री नागिनीलाई फेला पार्नु थियो । रातो रंगको बालिकाको सङ्केत त्यहाँ छेन सिद्धान्त बीजारोपण गरिने सङ्केत थियो । देश सेतो रङ्गमा परिणत हुनु गुठी वृद्धि हुनु थियो । उनले कपडा गुमाउनु ठूलो उत्सवको सङ्केत थियो । वर्षा जस्तो धर्मशास्त्र खस्नु महान् देवताको भविष्यवाणीको सङ्केत थियो । हृदयलाई प्रकाशको किरणले छेड्नु राजाको उत्कृष्ट बुद्धिमत्तालाई जनाएको थियो । राजालाई सही व्याख्या प्रस्तुत गरिएको थियो र उनले यो सत्य हो भन्ने विश्वास गरे । त्यसपछि सबै मन्त्रीहरूले निकै अस्थिर भएको महसुस गरे ।

राजाको छोराको विवाह गर्ने र सिंहासनमा बस्ने समय आयो । एक दिन देश र आसपासको क्षेत्रका सबै युवा महिलाहरू बीच उपयुक्त दुलहीको खोजीको क्रममा तालको किनारमा पहिला कहिले पनि नदेखिएको आगोको गोला देखा पऱ्यो । त्यो आगोको गोलालाई सबैले देखे । यो मन्त्रीहरू बीच गहन छलफलको कारण बन्यो र तिनीहरूले जाँचबुझ गर्नको लागि तालमा जाने निर्णय गरे । तालको बीचमा, तिनीहरूले कवच आकारको एउटा रातो फूल ढकमक्क फुलेको देखे । त्यस फूलको बीचमा एकजना सोह्र वर्षीया बालिका एक सुन्दर गीतमा नृत्य गर्दै गरेको देखे । सबै मन्त्रीहरू आश्चर्यचकित भएर राजालाई यो कुरा बताउनको लागि तिनीहरू हतार हतार दरबारमा फर्किए ।

"क्ये ! डमरु देशका पुण्यवान राजा, यो भविष्यवाणीमा सङ्केत गरिए जस्तै छ । तालको वरिपरि आगोको घेराले घेरियो । त्यसपछि त्यसको बीचमा पूर्ण रूपमा फक्रिएको कमलको परागकै हृदय भित्र एकजना युवतीको जन्म भएको थियो । हेर्नमा उनी अत्यन्त सुन्दरी छिन् रङ्गमा गोरो, लगभग सोह्र वर्षको उमेर र निश्चय नै एक नागिनी हुन् । निस्सन्देह तिनी देखा परिन् । तिनी नागहरूको कालो हृदय वंशकी हुन जस्ति देखिन्छिन् अझ धेरै समृद्ध र विभिन्न प्रकारका रत्नहरूले युक्त छन् । हामीलाई लाग्छ कि यी अद्भुत देवी हाम्रो भविष्यको राजाको लामो समय देखि प्रतीक्षित दुलही हुनु पर्छ !"

त्यसपछि राजाले आफूलाई असल रेशमी कपडामा सजाएर धेरै समर्पणहरू चढाए । राजा, राजकुमार र सबै मन्त्रीहरू ताल तर्फ लागे पछि राजाले आफ्नो ठूलो भाग्यमा पटक पटक अचम्ममा परे । राजकुमारले युवतीलाई हेरेकै बखत उनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनको सुन्दरताबाट मन्त्रमुग्ध भएर उनको मनमा ठूलो माया उत्पन्न भयो । युवतीले भनिन्-

"उम ! हे डमरुका राजा सिन्ता तपाईँको छोराको विवाह गरेर राजयाभिषेकको तयारी गर्ने समय आयो । यद्यपि तपाईँ मानव लोक भित्र एक जना युवती खोज्दै हुनुहुन्छ, मेरो योग्यता धेरै ठूलो छ ! मलाई हेर्दा मात्र पनि तपाईँको छोरा समन्तभद्रीको परम सुखले मद मस्त भएका छन् । म राक्षस प्रभु यक्षकी छोरी हुँ । म पनि पहिला नीलो-पहिरन लगाएको कालो नाग राजकुमारीको थिएँ । भूमिगत महाद्वीपहरूमा नागहरूको अठार कूलहरू छन् र यी कूलहरू मध्येका नौवटा कुलले आफू जीवित रहनको लागि प्राणीहरूको बध गर्ने गर्छन् । अन्य नौ कुलकाहरूले उनीहरूका भोजन र पेयको लागि मनकामना पुरा गर्ने रत्न प्रयोग गर्ने गर्छन् । धन र सम्पत्तिमा नागहरूलाई जित्न सक्ने कोही पनि छैन । यस समयमा म नागराजाबाट शासित रहेको छु । म तपाईँको छोरा यक्ष आनन्दपाललाई भेट्न आएकी छु । म यो सम्भव होस भनेर प्रार्थना गर्छु । तिनका शब्दहरू सुनेपछि, राजा र मन्त्रीहरूको बैठक बस्यो । धेरै छलफलपछि तिनीहरू एक सम्झौतामा आएर भने- "क्ये ! हे काला यक्ष ! भयानक जीवन शक्ति तालको विस्तारमा, अचम्म लाग्दो कमलको फूलको परागको हृदयमा, नागराजा गो ङ्गोनकी छोरी, जवान र सुन्दरी, कालाहरूको यस राक्षस जातिको नयाँ राजासँग विवाह गर्न आएकी छिन् । राक्षसहरूको भाग्य कस्तो महान् छ ! त्यस्ती नागिनी हामी बीचमा यहाँ आएकी छन् हामी असाध्य आनन्दित छौं"

तिनीहरू बोली सकेपछि उनीहरू नजिक पुग्नको लागि बालिकाले हिँडेर ताल पार गरिन् । तिनले चालेको प्रत्येक पाइलाले पानीमा छाप छाड्यो । राजा र उनको अनुचरहरूले उनको लागि व्यापक अर्पणहरू चढाएर उनीलाई लिएर दरबारमा फर्किए । सबै प्रजाहरू एकत्रित भएर ठूलो उत्सव मनाए । दरबारको सबै भन्दा माथिको भागमा राजकुमारी राजकुमारसँग बसिन् । केही समय पछि, तिनले उनलाई भनिन्- "हे यक्ष आनन्दपाल, कृपया मेरो कुरा सुन्नुहोस् । मलाई यस दरबारमा बस्नमा कुनै खुसी लाग्दैन । मैले तपाईँलाई माया गरे पनि म यहाँ यसरी रहन सक्दिनँ । म अब आफू उत्पन्न भएको तालमा फर्कने छु । मेरो देश यहाँबाट असङ्ख्य माइल टाढा छ । नागराजाको महल असाधारण रूपले सुखद छ । त्यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै अकुशल कर्म छैन, केवल पुण्यको वृद्धि मात्र छ । पुण्य कहिले पनि नसकिने खालको छ र पवित्र धर्म मौलाउँदो छ ।

सबै मन्त्रीहरूले पुण्यलाई उच्च बनाउनको लागि कानुन लागू गर्छन् । धेरै तरिकामा, तपाईँको देश मेरो देश भन्दा तल्लो स्तरको छ । राजाले राक्षसहरूको मार्गहरू पालन गर्न आफ्नो शक्ति प्रयोग गर्दछ । बाह्य र भित्री मन्त्रीहरू देशका दुष्ट रक्षकहरू हुन् । यो आफ्नै अधर्मको अँध्यारोले अस्पष्ट भएको पापी शासकहरूको देश हो । मलाई यसमा रहने कुनै इच्छा छैन जहाँ कुशल कर्मको नाम अस्तित्वमै छैन र कसाहीहरू प्रबल छन् । मेरो आँखाले मेरो बुबा, आमा, भाइहरू र बहिनीहरू देख्न सक्दैनन् । मैले पवित्र धर्मको एउटा पद्य पनि सुन्न पाउँदिन । मेरो दुख असीमित छ, हे मेरा प्रिय मित्र । तपाईँले त्यस्तरी माया गरेर राखेको तपाईँको शरीर तपाईँको आमा बाबुबाट उत्पादन गरिएको हो । एउटा कमलको फूलबाट जन्मेपछि, अब मैले मेरो देशमा फर्कनु पर्छ । हाम्रो विगतको कर्मको बलद्वारा यस समयमा हाम्रो भेट भयो । हामी लामो समयसम्म सँगसँगै रहन सक्दैनौँ । यो अनित्यताको स्वभाव हो । यस कारण कृपया निराश नहुनुहोस् । आफ्नो राज्यलाई उच्च बनाउन कडा परिश्रम गर्नुहोस्"

उनीले बोलेपछि, यक्ष आनन्दपालले यी युवती सबैभन्दा विलक्षणकी नागिनी हुन भन्ने सोचे । उनको महान् गुणहरूको एक अंश बराबर हुन सक्ने यस संसारमा कुनै मानव थिएन । उनी जस्तो कहिल्यै पनि नदेखेकाले उनले सोचे कि उनलाई प्रतिस्थापन गर्न असम्भव हुनेछ । तिनीहरू सँगै हुँदा एउटा छोरा पनि नजन्मनु कस्तो शर्मनाक कुरा थियो ! यदि एकजना छोरा भएको भए बच्चाको मायाले उनी आफूलाई छोडेर जान हिचकिचाउने थिइन् । कुनै पनि मूल्यमा तिनलाई आफूलाई छोडेर जान नदिने उनले कृतसङ्कल्प गरे ।

उनी राजाकहाँ गएर भने- "मेरो मात्र पिता राजा ! कमलबाट जन्मिएका आश्चर्यजनक नागिनी आफ्नै देशमा फर्किने योजना बनाउँदै छिन् । यो राक्षसी भूमिले उनलाई निराश मात्र बनाउँछ । उनले जे सोचे पनि र जे गरे पनि एक पटक गुमाएपछि यी अचम्मकी युवतिको स्थानमा अरू कसैलाई प्रतिस्थापन गर्न असम्भव हुनेछ । मैले तिनलाई उहाँ बस्नको लागि मनाउने तरिका खोज्नै पर्छ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले बोलीसकेपछि राजा र सबैजना मन्त्रीहरूले यस विषयमा छलफल गर्नको लागि बैठक बसे तर तिनीहरूले तिनलाई जानबाट रोक्नको लागि कुनै तरिका सोच्न सकेनन् । त्यसपछि हयाग्रीवको प्रादुर्भाव रहेको पाँचजना मन्त्रीहरूले आफ्नो सम्यक् सम्बोधि प्राप्त शक्तिद्वारा महाराजाको मनमा अन्तर्ध्यान हुने भ्रम श्रृजना गरे । राजाले निर्णय गरे कि कमलबाट जन्मेका अचम्मकी नागिनीलाई राज्यको धर्मनिरपेक्ष कार्यहरू चलाउने सम्पूर्ण जिम्मेदारी लिने अनुमति दिनु पर्छ । तिनीलाई जाने अनुमति दिइने छ भन्नेबारे कुनै पनि मन्त्रीहरूले सोचेका थिएनन् र राजाले उनीहरूले तिनको आदेशलाई मान्नु पर्नेछ भन्ने घोषणा गरे । राजा, राजकुमार र अरू सबै यो कुरामा सहमत भए त्यसैले तिनीहरू सबै युवती कहाँ गए ।

"ई मा ! कमलको फूलबाट जन्मेकी महिला, यो ब्रह्माण्डमै खोजी गरे पनि तपाईं जस्तो दुर्लभ कन्यालाई पाउनु असम्भव छ । तपाईंले राजकुमार, सम्मानित परिवारको मेरो छोरालाई त्याग्ने निर्णय गर्नुभएको छ । कृपया, म तपाईंलाई बिन्ती गर्छु, हामीले त्यस्तो के गऱ्यौ जसले गर्दा हामीलाई छाड्न चाहनु भयो कृपया बताउनुहोस् । युवती, कृपया यो राज्य लिनुहोस् । हामी तपाईंले स्थापना गर्नु भएको जुनसुकै कानुनको अधीनमा रहने छौं र तपाईंले हामीलाई के गर्न चाहनु हुन्छ त्यसलाई कहिल्यै उल्लङ्घन गर्ने छैनौ । यसको बदलामा, हामी तपाईंलाई यहाँ हामी सँगै रहन अनुरोध गर्छौं"

यस अनुरोधमा युवतीले जबाफ दिइन्-"के तपाईं धर्म मन्त्री वा उप मन्त्री हुनुहुनेछ ? के तपाईं धर्मको राजा वा पापको राजा हुन सक्नुहुन्छ ? के तपाईं बरु असल वा दुष्टको पक्षमा हुनुहुनेछ ? यदि तपाईं धर्मको पक्षमा हुनुहुन्छ भने, म बस्न र राज्य शासन गर्न सहमत छु । यदि तपाईं दुष्ट राक्षस शासकको रूपमा रहन चाहनु हुनुहुन्छ भने, मैले छोडेर जानु पर्छ । यदि तपाईले एक धर्म शासक बन्ने निर्णय गर्नुहुन्छ भने हामी सँगसँगै कानुनहरू पालन गर्न सक्छौं । यदि तपाईं अधर्मी मन्त्रीहरू बन्ने निर्णय गर्नुहुन्छ भने हामी बीच कुनै पनि सम्बन्ध छैन । यदि तपाईं धर्म मन्त्रीहरू बन्ने निर्णय गर्नुहुन्छ भने म तपाईंको बलमा सामेल हुन सक्ने छु । आफ्नो विशेष प्रतिभाले पुण्यको मार्गलाई फैलाइरहेको म एक स्त्री हुँ । तपाईं, राजा र मन्त्रीहरूले अब आफ्नो ध्यानलाई फर्काउनु पर्छ र पुण्यको मार्गलाई सम्मान गर्नु पर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तपाईँले त्यसो गर्न असफल भएकोले हामी सँगै मिलेर बस्न असमर्थ छौं । यस देशका मानिसहरू अचेत भएर अन्धकारमा रहन्छन् । पुण्य, महान् गुणहरू पूर्ण भएकी म एक स्त्री हुँ । तपाइँले यसलाई जसरी हेरे पनि हाम्रो दृष्टिकोणहरू फरक फरक छन् । राजकुमारले कतै पनि नपुऱ्याउने पथ अनुसरण गर्दै छन् । पापी मन्त्रीहरू अन्धकारमा कराउने हृदय विहीन उल्लूहरू हुन् । बेसुध राक्षसहरूको भीड नकारात्मक क्रियाकलापको दुश्चक्रमा फस्नेछन् । यदि तपाईं अस्तित्वको यो निरर्थक विधिलाई त्याग्नु हुन्छ भने मात्र म उहाँ बस्ने छु । यदि तपाईंले यसलाई त्याग्नु भएन भने म सम्पूर्ण राज्य अस्तित्वबाट लोप हुने प्रार्थना गर्ने छु म सीधा अगाडी मुक्ति तर्फ डोऱ्याउने पथमा जान्छु । यदि तपाईँको दिमाग खुला छ भने तपाईँले सावधानी पूर्वक जागरूक भएर कार्य गर्नु हुनेछ । यदि तपाईँ प्रज्ञाज्ञानका यी शब्दहरूसँग सहमत हुनुहुन्छ भने ठूलो पछुतो र इमानदारीको सांथमा म कहाँ आउनुहोस् र मसँग एक हुनुहोस् । यदि तपाईं मसँग साथ सहमत हुनुहुन्छ भने यो मेरो सल्लाहलाई तपाईँको हृदयमा लिनुहोस् ! " उनले यती बोलिसकेपछि राजा र सबै सेवकहरूले तिनको प्रत्येक शब्दलाई ग्रहण गरेर उनलाई रानीको रूपमा सम्मान गरे । युवतीले सम्पूर्ण राज्यलाई नियन्त्रणमा लिएकी थिइन् र सबै जना उनको प्रभुत्व स्विकार्न र उनको आज्ञालाई सम्मान गर्न भेला भए ।

समय

पाँचौ यहाँ साहोरकी राजकुमारी, मन्दरावाको जीवनहरू र मुक्ति एक बहुमूल्य मालाको पाँचौं अध्याय पूरा हुन्छ जसमा पोतालाको भूमिबाट डमरु राज्यमा आफ्नो वाकको प्रादुर्भाव कसरी प्रकट भयो र कसरी कमलबाट जन्मिएर विकासका क्रमिक चरणहरूमा सिद्धि हासिल गरी राज्यलाई जित्नको लागि आफ्नो प्रबुद्ध गतिविधिको प्रयोग गर्नुभयो भन्नेबारे वर्णन गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



भारतको छत्तिसगढ राज्यको डमरुगढमा उत्खनन गर्दा प्राप्त भएको स्तूपको अवशेषहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डमरु राज्यलाई सम्यक् सम्बोधि लाभ गराउँदै

त्यसपछि धर्मको कानुन स्थापना गरेर त्यसलाई लागू गर्ने मनसायले तिनीहरूलाई पालन गर्न अनुरोध गर्दै ती युवती, पद्मसंभवले राजा र आन्तरिक मन्त्रीहरूलाई जम्मा पारेर भनिन्- "ध्यान दिएर सुन्नुहोस्, हे राजा र विश्वासी मन्त्रीहरू ! आफू भित्र तर्फ फर्कनुहोस् र आफ्नै मनलाई जाँच्नुहोस् । सबै राक्षस दलहरू अहिलेसम्म अकुशल कार्यमा लिप्त रहेका छन् र तिनीहरूलाई असल बाटोमा ल्याउनै पर्छ ताकि तिनीहरूले दुःखलाई पार गर्न सकोस् । यी प्राणीहरूलाई मुक्तिको अवस्थामा डोऱ्याइनु पर्छ । जे काम गरे पनि त्यो धर्मको क्रियाकलाप अनुसार हुनुपर्छ । म कमलको फूलबाट जन्मेको हो र मेरो मनसाय अत्यन्त विशाल छ । अब हामी भेला हुन र छलफलहरू गर्न आवश्यक छैन । यस भूमिमा नकारात्मकताको जरालाई त्याग्नको लागि कानुन स्थापना गर्न र त्यसलाई लागू गर्ने हाम्रो पछिल्लो सम्झौताको उद्देश्य पूरा गर्ने समय आएको छ !

"मन्त्री र तिनीहरूका टोली ङाम्पाचेन तालको किनारमा पूर्णिमाको उत्कृष्ट दिनमा जानेछन् । तिनीहरूले पाँच प्रकारका बहुमूल्य रत्नहरू, अन्न, सेतो र गुलियो पदार्थ र रेशमी कपडा प्रदान गरेर राज्यमा दुखको अन्त्य गर्नु पर्छ । धर्मका प्रयासहरू सर्वोच्च रहेकाहरूलाई मन्त्रीहरूको रूपमा स्थापित गरिनेछ । अकुशल आचरण गर्नेहरूलाई मृत्यु दण्ड दिइनेछ । चन्द्र पात्रोको आठौं, पन्ध्रौं र तीसौ दिनमा, राज्यको युवतीहरूले नियमित धर्म समारोहहरूमा स्थापना गर्नेछन् । अल्छीहरू र धर्म अभ्यास नगर्नेहरूलाई कडा सजाय दिइनेछ "

त्यसपछि राजा र मन्त्रीहरूले कानुनको ढोलक बजाए । ङाम्पाचेन तालको किनारमा त्यस अवसरमा भेला भएका सबैले त्यस ताल भित्रबाट आएको वाद्य यन्त्रको सङ्गीत सुने । यो नागहरू खुसी भएको सङ्केत थियो । सम्पूर्ण देश भरि एउटा मीठो सुगन्ध फैलियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तालको पूर्वतिर एउटा मन्दिर निर्माण गरिएको थियो । यसलाई प्राण प्रतिष्ठा गरे पछि राजा र रानी त्यहाँ बसे । यक्ष आनन्दपाललाई सुत्रयानको अभ्यासमा प्रशिक्षित गर्न निर्देशन दिइएको थियो । तिनीहरूले पहिलेको सरकारको खराब किताबहरू जलाए ता कि खराब सिद्धान्तको नाम समेत मेटियोस् । हयागृवद्वारा आशीर्वाद प्राप्त पाँच जना मन्त्रीहरूले देश भरि नै धर्मको कानुनलाई लागू गरे । सम्पूर्ण नकारात्मक फौजलाई पुण्यको नयाँ प्रणाली अन्तर्गत राखिएको थियो । पद्मसंभवको पाँचजना महिला प्रादुर्भावहरू थिए क्येमा (युवा), डेमा (सुखद), गामा (आनन्ददायी), छोग्राग्मा (सर्वोच्च उत्कृष्टता) र याङ्चेन्मा (सुमधुर) जो पाँचजना मन्त्रीहरूका सहयोगी बने । तिनीहरूले छ पटक गोप्य मन्त्रको धर्मको चक्रलाई प्रवर्तन गरे । पाँच सय जना पवित्र महिलाहरू जम्मा भएर पूर्ण रूपमा प्रवृज्या लिए ।

जिहार नामक बाह्य सेवकहरू मध्येको एकजना एकजना राक्षसका प्रादुर्भाव थिए । उनले धर्मको पूर्ण रूपमा विरोध गरेका थिए र त्यसलाई पराजित गर्नको लागि केहीले पनि रोकिने वाला थिएनन् । उनले पाँच सय बलियो टोली थियो । एक पटक डाकिनी पद्मसंभव समतामा बसेको बखत महान् र तेजस्वी हयागृभ आकाशमा देखा परेर युवती रानीलाई भने-

"तपाईं, पद्मसंभव, एक क्रोधपूर्ण सम्यक् सम्बोधि प्राप्त क्रियाकलापको प्रादुर्भाव हो । राक्षसहरूको यो भीडलाई हत्या गरेर मुक्त गर्नमा म तपाईंलाई सहयोग गर्ने छु । यदि तिनीहरूले मुक्ति पाएनन् भने तिनीहरूले बुद्धको सिद्धान्तलाई ध्वस्त पार्नेछन् । त्यसो गर्ने समय आएकोले त्यसमा संकोच नगर्नुहोस् ! "

उहाँले भविष्यवाणी गरेझैं, विभिन्न प्रकारका हतियारहरू बोकेका राक्षसको टोली पद्मसंभवलाई नष्ट गर्न भनेर उहाँ तर्फ अगाडि बढे । त्यस बखत उहाँले सबै गौरवशाली रक्षक र अभिभावकहरूको सहयोगमा आफ्नो क्रोधपूर्ण प्रादुर्भाव ग्रहण गर्नुभयो । त्यस मध्येका केहीले हतियार उचाले भने अरूले आकाशबाट बिजुली चम्काएर चट्याङ पारे । केही योद्धाहरू जस्तै चिच्याए भने अरूले हुँ, "फट" र "भ्यो" आवाज निकाले !

राक्षसहरूको हूललाई एकै पटकमा मुक्त गरियो र अपवाद बिना तिनीहरू सबैलाई पोलाला लोक तर्फ डोऱ्याइयो जहाँ अवलोकितेश्वर बस्नुहुन्छ । भगवान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धको सिद्धान्त दसै दिशामा फैलियो र पद्मसंभवलाई त्यस पछि मारहरू माथि विजय प्राप्त गर्ने वीरङ्गनाको नामले चिनिनु भयो । आम मानिस सबैले धर्ममा प्रशिक्षण लिन सुरु गरे ताकि उनीहरू दिनभरि र रातमा समेत ध्यानमा एकाग्र हुन सकोस् । सबैलाई नौ यानको सिद्धान्तबारे शिक्षा दिइयो, सात लाख जनालाई एकै मण्डलको रूपमा मुक्त पारियो । इन्द्रेनी काय प्राप्त गर्दै तिनीहरू सम्यक् सम्बोधि लाभ गरेकाहरूको लोकमा पुगे । राजकुमार यक्ष आनन्दपाललाई पथको तालिम दिइयो र त्यसपछि उनले गोप्य मन्त्र अभ्यासको लागि अभिषेक दिन थाले । उनी दिन रात एकाग्र भएर ध्यानमा रहे । त्यसपछि एक दिन उनको बुबा, राजा, यस संसारबाट बिदा लिए र उनकी आमा, रानीले आफ्नो शरीरलाई कुनै पनि अवशेष न छाडीकन आकाशमा विलय गरिन् । रानीको आशीर्वादमा, राजाको शरीर पनि कुनै पनि अवशेष न छाडीकन आकाशमा विलय भयो । त्यस समयमा यक्ष आनन्दपालले पद्मसंभवलाई यस्तो घोषणा गरे-

"क्ये मा ! प्यारी आमा, प्रज्ञाज्ञान डाकिनी ! सबैभन्दा भित्रकी इष्ट-देवी ! तपाईँको करुणाको सूर्य किरणहरूले, अँध्यारो दिशाका नकारात्मक राक्षसहरूको वर्ग पूर्ण रूपमा निर्मूल पारिएको छ । आमा, तपाईँको करुणाको चाँदनीको अङ्कुसेले करुणाले मैले आंफूलाई र अरू सबैलाई मुक्तिको बाटो तर्फ डोऱ्याएको छु । गोप्य मन्त्रको सर्वोच्च पथको हृदयको सारको अत्यावश्यक अमृतले पूर्ण रूपले प्राप्त होस र आदि प्रज्ञाज्ञानको निर्मल अवस्था साक्षात्कार होस् । संसारको दीपक, जसले अस्तित्वको तीनवटा लोकहरूलाई दूरदर्शिता दिन्छ, तपाईं मेरो अत्यन्तै दयालु आमा हुनुहुन्छ र म भाग्यशाली कर्मको आशीर्वाद प्राप्त गरेको छु । तपाईँको अनुयायीको रूपमा म तपाईँलाई दण्डवत् गर्छु र तपाईँमा मेरो सबै भक्ति भाव राख्छु । मेरो पूज्य बुबा, राजा शिन्ताले यो संसारबाट बिदा लिइ सक्नु भएको छ । कृपया मलाई भन्नुहोस् कि उहाँ र जसले मलाई मेरो शरीर दिनुभयो, मेरो जन्म आमा काला यक्षको पुनर्जन्म भयो र तिनीहरूले मुक्ति कहिले प्राप्त गर्नेछन् । अस्तित्वको छवटा लोकहरूमा तिनीहरूको दुखको अन्त्य हुने समय कहिले आउनेछ ? उनीहरूको अर्को जन्म कहाँ हुन्छ? तिनीहरू कुन देश र महाद्वीपमा बस्नेछन्? कृपया मलाई आफ्नो सूक्ष्म दृष्टिको शक्तिले स्पष्ट उत्तर दिनुहोस् "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो अनुरोध गर्दै उनले आफ्नो हातहरू जोडेर र ठूलो भक्ति भावले दण्डवत् गरे ,।

त्यसपछि पद्मसम्भवले जबाफ दिनुभयो- "मेरो प्रिय साथी यक्ष आनन्दपाल, कृपया सुन्नुहोस् । म सुखावती भूमिको सहचरी पाण्डरावासिनी हुँ । म पोताला भूमिमा 'ह्' अक्षरबाट जन्मिएको डाकिनी हुँ । यहाँ डमरुमा, म पद्मसंभवको रूपमा चिनिन्छु । मूलभूत रूपमा म आदि प्रज्ञाज्ञान डाकिनी हुँ । म तीन कालमा आफै अविरल रूपमा प्रकट हुन्छु र सूक्ष्म दृष्टिको पचपन्नवटा शक्तिहरू छन् । मैले तपाईंको प्रश्नहरूको विस्तारमा उत्तर दिनु पर्छ; कृपया यसलाई मनमा राख्नुहोस् ।

"सुरुवात विहीन समयदेखि तपाईँको बुबा राजा शिन्त काय र वाकको असीमित आशीर्वादहरू युक्त भएका छन् । एक हजार जन्म पहिला बुद्ध विमलको उपदेशको अन्तमा रागमहा नामक एक कसाईकी छोरी थिइन् । उनी यती सुन्दर थिइन कि तिनी उत्पल फूलसँग जोडिएकी थिइन । तिनी राजाको सेवक बनिन् र थुप्रै जनावरहरू पाल्न बाध्य थिइन् । तिनले निकै दुःख कष्ट भोगिन् । आफ्नो भ्रममा, पाँच सयजना श्रावकहरूको उपस्थितिमा तिनले एउटा शक्तिशाली नकारात्मक प्रार्थना गरिन् । तिनीले पालेकी सबै जना जनावरहरू साथै राजा, रानी, र तिनीहरूका सबै मन्त्रीहरू र सभासदहरू उनको शक्ति अन्तर्गत आओस् ताकि तिनले सबैलाई अकुशल कर्म गर्नको लागि बाध्य पार्क सकोस् भनेर तिनीले प्रार्थना गरिन् ।

तिनीले यो भ्रमित प्रार्थना गर्दै गर्दा ती पाँच सय श्रावकहरूले त्यस बेला प्राणीहरूलाई मुक्त गर्न आउनु भएको बुद्धले ती सबै मानिसहरूलाई सम्यक् सम्बोधि लाभ गराउनमा सक्षम हुनु हुनेछ भनेर प्रार्थना गरे । यो नकारात्मक प्रार्थना गरिसकेपछि दासी स्त्रीको मृत्यु भयो । उनी तीनवटा तल्ला लोकहरूमा पुनर्जन्म लिन तर्फ अगाडि बढिन् । त्यस पछि, उनको जन्म चामर नामक मान्छे खानेहरूको पूर्वी लोकमा राजा हलिङ्को शासन अन्तर्गत जन्म भयो । त्यस समयमा तिनी राजाकी आमा थिइन र उनको नाम कला थियो । अहिले, यस जीवनमा, तिनी रानी र राजा दुवै भएकी छन्, तपाईँको आमा बाबु बन्नुभएको छ । श्रावकहरू द्वारा गरिएको प्रार्थनाको शक्तिको कारणले म तिनीलाई आध्यात्मिक परिपक्वतामा ल्याउने बनेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यद्यपि, यस जीवन कालपछि तिनको जन्म भारतको गान्धि नामक सहरमा सबैभन्दा तल्लो जातिको छोरीको रूपमा हुनेछ । उनको नाम जाङमो हुनेछ र तिनी एक वेश्या बन्ने छिन् । त्यस पछि नै म तिनको मनलाई तह लगाएर तिनीलाई धर्मको बाटोमा ल्याउन सक्षम हुने छु । त्यस पछि तपाईँको आमा र बुबा दुवै साहोरको देशमा जन्मिने छन् । तिनीहरूको नाम ओसेमा र कुन्चे हुनेछ । शिल्पकारको रूपमा जन्मिएर तिनीहरू भाइ र बहिनी हुनेछन् र म तिनीहरूलाई मुक्त पार्ने छु । इन्द्रेनी शरीर प्राप्त गर्दै, तिनीहरू चामरा भूमिमा जानेछन् ।

तिनीले बोलिसकेपछि, यक्ष आनन्दपाल आनन्दले विभोर भए र सदाको लागि उनको अनुयायी बन्ने प्रतिज्ञा गरे । केही समय पछि, उनको मृत्यु भयो र कुनै अवशेष न छोडीकन पोताला भूमिमा पुगे । त्यसपछि पद्मसंभव र तिनका टोलीहरू सँगै सम्पूर्ण देशमा सबैले इन्द्रेनी शरीर प्राप्त गरेर सम्यक् सम्बोधि लाभ गरे ।

समय

सम्पूर्ण डमरू देशलाई कसरी धर्मको पथमा स्थापना गर्नु भएर सबैलाई कसरी सम्यक् सम्बोधिको अवस्थामा ल्याउनु भयो भन्नेबारे व्याख्या गरिएको साहोरकी राजकुमारी मन्दारवाको जीवन र मुक्तिको छैटौँ अध्याय यहाँ समाप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवलोक

त्यसपछि, एउटा स्पष्ट नीलो 'हृ' अक्षरको रूपमा महान् डाकिनीको प्रादुर्भावको प्रकाशको किरणबाट एक चित्तको प्रादुर्भाव पठाइयो । देवताको लोकको माथिल्लो क्षेत्रहरूमा आइ पुग्दै, उहाँ आफू देवताका राजा इन्द्रको दरबारमा प्रकट हुनुभयो । त्यहाँ उहाँ देव रत्नधारा र देवी कुन्जिङ ओडङकी छोरी हुनुभयो । कंकरीको रूपमा चिनिनु भएकी उहाँ तुलना भन्दा परको सुन्दरी हुनुहुन्थ्यो । उहाँको सुन्दरताको प्रसिद्धि सारा देशभा फैलियो । उनको साथीको नाम दावा ओजर, चन्द्रमाको किरण थियो, देवहरूको ब्राह्मण वर्गमा बुद्धको एक प्रादुर्भाव । एक पटक उहाँहरू एउटा पर्वतको शिखरमा जाँदा उहाँहरूले आर्यहरूको काय प्रादुर्भावलाई जन्म दिए, जसलाई डाम्पा तोगकर नामाकरण गरियो ।

असुर लोकमा असुरहरूलाई पराजित गर्नको लागि कंगरीले एउटा क्रोध प्रादुर्भावलाई पठाउनुभयो । असुरहरूको झुण्डहरूलाई पराजित गरिसकेपछि तिनीहरूले आफ्नो हानिकारक आकाङ्क्षालाई त्याग गरेर उहाँलाई वन्दना र श्रद्धा गरे । त्यसपछि उहाँ विजेता देवी र परम सुख दातृको रूपमा चिनिनुभयो । शक्तिशाली ब्राह्मण कुलका सबै देवताले उहाँलाई बन्दना गरेर धर्मचक्र प्रवर्तन गर्ने अनुरोध गरे । उनीहरू मध्ये प्रत्येकले आर्यको शान्त अवस्था प्राप्त गरे ।

एक पटक दम्पा तोग्कारले आफ्नो सम्मानित आमा कहाँ गएर आदर पूर्वक भने- "क्ये मा ! शक्तिशाली देवी कङकारी ! तपाईं असुरहरूलाई पराजित गरेर तिनीहरूलाई शान्त परम सुखमा स्थापना गर्नु भएको भनेर चिनिनु हुन्छ । हे आमा, सुन्दर नायिका, धर्मको स्रोत, जसको सहयोगी दावा ओजेर हो ! एकाग्रताको ध्यानमा रहने सबै देवताहरूलाई डोर्‍याउनको लागि म तुसिताको स्वर्गमा जाने योजना बनाउँछु । गोप्य मन्त्रको धर्मको डाकिनी जो संसारलाई न त्यागीकन नै प्राणीहरूलाई मार्गदर्शन गर्नको लागि यहाँ रहनु हुन्छ, कृपया मलाई यो अद्भुत र सानदार सिद्धान्त प्रदान गर्नुहोस् । तीव्र पथमा संलग्न रहनाले म सत्यको यस पथलाई तुषिता लोकमा ल्याउन चाहन्छु र प्रज्ञापारमिताको चक्रलाई घुमाउन चाहन्छु"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कङ्करीले जबाफ दिनुभयो- "यस विश्व प्रणाली खाली नभएसम्म म निर्वाणमा जाने छैन तर प्राणीहरूलाई तालिम दिनको लागि जे क्रियाकलाप गर्न आवश्यक छ त्यो गर्ने छु । छोरा, जब तिमी तुषिता लोकमा जान्छौ, आफ्ना चेलाहरूलाई दुईवटा सत्यको प्रज्ञाज्ञानको पुर्णतालाई देखाउनु । यस पुनर्जन्म पछि तिम्रो पुनर्जन्म लुम्बिनीमा राजा सुद्धोधनको पुत्रको रूपमा हुनेछ र सम्यक् सम्बोधि प्राप्त गर्ने छौं । म तिमीलाई जन्म दिने जादुई रूपमा प्रकट हुने आमाको रूपमा प्रादुर्भाव हुने छु ।

देवता, नाग र मनुष्यहरूका देशहरूमा यस पुनर्जन्मको कर्मसँग तिमी मारको राजालाई पराजित गर्ने 'भनेर प्रसिद्ध हुने शाक्यमुनिको पुर्खाको नासो वाहकको रूपमा चिनिने छौ । यो विगतको बुद्ध दिपङ्करको भविष्यवाणी बमोजिमले हुनेछ । तिम्रो असङ्ख्य निर्माणकाय प्रादुर्भावहरू हुनेछन् । पाँच लाख देवपुत्रहरूलाई एकै मण्डलको रूपमा सम्यक् सम्बोधिको अवस्थामा ल्याउनको लागि म तिम्रो लागि गहन धर्मबारे सम्पूर्ण कुरा खुलाइ दिने छु " त्यसपछि उहाँले कुनै अपवाद बिना आफ्नो सर्वोच्च छोरा, दाम्पा तोग्करलाई उपदेश दिनुभयो, जसपछि उनी तुषिता लोकमा गए । कङ्करीले आफ्ना शरीरबाट असङ्ख्य प्रकाशको किरण देवलोकको तीसौं तहमा पठाउनुभयो । त्यो प्रकाशको किरणहरू जस जसमा प्रवेश गऱ्यो तिनीहरूलाई उनको सामु ल्याइयो र कार्य कारण सिद्धान्त, चार आर्य सत्यहरू र पारमीताहरूबारे उपदेश दिनुभयो । उनले गोप्य मन्त्रको फलयानको धर्मचक्र पनि प्रवर्तन गर्नुभयो । देवलोकका पाँच सयजना रानीहरूलाई पथको दुईवटा चरणहरू मार्फत निर्देशित गरियो र प्रत्येकले सम्यक् सम्बोधिको अवस्था हासिल गरे । दावा ओजर असुर लोकको राजाको रूपमा प्रादुर्भाव भए । कङ्करीले आफूलाई 'हृ' अक्षरमा परिणत गर्नुभयो र त्यसपछि देव लोकमा विलय हुनुभयो, जहाँ उहाँले एक सय प्रादुर्भावहरू छोड्नुभयो । त्यहाँ उहाँहरूको सबै प्राणीहरूको लागि धर्मचक्र प्रवर्तन गर्नुभयो । समय

यहाँ एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको देवलोकमा उहाँले प्राणीहरूको कल्याण कसरी गर्नु भयो भन्नेबारे वर्णन गरिएको सातौं अध्याय पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काला चण्डालको नाग लोक

उहाँले आफ्नो सम्यक् सम्बोधि प्राप्त आर्य गुणहरूलाई कसरी प्रादुर्भाव गर्नुभयो भन्नेबारे बयान- नागहरू पाताल क्षेत्र मध्येको नौ हजार लोकहरूमा काला चन्डालको रूपमा चिनिएको लोक थियो जहाँ नाग प्रादुर्भाव नागालारु बस्थे । यस क्षेत्रको क्षेत्रफल बीस हजार मील थियो जहाँ अकल्पनीय पीडा उत्पन्न गर्दै पानी परे जस्तै गरेर तातो बालुवाको मुसलधार वर्षा हुन्थ्यो । त्यस भूमिका सबै बासिन्दाहरू चन्डाल वंशका थिए र उनीहरूको मन घृणाले भरिएको थियो जुन आगो जस्तो दन्किने गर्थ्यो । नरक लोकहरूको भन्दा ठूलो कष्ट भोग्दै तिनीहरूले एक अर्कालाई मारेर खान्थे ।

यी चण्डालका मुख्य नेता नाग र नागिनीका राजा कालो वर्ण भएका सहनै नसकिने गरि कुरूप थिए । उनको शरीर एक लाख प्रकारको खुला घाउहरूले ढाकिएको थियो र उनको टाउको सङ्क्रामक विस्फोटको पीडामा थियो । उनको शरीरको माथिल्लो भाग मानवको थियो जब कि तल्लो भाग सर्पको थियो । उनी नाग नोकर चाकरहरूले घेरिएका थिए जसले अनन्त पीडामा विलाप गर्ने गर्थे । तिनीहरूको मुखबाट निस्केको बाफको दुर्गन्ध सम्पूर्ण संसारमा व्याप्त भएको थियो । उनको छोरा काला नाग *क्याञ्चे बरवा* थिए जो असङ्ख्य राक्षसी नागहरूद्वारा घेरिएका थिए जस मध्येका सबै जना कुनै शरणको वस्तु, सुरक्षा वा कल्याण मित्रहरू बिना रण भुल्लमा परेका थिए । तिनीहरू मध्ये कसैलाई पनि पीडाको दुखाइ बाहेक अरू कुरा थाहा थिएन । यस देशलाई तालिम दिने समय आएको छ भन्नेबारे डाकिनीलाई थाहा थियो । सुनौलो रङ्को 'ह्' अक्षरमा परिणत गर्दै मनकामना पुरा गर्ने रत्नको पर्वतमा ओर्लेर देवी नागको देशमा प्रवेश गर्नुभयो । उहाँको चमकले कुनै अपवाद बिना नाग लोकलाई पराजित गर्यो । त्यसपछि उहाँ गहनाहरूले सजिएकी नागिनीको रूपमा प्रादुर्भाव हुनुभयो । काला चण्डालको स्थानमा आइपुग्दा उहाँले सेतो प्रकाशको किरणहरू प्रकट गर्नुभयो, जुन सबै नागहरूमा पस्यो । उहाँको आशीर्वादद्वारा सबै रोग र बिमारी तत्काल हटेर गयो । त्यसको कारणले सबै नागहरू अत्यधिक आभारी भए अनि नागराजा र तिनको सम्पूर्ण सभाले सहचारीलाई बन्दना गरे । व्यक्त गर्न नसकिने आनन्दको अवस्थामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

तिनीहरूले यस्तो घोषणा गरे "ई मा ! चकित पार्ने खालको, स्वःउत्पन्न, निष्कलङ्क डाकिनी ! हामी काला चण्डाल हौं जसले तातो बालुवाको मुसलधार वर्षा र सङ्क्रामक रोगको पीडा सहन पर्छ । हाम्रो पीडा अनन्त जस्तो देखिने जस्तो गरेर निरन्तर रहेको छ । अब हाम्रो रोगको अभिशापलाई धोएर शुद्ध पार्नको लागि तपाईँको शरीरबाट निस्केको ज्योतिले हाम्रो शरीरमा पसेको छ, हामी तपाईँलाई बिन्ती गर्छौ कि तपाईं हाम्रो स्थायी संरक्षकको रूपमा रहनुहोस्"

अन्यथा नकारात्मक प्रकृति भएका सबै नागहरूले आफ्नो आनन्द विभिन्न तरिक़ाले देखाए केहीले भुइ तर्फ हेरे, अरूले आफ्नो ढाड कन्याए र केहीले ढाड पछाडि फर्काए जब कि अरू चाही त्यहाँबाट भागे ।

त्यसपछि डाकिनीले भन्नुभयो-

"राजा, मन्त्रीहरू र तपाईँको समूहहरू, कृपया मैले आदेश दिए जस्तै गर्नुहोस् ! क्ये मा ! पातालको नागको सबै वर्गहरू, ध्यान दिनुहोस् ! म आदि प्रज्ञाज्ञान डाकिनी धर्मीन्द्र हुँ । मेरो बुबा बुद्ध अमिताभ हुनुहुन्छ; मेरी आमा दीर्घायुकी देवी पाण्डरावासिनी हुन् । हाम्रो देश सुखावती स्वर्ग हो र हाम्रो दरबारको नाम पेमाकोप हो । मेरो समूह दसौं भूमिको असङ्ख्य बोधिसत्वहरूको समुदाय हो । म यहाँ तपाईँहरूको रक्षकको रूपमा सेवा गर्न आएको छु । तपाईं मध्ये प्रत्येकले यो बुझ्नै पर्छ कि तपाईंहरू सबैले सहनु परेको सहन नसकिने, अविरल दुःख विगतका कारणहरूको परिणाम मात्र हो । मानव लोकमा असङ्ख्य बुद्धहरूले आफूलाई प्रादुर्भाव गर्नु भएको छ । बुद्ध *थुब्पा नामग्याल* देवलोकमा आउनु भयो, बुद्ध पद्म *डोडुल* नागलोकमा आउनु भयो, बुद्ध धर्मराजा नरक लोकमा आउनु भयो, बुद्ध *नाम्पार नाङ्वा* जनावर लोकमा, बुद्ध पद्म *ग्याल्वाम* भोको प्रेतको लोकमा र बुद्ध पद्म *सेग्पा* असुर लोकमा आउनु भएको थियो । उहाँहरू प्रत्येकले धर्मको चक्रलाई अकल्पनीय ढङ्गले प्रवर्तन गर्नु भयो ।

"तपाईँको देशलाई अन्धकारले ढाकेको छ र प्राणीहरूको चित्तलाई तालिम दिनको लागि एक जना मात्र यहाँ आउनु भएको छैन । यो सबै खराब भाग्यको कारण तपाईँले अतीतमा नैतिकताको विरोध गर्नुभयो । यसरी तपाइँ काला चण्डालको नागलोकमा पुनर्जन्म लिनु भएको छ । तपाईँको विगतको कठोर वचन र क्रोधी व्यवहारको परिणामको रूपमा तपाईँले तातो बालुवाको मुसलधार वर्षाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कष्टलाई सामना गर्नुपर्दछ । प्रसाद बनाउने क्रममा तपाईंको विगतको कञ्जुस्याईको परिणाम भोको प्रेत लोकको जस्तै तपाईँको भोक र तिर्खा हो । विगतमा तपाईंले अरूको शरीरहरूमाथि हानि पुऱ्याएकोले तपाईंले यो जीवनमा सहनै नसकिने रोग र कष्ट अनुभव गर्नु हुनेछ । कर्मबाट स्वतन्त्र रहेको हुने कुनै पनि पीडा छैन । त्यस कारणले अरूलाई अवलोकन गर्नुको सट्टा, आफ्नै कर्मलाई अवलोकन गर्नुहोस् र विगतको कार्यहरूको फललाई स्पष्ट रूपमा बुझ्नुहोस् । म दुःख र मृत्यु भन्दा बाहिर भए पनि अरूको लागि भनेर लाभदायी क्रियाकलापमा संलग्न हुनुको लागि मैले अनिवार्य यात्रा गर्नु पर्ने धेरै ठाउँहरू छन् ।

"अब तपाईंले मलाई भेट्नुभएको छ, कुनै अपवाद बिना तपाईंको सबै नकारात्मक कर्म खुला रूपमा प्रकट भएर र शुद्ध भएको छ । यद्यपि तपाईँको प्रकृति बानी व्यहोरागत रूपमा नकारात्मक छ, यसले मलाई सम्भावित हानिकारक प्रभाव पार्न सक्दैन । यो केवल लिप्सा, क्रोध, भ्रम, गर्व, कन्जुसी र ईर्ष्याको विष हो जसले लामो समयसम्म कायम रहने हानि पुऱ्याउँछ । यदि तपाइँले यी विषहरूलाई त्याग्नु भयो भने तपाईंले खुसीलाई जान्न पाउनुहुनेछ । यी भ्रमहरू र नकारात्मक भावनाहरू संसारको मूल कारण हुन् । यदि तपाईं आफैले आफैलाई मुक्त पार्नु भयो भने तपाईंले स्थायी परम सुख पाउनुहुनेछ" यसरी उहाँले सबै नागहरूलाई यी आवश्यक निर्देशनहरू दिनुभयो, जसमध्ये प्रत्येकले धर्मको लागि तीव्र भक्तिको विकास गरे । आफूले जम्मा गरेको अकुशल कर्मको लागि गहिरो पछुतो गर्दै तिनीहरूले आफूले गरेको सबै नकारात्मक क्रियाकलापहरू स्वीकार गरे । तिनीहरूले बोधिसत्त्वको प्रतिज्ञा लिएर अभ्यासमा लागे । कुनै अपवाद बिना सबै नागहरूले तिनीहरूको नकारात्मक सङ्ग्रहलाई शुद्ध पारेर यस प्रकार जागृतिको बाटोमा लगाइएको थियो । एकै मण्डलको रूपमा तिनीहरू सबै जना तुषिता लोकमा गएर देवताहरूको शक्ति प्राप्त गरे र सबै जना धर्मको बाटोमा राम्रो तरिकाले स्थापित थिए । त्यसपछि धर्मिन्द्रा फेरि देवी पाण्डरावासिनी फर्केर विलय हुनुभयो ।

समय *उहाँले काला चण्डालको नाग लोकमा आफ्नो सम्यक् सम्बोधि भद्र गुणहरू कसरी पठाउनु भयो र नागहरूलाई मुक्तिको पथमा कसरी डोऱ्याउनु भयो भन्नेबारे वर्णन गरिएको यहाँ एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको आठौँ अध्याय पूरा हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

असुर राजकुमारी

'ह्' अक्षर असुर लोकमा गयो जहाँ असुर राजा गोचा जाङ्गोले शासन गरेका थिए । उनी देवताहरूको जस्तै शक्ति र बल युक्त थिए र अठारवटा अन्य लोकहरूसँग निरन्तर रूपमा युद्धमा व्यस्त रहेका थिए । किन कि असुरहरूले देवताद्वारा पराजित हुनु पर्ने अकल्पनीय र निरन्तरको हारको पीडा सहन गर्थे, तिनीहरू एउटा रणनीतिबारे छलफल गर्नको लागि भेला भए ।

तिनीहरूले आएर आफूलाई साथ दिनको लागि सांसारिक नरभक्षी *दुजे गाराब* र नागराजा *डोल्वा*लाई भने । त्यसपछि तिनीहरूले राक्षस, नाग र असुर सेनाहरू भेला पारेर देवलोकमा गएर राजासँग भेट्न निर्णय गरे ।

त्यस समयमा गौमीको रूपमा चिनिएको असुर लोकको सबैभन्दा घना सहरमा सत्तारूढ राजा एक देवपुत्र दावा ओजरको एक प्रादुर्भाव *रिन्छेन पुङ्ग* थिए । उनको प्रभाव एकदम ठूलो थियो किनभने उनी एक लाख चेलाहरूका नेता थिए । महान् डाकिनी समन्तभद्रीले आफू देखाए परेर राजाको चेतनालाई कैदी बनाउनुभयो र उहाँले तिनीसँग साथीको रूपमा बोल्नुभयो ।

"क्ये मा ! महान् शक्तिका राजा *रिन्छेन पुङ्ग*; तपाईंको विगतको जीवनमा तपाईँ मेरो पति *दाम्पा तोग्कर*को पिता *दावा ओजर* हुनुहुन्थ्यो जो पछि गएर एक बुद्ध बने । अब असुरहरूलाई तालिम दिनको लागी तपाईं अहिले उनीहरूको राजाको रूपमा प्रादुर्भाव हुनु भएको छ । म दुस्मनको परम आनन्ददायी विजयी कङ्करीको रूपमा चिनिन्छु । अहिले यहाँ म मेरो समन्तभद्री भनिने प्रादुर्भावमा आएको छु ।

घेरामा परेका असुर राजा *गोचा जङ्गोपो* र उनको साथीहरूको दुखलाई कम गर्नको लागि हामीले देवताहरू विरुद्धको उनीहरूको युद्धमा सहायता गर्ने हाम्रो मनसाय धोषणा गर्ने छौं । नाग, राक्षसहरू र असुरको सहयोगमा प्राणीहरूको चित्तलाई तह लगाउने समय आयो । अहिले जानुहोस् र सबै असुर र तिनीहरूका समूहहरूलाई एकत्र गर्नुहोस् । म *गोचा जङ्गोपा* की छोरीको रूपमा प्रादुर्भाव हुने छु र हामीले सबै काला राक्षसहरूलाई पराजित गर्ने छौं र गहन धर्मको चक्रलाई प्रवर्तन गर्नेछौ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी बोलेपछि उहाँले राजा गोचाको छोरी, शिन्तामाको चेतनालाई तिनको शरीरबाट बाहिर हुत्याउनु भयो र आफ्नै चेतनालाई त्यसमा प्रक्षेपण गर्नु भयो । त्यसपछि उहाँ राजा गोचा जङ्गोपो र तिनको सभामा उभिनुभयो । तिनी आफ्नो छोरी हुन भन्ने उनले सोचे र उनीहरू एक भएर एकै ठाउँमा बसे ।

असुर सेना देवहरूको सेनाको अघि देखा पर्यो । युद्ध छेडिएको थियो र नाग, राक्षस र असुर सेनाहरूले आफ्नो शत्रुलाई पराजित गर्यो । तत्काल, सबैलाई मुक्तिको पथमा डोऱ्याइयो । त्यो युद्ध पछि, अन्धकारको सैतानी सिद्धान्त विनाश भयो । धर्मको बहुमूल्य व्यवस्था स्थापित गर्नको लागी, *गोचा जङ्गोपो, दुजे गारब* र सभाका पाहुनाहरू गोप्य मन्त्रमा शिक्षा प्राप्त गरेर एक अर्कासँगको कर्मको सम्बन्धलाई सिलबन्द गर्नको लागि एकत्रित भए । उनीहरूको सबै ईर्ष्यालाई शान्त पारियो र तिनीहरू ध्यानको स्थायित्वमा एकसाथ बसे । मुक्ति प्राप्त गरेर सबै असुरहरूले इन्द्रेनी शरीर प्राप्त गरे र सम्पूर्ण लोकलाई रित्तो बनाइयो ।

समय

सबै प्राणीहरूलाई धर्मको पथमा डोऱ्याउनको लागि राजाको छोरीको रूपमा कसरी प्रकट हुनुभयो र तिनीहरू सबैले सम्यक् जागरण कसरी प्राप्त गरे भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको नवौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री सागर

मानिसको जीवन दुई सय वर्षमा झरेपछि सम्यक् बुद्ध कश्यप यस संसारमा आउनुभयो । उहाँले धर्म चक्र प्रवर्तन गर्दै गर्दा राजा *दिक्योङ कुङ्वा* र रानी *गेत्सोमा* ऋषिहरूको पुत्रले भिक्षा मागेर गुजारा चलाइ रहनु भएको बुद्धलाई धेरै प्रसादहरू चढाए । त्यस समयसम्म राजा र रानीको कुनै सन्तान भएको थिएन त्यसैले महान् सम्यक् सम्बोधि प्राप्त मार्गदर्शक काश्यपको उपस्थितिमा राजा *देक्योङ कुगावो* ले दण्डवत् गरेर विभिन्न अन्नहरूले भरिएको स्फटिकको घडा चढाए । दुई हातहरू जोडेर तिनले यस्तो विनम्र अनुरोध गरे

"ए मा हो ! यस संसारमा सिद्धान्त स्पष्ट पार्ने हे सूर्य, सम्यक् बुद्ध, सबै प्राणीहरूको बहुमूल्य रक्षक ! म धन सम्पत्ति भएको, पुण्यको लागि वा धर्मको लागि दान दिएको र अकल्पनीय नोकर चाकर भएको राजा, महान् पुण्यात्मा हुँ । यद्यपि मेरो कुनै पुत्र छैन र यस राज्यले हाम्रा दुई सय जति राजाहरूको शासन कालमा हाम्रो शुद्ध पुर्खा राजाको लाभ उठाएको कुरा तपाईं जिनपुत्र सर्वज्ञलाई थाहा छ ।

कृपया दयालु करुणाले मेरो सन्तानहीन अवस्थालाई हेर्नुहोस् किन कि राजनीतिक रुचिहरूमा मेरो सरोकार छैन । मेरो उद्देश्य शाही नासोको महिमालाई कायम राख्नु हो । हाम्रो शाही राजतन्त्रको प्रकाश बिना कस्तो हुनेछ ? शाही धन, दान दातव्य, सेवक र जनताहरूलाई कसले कायम राख्नेछ ? हाम्रो एकजना उपयुक्त उत्तराधिकारी हुनेछ भन्ने कुरामाथि शङ्का छ । के रानी यस दुर्घटनाको लागि दोषी छिन् ? कृपया हामीलाई हाम्रो कार्मिक प्रारब्धबारे स्पष्ट सङ्केत दिनुहोस् "

यो अनुरोध पछि, बुद्धले जबाफ दिनुभयो- "हे महाराजा *डेक्योङ कुङ्गावो* ! निराश नहुनुहोस् । तपाईंको शाही परम्परा चाँडै जारी हुनेछ । यस भन्दा माथिको असङ्ख्य संसार प्रणालीहरू भन्दा पारी एउटा परम सुखावती नामक स्वर्ग छ जहाँ बुद्ध अमिताभ आफ्नो सर्वोच्च सहचरी, देवी पाण्डरावासिनीसँग बस्नुहुन्छ । उहाँहरूले निरन्तर रूपमा हाम्रो यस संसारमा प्रादुर्भावहरू पठाउनु हुन्छ । यस संसारका प्राणीहरूको लाभको लागि ऋषिकी छोरी जस्ती एक जना छोरी तपाइले पाउनु हुनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनले सर्वोच्च जन्मको छोरा पाउने छिन् जो चक्रवर्ती बन्नेछ र भविष्यमा उनी बुद्ध शाक्यमुनीको पिता राजा शुद्धोदन हुनेछन् । हे राजा, तपाईँको कर्म कसै गरि पनि समाप्त भएको छैन । तपाईँकी छोरी मेरो अनुयायी हुने छिन् । उनले बोधिसत्त्वको प्रतिज्ञा लिने छन् र उनको आफ्नै अनेकौँ चेलाहरू हुनेछन्"

यी भविष्यवाणीका शब्दहरू सुनेर राजाले बुद्धको पवित्र पाउमा ढोगेर रानीलाई सबै कुरा बताउनको लागि फर्केर गए ।

केही समयपछि राजा *देक्योङ* ले एउटा सपना देखे । सपनामा रातो 'ह्' अक्षर भएको प्रकाशको रातो चक्र देखा पर्यो । यो चक्र उनको मुकुटमा पस्यो र तिनको छातीमा बिलाएर गयो । त्यो प्रकाशको किरण चम्कियो र रानी भित्र लोप भयो त्यसपछि उनको हृदयबाट रातो प्रकाशको किरण चम्कियो । रानीको हृदयमा प्रादुर्भाव भएको रातो 'ह्' बाट अमृतको कलश लिएका कैयन् देव देवीहरू देखा परे । तिनीहरू राजा र रानी दुवैलाई अभिषेक प्रदान गर्नको लागि अगाडि बढे ।

राजा बिहान उठ्दा उनको शरीर र दिमाग आत्म विभोरताले भरिएको थियो । उनले आफ्नो शुभ सपना रानीलाई भनेपछि तिनले पनि विशेष सपना देखेको बताइन् । तिनको सपनामा तिनि एउटा रातो दरबारमा प्रवेश गरिन् र आफूलाई त्यहाँ बस्नु भएको आध्यात्मिक गुरुलाई दण्डवत् गरि रहेकी पाइन । उहाँको बायाँ पट्टी एक धमिलो रातो वर्णकी देवी थिइन् जसको हृदयमा एउटा रातो 'ह्' अक्षर लेखिएको थियो । त्यो 'ह्' अक्षर रानीको हृदयमा बिलाएर गयो र तिनी परम आनन्दले विभोर भएर ब्यूँझिइन् ।

त्यसको कारणले, बुद्धले भन्नु भएको कुरा साँचै नै हुनेछ भन्नेबारे राजा र रानी दुवै निश्चित भए । तिनीहरूमा आफ्नो आसन्न असल भाग्यबारे आत्मविश्वास थियो र केही समयपछि रानीले आफ्नो पेटमा बच्चा भएको अनुभव गरिन् । उनले आफ्नो शरीरलाई सावधानी पूर्वक सफा गरेपछि आफ्नो गर्भबाट एउटा आवाजले यस्तो भनेको सुनिन्-

"म यस संसारको पीडाबाट मुक्त छु र म सम्यक् सम्बोधि प्राप्त गरेकाहरूको भूमिबाट आएको हो"

आवाजले कविताको पद्यमा यी अचम्मका शब्दहरू बोल्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दस महिनापछि दरबारको माथिल्लो कक्षमा एकजना बच्चाको जन्म भयो । बच्चा जन्मदा आमालाई कुनै पीडाको अनुभव भएन । आकाशमा इन्द्रेनीहरू देखा पर्यो र त्यस क्षेत्रभरि नै वाद्य यन्त्रहरूको सङ्गीत गुञ्जायमान भयो । पहिला कहिले पनि न फूलेका फूलहरू फक्रिए र धूपको मीठो गन्ध वातावरणमा व्याप्त भयो । राजाको एकजना छोरा जन्मिएको छ भन्ने अफवाहहरू तीव्र रूपमा फैलियो ।

यद्यपि, जन्मको क्षणमा एक छोरी थिइन र तिनले आफू श्री सागर भएको घोषणा गरिन् जो पहिले धर्म प्राप्त गर्नको लागि बुद्धको पाउमा परेका थिए र अब यहाँ प्राणीहरूलाई लाभ पुर्‍याउनको लागि यहाँ आएकी थिइन । यती बोलेपछि, तिनीले आकाशमा खुसीसाथ नृत्य गरिन् । उनको जन्मको खबर सारा संसारमा फैलियो र देव देवीहरूले देखा परेर उनको पवित्र शरीरलाई नुहाइ दिए । महलको नजिकै एउटा आश्चर्यजनक ठूलो ताल देखा पर्यो जुन पहिले त्यहाँ कहिल्यै थिएन । तालको केन्द्रमा, श्री सागर नाम लेखिएको थियो ।

श्री सागर एघार वर्ष पुगेपछि धेरै देशका राजाहरू विवाह गर्नको लागि उनको हात माग्न आए । तिनीलाई दिन्छु भनेर कसैलाई प्रतिज्ञा गरिएको थिएन । बरु उनी राजाको अघि बोधिसत्त्व प्रतिज्ञा लिन गइन् । कठोर अनुशासन पालना गर्दै तिनले शुद्ध ज्ञान धारकहरूको पथमा ध्यान भावना गरिन । आफ्नो उद्देश्यमा सिद्ध हुँदै आफ्नो देशका हजारौं महिलाहरू धर्मको बाटोमा ल्याउँदै उनले अरूको फाइदाको लागि असङ्ख्य चमत्कार पूर्ण काम गरिन् ।

उनले चार आर्य सत्यको मार्गबारे बताएपछि, त्यसलाई सुनेकाहरू सबै जना वास्तविकताको प्रकृतिमा आराम गर्न आए । उनले सम्पर्क गरेका सबै जनाले सर्वोच्च रूपमा जाग्रत भएको चित्त उत्पन्न गरेर सम्यक् सम्बोधि लाभ गरे । उनले राजा, रानी, तिनीहरूका मन्त्रीहरू, अनुचर वर्ग र सम्पूर्ण राज्यलाई पारमिताहरूको बारेमा उपदेश दिइन् । प्रत्येक निवासीलाई आर्यहरूको पथमा ल्याइयो र मुक्त पारियो ! समय

श्री सागरको रूपमा उहाँ कसरी शाही परिवारमा प्रकट हुनु भएर असङ्ख्य प्राणीहरूलाई परिपक्व बनाएर मुक्त बनाउनु भयो भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको दसौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पच्चीस प्रादुर्भावहरू

जम्बुद्वीपको दक्षिणी महाद्वीपमा भगवान बुद्ध शाक्यमुनिले धर्म प्रचार गरेको समयमा पाण्डरावासिनीले निम्न लिखित प्रादुर्भावहरू पठाउनु भयो । शाक्यमुनिको उपस्थितिमा उहाँ सिंगमो गंगादेवी हुनु हुन्थ्यो । बहाइतीको देशमा उहाँ जाब्मो छिगे हुनु हुन्थ्यो । तिनी सोनुपेलकी छोरी र प्रभाधर, शाक्यदेवीकी छोरी कल्पजाङ्ग हुनु हुन्थ्यो । उहाँ ओडिनायाकी राजकुमारी पाल्मो ओकीग्येन र शाक्य राजकुमारी, सहचरी गेत्सो ल्हामो हुनु हुन्थ्यो । उहाँ कश्मीरको राजकुमारी हुनु हुन्थ्यो, सहचरी कुङ्गा जाङमो र सर्वोच्च ऋषिको छोरी सांगचिनमा हुनु हुन्थ्यो; राजाको पत्नीको रूपमा उहाँ श्रीमतीको रूपमा चिनिएको हुनु हुन्थ्यो । लङ्का भूमिमा उहाँ निमे पाल्देन्मा हुनु हुन्थ्यो । तोगारको देशमा उहाँ भितानहुत हुनु हुन्थ्यो । रूग्माको देशमा उहाँ मेन्मो रिन्छेनजाङ हुनु हुन्थ्यो । नरभक्षीहरूको देशमा उहाँ डेन्मा छोगील्हा हुनु हुन्थ्यो । चीनमा उहाँ गाङज्यांग उमन्ती हुनु हुन्थ्यो र पश्चिमी देश ओड्डीयानामा उहाँ शाही परिवारमा गेमाफेलको रूपमा जन्मेकी हुनु हुन्थ्यो । उहाँ रिग्सुम क्येगु डाग्मोको रूपमा पनि चिनिनु हुन्थ्यो; कोशी देशमा उहाँ वाङचेन पेमाकी हुनु हुन्थ्यो । डेचेत्सेगमा उहाँ रोती किरीमाको रूपमा चिनिनु हुन्थ्यो; र शम्भालामा ड्रोन्मा येसेमा हुनु हुन्थ्यो । कोली देशमा कर्मा भद्रिहा हुनु हुन्थ्यो । हशी देशमा उहाँ रिग्ने छाङनेमा हुनु हुन्थ्यो । पर्सियका राजकुमारीको रूपमा उहाँ श्रीष्ठी हुनु हुन्थ्यो र रुग्म देशमा उहाँ कर्कटमोह हुनु हुन्थ्यो । मलायामा उहाँ कल्प जाङमो निडर आचरणको महा योगिनी हुनु हुन्थ्यो । बिग्चेमा उहाँ चोमा वाङमोचे हुनु हुन्थ्यो । संक्षिप्तमा, उहाँले केही पच्चीसवटा प्रादुर्भावहरू पठाउनु भएको थियो, जसमध्ये प्रत्येकसँग समुद्र जस्तै विशाल सङ्ख्याको प्राणीहरूलाई लाभ पुर्‍याउने क्षमता थियो । राजतन्त्र भित्रै अभिनीत क्रियाकलापको भेषमा उहाँले आफ्ना अनुयायीहरूलाई गोपनीय मन्त्रको पथमा प्रशिक्षित गर्नुभयो । उहाँसँग जोडिएको लगभग प्रत्येक व्यक्तिलाई शुद्ध ज्ञान धारकको अवस्थामा सिद्ध पार्नुभयो । उहाँको जीवनको विस्तृत विवरण भएको कथाहरू एक नानामलाई सुन्दर फूलको माला नामक माटो निधिको रूपमा दिइएको थियो, जसमा एक सयवटा अध्यायहरू थियो । त्यसलाई छाङरोङ दोर्जे डागमा लुकाइएको छ । यहाँ मैले मूल ग्रन्थको सारमात्र खुलाएको छु ।

समय एघारौ अध्याय पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डाकिनीहरूको आशीर्वाद

साहोर राज्यमा महान् डाकिनी मन्दारावाको जन्म कसरी भयो

पश्चिमी स्वर्ग परम सुखावती भूमिमा, असङ्ख्य देव देवीको समूहद्वारा घेरिएको पद्म लोकमा बुद्ध अमिताभको हृदयबाट आर्य अवलोकितेश्वर प्रकाशको असीमित किरणहरू भित्र चम्कनु भयो । आर्यको हृदयबाट यस संसारको सबै असीमित शुद्ध भूमिहरू भरी व्याप्त पार्नको लागि 'ह्' अक्षरको असङ्ख्य प्रादुर्भावहरू पठाइएका थिए । पोतालाको दस करोडवटा लोकहरूमा आर्य अवलोकितेश्वरका दस करोडवटा प्रादुर्भावहरू पठाइएका थिए । भारतको दस करोडवटा देशहरूमा शाक्यमुनिका दस करोडवटा प्रादुर्भावहरू प्रकट भए । प्रकट सम्भोगकाय स्वर्गमा हिउँले ढाकेको भूमिका संरक्षक अवलोकितेश्वरका दस करोडवटा प्रादुर्भावहरू प्रकट भए । दस करोडवटा निर्माणकाय स्वर्गमा गुरु पद्मसम्भवका दस करोडवटा प्रादुर्भावहरू प्रकट भएका थिए ।

योन्तेन कोपाको दस करोडवटा स्वर्गमा मञ्जुश्रीका दस करोडवटा प्रादुर्भावहरू पठाइएका थिए । पेमाकोको दस करोडवटा स्वर्गमा पद्म उष्णीसका दस करोडवटा प्रादुर्भावहरू प्रकट भएका थिए । देवताहरूको दस करोडवटा पवित्र लोकहरूमा दस करोड जना चक्रवर्तीहरू प्रादुर्भावहरू भए । तिब्बतको दस करोडवटा देशहरूमा स्रोङ्चेन गोम्पोका दस करोड जना प्रादुर्भावहरू प्रकट भएका थिए । कलिङ्गाको दस करोडवटा भूमिमा दस करोडवटा महान् ऋषिहरू प्रादुर्भाव भएका थिए । यस प्रकारले त्यहाँ शुद्ध लोकहरूको असीमित प्रादुर्भावहरू पैदा भए जसमध्ये प्रत्येकको आफ्नै सूत्र र तन्त्रहरू थिए, सिद्धान्त प्रचार आदि गर्ने यसका आफ्नै अनुक्रमित शिक्षकहरू थिए । यस अतिरिक्त, यी शिक्षकहरूका चेलाहरू भएका असङ्ख्य अनुयायीहरू थिए जस मध्येका सबैले धर्मचक्र प्रवर्तन गरे । विशेष गरी, दक्षिणी विश्व प्रणालीमा सूत्रको सिद्धान्तका शिक्षक शाक्यमुनि थिए जसले मानिसको जीवन एक सय वर्षमा झरेको डोन्मे भनिने कल्पमा देवता, नागहरू, मानवहरू, आत्माहरू, भूमिका मालिकहरू, प्रेत, पिशाच आदिलाई उपदेश दिनुभयो । उहाँले धर्मको महान् चक्रलाई पाँच चरणहरूमा प्रवर्तन गर्दै श्रावक, बोधिसत्त्वहरू र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असङ्ख्य शुद्ध ज्ञान धारकहरूलाई उपदेश दिनु हुन्थ्यो । यसबाट नौवटा विशिष्ट यानहरू आए । कम क्षमता भएकाहरूका लागि बाहिरी र भित्री विशेषतामा वास्तविकताको आधारभूत प्रकृतिबारे खुलासा गर्दै उहाँले त्रिपिटक सिकाउनु भयो । न कम न बढी क्षमता भएकाहरूका लागि उहाँले क्रिया, चर्या र योगको तीन बाह्य तन्त्रहरूको प्रवेशद्वार देखाउनु भयो । उच्चस्तरीय वा उत्कृष्ट क्षमता भएकाहरूका लागि उहाँले मूल तन्त्र र सम्पन्न वर्गका सर्वोच्च तान्त्रिक यानहरूको भित्री तान्त्रिक विधिहरूको उपदेश दिनुभयो । तीन सय र दुई हजार विधिले सिद्धान्त प्रकट गर्दै उहाँले ती उपायहरू देखाउनुभयो जसको माध्यमबाट निर्वाण साक्षात्कार हुन्छ । त्यस समयमा शक्तिशाली श्रावक कश्यपले आफ्नो प्रज्ञाज्ञानलाई निर्देशन दिएर घोषणा गरे-

"भविष्यमा म, पद्मसम्भव, धनकोश तालमा जन्मने छु । विजेता अमिताभको हृदयबाट अवलोकितेश्वरको हृदयलाई छेड्दै प्रकाशका किरणहरू उत्पन्न हुनेछन् । त्यसपछि अवलोकितेश्वरको हृदयबाट प्रकाशका किरणहरू सबै बुद्धहरू र उनीहरूको उत्तराधिकारीहरूको शुद्ध लोकहरूमा फैलिने छ । उनीहरूको सम्यक् सम्बोधि प्राप्त काय, वाक, चित्त, आर्य गुणहरू र सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूका सबै आशीर्वादहरू आर्य अवलोकितेश्वरको हृदयमा विलय हुनको लागि भेला हुनेछन् । त्यसपछि म, पद्मसम्भव, सम्यक् सम्बोधि प्राप्त गरेकाहरूको दस करोडवटा शुद्ध लोकहरूलाई ढाक्नको लागि आफै 'ह्' अक्षरको रूपमा प्रादुर्भाव हुने छु । धनकोश तालमा पुरै फक्रिएको महान् उदुम्बरा फूलको गर्भमा विलय हुँदै म बाँदर महिनाको दसौं दिनमा गुरु पद्मसंभवको रूपमा देखा पर्ने छु । राजा इन्द्रभुतिको छोराको रूपमा अभिनय गर्दै म प्रादुर्भाव प्रभाधरलाई विवाह गर्ने छु । त्यसपछि, बज्रसत्त्वको भविष्यवाणी अनुसार वास्तविक आचरणमा संलग्न हुनको लागि मैले सांसारिक जीवनलाई त्याग्ने छु । डाकिनीहरूको गोप्य मन्त्र मण्डलमा भर पर्दै र प्राणीहरूलाई लाभ पुऱ्याउनको लागि क्रियाकलापहरूलाई वास्तविकतामा बदल्नको लागि मेरो चित्त र सबै बुद्धहरूको सम्यक् सम्बोधि प्राप्त चित्त प्रवाह एकै रूपमा गाभिने छन्"

त्यसपछि प्रतीकात्मक सङ्केतको माध्यमद्वारा सबै बुद्ध देव देवीहरूलाई आह्वान गरिएको थियो जुन समयमा दीर्घायुकी देवी पण्डरावासिनीको सम्यक्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्बोधि प्राप्त चित्त प्रवाह, प्राणीहरूको लाभको लागी प्रादुर्भाव हुनको लागि प्रेरित भएको थियो । उहाँको शरीरको पाँचवटा स्थानहरूबाट असामान्य प्रकाशका किरणहरू निस्किएर सबै स्वर्गहरूलाई ढाक्यो । उहाँको निधारबाट प्रकाशका सेता किरणहरू प्रकट आनन्दको पूर्वी स्वर्गमा चम्कियो । त्यहाँ त्यो प्रकाशको किरणले महान् विजेता अक्षोभ्यकी सहचरी बुद्धलोचनको हृदयसँग सम्पर्क गर्यो ।

उहाँको सम्यक् सम्बोधि प्राप्त प्रज्ञाज्ञानलाई निमन्त्रणा दिँदै, 'लं' अक्षरको रूपमा आशीर्वाद देखा पर्यो । त्यसपछि असङ्ख्य अक्षरहरू उत्पन्न भएर पण्डरावासिनीको निधारमा विलय भए । त्यस्तै गरेर देवी पण्डरावासिनीको घाँटीबाट प्रकाशका असङ्ख्य राता किरणहरू नाना विधि सजधज भएको स्वर्ग तर्फ चम्कियो जहाँ सम्यक् सम्बोधि प्राप्त चित्तलाई आह्वान गर्दै तिनीहरू आदि बुद्ध समन्तभद्रको सहचरीमा विलय भयो अनि त्यो आशीर्वाद 'मं' अक्षरको रूपमा उत्पन्न भयो । उहाँको घाँटीमा फेरि बिलाउनको लागि असङ्ख्य 'मं' अक्षरहरू प्रादुर्भाव भए । त्यसपछि पण्डरावासिनीको हृदयबाट वैरोचन बुद्धको केन्द्रीय शुद्ध लोकलाई उज्यालो बनाउँदै नीलो रङको प्रकाशको किरणहरू उत्पन्न भए । तिनीहरू उहाँको सर्वोच्च सहचारी धातेश्वरीको हृदयमा विलय भए; तिनीहरूले उहाँको सम्यक् सम्बोधि प्राप्त प्रज्ञाज्ञानलाई आह्वान गरे, जसले आशीर्वादको रूपमा असङ्ख्य 'वं' अक्षरहरूको रूपमा उत्पन्न गऱ्यो र पण्डरावासिनीको हृदयमा विलय भयो । पण्डरावासिनीको नाभि केन्द्रको बिन्दुबाट प्रकाशको पहेँलो किरण दक्षिणी दिशाको शुद्ध लोक किर्ती लोकमा चम्कियो ।

तिनीहरू उहाँको सम्यक् सम्बोधि प्राप्त चित्तलाई आह्वान गर्दै र 'वं' अक्षरको रूपमा प्रादुर्भाव हुँदै बुद्ध रत्नसम्भवको सर्वोच्च सहचरी मामाकीमा विलय भयो । त्यसपछि यस अक्षरको असङ्ख्य प्रादुर्भावहरू पण्डरावासिनीको नाभिमा विलय हुनको लागि चम्किला भए । त्यसपछि देवीको गोपनीय स्थानबाट हरियो प्रकाशको किरण उहाँको सम्यक् सम्बोधि प्राप्त प्रज्ञाज्ञानलाई आह्वान गर्दै र 'तं' अक्षरको रूपमा देखा पर्दै बुद्ध अमोघसिद्धीको सर्वोच्च सहचरी समयताराको हृदयमा विलीन हुनको लागि त्रुटि विहीन क्रियाकलापको रूपमा जानिएको उत्तरी स्वर्ग तर्फ अगाडि बढ्यो । त्यसपछि पण्डरावासिनीको गोप्य स्थानमा असङ्ख्य बीज अक्षरहरू विलय भए । उहाँको शिरको मुकुटको क्षिद्रबाट प्रकाशको राता किरणहरू वाङदाग रोल्पा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नामले चिनिएको हयागृव देवको मण्डलमा उत्पन्न भए । तिनीहरू हयागृवको सर्वोच्च सहचरी, बज्रबाराहीको हृदयमा विलय भएर उहाँको आशीर्वाद 'हृ' अक्षरको रूपमा प्रकट भयो । त्यसपछि असङ्ख्य अक्षरहरू पण्डरावासिनीको मुकुटमा शिरमा विलय भए ।

त्यसपछि दसै दिशाका सबै बुद्धलोकहरूलाई ढाक्नको लागि पण्डरावासिनीको शरीरबाट पञ्चरङ्गी प्रकाशको किरण उत्पन्न भए । सम्यक् सम्बोधि प्राप्त गरेकाहरूको सबै सहचरीहरूलाई आह्वान गरियो र तिनीहरूको काय, वाक र चित्तको भद्र गुणहरू र सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूको आशीर्वादको सार नै उज्ज्वल प्रकाशको असीमित किरणहरूको रूपमा उहाँको शरीरमा विलय भए । त्यसपछि, उहाँको दुई हातबाट मन्जुश्रीको सर्वोच्च सहचरी सरस्वतीको सम्यक् सम्बोधि प्राप्त प्रज्ञाज्ञानलाई आह्वान गर्दै गर्वको स्थानको नामले चिनिएको तल्ला शुद्ध भूमिहरूमा हरियो प्रकाशका किरणहरू चम्किए । यहाँ आशीर्वादहरू एउटा सेतो 'अ' अक्षरको रूपमा देखा परेर पण्डरावासिनीमा फिर्ता विलय भयो । दीर्घायुका बुद्ध अमितायुस र उहाँको सहचरीको मिलन भएको स्थानबाट त्यसपछि अमृत र 'मं', 'लं', 'मं', 'बं', 'तं' र 'अ' देखा परे । प्रत्येक अक्षर एक अर्कामा विलय हुनको लागि अगाडि बढे र अन्तमा ती अक्षरहरू एउटा सेतो 'हृ' अक्षरमा विलय भए । त्यस अक्षरले दस करोडवटा 'हृ' अक्षरहरूको प्रादुर्भावहरू उत्पन्न गर्यो । त्यसबाट यस संसारमा एकै साथ ती अक्षरहरूको महान् वर्षा भएको जस्तो भयो । विशेष गरी, रातो र सेतोको मिश्रण भएको 'हृ' अक्षर भएको एउटा सारभूत थोपा उल्कापात भए जस्तै गरेर साहोर राज्यमा खस्यो । त्यो राजा विहारधरको मुकुटमा खस्यो र उनले सबै सुगत र उनीहरूको उत्तराधिकारीको आशीर्वाद पाए ।

समय

सबै बुद्धहरूको डाकिनीहरूबाट कसरी आशीर्वाद प्राप्त गरियो उहाँको पिता राजाले कसरी आशीर्वाद प्राप्त गरे र अरूको लाभको लागि उहाँले कसरी प्रादुर्भावहरू प्रकट गर्नु भयो भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको बाह्रौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको जन्मको देसलाई हेर्दै

डाकिनीले गर्भमा कसरी प्रवेश गर्नुभयो र पाँच प्रकारको सर्वज्ञानी हेराइ कसरी प्रकट गर्नुभयो बारेको वर्णन ।

यस विश्व प्रणालीको चौरानब्बे महाद्वीपहरू मध्ये केन्द्रीय महाद्वीप यस कल्पका एक हजार बुद्धहरूको पवित्र मैदान हो जहाँ बोधगया, भारत अवस्थित छ । बोधगयाको पूर्व दिशामा लगभग एक हजार माइल चौडाइ भएको साहोर राज्य छ । यो विशाल र देवलोक जस्तै जरी वस्त्र रेशमको ढाँचा जस्तो आनन्ददायी रूपमा आकर्षक छ । यसको चालीस माईल पूर्वमा एउटा चक्रासँग मिल्दोजुल्दो नदीको घाटी जस्तो कामरु (कामरुप) छ ।

त्यस समतल भू भागको केन्द्रमा आठवटा शुद्ध गुणयुक्त, दूध जस्तो सेतो रङको र चम्किलो देदीप्यमान पानी भएको हासा धारी नामक एउटा गोलो, गहिरो ताल छ । यो गहिरो, गोलाकार तालमा मनोकामना पुरा गर्ने रत्न रहेको छ । त्यस ताललाई अलङ्कृत गर्दै करिब एक माइलको दूरीमा अकल्पनीय रूपले सुन्दर फूलको बगैंचा र मनोहर पोखरीहरू छन् । कैयन् प्रकारका चरा र हाँसले मधुर लयमा चिरबिर गर्छन् । सबै दिशामा गुफाहरू र चम्किलो नीलो पत्रे चट्टानका कन्दराहरू छन् । त्यस स्थानका बासिन्दाहरू रूपमा आफै अति आकर्षक छन् । दक्षिण पश्चिम दिशा तर्फ करिब चालीस माइलको दूरीमा महान् देश मानिका छ । यसको पहाडी चुचुरोहरू अत्यन्त अग्ला छन् र यसको जङ्गल प्रचुर मात्रामा छ भने यसको जमिन फूलहरूले ढाकिएको छ । यो देशको मध्य भागमा महान् पद्म दरबार छ । त्यहाँ बस्ने सबै मानिसहरू बहादुर, जवान र स्वस्थ छन् ।

दक्षिण दिशा तर्फ करिब चालीस माइलको दूरीमा महान् खेल नामक भयानक श्मशान घाट छ जहाँ कोताला नामक एउटा महान् स्तूप छ जुन एक लाख जना डाकिनीहरूले बनाएको हो; यसरी यो एक लाख कोतालाको रूपमा पनि जानिएको छ । दिनको समयमा यो अन्धकारले ढाकिएको हुन्छ; साँझमा यो आगोको ज्वाला जस्तो गरेर दन्किन्छ । प्रेत र चिहानका आत्माहरू सँगै बाघ, चितुवा र ब्वाँसो जस्ता वन्य जन्तुहरू घुमफिर गर्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसको शरीरलाई ढाक्नको लागि पुग्ने ठूला हरिया पात भएका त्यहाँका रूखहरूलाई दारुसा भनिन्छ । त्यहाँका बयरहरू आकारमा मानिसको पाखुरा जत्रै छ र स्वादमा तीतो छ । पानी अशान्त छ र हावा रूखो छ । मानवको लासमा गिद्धहरू ओइरन्छन् र मेनिहा नामक एकजना ऋषि त्यहाँ बस्छन् । यो श्मशान घाट सिल्वाइछाल जस्तै छ । यो संरक्षकहरू महाकाल, गिंग र रातो चेनको निवास हो ।

दक्षिण पश्चिम दिशामा करिब चालीस मीलको दूरीमा महान् रातो दरबार नामक देश छ । यसको पर्वत र मैदान दुवैको रङ रातो छ । सीतन नामक एउटा नदी यस देशको बीचबाट बग्छ । उपत्यकाहरू पूर्णतया घना जङ्गलले भरिएको छ । सम्पूर्ण भूमि खुसी र परम सुखको कृपा प्राप्त छ । पश्चिम तर्फ करिब चालीस माइलको दूरीमा महान् देश दाहिना छ । यसको मुख्य सहरको नाम अमृतको बगैंचा हो जहाँ व्यापार व्यवसाय, धन र भौतिक समृद्धि प्रचुर मात्रामा छ । यहाँका सब्रै बासिन्दाहरू खुसीसाथ र मिलेर बस्छन् ।

उत्तर पश्चिमी दिशा तर्फ करिब चालीस माइलको दूरीमा अन्य कैयौँ भूमिले घेरिएको चतामा नामक महाद्वीप छ । यस क्षेत्रको बीचमा महान् कप्तान ल्हवाङ खोरपा बस्छन् । पाँच सय व्यापारी नाविकहरूसँग उनी मनोकामना पुरा गर्ने रत्न जम्मा गर्नको लागि समुद्रमा नाउ खियाउँछन् ।

उत्तरतर्फ करिब चालीस माइलको दूरीमा महान् देश तालुमा छ । यहाँका सबै बासिन्दाहरू सुन्दर गहनाहरू लगाउँछन् र धनलाई ठूलो मान्यता दिन्छन् जुन तिनीहरूसँग प्रशस्त हुन्छन् । सबै जना माननीय र मिलेर बस्ने भएकोले त्यहाँ लोभ र कलह छैन ।

उत्तर पूर्वी क्षेत्रमा बहुमूल्य रत्नको बगैंचा नामक एउटा क्षेत्र छ, जहाँ काट्नु पर्ने फसलको खाँचो छैन र त्यहाँ धेरै किसिमको अन्न फल्छ । जङ्गलहरू घना छन् र सुन्दर तास कुचिन रेशम प्रचुर मात्रामा छ ।

उपरोक्त क्षेत्रहरूमा बीसवटा अलग राज्यहरू छन् । कानुनहरू निष्पक्ष छन् र कडा रूपमा लागू हुन्छन्, त्यसैले त्यहाँ कोही पनि बगरेहरू, वेश्याहरू, वा अशुद्ध व्यवहारका अन्यहरू छैनन् । सबै कुरा धेरै सफा र शुद्ध छ । आठ प्रमुख महाद्वीप बाहिरका चारवटा देशहरूमा कलिंगा, निमसानी छेल, रिमाहाला, बेचे, नाहुति, देवाता, तांग, कुमुद शेपचेल, कोटा चुङवा, यम्पा धिहुता, दोम्बी, ङाम्पा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

पेमाचेन, तनादुग, चण्डाल, शेन्पा, द्रोङ, कुलुटा र अन्य छन् । यी हरेक देशहरूमा एउटा सम्मान जनक सरकार छ ।

यी प्रमुख र सहायक देशहरूको बीचमा बंगालको ठूलो क्षेत्र छ । साहोरको महान् भूमि यो यस क्षेत्र भित्र अस्थित छ । त्यहाँको दरबार सातवटा पर्खालहरूले घेरिएको छ यसको छाना नौ तल्लाको छ । तुलना भन्दा सुन्दर यो देवताहरूको दरबार जस्तै छ । नौ तल्लाको महल नजिकै चारवटा पोखरीहरू छन् जहाँ कैयन् प्रकारका चराहरू र फूलहरू प्रचुर मात्रामा छन् । त्यहाँ मानिसको भाषा बोल्ने सुगा र हाँसहरू छन् । देव लोकका सबै प्रकारका चराहरूले आफ्नो सम्बन्धित भाषाहरूमा गाउँछन् । वरपरका स्थानहरूमा त्यस जिल्लाका पाँच सय दस जना नेताहरूसँग एक सय जना बाह्य मन्त्रीहरू र पचास जना भित्री मन्त्रीहरू छन् । यो भारतको सबै देशहरू मध्ये सबैभन्दा धेरै रबाफिलो थियो र यो प्राणीहरूलाई निर्देशन गर्ने उद्देश्यको लागि पुनर्जन्म लिने सबैभन्दा राम्रो स्थान थियो ।

अब सम्पूर्ण भूमिले आशीर्वाद पाएको थियो र पहिले कहिले पनि नदेखिएका फूलहरू फक्रन थाले । अनेक प्रकारका चराचुरुङ्गीहरूले धर्मको शब्दहरू बोल्न थाले र दरबारको छानामा इन्द्रेनी प्रकाशका किरणहरू जम्मा भए । त्यस भूमिको राजा, रानी, मन्त्रीहरू, तिनीहरूका प्रजाहरू र अनुचरहरू सबैले शुभ सपना र असल भाग्य आउने सङ्केत देख्न थाले ।

समय

उहाँले आफ्नो जन्म देश कसरी देख्नुभयो र सम्पूर्ण राज्यलाई कसरी आशीर्वाद दिनुभयो भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको तेह्रौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माता र पिता छान्दै

त्यसपछि डाकिनीको लागि आफ्नो पुनर्जन्मको स्थान, जाति र आमा छान्ने समय आयो । भारतको भूमिको पच्चीसवटा राज्यहरू मध्ये बोधगया, उड्डियाना र साहोर आकार, आकृति र सुन्दरताको सन्दर्भमा सबैभन्दा उत्कृष्ट थिए । सम्पत्ति र भौतिक स्रोतमा तिनीहरू सबै भन्दा बढी अलङ्कृत थिए । तिनीहरूको सरकार र न्याय प्रणाली उत्कृष्ट थिए र मानिसहरूको धन र अलङ्कार अतुलनीय थियो । यस अतिरिक्त, मानिसहरूको सुन्दरता, करिश्मा र क्षमता विशिष्ट प्रकारको थियो । साहोरका बासिन्दाहरू सम्यक् सम्बोधि प्राप्त प्राणीहरूको सातवटा धनले अलङ्कृत थिए ।

अघिल्लो समयमा, थुब्जिन नाउँ गरेको पवित्र ऋषिले बुद्ध कश्यपको पाउमा अध्ययन गरेका थिए । बुद्धको भविष्यवाणी अनुसार उनले बोधिचित्त उत्पाद गरेर बौद्ध हुनको लागि उपासकको आधारभूत एकल प्रतिज्ञा गरे । आफ्नो प्रतिज्ञालाई कायम राख्ने प्रतिज्ञा गर्दा उनले अनुशासनलाई कायम गर्नमा कठिनाइ भएको पाए । साहोरको देशको मध्य भागमा उनी तांगकर पर्वतमा बसे । निर्मल एकाग्र ध्यान भावनामा निपुण भए पछि उनी ध्यान दिने निर्देशहरू प्राप्त गर्नको लागि आफ्नो शिक्षक कहाँ फर्किए । त्यसपछि, उनको मन सशक्तिकरणको माध्यमबाट परिपक्व भए पछि बुद्धले गोप्य मन्त्रको पथमा सिद्ध हुनको लागि निम्नलिखित भविष्य सूचक वक्तव्य दिनु भयो-

"क्ये ! तपाईं, ऋषि थुब्जीन, सही बाटोको साधक, चाँडै नै भारतको कपिला नामक स्थानमा जानुहोस् । भास्कर सहस्रकार नामक पहिलाको कल्पमा यो देश कोतमतीको रूपमा जानिन्थ्यो । समपत्र नामक दरबारमा राजाको नाम चुङपुजीन थियो र रानीको नाम रिन्छेन नाङचे द्रोन्मे ओ थियो । उनीहरूको छोराको नाम भास्करश्री थियो । राजाको एक अविच्छिन्न शासन पछि शाही पङ्क्तिमा एक हजारवटा पुनर्जन्म लिए पछि राजाले ब्राह्मणहरूको राजाको रूपमा पुनर्जन्म लिए ।

त्यस जीवन पछि, उनी यहाँ जन्मिएका थिए र अहिले ऋषि थुब्जीन वाङपोको रूपमा चिनिन्छन् । पहिले उनी एकजना समुद्री कप्तानकी छोरी थिए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसको आमा रानी अनन्त थिइन् । अहिले, पूर्वी दिशाको कपिलवस्तु सहरमा, उनको पिताको नाम रत्नपाल हो र उनको आमा जानकी हुन् । दुवै जना शाक् वंशका संत हुन् र उनीहरूको सुन्दर छोरी पद्म श्रीसागर हुन् । तिनी गोप्य अभिषेकद्वारा परिपक्क भएपछि, पद्म श्रीसागरले तपाईंको छोरा दावे क्येउ ड्राइमलाई लिएर तपाईँको शाही वंशलाई अगाडी बढाउने छ । समय बित्दै जाँदा धेरै जना बोधिसत्त्वहरूको जन्म हुनेछ "

यो भविष्यवाणी सुनेर सन्त थुब्जीन कपिलवस्तु गए । त्यहाँ तिनको बहुमूल्य गहना र फूलले सजिएकी एकदमै सुन्दर कन्यासँग भेट भयो । उनी एउटा बगैंचामा आफ्नो पाँच जना परिचारिकाहरूसँग थिइनू र ऋषिलाई देखेपछि उहाँलाई सहानुभूतिले सम्बोधन गरिन्-

"क्ये ! आकर्षक व्यक्ति जसको भद्र चाल चलन एउटा राजा हाँसको जस्तै छ, जसको महान् उपस्थितिले राजसी गौरवको सङ्केत गर्दछ र जसले आफ्नो ध्यान भावनाको शक्ति द्वारा प्राणीहरूको चित्तहरूलाई शान्त बनाउँछ ! तपाईँको तरिका र शैली एकजना ऋषिको जस्तो छ, आँखाको लागि आकर्षक ! सुन्दर, कृपया मलाई भन्नुहोस् कि तपाईँको माता पिता को हुनुहुन्छ र तपाईं कुन जातिको हुनुहुन्छ ? तपाईंको इमानदार आचरणले तपाई बुद्धको चेला हुनुहुन्छ भन्ने सङ्केत गर्दछ । तपाईँ यहाँ के उद्देश्यले आउनु भएको छ ? कृपया मलाई भन्नुहोस् "

ऋषिले जबाफ दिए- "क्ये ! म बुद्धको एक शिष्य हुँ । मेरो नाम थुब्जीन हो । मेरो बुबा सन्तहरूको महान् वंशको शाही कुलको हुनुहुन्छ । मेरी आमा ऋषि पद्म यिनोङ्की हुनुहुन्छ र मेरो देश साहोर सिताना हो । तपाईंको माता पिताको नाम के हो र तपाईँको जन्मको जाति के हो? "

तिनले जबाफ दिइन् - "क्ये ! मेरो देश नेपालको भूमि हो र मेरो सहर कपिलवस्तु हो । हाम्रो पुर्खा शाक्य वंशको हो । मेरो बुबाको नाम रत्नपाल हो र मेरी आमाको नाम जानकी हो । मेरो नाम पद्म श्रीसागर हो र यी सँगैका साथीहरू मेरो परिचारिकाहरू हुन् । तपाईं अब मसँग हाम्रो घरमा भिक्षा माग्नु आउनु पर्छ "

सन्त तिनको घरसम्म सँगै गए जहाँ उनलाई उत्कृष्ट सम्मान र आतिथ्य देखाइयो । त्यसपछि उनले आफ्नो माता पितालाई उनी बुद्धको एक शिष्य भएको र नाम थुब्जीन बताइन् । उनले बताएका थिए कि बुद्धले तिनीहरूकी छोरी पद्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीसागरको बारेमा एउटा भविष्यवाणी सुनाउनु भएको थियो त्यस कारणले तिनी उनीहरू कहाँ आएका हुन् । यो सुनेर, तिनीहरूले उनलाई आफ्नी छोरी दिए, जसलाई तिनले अभिषेक प्रदान गरे ।

उनी तिनीसँग साहोर देशमा फर्किए, जहाँ उनीहरूका छोरा दावे क्यु ड्रीमेको जन्म भयो । ती राजकुमार यति विशिष्ट थिए कि उनको क्षमतालाई चुनौती दिन सक्ने कोही पनि थिएन । उनले सिंहासन ग्रहण गरेर साहोरको सम्पूर्ण राज्यमा शासन गरे । उनी त्यस भूमिमा शासन गर्ने एक हजार दुई जना राजाहरूमा सफल भएका थिए । यस शाही वंशका अन्तिम राजा विहारधरका छोराको रूपमा उनी शक्तिशाली शासक बने । आफ्नो महान् प्रभुत्वको अधीनमा, आफ्नो राज्यको शासन शक्तिमा वृद्धि भयो । त्यसपछि उनले आफ्नो दुलहीको रूपमा राजगृहका राजा गाछेकी प्यारी छोरीलाई लिए जसको नाम राजकुमारी आनन्दकर थियो । तिनीहरूले विवाह गरेर तिनीहरूका दुईजना छोराहरू भए, पावोदे र नोर्ब्योंङला जो दुबै जना विगतको जीवनमा राजाका पिता थिए ।

विहारधर अहिले राजा शुद्धोधन र रानी आनन्दकर डाकिनीको वंशको चौबीस रानी रत्न दीपङ्करको प्रमुख देवी हुन् । अब विधि र प्रज्ञाज्ञानको मिलनको परस्परमा भर परेको कर्म मातृ कूलमा र आमा र बुबाको जातिमा प्रकट भएको छ जसले तालिम दिनु पर्ने मानिसहरूको आवश्यकतालाई पूरा गर्ने कुरा ध्यानपूर्वक छनौट गरेका छन् । सबैलाई आश्चर्यजनक आशीर्वाद दिइयो ।

समय

उहाँले कसरी आफ्नो आमा र बुबाको वर्ग छान्नुभयो उहाँहरूमा कसरी आशीर्वाद निनुभयो भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको चौधौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्भ प्रवेश

त्यसपछि, घोडा वर्षको दसौं महिनाको दसौं दिनमा, डाकिनीले आराम गर्नको लागि एउटा आरामदायक आसन राजा र महारानीको दरबारमाथि पाउनुभयो । बाह्य र भित्री मन्त्री मण्डलहरू र तिनीहरूका सबै प्रजाहरूले मधुर लयमा गीत गाएर विभिन्न वाद्य यन्त्र बजाउँदै थिए । त्यहाँ नृत्य, घोडा दौड, जादु कला र गोलंदाजी भइ रहेको थियो । जम्मा करिब अठार प्रकारका विभिन्न खेल र नाटकहरू प्रदर्शन गरिएका थिए ।

त्यस दिन आकाश चारै तिरबाट चम्किलो इन्द्रेनी प्रकाशले भरिएको थियो । बादलहरू बीचमा विभिन्न वाद्य यन्त्रहरूको आवाज सुन्न सकिन्थ्यो । यसबाट सबै प्रजा र सेवकहरू आश्चर्यचकित भएका थिए र अथक भएर आफ्नो आश्चर्यलाई निरन्तर रूपमा घोषणा गरे । पञ्चरङ्गी महान् इन्द्रेनी प्रकाशको किरण राजा र रानी माथि देखा परेर आकाशको अनिरन्तर क्षेत्रहरूमा पानीको वर्षा भए जस्तै गरेर रातो कमलका फूलहरू र सुनौलो, हरियो र अन्य रंगको चम्पा फूलको वर्षा भयो । सबैले वास्तवमा नै तिनीहरूलाई आफ्नो हातमा जम्मा गर्न सक्थे !

यी सबै सङ्केतहरू मन्त्रीहरू, प्रजाहरू र राज्यका सर्व साधारण मानिसहरूको सामु भएका थिए र यो महान् नायक बोधिसत्वहरू र सम्पत्तिका रक्षक देवताको जन्मको समयमा भएको सङ्केत भन्दा बढी अचम्म लाग्दो भएको सबैले महसुस गरे । चन्द्र पात्रोको यस शुभ दसौं दिनमा यतिका धेरै चमत्कारहरू देखा परेकोले राजाले एक पुत्र जन्माएको हुनुपर्छ, एक पूर्ण रूपले सम्यक् सम्बोधि प्राप्त बुद्धले यस संसारमा प्रवेश गर्नु भएको छ वा एकजना चक्रवर्तीको जन्म भएको छ भनेर सबैले टिप्पणी गरे ।

त्यो साँझ, राजा र रानी दुवैले सपनामा धेरै अनौठा सङ्केतहरू देखे । राजाले सपनामा सेतो स्फटिकले बनेको एउटा स्तूप उनको मुकुटबाट जन्मेको देखे । त्यस स्तूपको टुप्पो आकाशसम्म पुगेको थियो । त्यस स्तूपको कलश आकारको मध्य भागमा असङ्ख्य डाकिनीहरूले नृत्य गर्दै मधुर लयमा गीत गाइरहेको थियो । तिनीहरूलाई धेरै जना डाकहरूले समर्पणका अनेकौ वस्तुहरू चढाउँदै वरिपरिबाट घेरेका थिए । त्यस स्तूपको प्रकाशले सम्पूर्ण संसारलाई ढाक्यो । त्यसको टुप्पोमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्य र चन्द्र अङ्कित थियो र यसले असाधारण रंग र असाधारण ढाँचाको प्रकाशको किरण उत्पन्न गर्यो । सैंतीसवटा उच्च लोकभरि नै त्यसको प्रकाश पुरै फैलियो ।

त्यसको बदलामा रानीले सपनामा इन्द्रेनीको कणहरूले भरिएको एउटा प्रकाशको किरण उनको मुकुटमा विलय भएको देखिन् । प्रत्येक कण भित्र नृत्यको सुन्दरताको झलक दिंदै आठ वर्ष जति उमेरकी एकजना सेतो वर्णकी डाकिनी देखा परिन् । प्रत्येक डाकिनीले ओं, हुँ, सो, अ, हा र मं, लं, मं, बं, तं गाइरहेका थिए । आफ्नो मूलभूत आवाजमा पञ्चरङ्गी रङ्हरूमा चम्कँदै यी अक्षरहरू उत्पन्न भएर वर्षा जस्तो वर्षिदै रानीको पाँचवटा ऊर्जा केन्द्रहरूमा बिस्तारै बिस्तारै विलय हुँदै गए । उनले शारीरिक परम आनन्दको अनुभव गरिन् । तिनको शरीर पञ्चरङ्गी प्रकाशको किरणले भरिएको थियो र भित्र र बाहिरबाट निर्मल बन्यो । सबै जना डाकिनीहरू उनको मुकुटमा विलय भएर सेतो, पहेँलो, रातो, हरियो र नीलो पञ्चरङ्गी प्रकाशको किरण 'अ' र 'बं' अक्षर बनेको थियो । उनको शरीरमा विलय हुँदै र प्रकाशका किरणहरू लगातार चम्किँदै ती अक्षरहरू आगोको ज्वाला जस्तै भयो ।

बिहान रानी ब्यूँझेपछि आकाशमा घण्टी बजेको कोमल आवाज सुन्न सकिन्थ्यो । उनले हेर्दा, सेतो रेशमी वस्त्र लगाएर हाडको गहना लगाएकी सोह्र वर्ष जति उमेरकी एकजना सेतो वर्णकी सुन्दर डाकिनी देखा परिन् । सोह्र जना अरू डाकिनीहरूले घेरिएकी उनी नृत्य मुद्रामा थिइन । रानीले दुवै हात जोडेर तिनीहरूलाई गहिरो आदर भावले प्रार्थना गरिन् । त्यसपछि सेतो वर्णकी मुख्य डाकिनीले निम्न शब्दहरू बोलिन्-

"काके ताना हं ए ! हे त्रुटि विहीन पुरा गुणहरू भएकी व्यापक वायुको प्रकृति,
बुद्धत्वको कर्म द्वारहरू अनन्त भएपनि,
तपाईं, समय तारा, चलायमान वायुको मण्डल हो ।
महान् न्यानोपनकी स्वामिनी, देवी सहचरी पाण्डरावासिनी,
यो चेतनाको आकाशको गहन मण्डल धातेश्वरी मन्दारवा हुन् भन्नेबारे
के तपाईंलाई थाहा छ ?
हे त्रिकालका बुद्धहरूकी एकमात्र माता
हे सबै कुराको सर्व व्यापक आधार
यसले तपाईंको कायको रूपमा रहन्छ भन्ने कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के तपाईँलाई थाहा छ ?
पाँचवटा आदि प्रज्ञाज्ञानहरू पाँचवटा रङहरूको प्राकृतिक प्रकाशका किरणहरू हुन्
हे माता के तपाईँलाई थाहा छ कि यो तपाईँको आशीर्वादको कारणले भएको हो ?

पाँच अभिषेकहरू परिवारका डाकहरूको खेल हो । पाँचजना सहचरीहरूको प्रज्ञाज्ञान तपाई भित्र रहन्छ भन्ने कुरा के तपाईँलाई थाहा छ ? बोधिचित्तको आदि कालिन प्रज्ञाज्ञान चेतनाको आठ क्षेत्रहरूको पूर्ण शुद्धताको रूपमा रहन्छ । आठवटा वस्तुहरू यस अत्यावश्यक प्रकृतिको रूपमा रहन्छ भन्ने कुरा के तपाईँलाई थाहा छ ? शुद्धीकरण गरिएका चारवटा धर्म सिद्धान्तहरू सबै गुणहरू पुरा भएको आकाशका विस्तारहरू हुन् । चार अप्रमाणहरूको डाकिनी त्यहाँ रहन्छन् भन्ने के तपाईँलाई थाहा छ ? वास्तविक डाक सहचर त्रिकालका बुद्ध हुन् ।

यो चारवटा आनन्दको प्रत्यक्ष आशीर्वादको अनुभव हो भन्ने कुरा के तपाईँलाई थाहा छ ? कुनै भ्रम बिना, लालसाहरू स्वयम् मुक्त छन् । यो महान् परम आनन्दको आदि प्रज्ञाज्ञानको रूपमा रहन्छ भन्ने कुरा के तपाईँलाई थाहा छ ? आमा, तपाईँ जिनपुत्रहरूको तीनवटा मूर्तरूपहरूको दरबार हुनुहुन्छ । पाँचवटा सबै मूर्तरूपहरू तपाईँ भित्र रहन्छन् भन्ने कुरा तपाईँलाई थाहा छ ? ऊर्जा नाडीहरूको शुद्ध प्रकृतिको परम आनन्ददायक दरबारमा, वायुको शुद्ध तत्वको डाकिनीलाई के तपाईँले चिन्नुहुन्छ ? आदि प्रज्ञाज्ञानको पाँचवटा प्रकाशका किरणहरू, दसवटा वायुको शुद्ध प्रकृतिको विस्तारमा के तपाईँले आत्यावश्यक तरलहरूको शुद्ध प्रकृतिको डाकिनीलाई चिन्नुहुन्छ ?

महान् आनन्दको अत्यावश्यक तरल पदार्थको धर्म दरबारको स्रोतमा के तपाईँले त्यहाँ बस्ने बुद्धको देवी सहचरीलाई चिन्नुहुन्छ ? हे प्राकृतिक प्रज्ञाज्ञानको आदि शुद्ध माता, महान् परम सुखको परम डाकिनी तपाईँ भित्र रहनु हुन्छ । धेरै डाकिनीहरूले अभिषेक प्रदान गरेका छन् र बानी व्यहोरागत प्रवृत्तिबाट मुक्त रहेको परिपक्क पार्ने निर्देशन प्राप्त भएको छ । सहचरीहरूसँग पूर्ण रूपमा सम्पन्न पुण्य रहेको छ र बज्रकुल असल भाग्यले सम्पन्न रहेको छ । सबै जिनपुत्रहरूको आमा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनको पूर्ण सम्पन्न प्रज्ञाज्ञानको साथ र पूर्ण रूपमा सम्पन्न विधिको तालमा जन्मिनु भएको प्रभु अभिन्न छन् ।

सूर्य र चन्द्रको यस प्रकाशको किरणको माध्यमबाट, गलत अवधारणाहरूको अन्धकारलाई हटाइन्छ । सबै प्राणीहरूको मुक्तिको सानदार असल भाग्य होस् ! "

तिनीले बोल्दा, तीन पटक फूल र अन्नको वर्षा भयो र स्पष्ट चिन्ह देखा पर्यो । सबै डाकिनीहरू आकाशमा विलय भए । दरबारको, बाहिरी, भित्री, माथिल्लो र तल्लो क्षेत्रहरूमा धेरै फूलहरू देखिए र महसुस गरियो । धेरै प्रकारका अन्नहरू सबै ठाउँमा भएको देखियो र अनुभव गरियो । रानीको बोध निर्मल भयो र उनको शरीरमा खुसी र शान्ति छायो । राजालाई उनले आफ्नो अनुभव विस्तृत रूपमा सुनाइन र तिनले रानीलाई आफ्नो सपनाबारे वर्णन गरे । दुबै जनामा खुसी र परम सुख भरियो ।

उनीहरूको मिलनको समयमा, तिनीहरूले दुबैले आफू अगाडिको आकाशमा आ-आफ्नो सहचरी सहित पाँच जना बुद्धहरूलाई देखे । तिनीहरूको मिलनको बिन्दुबाट ओं, हं, सो, आ, हा र मं, लं, मां, बं, तं, का साथै स्वर र व्यञ्जनहरू रातो र सेतो रंगमा देखा परे । तिनीहरू दुवैले तिनीहरू आफ्नो शिरको मुकुटमा विलय भएको अनुभव गरे र पाँच जना बुद्धहरू प्राकृतिक रूपले प्रतीत्यसमुत्पादको सार मन्त्र बन्यो, जुन त्यसपछि उनीहरूको शरीरमा विलय भयो ।

एक महिना पछि कैयन् डाकहरू आएर विशेष अत्तरले आफ्नो शरीरलाई अभिषेक गरेको रानीले अनुभव गरिन् । तिनी पहिले भन्दा धेरै सुन्दरी भइन् । प्रत्येक महिना बित्दै जाँदा रानीको रूप झन् झन् युवा र देदीप्यमान हुँदै गएको सबैले उल्लेख गरे । "हामी माझमा एकजना डाकिनी छिन्," तिनीहरूले भने ।

समय

सर्वदर्शी पाँचवटा अवस्थाहरूको माध्यमबाट उहाँले कसरी प्राकृतिक रूपमा आफ्नी आमाको गर्भमा प्रवेश गर्नु भएर पञ्चकुलको आदिकालीन प्रज्ञाज्ञानको अभिषेक प्रदान गर्नुभयो भन्नेबारे यहाँ वर्णन गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माता पितालाई वन्दना

पाँच महिना पछि रानीले आफ्नो शरीर भित्र प्रकाशको एउटा मण्डल आएको अनुभव गरिन् । रातमा उनको शरीर स्वाभाविक रूपले चमकदार भएको सबैले देख्न सक्थे । राजाले तिनलाई भने "तिम्रो शरीर प्रकाशको आलय जस्तो छ । अन्धकारमा यो आगोबाट निस्केको उज्यालो जस्तो स्पष्टसँग चम्किन्छ । यो तिम्रो पेटमा बच्चा भएको एउटा सङ्केत जस्तो लाग्छ । के तिमीलाई त्यस्तो लाग्छ ? के तिमीले यस्तो हुने कारण बनेको केही गहन गोप्य निर्देशहरू सुन्यौ ? "

रानीले जबाफ दिइन- "मैले मेरो शरीरमा कुनै पनि पीडा महसुस गरिनँ । तथापि, मेरा स्तनहरू सुनिँदै छन् र मेरा सबै शारीरिक चालहरू महत्त्वपूर्ण ऊर्जाले उचालिएको जस्तो लाग्छ । मैले मेरो सपनामा उत्कृष्ट सङ्केतहरू देख्नलाई जारी राखेको छु, तैपनि मैले कुनै सार निर्देशन पाएको छैन । यदि मैले साँच्चै नै देवपुत्र बोकेको भए त्यस बेला घटेका घटनाका लक्षणहरूले यो कुरा सङ्केत गरेको हुनुपर्छ । तथापि, कहिलेकाहीँ मैले मेरो पेटबाट आउने स्वर र व्यञ्जनको आवाज सुन्ने गर्छु । यो मलाई पहिला थाहा भएको कुनै पनि अनुभव जस्तो छैन । यसको अर्थ म गर्भवती छु या छैन भन्ने हो कि होइन भन्नेबारे मलाई यकिन छैन"

रानीले सफाइ र स्नान गरेर शुद्धीकरण गर्ने कामलाई कायम राख्नमा ठूलो ध्यान दिइन् । प्रत्येक महिना बित्दै जाँदा, पेटबाट आउने आवाजहरू झन् झन् स्पष्ट हुँदै गयो । राजा र सबै मन्त्रीहरूले रानी निश्चय नै गर्भवती भएको कुरा बताए । स्वर र व्यञ्जनको आवाज झन् झन् स्पष्ट हुँदै गयो र उनको शरीर दिन र रात दुवैमा प्रकाशको गोला जस्तो देखिन थाल्यो । वास्तवमा नै एकजना चक्रवर्तीको जन्म हुन गइरहेको छ कि भनेर सबै आश्चर्यचकित भए । कैयन् विशेष समारोहहरू आयोजना गरिए र कुनै नयाँ थप सङ्केतहरू बिना नौ महिना बितेर गयो । पुरुष काठ घोडा वर्षमा, दसौं महिनाको दसौं दिन बिहान हुनु भन्दा पहिला नै आकाश मण्डल गोलाकार इन्द्रेनी प्रकाशको किरणको प्रस्फुटनले भरियो; सबै जनालाई यसमा विश्वासै लागि रहेको थिएन । त्यहाँ वर्गाकारमा पहेँलो प्रकाशको किरण, अर्ध चन्द्रको आकारमा रातो प्रकाश, त्रिकोणको आकारमा हरियो र विभिन्न आकारका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीलो प्रकाश पनि थिए । सम्पूर्ण साहोर राज्यभरि सङ्गीतको वाद्य यन्त्रको आवाज सुन्न सकिन्थ्यो । इन्द्रेनीका अनेकौँ बादलहरू दरबारको छानामा जम्मा भयो र जमिन भरि सेतो, रातो र पहेँलो फूलहरू उत्पन्न भएर फक्रिए । आकाशबाट रङ्गीबिरङ्गी फूलहरूको वर्षा भयो । सबै पर्वतहरूलाई अनेकौँ रङ्गीबिरङ्गी धुवाँको बादलले ढाक्यो । पृथ्वीमा कम्प हुन थाल्यो र चराहरूले सबैभन्दा सुमधुर गीतहरू गाउन थाले । नरम रेशमी जरी वस्त्र अचानक देखा पर्यो, त्यस्तै गरेर खानको लागि तयारी अवस्थाको अन्नहरू र फलफूलको थुप्रोहरू उत्पन्न भए । यी असङ्ख्य चमत्कारहरू हेर्नको लागि अति अचम्म लाग्दा थिए । सूर्य उदाउँदै गर्दा रानीले बच्चालाई परम सुख पूर्वक बिना कुनै पीडा जन्माइन् । बच्चालाई कपडामा लपेटिएको थियो जसको कपाल घुङ्रिएको र आकाशे नीलो रङ्को थियो । उनको अनुहार सुखले दीप्तिमान् रहेको चम्किलो र उद्दीप्त थियो । बच्चाले ओं, आ, हुँ र स्वर र व्यञ्जनहरू गाउँदै थियो । बच्चाले आफै उभिएर माता र पितालाई दण्डवत् गर्यो, त्यसपछि माता पिताको सम्मानमा यो आनन्ददायी गीत गायो-

"ए मा हो ! तपाईँको पहिलाको पुण्यले गर्दा
राजा इन्द्रभूतिको रूपमा चिनिनु हुन्थ्यो र
अहिले तपाईँ साहोर परिवारको मेरो बुबा बन्नुभयो
हे महान् गुणका विद्वान्, म तपाईँलाई दण्डवत् गर्छु !
शाही दर्जाको शक्तिशाली देवी, मेरी आमा,
म तपाईँलाई दण्डवत् गर्छु,
आकाशको विस्तारको परम सुखकी माता !
मेरा जन्महरू अशुद्धताबाट मुक्त भए पनि,
तपाईँ महान् दयाको आमा बाबुले मलाई जन्म लिनको लागि
भाग्यशाली अवस्था सिर्जना गर्नुभयो
मलाई कार्मिक शरीरमा पुनर्जन्म लिने कुनै अभिप्राय नभए पनि
म नायिका, प्राणीहरूलाई लाभ पुऱ्याउनको लागि आएकी छु ।

म साहोर राज्यमा खुसी र परम सुख स्थापित गर्नको लागि आएकी छु । गर्भको दाग द्वारा कुनै असर नपरेको, मैले पुनर्जन्म लिनमा कहिल्यै डर मानेकी छैन । पण्डरावासिनीको अवतारको रूपमा चिनिएकी म तीन कालका बुद्धहरूको आमा हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आकाशबाट पानीको वर्षा भए जस्तै गरेर यस संसारमा आएका म जस्ता दसौं लाख महिला बोधिसत्त्वहरू छन् । संसारको दलदलमा नफसेर, तिनीहरूले मुक्तिको पथको तालिम गर्छन् । म मन्दारवाको सु-परिचित नाम धारण गर्ने एक जनाको रूपमा आएकी छु ।

यी शब्दहरू सुनेर, सबै जना पूर्णतया चकित भए । त्यस क्षण देवताहरू वास्तवमा नै आकाशमा उपस्थित थिए र तिनीहरूले तिनको शरीरलाई तीन पल्ट अमृत परागले नुहाइ दिए । नागहरूले विभिन्न प्रकारका मनोकामना पुरा गर्ने रत्नहरू ल्याएर दरबार वरिपरि चारै दिशामा थुपारे । थुप्रै रत्न निधिहरू अनायासमै निस्किए । त्यसपछि रानीले यी शब्दहरू बोलिन्- "ए मा हो ! हाम्रो दयालाई स्विकार गर्नको लागि आफ्नी माता मलाई र पितालाई दण्डवत् गर्ने सबैभन्दा आश्चर्यजनक देवपुत्रीलाई जन्माएकोले म महान् पुण्यवती महिला हुँ । अतुलनीय भन्द्र गुणले युक्त भएकी सुन्दरी नायिका तपाईँको जन्मको क्षणमा तपाईंले सु-मधुर गीतहरूले हामीलाई प्रसन्न तुल्याउनुभयो र आफू मन्दारवा भएको घोषणा गर्नुभयो । तपाईँले मेरो शरीरमा प्रवेश गर्दा मेले परम सुख मात्र थाहा पाएँ ।. अब हाम्रो प्रत्यक्ष रूपमा एकजना वास्तविक, अचम्म लाग्दो, आदि प्रज्ञाज्ञान डाकिनीसँग भेट भएको छ । तपाईँ जन्मको पीडाबाट मुक्त हुनुहुन्छ । तपाईँको आमाको शरीरले परम सुखको अनुभव गरिन् । बाह्य र भित्री धर्मताको बहुमूल्य निधिहरू प्रकट भएका छन् । साहोर राज्यमा इन्द्रेनी प्रकाश र सुगन्धित वासना व्याप्त भएको छ । आदि प्रज्ञाज्ञान देव देवीहरूले तपाईंको शरीरलाई तीन पटक नुहाइ दिए । छोरी, तपाईँले आफ्नी आमालाई उमङ्गले भरि दिनु भयो ! "

यी शब्दहरूलाई भद्र गुणकी माताले ठूलो मुस्कानले स्वागत गर्नुभयो, जसले यो गीत गाउनुभयो- "ए मा हो ! म, तपाईँकी छोरी पण्डरावासिनी, एक प्रज्ञाज्ञान डाकिनी हुँ ! परमार्थ सत्यमा, मेरो मौलिक प्रकृति शून्यताको सर्वोच्च प्रज्ञाज्ञान हो । म दीर्घायुका बुद्ध अमितायुसकी सर्वोच्च सहचरी हुँ । म सम्यक् सम्बोधि प्राप्त भद्र गुणहरूलाई उत्थान गर्ने छोरी हुँ । एक हजारजना बुद्धहरूको एकमात्र पिता रक्षक अवलोकितेश्वर हुनुहुन्छ । उहाँको आशीर्वादले म सबै प्राणीहरूलाई आफ्नै जस्तो गरेर हेरचाह गर्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म कुनै अपवाद बिना सबै प्राणीहरूलाई तिनीहरूको कर्म समाप्त नभएसम्मको लागि मुक्ति तर्फ डोऱ्याउँछु । अनन्त स्वर्गको अभिव्यक्ति अचिन्त्य छन् । प्राणीहरूको मन तह लगाउनको लागि तिनीहरू सम्भव भए जति जुन सुकै पनि तवरमा यहाँ प्रकट भएका छन् । म पुण्यको पथ देखाउने एक छोरी हुँ । परिश्रमले उत्पन्न नगरिएको भूमि आदि रूपमा शुद्ध, आदि पिता समंतभद्र हुन् । यो सबै सुगत र तिनीहरूका उत्तराधिकारीहरूका साथै सबै प्राणीहरूको आधारभूत प्रकृति हो । अन्ततः 'माथि' र 'तल' को अस्तित्व छैन र प्रकृतिमा बराबर छ । धर्मकाय जस्तै सबै आदि रूपमा अद्वैध छ ।

"म सबै चीजको आधार हुँ । अद्वैध, हाम्रा माता पिता रहेका छ लोकमा प्राणीहरूको लागि करुणाका साथ आकाशको दिशा विहीन विस्तारमा र सबैलाई स्पष्ट पार्ने सूर्य जस्तै सबै सर्वोच्च सुख, आमाले बच्चालाई सुरक्षा गरे जस्तै गरेर मैले सबै प्राणीहरूलाई समताले हेरचाह गर्छु ।

"कुनै पनि जीवित प्राणीलाई कुनै पनि समयमा हानि पुऱ्याउनु हुँदैन । विशेष गरी, अकुशलता, नकारात्मकताको कारणलाई अनिवार्य पूर्ण रूपले त्याग्नु पर्छ ! शारीरिक रूपले जम्मा गरेको अकुशलमतालाई यसको स्थानमा पक्रनु पर्छ र परस्परमा भर परेका सबै कार्यहरूलाई समूलमा नष्ट गर्नु पर्छ । यो व्यक्तिगत मुक्तिमां तपाईँको छोरीका प्रतिज्ञाहरू हुन । गुरु मेरो शिरको मुकुटबाट अभिन्न हुनुहुन्छ, जहाँ मैले कलश, गोप्य, प्रज्ञाज्ञान र पूर्ण अभिषेकहरू प्राप्त गर्छु । यस रूपको बाह्य ठोस रूपमा न लिप्सीकन, म त्रुटि विहीन जागरणको वास्तविक, परम देवी देवतालाई अवलोकन गर्छु । यो तपाईँको छोरीको गोप्य मन्त्रको उत्पन्न क्रमको अभ्यास हो ।

"एक्काइस हजार छ सयवटा नाडीहरूमा ठोस र सूक्ष्म दुवै महत्त्वपूर्ण ऊर्जाहरूलाई समान रूपमा केन्द्रीय ऊर्जा नाडीमा तानिन्छ । समुच्चय र तत्त्वहरूलाई जलाउँदै आदि कालिन प्रज्ञाज्ञान अग्नि चम्किलो स्पष्टतासँग प्रदीप्त हुन्छ । उपाय र प्रज्ञा, सूर्य र चन्द्रको मिलनद्वारा शुद्धीकरणको अमृत तल आउँछ । परम आनन्दको परम अभिव्यक्तिको अत्यावश्यक प्रकृतिलाई सिद्ध गरिन्छ । त्यो तपाईँकी छोरीको सम्पन्न क्रमको अभ्यास हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"खाली र चम्किलो शुद्ध मण्डलको चेतनाको बज्र साङ्लो पाँचवटा आदि प्रज्ञाज्ञानको चमकलाई प्रदर्शन गर्ने पाँचवटा रङहरूको एउटा भुँवरी हो । निर्णायक बिन्दुको प्रवेशद्वार मार्फत उदय हुने र मुक्त हुने काममा निपुण भइन्छ । चार स्वतः प्रकट हुने आभासहरू धर्मकायमा पूर्ण छन् । भूमिको अद्वैध एक्‌ल प्रकृतिमा महान् आत्मविश्वास पाइन्छ । यो तपाईँकी छोरीको दृष्टिकोण र ध्यान भावना हो । बाहिरी रूपमा, दूषित शरीर प्रकाशको अभिव्यक्तिको रूपमा मुक्त हुन्छ । भित्री रूपमा मनको प्रकृति पाँचवटा सम्यक् सम्बोधि प्राप्त अभिव्यक्तिको सारभूत प्रकृतिको रूपमा सिद्ध हुन्छ । गोप्य रूपमा घटनाको प्रकृतिको कलश अभिव्यक्ति पूर्ण हुन्छ । अनुपम सारको अभिन्न भूमिको आत्मविश्वास पत्ता लगाइन्छ । त्यो तपाईंको छोरीको सफलताको स्थिति हो । "मूल सम्यक् सम्बोधिको सर्वोच्च अवस्था पत्ता लागे पछि, यो व्यापक नृत्य पाँचवटा अभिव्यक्तिहरूको प्राकृतिक स्थानको जादुई प्रदर्शन हुन्छ, जहाँ केही पनि अधूरो हुँदैन । महान् परम सुख र शून्यता -पुरुष र महिला मिलन - को विधिले मुख्य र सहायक सङ्केतहरूको सम्यक् सम्बोधि प्राप्त अभिव्यक्ति प्रकट हुन्छ । यो तपाईंको छोरीको प्रकट हुने विधि हो । प्राणीहरूको क्षमता बमोजिमले तिनीहरूको मनलाई तह लगाउनको लागि उपाय कौशलका विधिहरू प्रयोग गरिनेछ । स्थायी परम सुखको त्यस स्थानबाट कहिले पनि नफर्किने गरि सबै प्राणीहरूलाई अस्तित्वको तल्लो लोकहरूबाट मुक्तिको सर्वोच्च अवस्थामा निष्पक्ष रूपले डोऱ्याइने छ । प्राणीहरू प्रतिको तपाईँकी छोरीको प्रतिबद्धता यो हो । गुंरु नै सबै विजयीहरूको सबै अभिषेक र आशीर्वाद स्रोत हो । आदरको शुद्ध शब्दहरू राख्नु मुख्य बुँदा हो र तपाईँ गुरुबाट कहिल्यै पनि अलग हुनु हुने छैन । हे रानी, यी शब्दहरूको महत्त्वपूर्ण बुँदाहरूलाई बेवास्ता नगर्नुहोस् !"

यसरी यी शब्दहरूलाई डाकिनीको मोहरले सिलछाप गरिएको थियो ।

उहाँले बोलिसकेपछि, राज्यका सबै जनताहरूका साथै सबै दिशाहरूमा सम्पूर्ण जन साधारणले विभिन्न प्रकारका बहुमूल्य गहनाहरू चढाएर तीन महिनासम्म सबैले डाकिनीको जन्म उत्सव मनाए । तीन महिनापछि ती बालिकाको अचम्म लाग्दा गुणहरू भारत भरि नै प्रख्यात भयो । उहाँको प्रसिद्धि बढ्‌दै जाँदा सबै देवताहरू, नागहरू, गैर मांनव आत्माहरू र आठ वर्गका आत्माहरू अचम्ममा परेका थिए । ज्योतिष शास्त्रमा निपुण एक जना पवित्र ऋषिले यी लक्षणहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जाँच गरे, तै पनि कुनै पनि तरिकाले प्रतिक्रिया दिनमा असमर्थ रहे । त्यसपछि महाराजाले भने- "क्ये ! सूक्ष्मदर्शि क्षमता भएका सबै पवित्र ज्योतिषहरू, हाम्री यी छोरीले किन यस्ता उत्तम सम्यक् सम्बोधि प्राप्त गुणहरू प्रदर्शन गर्ने गर्छिन्, कृपया हामीलाई बताउनुहोस् । भविष्यमा हुन सक्ने नकारात्मक कुरा केही छ भने कृपया केही कुरा पनि नलुकाइकन त्यसबारे हामीलाई सङ्केत गर्नुहोस्"

राजाको आज्ञाअनुसारको जाँचपछि एक ऋषिले यस्तो प्रतिक्रिया दिए-

"ए मा ! परम पूजनीय पिता, राजा लेयीवाङ ! मन्दारवा नाउँको राजा र रानीको यी छोरी बज्र कूलको डाकिनीको शारीरिक लक्षणहरूले युक्त छिन् । उनको वाकले उनी पद्म कूलकी भएको सङ्केत गर्दछ ।

उनको चित्तले सङ्केत गरेको लक्षणले उनलाई पाँच आदि कालिन प्रज्ञाज्ञानलाई उत्थान गर्ने सङ्केत दिन्छ । प्राणीहरूको लाभको लागि अकल्पनीय सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरू अभिनय गर्ने उनको प्रशस्त महान् गुणहरूले उनी नृत्यको शक्तिशाली देवी हुन भनी कुरा प्रकट गर्छ । उनी संसारमा नरहने चमत्कारिक रूपमा जन्मिएको राजकुमारको सहचरी हुन । प्रतिकूल घटनाहरू घट्नेछन् र लापरवाहीका कार्यहरूको कारणले गर्दा राज्यका नियमहरूलाई परीक्षण गरिनेछ । परम पूज्य पिताले गहिरो पछुतोबारे थाहा पाउने समय आउनेछ, तर अन्त्यमा गएर सबैलाई पथमा स्थापना गरिनेछ । आफ्ना सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूका साथ यी पद्मसंभव कति आश्चर्यजनक छिन् ! यस कल्प खाली नभएसम्म उनका गुणहरूको प्रसिद्धि कायम रहनेछ ! अस्तित्वको यो संसारमा मासु भएकाहरू धेरैजना छन् तर एकजना प्रज्ञाज्ञान डाकिनी उदुम्बरा फूल जस्तै हो । यस्ता प्राणीहरूको सामर्थ्यलाई बोध गर्न सक्ने क्षमता यहाँ कसैसँग पनि छैन "

उनले बोलिसकेपछि, राजा र रानी दुवै आनन्दित भएर उत्सव मनाउनको लागि तिनीहरूले ठूलो धनराशि खर्च गरे । त्यसपछि ऋषिहरू आ-आफ्ना स्थानहरूमा फर्केर गए । समय

उहाँको जन्मको बारेमा र आफ्नो माता पिताको दयाको लागि उहाँहरू प्रति आभारी हुँदै उहाँले कसरी वन्दना गर्नु भयो भन्नेबारे व्याख्या गरिएको एउटा अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवनहरू र मुक्तिको सोह्रौं अध्याय यहाँ पूरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारबाट विरक्ति

समय बित्दै जाँदा मन्दारवाले तीन सेतो र तीन गुलियो पदार्थहरू ग्रहण गर्नुभयो, उहाँको शरीर ठूलो भयो अनि दरबारमा खुसीसाथ सुरक्षित रहनु भयो । आठ वर्षको उमेर हुँदा आफ्नो कैयन् परिचारिकाहरूसँग उहाँले दरबारको छानामा चढ्ने साहसिक कार्य गर्नुभयो जसबाट उहाँहरूले दरबारका पर्खालहरूभन्दा बाहिर नजर लगाउनुभयो र क्रियाकलाप र खेलहरूमा व्यस्त भएका धेरै मानिसको भीडलाई देख्नुभयो ।

राजकुमारीले पूर्व दिशा तर्फ हेर्दा उहाँले सातवटा बच्चा जन्माइ रहेको एउटा पोथी सुँगुर देख्नुभयो । यदि बच्चा जन्माउँदाको पीडा साँच्चै धेरै तीव्र हुन्छ भने उहाँले आफैले सोच्नुभयो- 'पुनर्जन्मको यो कहिले पनि नरोकिने चक्रमा रहनु भन्दा मुक्ति तर्फ डोऱ्याउने विधिहरू किन नसिक्ने ?' त्यसपछि उहाँले एउटी बालिका रोएको सुन्नुभयो । ध्यान दिएर सुन्दा उहाँले थाहा पाउनु भयो कि ती बालिकाले एउटा बच्चा जन्माइ रहेकी थिइन । त्यसपछि राजकुमारीले सोच्नुभयो- 'एकजना महिलाको रूप संसारमा दुख कष्ट भोग्ने आधार हो । यी सुँगुरहरूको आमाले समेत बच्चा जन्माउँदाको पीडालाई सहनै पर्छ तैपनि उनको भ्रमको कारणले गर्दा उनी उनको दुःखको कारणसँग नै आसक्त रहेकी छिन् ! सबै कुरा कर्मद्वारा निर्धारित हुन्छ तै पनि अरूको दयाको बदला चुकाउने विचार केहीमा मात्र रहेको हुन्छ'

यस दुर्दशाबारे चिन्तन गर्दै राजकुमारी मन्दारवाले एकाग्रचित्तको भक्ति भावले साथ प्रार्थना गर्नुभयो- "नमो ! बुद्ध, धर्म र संघ -त्रिरत्नलाई वन्दना ! लामा, इष्टदेव र डाकिनी त्री मूलहरूमा वन्दना ! अब म माथि ध्यान दिनुहोस् र यो प्रार्थना पूरा गर्नमा मलाई सहयोग गर्नुहोस् ! म र मसँग जोडिएका जसको नकारात्मक कर्म र अन्योलताले जसलाई अन्योलताको चक्रमा पुनर्जन्मको अन्त्यहीन चक्रमा बाँधेको छ ती सबै जना असहनीय दुख कष्टको यस महासागरबाट तत्काल मुक्त होस र मुक्तिको अजन्म अवस्था प्राप्त होस् ! कृपया हामीलाई कर्मको संसारबाट मुक्त गर्नुहोस् ! दुख कष्टबारे हामीलाई फेरि कहिले पनि थाहा नहोस् !"

यो प्रार्थना गरिसकेपछि, राजकुमारीले दक्षिण तर्फ हेर्नुभयो र दुईवटा लट्ठीको सहारा लिएर हिंडिरहेका एकजना बूढा मानिसलाई देख्नुभयो । उनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो शरीरलाई घिसार्दा उनको दुई घुँडाहरू बाटोमा भएको मानिसको दिसामा लतपतिदैं जान्थ्यो र त्यो दिसा पनि आफूसँगै सोहोर्दै लान बाध्य थियो । प्रत्येक चालको साथ उनले रुँदै निराशाको ठूलो सुस्केरा हाल्थे- "मैले त्यस्तो दुःख पाउने त्यस्तो के गरेको थिए ?"

यो दया लाग्दो दृश्य देखेर राजकुमारी विक्षिप्त हुनुभयो र करुणाले अभिभूत हुनुभयो । उहाँले फेरि यस्तो प्रार्थना गर्नुभयो- "अवलोकितेश्वर, त्रिरत्न र तीन मूलहरू, ध्यान दिनुहोस् ! हाय ! छ वर्गका सबै माता पिता प्राणीहरू युवा अवस्था बुढ्यौलीमा परिवर्तन हुने पीडाबाट टाढै रहन सक्दैन । हामी असहाय छौं, हाम्रा अङ्गहरू अशक्त हुन्छन् र काम गर्न छोड्छन् । हाय, कस्तो नकारात्मक भाग्य ! यस्तो दुःख कष्ट सधैंको लागि बिलाएर जाओस् ! "

यसरी उहाँले एकचित्त भएर प्रार्थना गर्नुभयो ।

त्यसपछि राजकुमारीले पश्चिम तर्फ हेर्नुभयो र कुष्ठ रोग र अन्य सङ्क्रामक रोगहरू लागेको धेरै पुरुष र महिलाहरू देख्नुभयो । उहाँले उनीहरूको पीडाको क्रन्दन समेत सुन्न सक्नुहुन्थ्यो । तिनीहरूको छाला खुला घाउ र गिर्खाहरूले ढाकिएको थियो । उनीहरूको रगत बगिरहेको आन्तरिक अङ्गहरू समेत बाहिर निस्किएका थिए । तिनीहरूका नसाहरू पीपले भरिएका थिए र चारै तर्फ दुर्गन्धि फैलिएको थियो । उनीहरूका टाउकोका कपाल र आँखीभौँहरू सबै खसेको थियो कि उनीहरूको टाउको तामाको डाडु जस्तो देखिन्थ्यो ।

पीडाले अपाङ्ग र कूँजो भएका तिनीहरू मर्न सकेका थिएनन्, तैपनि तिनीहरूले अझै पनि यसरी नै बाँच्ने आशा राखेका थिए । उनीहरूलाई सहायता गर्नको लागि किन कुनै औषधि नभएको ? उहाँले फेरि यसरी प्रार्थना गर्नुभयो- "तीन बहुमूल्य रत्न र आर्यहरूको आशीर्वादले प्राणीहरूलाई यस्तो रोग दिने नकारात्मक कर्म पूर्ण रूपमा शान्त होस् ! तपाईंको करुणाको गहन, सर्वोच्च औषधि दिनुहोस् ! म र सबै समयका सबै माता पिता प्राणीहरूले बिरामी वा रोगको डर कहिल्यै पनि थाहा नपाओस् । हामीलाई यस्तो दुःखबाट मुक्त रहेको अवस्थामा राख्नुहोस् ! "

त्यसपछि उहाँले उत्तर दिशा तर्फ हेर्नुभयो । एउटा घरबाट धुवाँ निस्कँदै गरेको देख्नुभयो । विलापका आवाजहरू स्पष्ट रूपमा सुन्न सकिन्थ्यो । अझ राम्ररी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेर्दा, उहाँले एकजना रोगी व्यक्तिलाई देख्न सक्नुभयो जसका आँखाहरू उनको टाउकोमा गाडिएका थिए । त्यहाँ धेरै खास खुस आवाज सुनिन्थ्यो र मानिसहरूले न रुनु भन्दै थिए । त्यस मानिसले बिस्तारै सास फेर्न छाड्यो र अन्त्यमा मऱ्यो । उनको छेउछाउमा भएका मानिसहरू सबै गए भने अन्य धेरै जनाले लासलाई गाड्न लाने तयारी गर्न थाले ।

"हाय !" उहाँले भन्नुभयो- "मृत्युको पीडा यस्तो हुन्छ ! अपरिहार्य, यो संसारको नकारात्मक कर्मको अपरिहार्य परिणाम हो । म र आकाश समान सबै माता पिता प्राणीहरूले स्थानान्तरणको हाम्रो कर्मलाई समाप्त पार्न सकोस् र मृत्युबाट स्थायी स्वतन्त्रता प्राप्त गरेको अवस्था प्राप्त गर्न सकोस् । निर्मल उत्कृष्ट परम सुखको अवस्था प्राप्त होस !" उहाँले यो प्रार्थना गर्दा उहाँको हृदय गह्रौँ भयो र दरबारमा फर्केर जाँदा उनको आँखाबाट आशुको धारा बग्यो ।

यो देखेर रानीले आफ्नो मुटु जति नै बहुमूल्य छोरीलाई के भयो भनेर सोध्नुभयो । के उहाँ बिरामी हुनु भएको हो ? के उहाँ लडेर आफूलाई चोट पुर्याएको हो ? तिनले माया गरेर उहाँलाई म्वाइ खादै र उहाँको आशु पुछि दिँदै सुमसुम्याउनु भयो । त्यसपछि डाकिनीले भन्नुभयो- "हाय ! हे महान् दयाकी खानी आमा ! यस मनले समष्टि करण र तत्वहरूको यस रूपमा पुनर्जन्म लिएको छ ! आज म तम्सिएर दरबारको छतमा पुगे अनि यस संसारमा सहनु पर्ने नकारात्मक कर्मको पीडालाई पहिलो पटक देखेँ । जन्म, वृद्ध उमेर, रोग र मृत्युको पीडा अपरिहार्य छ ! हाय ! यस बारेको विचारलाई अब म सहन सक्दिन । आफ्नो कर्मलाई समाप्त पार्ने कुनै उपाय नभएर महिलाहरू बन्दी बनेर संसारमा बाँधिएका छन् ।

यो छालहरूको अनवरत प्रहार जस्तै हो । अस्तित्वमा जन्मेका सबैले हृदय विहीन मूर्खहरूले जस्तै गरेर अनिवार्य रूपमा यस्ता दुःखहरूको अनुभव गर्नु पर्दछ ! अहिले मलाई यस्तो दुःखको अस्तित्वबारे थाहा भएपछि म केही पनि न गरीकन बस्न सक्दिन । जसरी जाँच गरिए पनि संसार मुक्ति प्राप्त गर्नु पर्ने केही चीज हो । युवा अवस्थालाई लम्ब्याउने वा वृद्ध हुने प्रक्रियाबाट कोही पनि जोगिन सक्दैन । हामी भुइमा खसेका चराहरू जस्तै जीर्णतालाई निषेध गर्ने कुनै पनि तरिका छैन । हामी भुइमा खसेका चराहरू जस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छौं, उड्नमा असमर्थ । हाम्रा अङ्गहरू असहाय भएर खुम्चिएर हामीले एकजना अपाङ्गले जस्तै सङ्घर्ष गर्नु पर्छ । जसरी जाँच गरिए पनि यो कष्ट मुक्त हुन सकिँदैन !

"अब मैले अनिवार्य रूपमा मुक्तिको बाटो खोज्नु पर्छ । अघिल्लो कर्मको शक्तिले एउटा तरबारले सय पटक रोपे जस्तै रोगको पीडालाई सहनु पर्छ । कार्मिक कार्य कारणको वास्तविकता माथि विश्वास न गरीकन एकजना व्यक्तिले निरन्तर रूपमा बाधा र कष्टहरू बाहिरी शक्तिले थोपरेको हो भन्ने सोचि रहन्छ । यो भ्रम पूर्ण गलत धारणाबाट मैले सबै प्राणीहरूलाई मुक्त पार्नुपर्छ ! बित्दै गएको प्रत्येक दिन, महिना र वर्षसँगै यस संसारमा जन्म लिएका हामीले अनिवार्य रूपमा हाम्रो जीवन समाप्त हुँदै गएको अनुभव गर्नु पर्छ । मृत्युको विपत्तिको समय आए पछि त्यसलाई स्थगित गर्न कोही पनि सक्षम छैन । यद्यपि एक जना आफन्त र प्रिय मित्रहरूले घेरिएर रहेको भए पनि जीवन हरेर लगिँदा एउटा धिपधिप गरिरहेको मैनबत्तीको उज्यालो जस्तै गरेर घ्यूबाट बाहिर निकालिएको एउटा कपालको रेसा जस्तै मृत्युको साँघुरो मार्गमा अनिवार्य रूपमा एक्लै प्रवेश गर्नु पर्छ ।

भार्दोको साँघुरो पथको हाम्रो एकल यात्रामा माता पिता आफन्त र मित्रहरू समेत शरण वा सुरक्षा दिन सक्दैनन् । कर्म समाप्त नभए हामीले अनिवार्य रूपमा सहनु पर्ने सबै दुख कष्टहरू हाम्रो बुझाइ भन्दा बाहिर छ । मृत्यु आइ पुगेपछि पछुतो मनाउनु धेरै ढिलो भइसकेको हुन्छ । यमराजको अगाडि हाम्रो पछुतो र अफसोस व्यर्थमा खेर जानेछ । मलाई यस्तो टार्न नसकिने घटना कहिले हुनेछ भन्नेबारे मलाई आश्चर्य छ ? हाम्रो अवस्थाको तुच्छतामा म रुन बाहेक केही पनि गर्न सक्दिन । यो अवसरलाई सराहना गर्नमा असफल हामी असफल हुँदा जीवन हावाको झोका जस्तै गरेर बितेर जान्छ । मेरो डर र अटकलको तीव्रताको कारणले गर्दा म मेरो आफ्नै ओछ्यानमा आराम गर्न नसकेसम्म यसबारे मैले सोच बिचार गर्नु पर्छ । अहिले मेरो एकमात्र सोचाइ सम्भव भएसम्म चाँडो पवित्र धर्म अभ्यास गर्न पाउने ठाउँमा जानु हो । हे महान् दयालु माता पिता, कृपया मलाई तपाईंहरूको अनुमति दिनुहोस् !" उनको शब्दहरू सुनेर रानीको मन भय र चिन्ताले भरियो ।

"छोरी," उनीले उत्तर दिइन्- "तपाईं तपाईंको आमाको आँखा र हृदय जस्तै हुनुहुन्छ । तपाईंलाई अन्यत्र पठाउने विचार गर्न हामीलाई सजिलो छैन । तपाईं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युवा, अनुभवहीन र अत्यन्त आकर्षक हुनुहुन्छ । यदि तपाईंले मानिसहरूलाई भेट्नु भयो भने तपाईंलाई धर्मलाई अनुसरण गर्न गाह्रो हुन सक्छ । के अभ्यास गर्नको लागि यहाँ दरबारमै बस्नु राम्रो होइन ?"

मन्दारवाले उत्तर दिनुभयो- "आमा, कृपया सुन्नुहोस् । मलाई यस संसारको साधारण घटनामा चासो छैन । म एकजना आध्यात्मिक मार्ग दर्शकलाई भेट्न चाहन्छु जसले मलाई आवश्यक निर्देशन दिन सक्छ । मैले ती निर्देशनहरू प्राप्त गरिसकेपछि म मुक्त नभएसम्म तिनीहरूलाई पूरा गर्नेको लागि मरिमेट्ने छु । यदि म दरबारमै बसे भने त्यस अभ्यासको भित्री अर्थलाई कसरी प्राप्त गरेर त्यसलाई साक्षात्कार गर्ने छु भन्नेबारे कल्पना गर्न मेरो लागि कठिन छ –संसारको घटना छक्याउने खालको हुन्छ ! यदि म एक्लै भएँ भने मैले चाहे अनुसार खुसी र दुखी हुनको लागि म स्वतन्त्र हुने छु । हे बुबा र आमा, यदि तपाईंहरूले मलाई करुणाले हेर्नुहुन्छ भने मलाई तपाईंहरूको अनुमति दिनुहोस् !"

विचलित भएकी रानी तत्काल राजा कहाँ गएर सबै कुरा बताइन् । राजाले उत्तर दिए-

"हाम्री छोरी जवान र अरूको सहजै प्रभाव पर्ने खालकी छन् । उनलाई केले धेरै कुराहरू सोच्ने बनाएको हुन सक्छ ? तिनी सानै र अपरिपक्व छिन् । उनलाई धर्म प्राप्त गरेर त्यसमा सिद्ध हुन कठिन हुनेछ । म सम्भवतः उसलाई यसरी एक्लै जाने अनुमति दिन सक्दिन । अर्कोतर्फ, यदि मैले उनीलाई नोकर चाकरहरूसँग पठाएँ भने तिनीलाई लक्ष्य प्राप्त गर्न कठिन हुनेछ । जेसुकै भए पनि, हाम्रो छोरी दरबारमै रहनु पर्छ ! तिनी लामो समयसम्म यो विचारमा अडेर बस्न सक्दिनन् । उनको अपरिपक्व, अरूको सहजै प्रभाव पर्ने मन सूर्यलाई छोपेर उड्ने बादलहरू जस्तै गरेर परिवर्तन हुनेछ । सुरुमा ठूलो भए पनि उनको उत्साह, एउटा गुपी माछाको छोटो पुच्छर जस्तै अन्त्यमा गएर घटेर जाने छ । तथापि, ऋषिको साँचो भनाइ अनुसार, यदि उसले एकजना आध्यात्मिक गुरुलाई भेटिन् भने तिनी धर्मको मार्गमा संलग्न हुने छिन्"

रानी आफ्नो छोरी कहाँ फर्किइन र भनिन्- "तपाईंकी यी आमाको एकमात्र चिन्ता हे मन्दारवा, तपाईंको पिताले के भन्नु भएको छ कुरा सुन्नुहोस् र तपाईं खुसी हुनु हुनेछ ! हामी तपाईंलाई त्यस्तो ठाउँमा पठाउन सक्दैनौं जहाँ हामीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपाईँलाई देख्न वा हेरचाह गर्न असमर्थ हुने छौं । तर तपाईं विचार त्यही नै रहेसम्म तपाईँ दरबारमा रहेर मनग्गे धर्म अभ्यास गर्ने सक्नु हुनेछ । छोरी, म, तपाईँकी आमाले तपाईंको हरेक आवश्यकताको लागि सेवा गर्ने छु !" यो कुरा सुनेर मन्दारवाले सोध्नुभयो- "मेरो अस्तित्व नै मेरो माता पिताको दयाको कारणले गर्दा भएको हो" र त्यसैले उहाँले माता पिताको कुरा मान्ने उत्तर दिनुभयो ।

समय

उहाँको दुख र सन्सारीक अवस्था प्रति प्रबल विरक्ति र धर्मको पथलाई अनुशरण गर्नको लागि उहाँको अनुरोधबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको सत्रौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाह्य विज्ञानहरू सिद्धि

त्यसपछि उत्कृष्ट ऋषि कमलश्रीको मार्गदर्शनमा साहित्य, अक्षर योजनको सबै पक्षहरूमा आफूलाई डुबाउँदै राजकुमारी दरबारको माथिल्लो कक्षमा बस्न थाल्नुभयो । पाँच प्रमुख, आठ गौण र सय शाखा र सहायक ग्रन्थहरू पुरै नबुझेसम्म उहाँले अध्ययन गर्नुभयो । त्यसपछि उहाँले पूर्वी र पश्चिमी भारत, ओड्डीयाना, मरुता, नेपाल, राक्षस, डाकिनी, सबै सीमाको भूमि, सिहल र याङचेन उपाको भाषाहरूको साथै सम्भाला राज्यको लिखित लिपि र अन्य कैयनमा पारङ्गत हुनुभयो । उहाँ यी भाषाहरू पारङ्गत मात्र हुनु भएन तर उहाँले स्थानीय भाषिकाहरू पनि राम्ररी सिक्नुभयो । उहाँ एकजना प्रतिद्वन्द्वी विहीन विद्वान् बन्नुभयो । धर्म विरोधी अतासी बौद्ध धर्ममा प्रवेश गरेर आफै आध्यात्मिक शिक्षक बने । उनलाई दरबारमा आउनलाई निम्तो दिइयो । राजकुमारीले कविता, तर्क र व्याकरण जस्ता दसवटा गैर बौद्ध विषयहरू अध्ययन गर्नुभयो । उहाँले समाधिराजा र अन्य जस्ता महान् सूत्रहरू अध्ययन गर्नुभयो । उहाँले बुद्धको बोल्नु भएको सबै शिक्षाहरूको उपदेश र आगम प्राप्त गर्नु भएको थियो त्यस माथि पुरै चिन्तन गर्नुभएको थियो । त्यस समयमा उहाँले पच्चीसवटा सूत्रहरूको त्रुटि विहीन बुझाइ विकास गर्नुभयो । उहाँले मन्त्रोच्चारण र आध्यात्मिक लयबारे जान्नु पर्ने सबै कुराबारे पनि अध्ययन गर्नु भएको थियो ।

एक दिन, राजकुमारीले दरबारको झ्यालबाट बाहिर हेरि रहनुभएको बखत, उहाँले दक्षिणी तारबारमा महिलाहरूको एक ठूलो भिड जम्मा भएको देख्नुभयो । त्यस समूहलाई सम्बोधन गर्दै एकजना सुन्दर महिला तिनीहरूको शिरमा बसिन् । तिनले हातमा एउटा अरूरा (हर्रो) को हाँगा लिएकी थिइन र त्यस बिरुवाको धेरै गुणहरूबारे व्याख्या गर्दै थिइन् । यसको तीतो स्वाद बाहेक हर्रोमा कुनै विशेष गुण हुँदैन भनेर एउटा रूखमा चढेकी एक जना महिलाले तिनीलाई खण्डन गरिन् । सुन्दर महिलाले उत्तर दिइन् "हर्रो उत्पत्तिको बीउ हो र बिरुवाहरूको सुनौलो बहुमूल्य आभूषणको रूपमा यसलाई बुद्धले आशीर्वाद दिनु भएको थियो । 'अ' पूर्ण शुद्धताको अजन्म गहना हो । 'रु' प्राणीहरूलाई असर पार्ने रोगहरूको अबाधित व्याख्या हो । 'रा' करुणाको प्राप्ति हो । यस बिरुवाको आठवटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किनाराहरू आर्य अष्टाङ्गिक मार्गको प्रतीक हो । आठवटा मुखहरूले आठवटा रागहरूको शुद्धीकरणको प्रतीक हो ।

असल जराहरू अस्तित्वको घटनालाई नाश पार्न सकिन्छ भन्ने कुराको प्रतीक हो ! फराकिलो टुप्पो विस्तारित महान् गुणहरूको प्रतीक हो । बाहिरी बोक्रा टर्रो र तीतो हुन्छ यसले सबै प्रकारका विषाक्त गुणहरूलाई हटाउँछ । भित्री बोक्रा अमिलो हुन्छ यसले सबै रोगहरूलाई नास गर्छ । यो सबै जिनपुत्रहरूको चित्तलाई प्रसन्न तुल्याउने एउटा पदार्थ हो । धर्मको परम अर्थ शून्यता हो भन्ने कुरालाई जनाउँदै यो बिरुवाको भित्री फेद खोक्रो हुन्छ । संसारको धर्महरूलाई क्रमशः समाप्त पार्दै लानु पर्छ भन्ने कुरालाई जनाउँदै यो बिरुवाको फेद फराकिलो र बोक्रा तह तह परेको हुन्छ । यी थुप्रै तरिकामा, अरुरा बिरुवाले उत्तम, महान् गुणहरूलाई मूर्तत्व बनाउँछ र यसमा धेरै औषधीय गुणहरू छन् !" बिरुवाको गुणको बारेमा सोध्दा, उनीले भनिन्- "यदि बेचियो भने यो सुन जस्तो मूल्यवान् हुनेछ, तैपनि यदि कसैले सुनलाई धनकों रूपमा कदर न गरीकन राख्यो भने यो सानो चित्तको अज्ञानताको चिन्ह हो" यो सुनेर, यो समय औषधि विज्ञान अध्ययन गर्ने समय हो भन्ने कुरा मन्दारवाले थाहा पाउनु भयो । त्यो उहाँले तत्काल सुरु गर्नुभयो । उहाँको गुरु बन्नको लागि चिकित्सक रत्नलाई दरबारमा आउने निमन्त्रणा दिनुभयो । सबैभन्दा पहिला उहाँले चिकित्सा तन्त्रको पूर्ण अनुसन्धान गर्नुभयो । त्यसपछि उहाँले चारवटा ऋतुहरू, पाँचवटा तत्वमा एघारवटा परिवर्तनहरूबारे, एक्काइस हजार छ सय प्राणभत ऊर्जाहरू, माता र पुत्रको चार चक्र, असाधारण सात मूलहरू आदि लगायत सबै सम्बन्धित मूल र सहायक ग्रन्थहरूबारे पनि अध्ययन गर्नुभयो । उहाँको अध्ययन विस्तृत र पूर्ण थियो । मौसमको विज्ञानको सन्दर्भमा उहाँले प्रकाश, बादलहरू, आर्द्रता, परमाणुका कणहरू रङहरू र छालहरूको चक्रबारे अध्ययन गर्नुभयो । उहाँले यस विषयसँग सम्बन्धित रहेका अठारवटा जति तन्त्रको अध्ययन गर्नुभयो । उहाँले गर्भमा भ्रूणको विकासका कारणहरू, अवस्थाहरू र भ्रूण विकासको प्रक्रियाबारे पनि अध्ययन गर्नुभयो । ठोस र खोक्रो अङ्गहरूबारे वर्णन गर्ने कटिष्थ र अन्य ग्रन्थहरूबारे अनुसन्धान गर्नुभयो । उहाँले मूल तन्त्रको एक सयवटा सबै अध्यायहरू राम्रो गरेर बुझ्नु भयो । त्यसपछि उहाँले तद् अनुरूपको सिद्धि र अभ्यासको सम्बन्धमा ध्यान दिने बुँदाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्देशनहरू बारेको तन्त्र पनि सिक्नु भयो । औषधिको विषयमा उहाँले अध्ययन गर्नु भएको अन्य धर्मशास्त्रमा ऋषिहरूको पाँच सय सहायक धर्मग्रन्थहरू, एक सय अध्यायहरूमा भएको अजित चिकित्सा शास्त्र र परित्याग पाँचवटा ग्रन्थहरू थिए । उहाँ औषधि विज्ञानको एक जना महान् विद्वान् बन्नुभयो । बिहान सबेरै उहाँ दरबारको माथि जानु हुँदा उहाँले पश्चिमी बगैंचामा एकत्रित भएका धेरै संस्कृतिका मानिसहरू देख्नुभयो । तिनीहरू मध्ये झुत्रो लुगा लगाएका हातमा खटवाङ लिएका एकजना भिक्षुलाई देख्नुभयो । उनको नाम अर्णापा थियो । धेरै मानिसहरूले उहाँलाई प्रश्नहरू सोध्न थाले । उहाँले के भन्नुभएको हो भन्नेबारे केही मानिसहरूले बुझ्न सकेनन्; अरूले स्पष्ट रूपमा बुझे । छलफलहरूले अझ बढी अन्योलता तर्फ डोऱ्यायो तर स्पष्टीकरण आइरहेको थिएन ।

उहाँले आफ्नो ज्ञान विकास गर्नको लागि कहाँ प्रशिक्षण लिनु भएको हो भनेर एक जना जवान केटीले भिक्षुलाई सोधिन् । आफूले लगभग हरेक विषयको अध्ययन गरेको कुरा उनले बताए, आफूले यस विषयलाई विशेष गरेर विस्तृत रूपमा अध्ययन गरेको बताउँदै तिनले उनीलाई धेरै पृष्ठहरू भएको एउटा ज्योतिष शास्त्र देखाए । यदि बालिका बुद्धिमान् हो भने तिनले पनि यसरी नै अध्ययन गर्नु पर्ने कुरा उनले भने । यो कुरा आफूलाई पहिले नै जानकारी भएको कुरा बालिकाले उत्तर दिइन् । आफूले चार वटै ऋतुहरूको चक्र राम्रो तरिकाले पुरै पढेको, महिला र पुरुष लिङ्गसँग बाह्रवटा महिनाहरूको सम्बन्ध, दिनको चौबीस घण्टाको चक्र, समयको विघटन र एक्काइस हजार छ सय श्वासहरूको चक्र कसरी पूर्ण हुन्छ । आफूले ज्योतिष शास्त्रको कालो र सेतो चक्रहरूबारे पनि सम्पूर्ण अध्ययन गरेको तिनीले भनि रहिन् । यी सबै कुराले भिक्षुलाई क्षुब्ध बनायो । बकबकेले जस्तै गरेर हतारिएकोमा उनले बालिकालाई निन्दा गरे । उनीले आफ्नो बुझाइलाई गोलमाल गरेछ भन्ने आरोप लगाए र धेरै बोलेकोमा फटकारे, जुन कुरा तिनी यस्तो विषयहरूमा पारङ्गत नभएको प्रमाण थियो । उनको मौखिक दुर्व्यवहारको लागि बालिकाले उत्तर दिइन- "ज्योतिषबारेको गोप्य निर्देशनहरू मनोकामना पुरा गर्ने निधि जस्तै हो । केही पनि योग्यता नभएको तपाईं जस्तो कसैले यसबारे कसरी कुनै पनि कुरा जानेको दाबी गर्न सक्छ ? सरस्वतीको प्रज्ञाज्ञान ग्रन्थ भित्र ज्योतिषबारे असाधारण निर्देशन छ जसले सापेक्ष सत्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्मिक परिणामहरूलाई स्पष्ट पार्छ भने कालचक्र तन्त्रले अपरिवर्तनीय परम सत्यको विषयमा छलफल गर्छ । सरस्वतीको यो प्रज्ञाज्ञान ग्रन्थ वीणाको आवाज जति नै सुमधुर छ ।

यो महान् छलफलले उत्कृष्ट र नकारात्मक दुवैलाई स्पष्ट पार्छ र हजारौं तरिकामा प्रसिद्ध छ । यो सबैभन्दा भाग्यमानी चित्तहरूको आभूषण हो; यदि भ्रमको स्थितिमा कमजोर रूपमा भौंतारि रहेको कोही मानिस कुनै सुरक्षा बिना रहेको छ भने शास्त्रहरूको महान् निधिसँग सम्पर्क बनाउन मात्र पनि आदि उत्तमहरूको उत्तम प्रज्ञाज्ञानमा सिद्ध हुनु हो । आखिरमा, के यो बुद्धको बहुमूल्य सिद्धान्त होइन ?" उनीले यसरी बोल्नु भएपछि, भिक्षु क्रोधले उन्मत्त भएर उत्तर दिए- "बुद्धको सिद्धान्त तपाईं जस्तो कसैलाई दिइन्छ भन्ने कुरा कसलाई थाहा छ ?" त्यसपछि उनी हतार हतार आफ्नो बाटो लागे ।

त्यसपछि मन्दारवाले आफूले देखेको र सुनेको कुरा रानीलाई भन्नुभयो-

"दरबारको पश्चिममा रहेको बगैंचामा धेरै जना मानिसहरू भेला भएका थिए । तिनीहरू मध्येको एक जना एक युवती थिइन् । तिनका गुणहरू असाध्यै आश्चर्यचकित छन् कि मलाई उहाँसँग भेट्नें उत्कट इच्छा लागेको छ "

रानीले अनुमति दिइन् र मन्दारवा तुरुन्तै ती युवतीलाई खोज्न हिंड्नुभयो । उनलाई भेटेपछि मन्दारवाले भन्नुभयो- "तपाईं महान् बुद्धि भएकी युवती हुनुहुन्छ । तपाईंको माता पिताको हुन्, तपाईं के जातिको हुनुहुन्छ र तपाईं यहाँ किन आउनु भएको हो ?" युवतीले उत्तर दिइन्- "मेरो बुबाको नाम रिचे दावाल्हा हो । मेरी आमा ल्हामो युकी हुन् । मेरो वंश परम्परा मिग्पो दावा देवताहरू हो । म सोह्र वर्ष पुगेकी छु र मेरो नाम पाल्मो शोनू हो । जब म सत्र वर्ष पुगेपछि पश्चिमी साहोर क्षेत्रमा अमृत बगैंचा सहर नजिकै बस्ने छु" मन्दारवाले युवतीलाई आफूले जानेको सबै कुरा सिकाइ दिनुहोस् भनिन् । युवतीले उत्तर दिइन- "धर्ममा मेरो प्रशिक्षण कमजोर भए पनि मैले मेरो पिताजीबाट ज्योतिष शास्त्र विषयमा पवित्र साहित्य अध्ययन गर्ने मौका पाएको छु । मैले मेरो अध्ययनमा एकदम बलियो आत्मविश्वास पाएको छु । तर, त्यस माथि, मलाई थोरै कुरा मात्र थाहा छ । देवी, म तपाईंको गुरु हुनको लागि उपयुक्त उम्मेदवार हुन सक्ने कुरामाथि शङ्का छ । यदि तपाईं कर गर्नुहुन्छ भने म मैले सकेको जति गर्ने छु भनेर प्रस्ताव गर्छु"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दारवा रानी कहाँ फर्किनुभयो । रानीले भनिन्- "हे मेरी हृदयकी छोरी ! तपाईँ कोसँग कुरा गर्दै हुनुहुन्थ्यो ?"

मन्दारवाले उत्तर दिनुभयो-

"आमा, एक अचम्मको युवती छन् जो देव वंशको रिग्चे दावाल्हाकी छोरी हुन । उनको नाम पाल्मो श्होनु हो । तिनले ज्योतिषको विषयमा एकजना भिक्षुसँग बहस गरिन र उनलाई पराजित गरिन् । उनी धर्मशास्त्रमा पहिला प्रशिक्षित छिन् र ज्योतिष शास्त्रमा निकै विद्वान् छिन् । मैले उनलाई त्यस विषयमा मेरो गुरु बन्न अनुरोध गरेँ"

रानीले उत्तर दिइन कि राजाले आफ्नो छोरीको गुरु बन्न एकजना साधारण व्यक्तिलाई कहिल्यै अनुमति दिँदैन, बरु ज्योतिष शास्त्रको विद्वानलाई दरबारमा निमन्त्रणा गरेर बोलाउनु असल हुनेछ । मन्दारवाले उत्तर दिनुभयो-

"पुरुष शिक्षकहरू धेरै कठोर र अहङ्कारी हुन्छन्, तिनीहरूबाट सिक्न गाह्रो छ । मलाई एकजना महिला गुरुआमा मनपर्छ, जो धेरै सज्जन हुन्छ"

त्यसपछि रानी राजासँग कुरा गर्न गइन् । मन्दारवाले कसरी ज्योतिष अध्ययन गर्न चाहेकी छन् र एकजना युवतीलाई उनको गुरुआमा हुनको लागि दरबारमा निम्ताउने अनुमति लिन चाहन्छिन् भन्नेबारे तिनले राजालाई बताइन । साँचै नै, राजाले दृढतापूर्वक महसुस गरे कि राजकुमारीको शिक्षक हैसियत र जातिमा उनी बराबर हुनुपर्छ । उनले परामर्श गर्नको लागि एकजना ऋषिलाई दरबारमा आमन्त्रित गर्ने निर्णय गरे । त्यस अवस्थाबारे ध्यान दिएर जाँचबुझ गरिसकेपछि रिग्चे दावाल्हाकी छोरी एकजना डाकिनीको प्रादुर्भाव हुन र उनी राजकुमारी मन्दारवा सँग स्थायी रूपमा रहनु राम्रो हुनेछ भनेर ऋषिले घोषणा गरे । अन्ततः मन्दारवाको मुख्य शिष्य बन्ने कुरा उनको भाग्यमा नै लेखिएको थियो । यस भविष्यवाणी पछि युवती पाल्मो श्होनुलाई दरबारमा आउने निमन्त्रणा दिइयो । उनी मन्दारवाको परिचारक गणको सदस्य बनिन र उनले ज्योतिषको बारेमा आफूलाई थाहा भएको सबै कुरा राजकुमारीलाई सिकाउँथिन् । केही समय पछि, पाल्मोले प्रवृज्या लिइन र त्यस पछि मन्दारवाको नजिक रहिन् । यस समयमा भारतको भू-भागमा धेरै विधर्मीहरू थिए, त्यस कारण राजाले मन्दारवालाई तर्कको कला पढ्न आदेश दिए । मन्दारवा र पाल्मो दुवैलाई हेतुविद्या सिकाउनको लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले तिनको पहिलाको गुरु अताशीलाई अनुरोध गरे । उनी पाँचवटा विज्ञानको बाह्य र गुह्य दुवै शिक्षाको गुरु थिए । आफ्नो महान् गुणहरूलाई चुनौती दिन सक्ने अरू कोही पनि हुन न हुन्जेलसम्म मन्दारवाले उहाँसँग अध्ययन गर्नुभयो । उहाँले कला, शिल्प र जादुगरीको अध्ययन गर्नुभयो । उस समय भारतमा अस्तित्वमा रहेको हरेक विज्ञानमा सिद्ध हुँदै उहाँ कोही पनि प्रतिद्वन्द्वी नभएको एकजना विद्वान् हुनुभयो ।

समय

बाह्य विज्ञानको अध्ययनहरू उहाँले कसरी पुरा गर्नु भयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको अठारौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाखण्डी क्याब्साल नाग्पोलाई विमुक्त बनाउँदै

त्यसपछि विधर्मी गुरुहरू मध्येको सबैभन्दा प्रसिद्ध मध्येको एक जनाले गौताला नामक भारतीय देशमा यात्रा गरे । उनी वाद-विवादको कलामा यति कुशल थिए कि कुनै पनि बौद्ध विद्वान्ले उनलाई पराजित गर्न सक्दैन थियो । त्यस देशका बौद्ध राजा, राजा चार्जी आफ्नो राज्यमा उनको उपस्थितिबाट विचलित भए । यद्यपि ड्रिमे येसेले दोर्जे पाग्मोको बारेमा एउटा महत्त्वपूर्ण भविष्यवाणी गरेपछि उनी धेरै खुसी भए । भविष्यवाणीमा बताइए बमोजिम नकारात्मक प्रार्थनाको नतिजाको रूपमा क्याब्सेल नाग्पोको रूपमा चिनिएका प्रसिद्ध विधर्मी गुरु वास्तवमा एकजना राक्षसको प्रादुर्भाव थिए । उनको नकारात्मक प्रार्थनाको बल यति शक्तिशाली थियो कि हेतु विद्यामा उनलाई कसैले पनि हराउन सक्दैन थियो । उनको चमत्कारिक शक्तिहरू यति धेरै विकसित थिए कि अरू उनको लागि सुहाउँदो कोही पनि थिएन । भविष्यवाणी बमोजिम उनको नकारात्मक कार्मिक आकाङ्क्षाहरूको श्रापलाई तोड्न सक्ने शक्ति केवल एक व्यक्तिमा मात्र थियो । त्यो व्यक्तिलाई पूर्वी देश बंगालमा भेट्न सकिन्छ र तिनी साहोरको सम्माननीय राजकुमारी आदि प्रज्ञाज्ञान डाकिनी मन्दारवा हुनुहुन्थ्यो । तेह्र वर्षको उमेरमा मन्दारवाले सबै विज्ञानहरूको प्रशिक्षण लिनु भएको थियो र त्यसमा पूर्ण रूपमा सिद्ध हुनु भएको थियो- उहाँ गर्भको असरको कुनै धब्बा नलागेको एकजना डाकिनीको अवतार हुनुहुन्थ्यो । भविष्यवाणीले बताए बमोजिम उहाँले महान् चमत्कारपूर्ण क्षमताहरू देखाउनु हुन्छ र दोर्जे पाग्मोको आशीर्वाद प्राप्त गर्न चाहने जो कसैले उहाँसँग सम्पर्क गर्नु पर्छ । यो भविष्यवाणी सुनेपछि राजा चार्जी र तिनका मन्त्रीहरू भेला भएर साहोरको राजालाई पठाउनको लागि निमन्त्रणा पत्र तुरुन्तै तैयार गरे । पत्रमा यस्तो लेखिएको थियो- "ठूलो शक्ति, धन र शक्ति भएका हे साहोरका राजा, विधर्मी क्याब्सेल नागपोका क्रियाकलापहरू विषालु आगो जस्तो बनेको छ । उनको नकारात्मक दृष्टिकोणले गौतालाको पाँच जना गुरुहरूको धर्म शिक्षाहरूलाई भस्म पारि दिएको छ । उनको आचरण नकारात्मकताको आगोको ज्वालाको पिण्ड जस्तै छ । डाकिनीको भविष्यवाणी अनुसार उनको आगोको ज्वालाहरूलाई निभाउन सक्ने शक्ति भएको एक मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिकार तपाईँको छोरी, राजकुमारी मन्दारवाको शक्तिशाली अमृत हुन । तपाईँको महान् दयाले कृपया उहाँलाई जति सक्दो चाँडो हामी कहाँ पठाउनुहोस् ! "

यो पत्र साहोरको राजालाई पठाइएको थियो र राजा, रानी र मन्त्रीहरू सबै जना छलफल गर्नको लागि भेला थिए । त्यसपछि तिनीहरूले पत्रमा भएको व्यहोराबारे मन्दारवालाई जानकारी दिए । गौताला जानको लागि तुरुन्तै हिंड्नु पर्छ भन्ने कुरामा उहाँ सहमत हुनुभयो । उत्तम पोसाकमा सजिएर मन्दारवाले आफ्नो परिचारक गणसँग त्यस तर्फ प्रस्थान गर्नुभयो ।

उनको आगमनमा राजा चार्जे, तिनका मन्त्रीहरू र सम्पूर्ण राज्यले उहाँलाई ठूलो आदर र सत्कारका साथ स्वागत गरे । मन्दारवासँग बहस गर्नको लागि पाँचजना सबैभन्दा प्रतिष्ठित विधर्मीहरू भेला भए । उहाँले तिनीहरूलाई सजिलै पराजित गर्नुभयो र उहाँको विजय घोषणा गरियो ।

त्यसपछि शक्तिशाली क्याब्सेल नाग्पो आफै आएर मिथ्या दृष्टि सिकाउने छवटा ग्रन्थ लेखहरूको गुह्य अर्थबारे वाद-विवाद गर्न उहाँलाई चुनौती दिए । उहाँले चुनौतीलाई स्वीकार गर्नुभयो र उसलाई सजिलै पराजित गर्नुभयो । त्यसपछि उसले खिसी टिउरी गर्दै उहाँलाई भुल बस भद्र गुण युक्त मानिसले लगाउने पहिरन लगाएकी चालक मुखाले आइमाइ भन्यो । यदि उनको चमत्कारिक क्षमताका हल्लाहरू वास्तविक हो भने तिनीहरूलाई प्रदर्शन गर्न चुनौती दियो । उहाँले त्यस चुनौतीलाई स्वीकार गर्नुभयो र उहाँ अचानक आकाशमा उड्नुहुँदा मन्दारवाले आफ्नो हातले चेतावनी दिने मुद्रा बनाउनुभयो र क्याब्सेल नाग्पो आकाशबाट एउटा ढुङ्गा खसे जस्तै गरेर भुइमा खस्यो । उहाँलाई हराउन सक्छु भन्नेबारे अझै पनि विश्वस्त भएर उसले नौवटा उल्का शिलाले तोर्माहरूले असिना र उल्का शिलाको आँधीबेहरी उत्पन्न गरायो । डाकिनीले एउटा मुद्रा बनाउनुभयो र असिना र चट्याङसँगैको आँधीबेहरी आफ्नै ठाउँमा बिलाएर गयो । आफू उहाँको लागि अझ पनि सुहाउँदो भएको विश्वस्त भएर उसले गंगा नदीलाई एक चरा जति नै हलुका भएर हिंडेरै तऱ्यो । डाकिनीले ताली बजाउनुभयो र उ पानीमा एउटा ढुङ्गा डुबे जस्तै गरेर डुब्यो ।

ऊ देखा परेपछि आफूसँग अन्य कैयन् चमत्कारिक क्षमता भएको दावी गर्दै उहाँलाई आफूसँग प्रतिस्पर्धा गर्न लोभ्याउँदै जोर गरिरह्यो । अचानक छ जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधर्मीहरू आठवटा हिउँ सिंहको रूपमा देखा परे । उनीहरूको मुखबाट आगो र नाकबाट तातो हावा निस्किरहेको थियो र हिंसक थियो । हिउँ सिंह गर्जिए- "जादुकी आइमाइ हामी तँलाई नष्ट गर्छौं" राजा र तिनका सबै सहकर्मीहरूलाई डरले अत्याउँदै तिनीहरू सबै जना मन्दारवाको छेउमा उफ्रिएर पुगे । त्यस क्षणमा डाकिनी “हुँ” भनेर कराउनु भयो । आठवटा हिउँ सिंहहरू कुकुरको छाला बने । एक पटक फेरि ती छजना विधर्मीहरू देखा परे । राजा र उनको टोलीमाथि अचानक मुसलधार विषको वर्षा भयो । विधर्मीहरूको तीनवटा राज्यहरूलाई नष्ट गर्दै विषको वर्षालाई तुरुन्तै उल्टाउँदै डाकिनीले श्वासप्रश्वास शुद्धीकरण अभ्यास गर्नुभयो । आफ्नो शक्ति देखाउन मात्र पर्याप्त छैन यदि उहाँ साँच्चिकै एक जादुगर हो भने उहाँले आकाशमा उडेर त्यसलाई प्रमाणित गर्नु पर्छ त्यहाँ बसेर मात्र केही हुँदैन भन्दै अझै पनि विधर्मीका गुरुले डाकिनीलाई हप्काउने कामलाई जारी राखे । त्यसो भन्दै उ एउटा खतरनाक भालाको रूपमा प्रकट भयो जसबाट तीरको वर्षा उत्पन्न भयो । डाकिनी आकाशमा उड्नु भयो, आफ्नो हातमा तीरहरूलाई समाउनुभयो र तिनीहरूलाई राक्षसहरू तर्फ फर्काइ दिनुभयो जहाँ त्यसले राक्षसहरूलाई छेड्यो । पीडाले छटपटाउँदै रुँदै कराउँदै तिनीहरू आकाशबाट तल भुइमा खस्दा बेहोस भएर मरे । त्यो अन्तिम चमत्कार पूर्ण कामको साथ, विधर्मीहरूलाई पूर्ण रूपले पराजित गरियो र बाँकी सबै अनुयायीहरूलाई धर्मको बाटोमा ल्याइयो । त्यस पछि डाकिनी "नायिका जसले चमत्कारिक रूपमा विधर्मीहरूलाई बसमा पार्नुभयो" नामको रूपमा प्रसिद्ध हुनुभयो र राजा र उनको सबै प्रजाहरूले उहाँलाई व्यापक अर्पणहरू चढाए । तिनीहरूको राज्यमा केही समयका लागि रहेर मन्दारवाले चार आर्य सत्यहरू अध्ययन गरेर गुरु ड्रिमे येसेसँग बोधिसत्त्वको प्रतिज्ञा गर्नुभयो । अन्ततः उहाँ आफ्नै राज्य साहोरमा फर्कनुभयो र आफ्नो महान् माता पिताको निरीक्षणमा धर्मको अध्ययनलाई जारी राख्नुभयो ।

समय

विधर्मी क्याब्सेल नाग्पोलाई कसरी पराजित गरेर मुक्त गर्नु भयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको उन्नाइसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीनसय जना आर्य महिलाहरूलाई धर्ममा डोऱ्याउँदै

साहोरका राजाले दिनको एक पटक दरबारको कौसीमा गएर प्रवेशद्वार बाहिरका क्रियाकलापहरू हेर्ने गर्थे । उनले प्रायजसो विभिन्न प्रतियोगिताहरू हेर्ने गर्थे र प्रत्येक खेलको मूल्याङ्कन गर्ने गर्थे । यदि उनलाई खेल मन पऱ्यो भने उनले त्यसलाई प्रशंसा गर्ने गर्थे र यदि मन परेन भने उपेक्षा गर्ने गर्थे । उनको सतर्क आँखाको अधीनमा राज्यका सबै जनताहरू सख्त अनुशासन पालन गर्न बाध्य थिए । यस समयमा रानी, तिनको परिवार र मन्त्रीहरूका साथ नुहाएपछि सुन्दर कपडा र गहनाहरूले सजिएर दरबारको सीमा बाहिर घुम्न गए । एक दिन मन्दारवा घुमफिर गर्नको लागि बाहिर जान चाहनुभयो । उहाँले आफू सँगै जाने हो कि भनेर आफ्ना साथीहरूलाई सोध्नु भयो । तिनीहरूले सकारात्मक उत्तर दिए र सबै जना एउटा लामो यात्राको लागि एकसाथ बाहिर निस्कनुभयो । घना ज़ङ्गलको बाटोबाट जाँदै उहाँहरू पर्वत र उपत्यका बीचको ठूलो तालमा आइ पुग्नुभयो ।

मन्दारवा सोझै तालको माथिल्लो भागमा जानुभयो । त्यसपछि उहाँले महिलाहरूको समूहलाई यसरी सम्बोधन गर्नुभयो- "मसँग यहाँ सँगसँगै आउने निर्णय गर्ने युवतीहरू कृपया मेरो कुरा सुन्नुहोस् । हाम्रो यो संसारमा तपाईंलाई के ले खुसी ल्याउँछ ? तपाईं वास्तवमा के प्राप्त गर्न चाहनुहुन्छ? कृपया उत्तर दिनुहोस्" महिलाहरूले उत्तर दिए- "हाम्रो सबैभन्दा ठूलो इच्छा देवी मन्दारवा तपाईं जस्तै बन्नु हो । हामी महान् जाति, वर्ग, सम्पत्ति र राजसी बन्ने इच्छा गर्न चाहन्छौं । यदि हामीले विवाह गऱ्यौ भने हामी केवल शाही परिवारको एक जना राजकुमारसँग मात्र विवाह गर्न चाहन्छौं र त्यसपछि नौ-तलाको छाना भएको महान् दरबारमा आनन्दित रहन चाहन्छौं ! "

यो कुरा सुनेपछि, मन्दारवाले उनीहरूलाई ध्यान दिएर सुन्न आग्रह गर्नुभयो- "तिमीहरू प्रत्येकले आफ्नो आवश्यकताहरू र इच्छाहरूमा कसरी आफ्नो जीवनलाई व्यर्थैमा खेर फाल्यौ भनेर आफ्नै मनलाई जाँच गर्नुपर्छ । कहिले पनि सोच विचार नगर्ने विचार शून्य कन्याहरू, आफ्नो मनलाई काबूमा राख ! यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधारण सुख प्रति तीव्र इच्छा गरेर हामी महिलाहरूले संसारको बीउ स्थापित गर्छौं । तिमी जतिसुकै सुन्दर भए पनि तिम्रो सुन्दरता र युवा अवस्था अवास्तविक छन् । सबैभन्दा सानो अवस्थाद्वारा समेत तिमी तल्लो स्थितिमा पतन हुन सक्छौ । तिम्रो मन र आँखा दुबै लाड प्यारले यति बिग्रिएको छ कि तिमीले बहुमूल्य धर्मको आवश्यकतालाई समेत देख्न सक्दैनौ ! तिमीलाई सजिलै गरेर मनाउन सकिन्छ र नकारात्मक साथीहरूद्वारा बहकाइन्छ जसले तिमीलाई नरक तर्फ डोऱ्याउँछ । तिमीले आफ्नो शरीर र आफ्नो जीवन समेत पतिको लागि समर्पण गरि दिन्छौ तै पनि केही समय पछि तिमीले नियन्त्रण गुमाउँछौ र निरन्तर झगडा गर्न सुरु गर्छौ र तिमीले ईर्ष्यालु देवलोकको बासिन्दाहरूले भन्दा ठूलो दुःख अनुभव गर्ने छौ । जन्म र मृत्युको पीडा तिमीहरूको कल्पना भन्दा बाहिर छ ।

"कर्मले फलहरू कसरी वहन गर्छ भन्ने तरिकाहरूबारे विचार गर । यस संसारको सबै दान दातव्य, धन, सम्पत्ति एउटा मायावी वा सपना जस्तै हो यिनीहरूको वास्तविक अस्तित्व छैन । सुन्दरता र अक्षय निधिहरू आकाशमा बिलाएर जाने इन्द्रेनी जस्तै हो । अहिले तिनीहरू उपस्थित रहे पनि तिनीहरू कहिल्यै पनि स्थायी हुन सक्दैनन् । पाँचवटा बहुमूल्य रत्नहरूले सजाइएको एउटा सुन्दर नौ तले दरबार नै पनि भ्रम र पतन हुने एउटा कारण हो । युवा अवस्था र सुन्दरता उमेर ढल्केर जानुलाई सहन सक्ने क्षमता नभएको र पहिलो पटकको हिउँले नष्ट भएर जाने ग्रीष्म ऋतुको फूल जस्तै हो । महँगो रेशमी कपडा र गहनाहरू घाँसमा टल्किने शीतको थोपा जस्तै हो । "अहिले अस्तित्वमा भए पनि बलियो हावाको पहिलो झोक्कासँगै तिनीहरू तुरुन्तै बिलाएर जाने छन् । आफन्तजन, मित्र र सहयोगीहरू बजारमा आएका आगन्तुकहरू जस्तै हुन् । एक क्षणमा तिनीहरू तुरुन्तै भेला हुन्छन्, अर्को क्षणमा तिनीहरू अपरिहार्य रूपमा जान्छन् । तिम्रो आफ्नै जीवनको सार पनि बलियो हावालाई सहन खोज्दै गरेको एउटा मैनबत्तीको जस्तै हो त्यो कहिले निभ्छ भन्ने कुरा निर्धारण गर्नको लागि कुनै तरिका छैन र यसलाई ठूलो हेरचाह गरेर सुरक्षित राख्नु पर्छ । शक्ति र प्रसिद्धि आकाशबाट आउने चट्याङको आवाज जस्तो हो । एक क्षणको लागि सुनिने तिनीहरू अर्थ हीन गुञ्जन बन्छन् । यसलाई जसरी हेरिए पनि यसको सार धूलोको थुप्रोको भन्दा कम छ । मनको विनाशको कारण अर्थहीन, भ्रमित बोधको निस्सार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खोजी हो । यो संसारमा जन्मनुको पीडा फलामको जाली भएको जेलभित्र थुनिन बाध्य पारिएको जस्तै हो । अस्तित्वको लोकहरूमा अटूट रूपले पुनर्जन्म लिनु नरकको अठारवटा अवस्थाहरूमा रहनु भन्दा खराब छ । बुढ्यौलीको पीडा पखेटा गुमाएको एउटा ठूलो बुढो चरा जस्तै हो ।

युवा अवस्था, मान मर्यादा र बल अपरिहार्य रूपले क्षीण हुनेछ । तिमी सियोको टुप्पो जति खुसी लिएर भाग्न समेत सक्ने छैनौ । बिरामी र रोगको पीडा आगोको खाल्डोमा खसे जस्तै हो । तिम्रो शरीरको हाड र मासुलाई अलग पारिएको जस्तो अनुभव गर्दा त्यहाँ खुसीको लागि एक पलको लागि पनि कुनै मौका छैन । मृत्युको पीडा आकाशबाट ठूलो उल्का खसे जस्तै हो । कसैले पनि तिमीलाई लाभ पुऱ्याउन सक्दैन र त्यहाँ भाग्ने बिल्कुलै कुनै उपाय छैन । भार्दो (अन्तराभव) को कष्ट आफू शत्रु सेनाले घेरिएको जस्तै हो । पुण्य सङ्ग्रह गर्नु बाहेक बहाल गर्ने कुनै तरिका छैन ।

हाय ! युवा कन्याहरू, तिमीहरूले अनिवार्य रूपमा सावधानी पूर्वक सोच्नु पर्छ ! तिम्रो आवास स्थान र बन्दो बस्तीका सामानहरू मारको धोका मात्र हो जसले अझ बढी भ्रम तर्फ डोऱ्याउने । तिम्रो नातेदार र मित्रहरू तिमीलाई डोऱ्याउन आउने मारहरू हुन् । यी सबै अनुरागहरू हतकडीहरू हुन् जसले तिमीलाई संसारमा बाँधेर राख्छ । तिम्रो अस्थायी सुखहरू, तिम्रो भागेर जाने खुसीको क्षणहरू, अन्त्यमा गएर कसाहीको उत्सवको कारण बन्छ । तिम्रो अति नै माया गरेर राखेको शरीर समेत अशुद्ध पदार्थहरूले भरिएको भाँडा हो । यदि जिन पुत्रहरूलाई अर्पणहरू चढाउनको लागि निरन्तर प्रयत्न गरेनौ भने यो अशुद्ध पदार्थले भरिएको भाँडोलाई श्रृङ्गार गर्नु, लेप लगाउनु भ्रमको कार्य हो । अशुद्ध शरीर अन्योलताको उत्पादन हो जसले यो कार्मिक विपदलाई पार लगाउन सक्दैन । यो आफ्नै शरीर आफैलाई पोषण गरेर राखेको र त्यस प्रति लोभी भएको परिणाम हो ।

तिमीसँग भएको शरीर कुहिएर बिलाएर जानेछ । यसलाई जसरी जाँच गरे पनि यस बारेको कुनै पनि कुरा वास्तविक र सत्य होइन । यो संसारको सबै कुरा भ्रमको कारण हो । यस तरिकाले सोच्दा आफ्नो पथको रूपमा लिएर अनमोल धर्मतर्फ फ़र्कने छौ । अन्योलमा नपरेर तिम्रो तीनवटा द्वारहरूलाई प्रयोग गर्दै जे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुण्य हो त्यसलाई प्राप्त गर्नको लागि स्पष्टता भएर निरन्तर प्रयत्न गर्ने छौ । युवा कन्याहरू, आफ्नो भविष्यको जीवनबारे सोच विचार गर ! त्यसपछि यो आध्यात्मिक परम्परामा प्रवेश गर जुन मन्दारवाको बाटो हो"

उनको निजी निर्देशन प्राप्त गरेपछि, सबैले मुक्ति पाउनको लागि बोधिसत्त्वको प्रतिज्ञा लिए । त्यसपछि, राज्यमा पुण्य र कल्याण ल्याउँदै तिनीहरू मध्येको प्रत्येकले पुण्यको बाटोलाई समाए । अब धर्मको पथमा लागेर, तिनीहरूले क्रमशः एउटा मन्दिर बनाए र मन्दारवाले तिनीहरूलाई त्रिपिटक बारे सिकाउनुभयो ।

समय

उहाँले तीन सयजना राज कन्याहरूलाई धर्मको पथमा कसरी डोऱ्याउनुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको बीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमार पावोडेको मृत्यु

मन्दारवा, देवताहरूको छोरीले आफूलाई प्राणीहरूको कल्याणमा र उनीहरूको सम्यक् सम्बोधि प्राप्तिको परम ध्येय बमोजिमले तिनीहरूको लागि लाभ प्राप्त गर्नमा आफूलाई समर्पित गर्ने कामलाई निरन्तरता दिनुभयो । कमजोर र गरिब मानिसहरूलाई भिक्षा र जे चाहिएको हो त्यो दिएर तिनीहरूको लागि उदारता अभिव्यक्त गर्नु भयो । उहाँले कहिले पनि अनुचित आचरण गर्नु भएन । उहाँको बोली सदा आनन्ददायी थियो, जोसुकैसँग सामना गर्नु परे पनि उहाँको आचरण सधैं सुहाउँदो थियो । उहाँको अभिव्यक्ति सधैं शान्त र शिष्ट थियो; आफू भन्दा तल्लो दर्जाका मानिसहरूको लागि उहाँले निरन्तर रूपमा करुणा देखाउनुभयो । अरूको नकारात्मक क्रियाकलापहरू प्रति उहाँले करुणाको सहानुभूतिले हेर्नुभयो । आफ्नो आध्यात्मिक गुरुहरू प्रति उहाँको अटल विश्वास र अति वृहत् आदर थियो । यस अतिरिक्त, उहाँले आफ्ना माता पिता, राजा र रानीको लागि ठूलो आदर देखाउनुभयो र उत्कृष्ट पुण्य र गुण सङ्कलन गर्नेहरूलाई प्रशंसा गर्नुभयो ।

आफ्नो सबैभन्दा कमजोर गुणहरूलाई समेत उहाँले तिनीहरूको पूर्ण क्षमतामा प्रयोग गर्नुभयो । उच्च होस् वा तल्लो सबै प्रतिको भावमा उहाँ वास्तवमा नै निष्पक्ष हुनुहुन्थ्यो र आफूले गर्ने जुनसुकै काममा सधैं उत्साहित र सजग रहने गर्नुहुन्थ्यो । कुशल विवेकले उपासनात्मक र योग्य वस्तुहरूको लागि उहाँले सधैं ठूलो आदर देखाउनुभयो, जब कि उहाँ आफै पनि महिमा, अद्वितीय गुणको एक खजाना भन्दा कम हुनु हुन्न थियो । उहाँले अनुरक्तिको चित्तलाई पूर्णतया त्याग गर्नु भएको थियो र तौलमा पुण्यको गुण सानो वा न्यून भए पनि उहाँले त्यसलाई अङ्गीकार गर्नुहुन्थ्यो, त्यसको मूल्यको प्रशंसा गर्नुहुन्थ्यो र यसको सङ्ग्रहमा खुसी मनाउनु हुन्थ्यो । उहाँको व्यक्तिगत धारणा र आत्मविश्वास अटलका साथै असामान्य थिए । उहाँको बल र क्षमतामा आधारित भएर उहाँले सधैं शुद्ध मार्गलाई पच्छ्याउनुभयो र त्यसमा प्रशिक्षित हुनु भयो । उहाँले अभ्यास गर्नमा आफूलाई समर्पित गर्दा उहाँको उत्साहजनक प्रयास अटुट रह्यो । यस तरिकाले, उहाँको महान् गुणहरू अकल्पनीय रूपमा अवर्णनीय रह्यो । वास्तवमा, उहाँको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणको प्रतिद्वन्द्वी कोही पनि थिएन ।

एक दिन उहाँ आफ्नो बुबा, राजाकहाँ जानुभयो र उहाँहरू प्रति उहाँले गर्ने आदरको शब्द सुन्न अनुरोध गर्नुभयो- "क्ये ! आश्चर्यजनक रूपमा महान् दयाको सर्वोच्च पिता, तपाईंको बल र शक्ति एकजना चक्रवर्ती राजाको बराबर छ । बुद्धहरूको उत्तराधिकारीहरूको क्रियाकलाप सबै सम्यक् सम्बोधि प्राप्त गरेकाहरूद्वारा प्रशंसा गरिएको उत्कृष्ट आचरण हो । यस्तो गुणहरूबारे सोच्दा म पवित्रहरूको आचरण गर्नमा संलग्न हुनको लागि लालायित हुने गर्छु । म संसारको दलदलमा कहिल्यै पनि रहने छैन । मेरो एक मात्र चाहना प्रवृजित हुनु हो -मेरो टाउको खौरने र संघको चीवर लगाउने । नैतिक आचरणको अनुशासनलाई निरन्तरता दिँदै म धर्मको जहिले पनि घुमि रहने चक्रको द्वारमा प्रवेश गर्न चाहन्छु र गुम्बाको सीमा भित्र बस्न चाहन्छु"

उनको हृदयबाट बोलिएका यी शब्दहरू सुनेपछि पनि राजाले उहाँलाई साँचो मार्ग अनुसरण गर्ने अनुमति दिएनन् । बरु, उनले उहाँलाई दिनको समय सेवा गरेर र आफ्नी आमाको आवश्यकता पुरा गरेर उनको सेवा गर्नु भन्नुभयो । उहाँले पिताले अनुरोध गरे जस्तो गर्नुभयो र यस प्रकारले सेविका बन्नुभयो ।

उहाँ आफ्नो धर्म अभ्यासमा अनवरत चेष्टा गर्नको लागि राती उहाँ सुत्नु हुन्न थियो ।

त्यसपछि एक दिन शाही परिवारको एक मात्र पुत्र राजकुमार पावोडेको अप्रत्याशित रूपमा मृत्यु भयो । यसबाट राजा र रानी विह्वल भएर तीव्र शोकको अवस्थामा डुबे । पीडाले अभिभूत भएर राजाले आफ्नो छोरोको लासलाई आफ्नो टाउकोले छोएर विलाप गर्दै भने-

"हाय ! मेरो एकमात्र पुत्र गुमाउनु कस्तो असहनीय छ ! यो भन्दा पहिले म ठूलो पुण्य भएको राजा थिएँ ! मसँग ठूलो धन सम्पत्ति थियो र मेरो एक छोरा र तीन छोरी थिए । मैले उनीहरू सबैलाई आफ्नै आँखा र हृदय भन्दा बढी माया गर्थे ।"

"संसारको कर्मले यस्तो दुर्भाग्य ल्याउँछ, यस्तो कठिनाइ ! मलाई यो कसरी हुन सक्छ ? अब हामी माता पिताले सबै भन्दा धेरै पीडा सहनु पर्छ । मलाई मेरो मुटु निकालेर भुइँमा फ्याँकिएको जस्तो लागेको छ । हाय ! यो सार झिकिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक करङ्को खाली पिँजडा यस शरीरलाई अब के गर्नु ? मलाई मेरो आँखाहरू नै भुइँमा खसेको जस्तो लागिरहेको छ । मेरो सबैभन्दा आवश्यक अङ्गहरू हराइरहेको छ, म कसरी जीवित रहनु ? धारिलो तलवारले शरीरबाट हातहरू काटिँदा सग्लो रूपले के गर्नु ? मेरो दुईवटा खुट्टाहरू बिना, मैले कसरी हिँड्नु ? "

“यो दरबारमा नौवटा तल्लाहरू भए पनि र यो अतुलनीय रूपले भव्य भए पनि त्यस भित्र बस्ने छोरा न हुँदा यस्तो वासस्थानको के काम ? सबै धन सम्पत्ति र आनन्दको वस्तुहरू जम्मा पारिएको छ तर एकजना उत्तराधिकारी बिना मैले यो सबै कसलाई दिनु ? शासन गरेर पोषण गर्नको लागि धेरै नोकर चाकरहरू र प्रजाहरू छन् तर एकजना उत्तराधिकारी बिना यो देश कस्तो हुनेछ ? मैले मेरो आफ्नै हृदय जस्तो छोरा गुमाएको छु । उ बिना यी आमा र बुबाले अ के गर्नु ? हाय, मलाई अकल्पनीय दुःख आइ परेको छ !"

यसरी बोल्दै, उनी भाव विह्वल भएर अनियन्त्रित भएर रुन थाले ।

त्यसपछि रानी दुखमा यसरी रोइन्- "हाय ! मैले सहनु परेको पीडा दुख असहनीय छ ! यो मेरो छाती भित्रको मुटुलाई दुई टुक्रा पारिएको जस्तै छ । यो जस्तो कर्म परिपक्व हुनुको सम्भावित कारण के हुनसक्छ ? हाम्रो पुत्र कसरी यस्तो दया लाग्दो हुन सक्छ ? यो दारुण परिणाम हाम्रो कर्म हो कि वा यहाँ कुनै नकारात्मक शक्तिले काम गरेको छ ? मेरो आफ्नो आँखा जस्तै हाम्रो छोरा, आकाशमा इन्द्रेनी बिलाए जस्तो गरेर मेरो अगाडिबाट बिलाएर गएको छ । त्यस्तो तरिकाले त्यागिए पछि मैले के सोच्न सक्छु ? मेरो छोरा -मेरो हृदयको शुद्ध सार-ले आफ्नो बूढी आमा मलाई खाली च्यातिएको छातीसँग छोडेर गएको । मेरो जीवन समाप्त गर्न बाहेक केही पनि बाँकी रहेको छैन !" असहनीय पीडाका यी शब्दहरूमा रुँदै विलाप गर्दै उनी बेहोस भइन् ।

मन्दारवा उनको नजिकै गएर हावा हम्किएर होसमा ल्याउनुभयो । उनको होस आएपछि, मन्दारवाले राजा र रानी दुवैलाई उनीहरूको छोरीले के भन्छे सुन्नुहोस् भन्नुभयो-

"हाम्रो यो संसारमा केही कुरा पनि स्थायी र स्थिर छैन । सबै सिर्जना गरिएका वस्तुहरू अन्ततः विच्छेदन हुनेछन् । बाहिरी भाँडो ब्रह्माण्ड समेत नष्ट हुनेछ । यस संसारमा जन्मेका सबै प्राणीहरू अन्त्यमा गएर मर्नु पर्छ र सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सञ्चयहरू समाप्त भएर गए जस्तै सबै भेलाहरू तितरबितर हुनु पर्छ । अन्तमा, सबै जवानीहरू क्षय हुनेछन् र सृजना गरिएका सबै कुराहरू नष्ट हुनेछ । यस संसारमा रहन नसकेर बुद्धको बज्र शरीरले समेत निर्वाण हुने आवश्यकतालाई प्रदर्शन गऱ्यो ।

"राजाको गुण जति महान् भए पनि मृत्यु हुँदा उ एक्लै मर्छ । कुनै अपवाद बिना सबै कुराको प्रकृति नै यही भएकोले कर्मको कारणहरू परिपक्व हुने कुरामाथि तपाईँको दृढ विश्वास हुनु पर्छ । यसले हामीलाई सबै घटनाहरू एक अर्का माथि भर परेका छन् भन्ने कुरालाई सङ्केत गर्छ । कृपया तपाईंहरूको पीडा र विलापको कुनै पनि लाभ छैन भन्ने कुरा बुझ्नुहोस् । हे बुबा र आमा, कृपया संयोजित घटनाको भ्रामक प्रकृतिलाई बुझ्नुहोस् ! एकजना मानवको मृत्युको सम्बन्धमा आफ्नै लागि र अरूको लागि समेत केही गर्न सम्भव छैन भन्ने कुरा बुझ्नुहोस् र यस माथि विश्वास गर्नुहोस् । यस कारण तपाईंले आफ्नो पीडाको वस्तुलाई पराजित गर्नु पर्छ । कृपया, हे महान् दयाका मेरो आमा बुवा तपाईंहरूको छोरीले तपाईँहरूको लागि दिएको सल्लाहका यी शब्दहरूलाई स्वीकार गर्नुहोस्"

यो सुने पछि, राजा र रानी दुवैले आफ्नो सन्तापमा केही सान्त्वना र राहत पाए । उहाँका शब्दहरूलाई आफ्नो हृदयमा राख्नु सबैभन्दा असल हुनेछ भनेर तिनीहरूले उत्तर दिए ।

समय

मन्दारवाले आफ्नो माता र पिता राजा र रानीलाई तिनीहरूको पुत्र राजकुमार पावोडेको मृत्यु हुँदा कसरी सान्त्वना दिनुभयो र धर्मको प्रयोगद्वारा तिनीहरूको दुखलाई कसरी हटाउनुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको एकाइसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँच सय जना महिलाहरूलाई मुक्तिको पथमा लगाउँदै

त्यस पछिको वर्षमा मुसलधार वर्षालाई थाम्न नसकेर नदीमा ठूलो बाढी आएकोले साहोर राज्यले कठिन समयको सामना गर्नु पऱ्यो । नदीमा यति ठूलो बाढी आएको थियो कि मानिसहरूले डुङ्गामा पनि यसलाई तर्न सकेनन् वा यसको पुल पार गर्न सकेनन् । भुइमा बाढी आयो । सबै माछाहरूलाई नदीले बाहिर बगायो । बाढीको पानी जम्दा यति प्रदूषित भयो कि एक कप चियाको लागि पर्याप्त सफा पानी पाउन समेत गाह्रो भयो । नुनिलो पानीले सम्पूर्ण जमिन जलमग्न भयो । यस अतिरिक्त, मौसमको ढाँचा यति बिग्रियो कि चट्याङ र असिनाको वर्षा हुन थाल्यो । नयाँ रोगहरू बिस्तारै उत्पन्न भएर मानिसहरू विभिन्न रोगहरूबाट पीडित भए ।

निराशा र क्रोध तीव्र हुँदै गएर सीमा क्षेत्रको सानोतिनो झगडा युद्धमा परिणत भयो । भेटाका राजा अङ्ग र साहोरका राजा एक अर्का विरुद्ध लड्न थाले । भयङ्कर लडाइँ भयो । बमहरू हान्दै र शक्तिशाली हतियार सहित एक अर्कालाई पछ्याएर उनीहरूले दुईवटा देशको सीमामा युद्ध गरे । युद्ध यति भयानक भयो कि त्यो दुवै देशको प्रत्येक उपत्यका र क्षेत्रमा आगो झैं फैलियो । निस्सन्देह नै यसले पहिले देखि नै अस्तित्वमा रहेको क्रोध र आक्रामकतालाई बढायो र मानिसहरूले एक अर्कालाई दया विहीन भएर मार्न थाले ।

दुई देश बीचको शत्रुता चरम रूपमा बढ्यो, देवताकी बहिनी मन्दारवाले आफ्नो बुबा राजासँग यसरी बोलेर अन्तरक्रिया गर्नुभयो- "क्ये मा ! विशाल धन र शक्ति भएका हे महाराजा ! बहुमूल्य धर्मको कानुन अनुसारको सरकार कायम राख्नमा तपाईं कुशल हुनुहुन्छ । यसैले म जान्न चाहन्छु के अपमानजनक क्रियाकलापहरू तपाईँको वा तपाईंको मन्त्रीहरूको आदेशमा भएको हो ? अहिले भइरहेको गह्रौं नकारात्मक कर्मको लागि को जिम्मेवार छ ? अरूको जीवन लिने कर्मको परिपाक हुने असरलाई कसले धैर्य पूर्वक सहन सक्छ ? तुलना भन्दा टाढा रहेको गह्रौं कर्म जम्मा गर्नेहरू कतिसम्म पुरै अन्योल ग्रस्त भएका छन् । यस्तो कर्मले जन्म र मृत्युको चक्रमा तपाईं निरन्तर रूपले चक्कर काटी रहने सुनिश्चित हुनेछ भनेर के तपाईंले एक क्षणको लागी पनि देख्न सक्नुहुन्न ? हे राजा, कृपया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब यस नकारात्मक कर्मलाई उल्टाउने तरिकाबारे सोच विचार गर्नुहोस् । तपाईँकी छोरीको रूपमा, म तपाईँले मलाई जे आज्ञा दिनुहुन्छ त्यो म पुरा गर्छु"

तिनका शब्दहरू सुनेर राजाले भेटाको राजासँग शान्ति सम्झौता गर्ने एउटा विधि लागू गर्नै पर्नेछ भन्नेबारे थाहा पाए । मन्दारवाले सुनौलो मसीले लेखेको एउटा पत्र उनले लेख्ने निर्णय गरे । तिनका दूतहरूले धेरै बहुमूल्य गहनाहरू र अर्पणको साथमा राजालाई पत्र दिए । पत्र प्राप्त गरेपछि भेटाका राजाले यसरी पढे- "पुरै सम्पन्न भएकोलाई थामेर कायम राख्ने महाराजा ! भेटा र साहोरको बीचमा भएको युद्ध यहाँ मानव लोकमा नै तल्लो लोकहरूको दुख कष्टलाई अनुभव गर्नु जस्तो रहेको छ । चन्द्रमाको शीतल सेतो प्रकाशको किरणले यी दुई देशहरूको बीचमा रहेको घृणाको अन्धकारलाई तुरुन्तै हटाओस्"

भेटाका राजाले आफ्नो पत्र पढे पछि आफ्नो मन्त्री कारी र तिनका सेवकहरूलाई आफूले लेखेको पत्र युद्ध मैदानका सैनिकहरूलाई दिन निर्देशन दिए । यसको विषय वस्तु निम्नानुसार थियो- "साहोरका राज़ा, तिनका मन्त्रीहरू र तिनको सम्पूर्ण सेना यस व्यर्थको युद्धबाट करुणावान भएका छन् र अमूल्य धर्मलाई थामेर राख्नुको विजयमा उत्सव मनाउँछन् । आफ्नो हतियारहरू जम्मा गर्नुहोस् र तिनीहरूसँगै आफ्नै देशहरूमा फर्कनुहोस् । एक अर्काको लागि समताको निष्कलङ्क चित्तको विजय पताकालाई उठाउनुहोस् र शान्ति र आनन्दको जित होस् ! यो राजाको आज्ञा हो"

यो घोषणा पढि सकिएपछि सबै बीच सद्भावना छायो ।

त्यसपछि भेटाका राजाले आफूलाई पठाएको अर्को सुनौलो रङको पत्रबाट ठूलो स्वर पढे- "सुनौलो भेटाको साहसी राजा, मन्त्रीहरूको साथ अनुचर वर्ग र सभा, प्रजाहरूको महान् राज्यको शक्तिशाली र समृद्ध शासक ! अत्यन्तै ठूलो क्षमा देखाउँदै तपाईँको दिमाग युद्धको सोचबाट टाढा छ र तपाईँको चमत्कारिक क्रियाकलापहरूको शुद्ध, सेतो प्रकाशको किरण चमकसाथ प्रदर्शन भएको छ । तपाईँको आज्ञा अनुसार, तपाईँको आफ्नै मानिसहरूलाई नाश गरेको हुन सक्ने हतियारहरू जम्मा पारिएको छ र सबै दिशाहरूमा परम सुख व्याप्त भएको छ ! "

यस पत्रको विषय वस्तुबारे सुनेर, गहिरो आदर महसुस गर्दै सबै जना यसमा सहमत भए । सेनालाई निःशस्त्र गरियो र शान्ति देशको कानुन बन्यो । दुई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशहरूले गहिरो सत्यको बाटोमा आफ्नो बललाई क्रमशः नवीकरण गरे र पारस्परिक सद्भावका शब्दहरू व्याप्त भयो ।

देवताहरूकी दिदी मन्दारवाले भन्नुभयो कि अब साँचो आनन्दको लागि अवसर आएको छ । त्यस समयबाट, मन्दारवा प्राणी हत्या गर्नबाट टाढा रहेर वा दसवटा अकुशल कार्यहरू गर्नबाट टाढै रहेर असङ्ख्य प्राणीहरूलाई पुण्यको बाटोमा डोऱ्याउने कार्यको नेतृत्व गर्नको लागि उत्तरदायी हुनुहुन्थ्यो ।

एक दिन पुण्यवान मित्रहरूको समूहसँग मन्दारवा एउटा सुन्दर फूलहरू भएको बगैंचामा घुम्नको लागि बाहिर जानुभयो । अचानक एकजना अति सुन्दर देवीले उहाँहरूको नजिक आउनु भएर उहाँहरू को हुनुहुन्छ भनेर सोध्नुभयो ।

मन्दारवाले उत्तर दिनुभयो-

"क्ये ! देव पुत्री, जसको सुन्दर मुस्कानले यो बगैंचालाई उज्यालो बनाउँछ, जो उज्ज्वल प्रकाश आउने चम्किलो रत्नहरूद्वारा सजिनु भएको छ ! कमल जस्तै तपाईँको वर्ण गुलाबी र सफा छ । सूर्य र चन्द्रमा जस्तै, तपाईंका आँखाहरूले लोभ्याउने गरेर यताउति हेर्छ । तपाईँको छातीहरू सोह्र वर्षीया युवतीको छाती जस्तै आकर्षक छन् भने तपाईँका हातका हत्केलाहरू उत्पल फूलको पत्तीहरू जस्तै नरम छन् । तपाईँको कमर परिष्कृत छ र तपाईँको चालढाल सम्मोहक छन् । तपाईँको खुट्टाका पैतालोहरू कमलको फूलका पत्तीहरू जस्तै कोमल र चिल्ला छन् । तपाईँको अनुहार प्रमुख र सहायक लक्षणहरूको निष्कलङ्क, स्व-उत्पन्न मण्डल जस्तो छ । अब तपाईँको सम्यक् सम्बोधि प्राप्त रूपको यो आश्चर्यजनक मण्डल प्रत्यक्ष रूपमा हाम्रो अगाडि यहाँ प्रकट भएको छ, कृपया हामीलाई भन्नुहोस् तपाईँ कहाँबाट आउनु भएको हो, तपाईँ कुन जातिको हुनुहुन्छ र तपाईँको माता पिताको हुन् ? तपाईँ अचानक यहाँ किन देखा पर्नुभयो? कृपया हामी माथि पर्ने गरि तपाईँको अमृत वाणीको महान् वर्षा गराएर हाम्रो जिज्ञासाको तिर्खा मेटाइ दिनुहोस्"

डाकिनीले उत्तर दिनुभयो- "ए मा हो ! महान् डाकिनी साहोरको राजकुमारी ! सर्वोच्च जातिकी मन्दारवा, कृपया राम्ररी सुन्नुहोस् । म बिना पिताकी हुँ, कमलको फूलबाट जन्मेकी हुँ । मेरी माता, सत्यको मण्डल, धातेश्वरी, परम सुखको रखवाला हुन् । म, यी बालिका, सर्वोच्च सहचरी पण्डरावासिनी हुँ । पश्चिमी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावती स्वर्गको सहचरीको रूपमा म स्वाभाविक रूपले पद्म कुलको एक डाकिनी हुँ । मेरो वंश विवेकी जागरुकताको आदि कालिन प्रज्ञाज्ञानको वर्गको हो । म यहाँ केही सार निर्देश दिन र तपाईंको जीवनको बारेमा भविष्यवाणीको एक अध्यायबारे खुलासा गर्न आएकी छु । म तपाईंको भूमिको जस्तै एक डाकिनी हुँ । अन्तिम सत्यको स्वभावमा आउनु र जानुको कुनै अभिलक्षणहरू छैनन्"

मन्दारवाले उहाँलाई साष्टाङ्ग दण्डवतहरू गर्नुभयो र भक्तिको आदरभाव स्वरूपको मधुर लयमा निम्न लिखित प्रार्थना गर्नुभयो- "ए मा हो ! आदि प्रज्ञाज्ञान डाकिनी, कृपया म तर्फ ध्यान दिनुहोस् । मैले भौतिक गर्भबाट जन्मे लिएको छु । मसँग उत्कृष्ट सामान्य र आदि कालिन प्रज्ञाज्ञान योग्यताको एउटा उल्लेखनीय भण्डार छ । मेरो जाति साहोरको शाही परिवारको हो । एकजना महिलाको रूपमा बङ्गालको देशमा जन्मेको हुँ । सांसारिक क्रियाकलापको लोकमा डोऱ्याइएको म शक्ति विहीन, नीचो प्राणी हुँ । भ्रममा परेको धारणाहरूको अन्योलताको शक्तिमा पतन भएर मैले यस अर्थहीन यात्रामा तीनवटा विषहरूको परिपक्व भएको परिणामहरूलाई प्राप्त गर्दै खाली हात रहने कामलाई जारी राख्नु पर्छ ।

आदि कालिन प्रज्ञाज्ञान डाकिनी, कृपया मलाई तपाईंको करुणामा बलियो गरेर समाउनुहोस् ! अन्यथा कुनै सुरक्षा नभएकी म मन्दारवालाई शरण दिनुहोस् ! तपाईंको सम्यक् सम्बोधि प्राप्त वाकमा निहित रहेको श्रुति मलाई प्रदान गर्नुहोस् । मलाई मिथ्या दृष्टिकोणहरूको अधर्मी मार्गमा पतन हुनबाट रक्षा गर्नुहोस् । मलाई संसारको यस महासागरबाट मुक्त हुनको लागि चाँडो डोऱ्याउनुहोस् । भ्रमित धारणाका कसाहीहरूको हातमा मलाई कहिल्यै पनि पर्न नदिनुहोस् । तपाईं, देवी, तपाईं जिन पुत्रहरूको र साँचो अनुयायी हुनुहुन्छ । तपाईं बाहेक मेरो शरण र सुरक्षाको स्रोत अरू कोही पनि छैन । कृपया मन्दारवाको मनलाई धर्मको शुद्ध मार्गमा लगाउनु होस् । सबै बाह्य, गुह्य र गोप्य बाधाहरूलाई स्पष्ट गर्नुहोस् । श्रद्धेय माता, तपाईंको अमूल्य शुद्ध करुणाले मलाई समाउनुहोस्"

मन्दारवासँग भएका सबै कन्याहरूलाई यो प्रार्थनामा सहभागी हुन अनुरोध गरियो ।

त्यसपछि डाकिनीको बोलीको सु-मधुर आवाज सुनियो- "क्ये मा हो !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुष्यहरू मध्येको महान् भाग्यशाली महिला मन्दारवा, म तपाईँलाई मेरो तीनवटा कुञ्जहरू काय, वाक र चित्तको तीनवटा आशीर्वाद दिने छु ताकि शुद्ध धर्मको अभ्यासमा तपाईले यसलाई मनमा राख्न सक्नुहोस् । राजाले तपाईँको विवाह गरि दिनको लागि चारवटा मुख्य र आठवटा प्रधान दिशाहरूमा उपयुक्त व्यक्ति खोज्न निर्देशन दिनेछन् । तर तपाईँले अनिवार्य रूपमा यो कुरा महसुस गर्नु पर्छ कि यदि तपाईँले केवल आफ्नो पिता र माताको इच्छाबारे मात्र सोच विचार गर्नु भयो भने यसले केवल संसारको दलदलमा रहने कर्म ल्याउनेछ । तपाईले धैर्यताको कवच लगाउनै पर्छ । तपाईको माता पिताले तपाईँलाई विवाह गर्न दबाब दिए पनि तपाईँ सधैँ कार्य कारणको नियमबारे सचेत हुनु पर्छ । सुहाउँदो सहयात्रीको रूपमा यहाँ भेला भएका सबै कन्याहरूले अनिवार्य रूपमा सत्यको पथमा यात्रा गर्नु पर्छ जसले निश्चित रूपले मुक्ति तर्फ डोऱ्याउँछ ।

"दोस्रो बुद्धको महान् आदि कालिन प्रज्ञाज्ञानको अभिव्यञ्जना आध्यात्मिक गुरु हुनुहुन्छ पहिलेको प्रणिधानको बलले जसको कुरा तपाईले सुनेर अनुसरण गर्नु पर्छ । दूषित विचार र नकारात्मक कर्महरूको विचलित पार्ने, अशान्त हावा चल्दा, विश्वास र भक्तिले एकाग्र चित्त भएर बुद्धहरूको सम्यक् सम्बोधि प्राप्त रूपहरूलाई प्रार्थना गर्नुहोस् । राक्षसी बाधाहरू आफ्नै स्थानमा तुरुन्तै फर्केर जानेछन् । अमरताको अभिषेक प्राप्त गरेर जन्म र मृत्युको डर देखि मुक्त भएर, तपाईले सातवटा महान् महाद्वीपहरूमा उत्कृष्ट, सम्यक् सम्बोधि प्राप्त सम्बन्ध बनाउनु हुनेछ । तपाईले सबै महान् सम्यक् सम्बोधि प्राप्त उच्च गुणहरू प्राप्त गर्नु हुनेछ । तपाईँलाई प्रेरणा दिने तपाईँको कर्म समाप्त भएसँगै, तपाईँलाई निर्माणकायको लोकतर्फ डोऱ्याइने छ । अन्ततः तपाईँ महान् माताको स्थानमा अविभाज्य भएर मिसिनु हुनेछ "

यती बोले पछि देवी आकाशमा विलय हुनुभयो । उहाँ जस्तो डाकिनीलाई प्रत्यक्ष भेट्न पाउने पुण्य आफूसँग भएकोमा आफू निकै भाग्यमानी भएको मन्दारवाले सोच्नुभयो । उहाँ जान्नु हुन्थ्यो कि आफ्नो पुण्य सङ्ग्रह र तत्वहरू त्यही शुद्धीकरण गरिएको थियो कि उहाँलाई यस्तो ध्यान दिनुपर्ने निर्देशनहरू प्राप्त भएको थियो । मार, भ्रम पूर्ण बोधहरूको अवरोध वास्तविक कसाही हो भन्ने कुरा उहाँले महसुस गर्नुभयो । उहाँले प्रतिज्ञा गर्नु भयो कि यो धोखेबाज कहिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको छेउमा आए भने, उहाँले कहिल्यै पनि त्यसको सिकार हुनुहुने छैन । उहाँले वास्तविक बुद्धसँग प्रत्यक्ष भेट भए जस्तो अनुभव गर्नुभयो र उहाँले यही जीवन कालमा नै सम्यक् सम्बोधि लाभ गर्ने कुरा प्रति आफूलाई वचनवद्ध गर्नुभयो । त्यसपछि उहाँले त्यहाँ भेला भएका महिलाहरूलाई धर्म सिकाउनुभयो-

"क्ये ! मेरा साथीहरू, कृपया ध्यान पूर्वक सुन्नुहोस् ! यस संसारमा साँचो खुसीबारे जान्ने मौकाहरू अत्यन्तै दुर्लभ हुन्छ । संसारको आनन्द माहुरीको लागि मह जस्तै हो मह प्रतिको अनुराग र बाध्यकारी आकर्षणले गर्दा माहुरीले अन्ततः आफ्नो जीवन गुमाउन सक्छ । विचार नपुऱ्याइकन उपयोग न गरिँदा संसारको लालसाको वस्तु विषहरूको समुद्र आफ्नो असफलता र दुखको कारणहरू हुन् । एउटा अविवेकी बच्चा जस्तै, आफ्नो शरीर वस्तुतः नकारात्मक कार्मिक सङ्ग्रहहरूको आगोको खाडलको गहिराइमा नष्ट हुन्छ । मूर्खहरू यो खाडलमा प्रवेश गर्नेछन् र यसको गहिराइमा खस्नेछन्, जहाँबाट मुक्त हुन सकिँदैन ।"

"कहिले पनि सन्तुष्टि नल्याउने सांसारिक सुखको यस सागरमा मानिस एक नकारात्मक सङ्ग्रहहरूको शक्तिशाली, जन्ड लहरहरूद्वारा निरन्तर रूपले विचलित भएको हुन्छ । संसारका क्रियाकलापहरू तीखो तरबारहरूको एउटा महा जङ्गलमा हराए जस्तै हो । यदि कोही नहेरीकन हिँड्यो भने उसको शरीर तुरुन्तै नष्ट हुन्छ ! फलामे जाली भएको संसारको कैदमा मानिसले आफैलाई मूर्ख बनाउनको लागि हृदय विहीन तवरले प्रोत्साहन दिने गरिन्छ । विभिन्न प्रकारका हतियारहरूको एउटा कहिले पनि नरोकिने चक्र संसारमा मानिसलाई अल्छीपनको अवस्थाले दबाएको हुन्छ जहाँ समय बरबाद गरिन्छ र व्यक्तिको वास्तविक उद्देश्य कहिले पनि पूरा हुँदैन ! तपाईंले यस कार्मिक सम्बन्धलाई सोझै खोज्दै गर्दा तपाईं आफ्नो आँखाले देख्न सकोस् भन्ने चाहने एकजना दृष्टि विहीन मानिस जस्तै हुनुहुनेछ ।"

"यद्यपि, यो न हुँदा यो अभिलाषाले के उद्देश्य पुरा गर्छ ? बरु, तपाईंलाई आफ्नो लक्ष्य प्राप्त गर्न र यस विपदबाट मुक्ति प्राप्त गर्नको लागि के विधिले दृढता दिन्छ । डाकिनीको यो भविष्यवाणी अरूलाई खुलासा नगर्नुहोस् । यदि तपाईंले तिनीहरूलाई खुलासा कुरा गर्नु भयो भने डाकिनीको आदेश तोडेको कारणले दुर्भाग्य पूर्ण नतिजा उत्पन्न हुनेछ । मूर्ख मानिसहरूलाई साथी न बनाउनुहोस् र त्यसको बदलामा धर्म प्राप्त गर्नको लागि मरि मेट्नुहोस् । हे मेरो साथी, अन्त्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमीले अन्तिम परम सुख प्राप्त गर्ने छौ ! "

यसरी उहाँले उनीहरूलाई सल्लाह दिनुभयो र यसमा सबै कन्याहरू आनन्दित भए । उनीहरूले धर्मको बाटोमा आफूलाई लगाउनमा प्रतिबद्धता जाहेर गरे र उनीहरू आफ्नो लक्ष्य पूरा गर्नको लागि गए ।

समय

एउटा लडाइ समाप्त गर्नको लागि उहाँले कसरी अन्तरक्रिया गर्नुभयो र पाँचसय जना भाग्यशाली महिलाहरूलाई कसरी मुक्तिको पथमा स्थापनान गर्नुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको बाइसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकजना बोधिसत्त्वको पवित्र देह

त्यस पछि, चारै दिशा तर्फ र आसपासका राज्यहरूमा राजकुमारी मन्दारवाको प्रसिद्धि फैलियो । सबैले उहाँको प्रशंसा गरे र उनीहरूको अपेक्षा उच्च थियो । एक दिन राजा विहारधरले रानीलाई भने- "क्ये ! हाम्रो यी आश्चर्यजनक सर्वोच्च छोरीले आफ्नो माता पिता प्रति ठूलो करुणा देखाउँछिन् । उनको उत्कृष्ट गुणहरू, चरित्र र सुन्दरता केवल उनीलाई हेर्नु पर्याप्त छैन । दसै दिशाका सबै राज्यहरूले उनीलाई रानीको रूपमा हेर्न चाहन्छन् । यदि हामीले उनलाई एउटा राज्यलाई दियौ भने हामीले अर्कोको क्रोध भोग्छौं । यदि हामीले उनलाई कसैलाई दियौ भने यसले उनको धर्म अभ्यासमा अवरोध ल्याउनेछ । हामीले जता फर्किए पनि त्यहाँ एक द्वन्द्व हुनेछ । सायद यदि हाम्रो छोरीले प्रवृज्या लिएर प्रतिज्ञा गरिन् भने उपयुक्त हुनेछ"

ध्यान पूर्वक सुने पछि, रानीले आफ्नो मनको कुरा बोलिन्- "क्ये ! हे महाराजा, देवपुत्र, त्यो उत्कृष्ट विचार हो भन्ने मलाई लाग्छ । हाम्रो छोरीको केहीमा पनि होइन तर धर्ममा रुचि रहेको छ । उनको हृदयको मायालु विचारहरू र दयाले सबै प्राणीहरू कसरी धर्मको मार्गमा डोऱ्याउन सकिन्छ भनेर मद्दत गर्न सकिन्छ भन्नेबारे सोच्छिन् । म आफैले पनि उनको सल्लाह मान्ने प्रतिज्ञा गरेकी छु । जे सुकै भए पनि उनलाई हाम्रो नजिक राख्नु असल हुनेछ ! "

राजा र रानी दुवै जस्तो सुकै प्रस्ताव आए पनि उनीलाई अरूको हातमा सुम्पिएर टाढा नपठाउने निर्णय गरे । तिनीहरूले उहाँलाई जसरी जाँच गरे पनि उहाँ केवल धर्म कर्ममा मात्र रुचि राख्नुभएको पाए । तिनीहरू सन्तुष्ट भएपछि मन्दारवाले अझ बढि व्यक्तिगत स्वंतन्त्रताको आनन्द उठाउन पाउने सोचेर राजाले कैयन् दिशाका राजाहरूलाई धेरै सम्पत्ति दिएर शान्त बनाउने निर्णय गरे । यसरी, मन्दारवाले प्रवृज्याको प्रतिज्ञा नगरे पनि उहाँ आफ्नो धर्म अभ्यासमा लाग्न सक्नुहुन्थ्यो र उहाँहरूलाई कसैले पनि दोष दिन सक्ने थिएनन् । आफूहरूले पनि प्राप्त गर्न कठिन रहेको धर्म प्राप्त गर्न सके अरूले पनि समयमै आफूहरूको उदाहरणलाई पछ्याउने थिए भन्ने राजा र रानीले महसुस गरे । तिनीहरूको निर्णय अन्तिम थियो र केही समयका लागि सबै कुरा साम्य भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक दिन, राजा आफ्नो भोजनमा जाँदा आफ्नो लागि कुनै मासु उपलब्ध नभएको थाहा पाए । ठूलो नदीमा माछा समाउन गाह्रो थियो र बजारमा मासु उपलब्ध थिएन । यसैले रानीले मन्दारवालाई आफ्नो पिताको लागि केही मासु खोज्न पठाउनुभयो । मन्दारवाले सम्पूर्ण गाउँमा मासु खोज्नु भयो तर असफल हुनुभयो । घरतर्फ खाली हात फर्कँदै गर्दा एउटा डाडा माथि एउटा पहेँलो र फुलिएको मानव शरीर देख्नुभयो । उहाँले त्यो लासको अङ्गहरू काटेर घरमा ल्याउनुभयो । उहाँले रानीलाई भन्नुभयो कि उहाँले केही मासु पाउनु भएको थियो र रानी यसमा निकै खुसी भइन् ।

स्वादिष्ट बनोस् भनेर मासुलाई तार्दै रानीले ध्यान पूर्वक तयार गरिन् । केही नरम पार्ने जडीबुटीहरू थप्दै, तिनले त्यसपछि यसलाई राजाको लागि अर्पणको रूपमा प्रस्तुत गरिन् । राजाले मासु र सुरुवा खाए पछि तिनको शरीर यति हल्का र निस्सन्देह बन्यो कि उनी तत्काल हावामा तैरिए । भयभीत भएर उनले रानीलाई तुरुन्त आफ्नो अगाडि बोलाए ।

तिनी उनको सामुन्ने आइ पुग्दा राजा अचानक यति क्रोधित भए कि उनले रानीलाई समाएर तीतो चक्कु समाएर उनलाई रोपी दिने धम्की दिए । यसबाट रानी भयभीत भइन । आफ्नो क्रोधमा राजाले भने- "तिमीले मलाई भर्खर खुवाएको यो मासु कहाँ पायौ ? साँचो कुरा बताउ । के तिमीले मलाई विष खुवायौ वा कुनै भयानक कुरा गर्ने कोसिस गऱ्यौ ? मलाई उत्तर देउ ! मेरो शरीर पहिलेको भन्दा हलुको भएको छ ! यदि तिमीले मलाई साँचो कुरा बताएनौ भने म तिमीहरूलाई नोकरहरूको बीचमा राखि दिने छु ! "

रानीले उत्तर दिइन "मासुका यी टुक्राहरू सहरबाट हाम्रो छोरीले ल्याएकी हुन्, जसलाई मैले त्यस उद्देश्यको लागि सहर पठाएको थिए । उसले त्यो कहाँबाट ल्याएकी हो मलाई थाहा छैन, त्यसैले उसलाई नै सोध्नु पर्छ "

राजाले आफ्ना मन्त्रीहरूलाई मन्दारवालाई तुरुन्तै ल्याउन आग्रह गरे । जब उहाँ आइ पुग्नुभयो, तिनले उहाँलाई विष हालिएको वा अशुद्ध मासु दिएको आरोप लगाए किनभने उसको शरीर असामान्य रूपमा अचम्मको भएको थियो । उहाँलाई गाली गर्दै उनले उहाँलाई सत्य बताउन जोर गरे । उनले उहाँलाई गर्दनमा समातेर तल फालि दिएर उहाँको अनुहारमा छुरी उज्याए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जड हुनुभएको मन्दारवाले मासुमा विष हालिएको छैन भन्नुभयो । उहाँको आमाले सहरमा केही मासु लिन पठाउनुभएको थियो र बजारमा बिक्रीको लागि राखिएको कुनै पनि मासु वा माछा फेला न परेपछि घर आउँदा बाटोमा उहाँले पानीले भिजेर पहेँलो भएको र सुन्निएको मानिसको लास भेट्टाउनु भयो । उहाँले त्यस लासको अङ्गहरू काट्नु भयो र यसलाई केही नरम पार्ने जडीबुटीसँग रानीलाई दिनु भयो । उहाँको आँखाबाट अचानक बलिद्र आँसुको धारा बग्यो र उहाँले आफ्नो बुबालाई हानी पुऱ्याएको र उहाँको कार्यले सबै कुरालाई खराब बनायो भन्नुभयो ।

त्यस क्षणमा, राजाले थाहा पाए कि त्यो मासु एकजना ऋषिको मासु थियो जसले लगातार सात पटक पुनर्जन्म लिएका थिए । उनले लासको बाकी भाग तत्काल लिएर आउने आदेश दिए । मन्दारवा त्यहाँ तत्काल जानुभयो । लासको बाँकी भागलाई आफ्नो रेसमी लुगामा तुरुन्तै बेरेर उहाँको दरबार तर्फ लाग्नुभयो । बाटोमा उहाँको धेरै जना गाउँलेहरूसँग सामना भयो, जसले उहाँलाई चिनेर दरबार बाहिर यात्रा गर्नको कारण सोध्थे । खाने कुरा किन्न बाहिर गएको भनेर उहाँले उत्तर दिनुभयो ।

मन्दारवाले उहाँको पिता राजालाई लासको बाकी रहेको सबै भाग अर्पण गर्नुभयो र आफ्नो असाधारण छोरीले वास्तवमा कुनै गल्ती गरेकी थिइनन् भनेर उनी अचम्ममा परेका थिए । यो मासु वास्तवमा नै सात पटक लगातार पुनर्जन्म लिएका ऋषिको लासको मासु थियो भन्ने कुरामा कुनै सन्देह थिएन । त्यसपछि, राजाका निर्देशन बमोजिम, धूप बत्ति आदीले लासलाई शुद्धीकरण गर्दै मन्दारवाले मासु र शरीरका सबै भागहरू सुकाइ दिनुभयो । त्यसपछि त्यस अमूल्य पदार्थलाई एउटा रत्न जडित भाँडोमा राखियो, जहाँ यसलाई आदर र श्रद्धा सँग सम्मान गरेर राखियो ।

समय

उहाँले सात पटक सफलतापूर्वक पुनर्जन्म लिएका एकजना बोधिसत्तवको पवित्र मासु कसरी फेला पार्नु भयो र अहिले उहाँको परिश्रमद्वारा यो पवित्र वस्तु समर्पण र भक्तिभावको आधार बन्यो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको तेइसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बज्रसत्वको दर्शन

चारै तिरका सबै राज्यहरूका राजा र मन्त्रीहरूले लामो समयसम्म प्रतीक्षा गर्न नचाहेर राजकुमारी मन्दारवालाई आफ्नै रानीको रूपमा जित्ने प्रयास गर्नको लागि फौज जम्मा गरे । आइ पुगेका राजाहरू निम्नलिखित थिए ओड्डीयानाका राजा भितोटा; कश्मीरका राजा तिग्रा त्रिघ्ता; भेटाका राजा शंख कोताली; मुरुमका राजा धर्मावता; चार्जेका राजा सिंघ सुत्रित; कुलुतका राजा इंद्रधाम; याङपाचेनका राजा सुखाही; मगधका राजा हासाबिद; शम्भालाका राजा उदुघी; टोग्कारका राजा गगन; ङातुङ्का राजा मुद्रा बुदानी; सिन्पोका राजा धाहिमुने; नेपालका राजा सार्तसुम्तिभ; शांगशुङ्का राजा भातातो; पर्सियाका राजा थालीहाग्ती; गेसारका राजा त्रुसाग्देन; चीनका राजा मोक्यु चिङ; भारतका राजा धर्मकोशल; तिब्बतका राजा राजा साङचेन माई र अन्य ।

प्रत्येक राजा उहाँका मुख्य मन्त्रीहरू र उनीहरूको दलका साथ पुगे । धन सम्पत्ति र भोगविलासका सामानहरू लिएर तिनीहरू साहोर देशमा जम्मा भए । आफ्नो सङ्ख्या र उपस्थिति प्रदर्शन गर्दै प्रत्येक राजा र मन्त्रीहरू आफ्नो देशको पोसाकमा सजिएका थिए, उनीहरूको सङ्ख्याले साहोर राज्य भरियो । हरेक दूतले आदरभावले राजकुमारी मन्दारवाको बारेमा सोध्नुभयो र उहाँलाई माग्दै सुनले लेखिएको पत्र साहोरका राजालाई दिए । तिनीहरू उहाँलाई प्राप्त गर्नको लागि यति धेरै चिन्तित थिए कि उनीहरूले प्रस्तुत गरेको धन सम्पत्ति तुलना भन्दा टाढाको सानदार थियो ।

राजकुमारी मन्दारवाको विशिष्ट प्रकृतिबारे छलफल गर्नको लागि राजा, रानी र साहोरका मन्त्रीहरू भेला भए । आध्यात्मिक उपलब्धिमा उहाँको गुणहरूलाई कसैले पनि उछिन्न सक्दैन थियो । संसारको साधारण महिलाहरू बीचमा उहाँ सर्वोच्च आभूषण हुनुहुन्थ्यो । जवान र सुन्दर भए पनि कुशलता र शक्तिमा उहाँ बेजोड हुनुहुन्थ्यो र अत्यन्तै सुविज्ञ हुनुहुन्थ्यो । उहाँको जन्म हुँदा, पूर्ण रूपले अभिव्यक्त गर्न नसकिने अचम्मका सङ्केतहरू देखा परेका थिए साधारण जन्मको कसैसँग पनि उहाँको तुलना हुन सक्दैन थियो । उहाँहरूले भन्नुभएको कुरालाई सधैं सम्मान गर्दै आफ्नो माता पिताको उहाँको लागि धेरै आदरणीय थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँमा एकजना डाकिनीको सुन्दरता र उत्कृष्ट पुनर्जन्म थियो । उहाँको कुलीनताको प्रसिद्धि दसै दिशाहरूमा व्याप्त थियो । दृष्टि विहीन र अपाङ्गता भएकाहरूले समेत राजकुमारीको क्षेम कुशलबारे सोधपुछ गर्ने गर्थे ।

उहाँको अतीतको पुण्य यति महान् थियो कि उहाँको वर्तमान पुण्य निष्कलङ्क थियो । आफ्नो पिता राजाबाट यति लाड प्यार पाउनुभएको थियो कि उहाँलाई अर्कोलाई दिएर पठाउने सोचाइ उनको सबैभन्दा ठूलो हार थियो । उहाँको आमा, रानीको लागि उहाँ यति बहुमूल्य हुनुहुन्थ्यो कि उहाँलाई गुमाउनु उनको आफ्नै आँखा वा हृदय गुमेको जस्तै हुने थियो । तैपनि धेरै राज्यका धेरैजना राजाहरू यहाँ एकै ठाउँमा भेला थिए । कोही एक जनालाई उहाँलाई दिंदा अर्कोलाई क्रोधित बनाउनु हुन्थ्यो । उनीहरूलाई अर्को कन्या दिने प्रतिज्ञा गरेर तिनीहरूलाई खुसी तुल्याउनु पनि गाह्रो नै हुने थियो । आफूले जेसुकै गर्दा पनि त्यो द्वन्द्वको स्रोत हुने कुरा बुझेर राजा गहिरो अवसादमा परे । यस असमञ्जसबारे छलफल गर्नको लागि उनले दूतहरूसँग तीन पटक भेटे; अन्तमा, उनले उनीहरूसँग आ-आफ्नो राय व्यक्त गर्न अनुरोध गरे ।

त्यसपछि रानीले भनिन्- "हे हाम्रो महाराजा ! यस्तो समस्याको समाधान गर्नको लागि कहिलेकाहीँ विचारहरूलाई शब्दहरूमा राख्दा केही मद्दत गर्दैन । न त यसले हामीलाई उचित निर्णयमा ल्याउँछ । यस्तो नाजुक हालतमा धेरै चिन्ता गर्नाले हाम्रो लागि गम्भीर अवस्था र अशान्ति ल्याउन सक्छ । बढी बल प्रयोग गर्नु र बढी जोड गर्नु उपयोगी हुँदैन भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ ? हामी यसबारे अनावश्यक कुराकानी, अवधारणा र दृष्टि सम्बन्धी सम्पर्कलाई रोकौं । यस्तो परिस्थितिमा तपाईंले निर्णय गर्न सक्नुहुन्न । हे राजा, आफैलाई यो समस्याबाट हटाउनुहोस् । आफूले तिर्न सक्ने भन्दा बढी ऋण न लिनुहोस् ।

तिनीहरूलाई खुसी पार्नको लागि मात्र भनेर अरू राज्यहरूबाट उपहारहरू स्वीकार नगर्नुहोस् । यदि तपाईंले कडा नियमहरू लागू गर्नुभयो भने तपाईंका सबै समस्याहरू समाधान हुनेछन् । यदि तपाईंले सबै दूतहरूसँग समान रूपले आदर भावले व्यवहार गर्नुभयो भने तिनीहरू अन्ततः सन्तुष्ट हुनेछन् । पुरा गर्न नसकिने धेरै वाचाहरू न गर्नुहोस् नत्रभने तपाईंलाई कठिनाइ आउनेछ । हामी उत्कृष्ट जन्मको हाम्रो गौरवान्वित छोरीलाई उनी के गर्न चाहन्छिन् भनेर सोधौं । यदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले संसार छनौट गरिन् भने उनलाई जहाँ जान इच्छा लाग्छ त्यहाँ जाने अनुमति दिउँ । यदि उनले धर्म छाड्छिन् भने, उनी एउटी रानीको रूपमा धर्मको पथमा हुने छिन् । सायद देवी देवता वा ज्योतिषसँग पनि परामर्श गर्न बुद्धिमानी हुनेछ । पवित्र ऋषिहरूले जे सल्लाह दिनुहुन्छ हामीले त्यही बमोजिमले काम गर्नुपर्छ"

उनले बोली सकेपछि, मन्त्री त्रिग्राजिनले भने- "यी अन्य देशहरूको बारेमा के गर्न प्रस्ताव गर्नुहुन्छ ? तपाईले उनीहरूको प्रत्येक प्रस्तावहरूलाई तुलना गर्नु पर्छ र सबै भन्दा उपयुक्त उम्मेदवारलाई उनको हात दिनुहोस् "

त्यसपछि ओड्डीयानको मन्त्रीले यस्तो घोषणा गरे- “म यहाँ मेरो राजाको आदेशले आएको छु । देवपुत्रीलाई प्राप्त गर्नको लागि धेरै सम्पत्ति एकत्रित गरिएको छ । प्रत्येक राजाले दिने सम्पत्तिको प्रस्तावबारे खुलाउँदै धेरै पत्रहरू पहिले नै पेश गरिएको छ । अब के गर्ने भन्नेबारेको निर्णय राजा र उहाँका मन्त्रीहरूले गर्नु पर्छ । यदि तपाईंको निर्णय निर्णायक छ भने त्यसलाई तदनुसार सम्मान गरिनेछ । यदि तपाईँले हामीलाई धेरै छलफलहरू गरेर धोका दिनुहुन्छ भने म तपाईंका वचनहरूमाथि विश्वास गर्दिनँ । साहोरका राजा र मन्त्रीहरूलाई म खुल्ला भएर र ध्यान दिएर सुन्ने सल्लाह दिन्छु"

त्यसपछि चीनका मन्त्रीको पालो आएको थियो - “बढी धेरै शब्दहरूलाई हावाले उडाएर लान्छ । के भनिएको छ भन्ने कुरा हुँदा हुँदै पनि राजाको महान् गुणहरूबारे अभिव्यक्त गर्न सकिंदैन । राजकुमारी मन्दारवालाई एक वा अर्कोलाई दिनेबारे निर्णय गर्न गाह्रो छ । मेरो विचारमा हे रानी, साहोरका राजालाई एउटा दृढ निर्णय गर्न दिने र त्यो निर्णय जे भए पनि त्यसलाई शिरोधार्य गर्ने कुरा तपाईं माथि भर पर्छ ।

त्यसपछि कारसीता नामक भेटाका मन्त्रीले भने- "साहोरको राजामा पुण्य र अपुण्य धर्मको बारेमा गहिरो ज्ञान भए पनि धर्मनिरपेक्ष विषयको कुरामा हाम्रो राज्यले उनको राजनीतिक प्रणालीलाई पराजित गर्न सक्छ । मंन्दारवाको मार्ग स्पष्ट रूपमा धर्मको हो"

त्यसपछि गेसरका राजाको प्रतिनिधित्व गर्ने पालासिद्दीले भने- "मेरो विचारमा, साहोरकी राजकुमारी मन्दारवामा केही राजनैतिक चासोहरू छन्, तर उनको गुणलाई सम्भाव्य रूपमा कुनै पनि गहना वा धन सम्पत्तिले नाप्न सक्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनको सुरक्षा गर्नको लागि साहोरका राजा कपटी छन् । अन्यथा उहाँले सरल रूपले मन्दारवालाई हाम्रो राज्यलाई प्रदान गर्नुहुने थियो ! "

त्यसपछि कश्मीरका मन्त्री, निद्‌जुले भने- "कुलीनताको महान् भौतिक लक्षणहरूले युक्त राजा, यदि तपाईं राजकुमारी राज्य चलाउन सक्षम हुनुहुन्छ भन्ने सोच्नुहुन्छ भने तपाईंको निर्णय सबै भन्दा असल उपहारको आधारमा गर्नुहोस् । यदि तपाईं उहाँलाई बाहिर पठाउन चाहनुहुन्न भने धनको कुनै पनि प्रस्ताव स्वीकार नगर्नुहोस् । यस भन्दा बढी भन्नु पर्ने केही थप कुरा छैन"

त्यसपछि पर्सियाका मन्त्री कारत्रारीले यस्तो कुरा गरे- "हे राजा, हामीसँग असल सम्बन्धमा रहनको लागि तपाईं निर्णायक हुनु पर्दछ । यदि तपाईं निर्णय गर्न सक्नुहुन्न भने यो समय हाम्रो सेनाहरू युद्धको लागि तयार गर्ने समय हो । महान् धन सम्पत्ति, कुलिनता र शक्ति युक्त तपाईं जस्तो राजासँग मुकाबिला गरेर म अहिले पर्सिया राज्यमा खाली हात फर्कन असमर्थ छु "

त्यसपछि मारूको मन्त्री सिम्हाले यस्तो घोषणा गरे- "उनकी आमालाई निर्णय गर्न अनुमति दिनु अनिश्चितता र अन्योलतालाई ग्रहण गर्नु हो । राजाले गरेको निर्णय दृढ र स्थिर हुन्छ । यस आधार हीन शब्द आडम्बरलाई सुनी रहने कुनै आवश्यकता छैन । राजकुमारीलाई नै उहाँ आफूले के गर्न चाहनु हुन्छ सोधौं । यदि हामीले यो अनिर्णयलाई जारी राख्यौ भने अन्त्यमा सबै कुरा दुर्भाग्य पूर्ण हुनेछ । उहाँ आफै के गर्न चाहनु हुन्छ भन्ने कुरामाथि आधारित भएर निर्णय गर्नु एकदम राम्रो हुनेछ ताकि परिस्थिति अनुकूल र सुखद होस्"

त्यसपछि तिब्बतको मन्त्री यगान्थले भने- "महिलाको कुरा सुन्ने हे साहोरका राजा ! यतिका धेरै विचारहरू उपलब्ध छन्, हामीले अन्तमा गएर तपाईंलाई के कुराको लागि जिम्मेवार ठहराउने छौ भन्नेबारे तपाईंले जान्नु पर्छ । तिब्बतको राजा राजनीतिमा अत्यन्त कुशल हुनुहुन्छ र वैभव पूर्ण गुणहरूले युक्त राजकुमारीलाई आफ्नो बनाउने उहाँको इच्छा हो । वास्तवमा, यदि तपाईंले उहाँलाई पठाउनुभएन भने मेरो आफ्नै जीवन खतरामा हुनेछ । यो तपाईंको हातमा रहेको छ"

त्यसपछि याङ्गाचेनका मन्त्रीले भने- "यस मामिलामा राजासँग मात्र सल्लाह गर्नुपर्छ । राजाले राजकुमारीसँग परामर्श गर्नु पर्छ र उनीहरू दुवै मिलेर छनौट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्छ"

यो कुरामा सबैजना सहमत भएर तिनीहरूले राजा, रानी र मन्त्रीहरूलाई आफ्नो विचारबारे व्याख्या गरे अनि तिनीहरूले साहोरका सबै मानिसहरूलाई एकठाउँमा जम्मा पारे ।

राजाले रानीलाई राजकुमारी मन्दारवालाई बोलाउन आग्रह गरे ताकि उहाँलाई उहाँ के गर्न चाहनुहुन्छ भन्ने बारे उहाँको विचार सोध्न सकियोस् । राजकुमारीलाई आफू जान चाहेको ठाउँको छनौट गर्न दिनुपर्छ भन्नेबारे सबै जना सहमत भए । मन्दारवालाई उहाँको माता पिताको सामु ल्याइयो र उहाँलाई सम्पूर्ण परिस्थितिलाई ध्यान पूर्वक व्याख्या गरिएको थियो । उनीहरूले उहाँलाई उहाँ जोसँग जान चाहनुहुन्छ उसैलाई दिने भन्दा यो पनि भने कि सबै धन सम्पत्ति, नोकरचाकरहरू र साथीहरू उहाँ सँग हुनेछ ।

भारतको भूमिमा धर्म व्याप्त छ भनेर उहाँलाई भनिएको थियो । चीनको भूमिमा मनोरञ्जन र आनन्द प्रशस्त छ । गेसारको भूमिमा भाइचारा सर्वोच्च थियो जब कि ओडिनाको भूमिमा पुर्खाहरूको नासो उत्कृष्ट र पूजनीय थियो । शाम्बालाको भूमिमा धर्म, धन र समृद्धिको आनन्द लिइन्थ्यो । भेटाको देशमा ठूलो पराक्रम थियो । पर्सियामा ठूलो धन छ । तिब्बत देश यसको तीरन्दाजको लागि प्रख्यात छ, कश्मीर देशको मान्छेको सुन्दरताको लागि प्रख्यात छ । अन्तमा, उनीहरूले उहाँलाई कुन स्थानमा जान चाहनुहुन्छ बताउन अनुरोध गरे । मन्दारवाले केही बेर सोच विचार गर्नुभयो, एकजना सामान्य महिलाको जीवन बिताएँ भने म कहिल्यै पनि खुसी हुँदिन भन्ने निष्कर्षमा पुग्नुभयो । यी सबै कुराहरू अघिल्लो जुनीको कर्मको कारणले गर्दा भएको हो भन्ने महसुस गरेर उहाँले जीवनको मूल्यमा समेत अनिवार्य रूपमा धर्मको पथ मात्र पहिल्याउने विश्लेषण गर्नुभयो । डाकिनी द्वारा गरिएको भविष्यमा सम्पूर्ण आत्मविश्वास राख्दै, उहाँले निम्न प्रतिक्रिया दिनुभयो-

"क्ये ! अरूको शक्तिको अधीनमा पर्नु भएको मेरो एक मात्र बुबा, कृपया मेरो कुरा सुन्नुहोस् ! मैले तपाईंले भने बमोजिम मात्र गर्ने आकाङ्क्षा राखे पनि यस पटक म कसैसँग पनि कुनै पनि देशमा जाँदिन । मैले मेरो जीवनलाई धर्मको बाटोमा मात्र समर्पण गर्ने छु । धर्म अभ्यास गर्न स्वतन्त्रता बिना, कुनै अवरोध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिना धर्म अभ्यास गर्न सक्ने भूमिमा जन्म लिने व्यग्र प्रार्थना गर्दै मैले मेरो जीवनलाई समाप्त गरि दिनु पर्छ"

त्यसपछि राजाले यस्तो उत्तर दिए- "तिमीले जुन सुकै राज्य वा परिवार छनौट गरे पनि यो स्पष्ट छ कि तिमी त्यहाँ बस्न सक्दैनौ । मलाई तीन दिनसम्मको लागि सोच्ने समय देउ । त्यसपछि म तिमीलाई मेरो उत्तर दिने छु"

राजाले पहिले नै बोलेको भए तापनि मन्दारवाले यस्तो घोषणा गर्नुभयो- "तपाईंले जति दिन सोचे पनि मैले निश्चय गरि सकेकी छु । म धर्मको पथलाई मात्र पछ्याउने छु । तपाईंले अघिल्लो जुनीमा आर्जन गरेको पुण्यको कारणले म हजुरकी छोरीको रूपमा जन्मिएको छु । अहिले मसँग अवसर हुँदा, यदि मैले बहुमूल्य धर्म पूरा गरिन भने, यस पुनर्जन्मको सार खराब र नष्ट हुनेछ । भारतमा धर्म प्रचार गरिएको छ तर यसलाई अभ्यास गर्ने अवसर पाउनु दुर्लभ छ । म जाति वा वर्गको लागि कहिल्यै पनि विवाह गर्ने छैन । कुनै पनि अवस्थामा, एकजना साधारण गृहस्थीको जीवन तल्लो लोकहरूमा पुनर्जन्म हुने कारण मात्र हो । दुखबाट छुटकारा लिनका लागी केवल मर्ने मात्र आशा राख्ने एउटा घाइते हरिण जस्तै हुँ । हे बुबा मेरो अन्तिम इच्छालाई बुझि दिनुहोस् "

मन्दारवाले आफ्नो मनसाय निकै स्पष्टसँग गर्नु भएको भए पनि राजाले अझ पनि उहाँलाई दबाब दिन खोजे । उहाँलाई दरबारको पर्खालहरू भन्दा बाहिर जान न दिनु भनेर मन्त्रीहरूलाई आदेश दिए । केही समयपछि, राजकुमारीमा विरह जाग्यो र निराशाको क्षणमा, बुद्ध बज्रसत्त्व अचानाक उहाँको अगाडि आकाशमा देखा पर्नु भयो । उहाँले भन्नुभयो-

"क्ये ! पाप र दोष नभएकी कन्या मन्दारवा ! निराशाबाट मुक्त हुनुहोस् । कहिल्यै हार नमान्नुहोस् ! तपाईंको दृढ विश्वासमा आत्मविश्वास र साहस बढाउनुहोस् ! दुईवटा महान् लाभहरू पूरा गर्ने रूपमा तपाईं एक महिला हो जो महान् गुणहरूको महासागर हो !"

यो सल्लाह प्राप्त गरेपछि, धर्म प्रतिको मन्दारवाको प्रतिज्ञाले कहिले पनि यहाँको हृदयलाई छोडेन ।

समय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्येक दिशाका राजाहरूले मन्दारवालाई कसरी खोजेका थिए, उहाँले संसार प्रति अनुरक्ति नभएको कसरी प्रदर्शन गर्नुभयो र उहाँबारेको भविष्यवाणीलाई स्मरण गराउने बज्रसत्वबारे कसरी देखुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्ति बारेको चौबिसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रवृज्या र धर्मको तालिम

मन्दारवा दरबारबाट भाग्नुभयो । केही समयको लागि उहाँले नजिकैको रातो फूलहरूको बगैंचामा आश्रय लिनु भयो । उहाँको सुसारे सेम्सोग्मा उहाँसँग रहिन् भने अन्य सुसारेहरू जासुसहरूमाथि निगरानी राख्नको लागि आसपासको क्षेत्रमा तैनात भए ।

एक दिन मन्दारवाले आफ्ना सबै गहनाहरूलाई त्यागेर रेशमी लुगालाई छुरीले काट्नुभयो र भविष्यमा यस्ता अनावश्यक गर-गहनाहरूबाट मुक्त रहनको लागि प्रार्थना गर्नुभयो । यो समाचार बताउनको लागि सुसारे सिमसोग्मा राजा कहाँ गइन् । यसमा राजा खुसी भएनन् । यदि उनको छोरीले आफ्नो नियम पालन गरिनन् भने धर्मको पछि लाग्न भविष्यमा कठिनाइहरू उत्पन्न हुन सक्छ भन्ने उनले महसुस गरे । आफूले गर्न सक्ने केही पनि नभएको महसुस गरेर राजाले सबै राजा र तिनीहरूका दूतहरूलाई भेला गरे । उनले उनीहरूलाई ठूलो मात्रामा धन सम्पत्ति वितरण गरेर उनीहरूलाई आफ्नो बाटोमा लगाए, राजकुमारीले पवित्र धर्मको मार्गलाई मात्र अनुसरण गर्ने वचन दिएकोबारे उनीहरूलाई भरोसा दिलाए ।

भोलिपल्ट बिहान राजकुमारी एकजना बोधिसत्वसँग भेट गर्न जानुभयो र एकचित्तको आस्थाले यो प्रार्थनाको गर्नुभयो- "ए मा ! महान् बोधिसत्व, बुद्धहरूको उत्तराधिकारी ! संसारसँगको सम्बन्धलाई मैले नकाटेको भए पनि धर्ममा मेरो विश्वास रहेको छ । हरेक दिशाबाट राजाहरू आएर विवाह गर्नको लागि मेरो हात माग्न एकत्र भए । मेरो बुबा राजा धोकामा पर्नुभयो र तिनीहरूले चढाएको ठूलो धन रासीको लोभमा पर्नुभयो । धर्मको मार्ग पछ्याउन निषेध गरिकोले यस जङ्गलमा भागेर आउने बाहेक मसँग अर्को विकल्प थिएन र मैले मेरो सबै सम्पत्तिलाई त्यागे । यो देखेर मेरो सुसारे मेरो निर्णयबारे राजालाई भन्न दरबारमा फर्किन् ! मैले सुनेको छु कि यस समाचारले धेरै दिशाका विवाहार्थीहरूलाई अन्तमा गएर सन्तुष्ट बनाएको छ । अब तपाईंले मलाई प्रवृज्या प्रदान गर्नुहोस् भन्ने मेरो अनुरोध छ"

बोधिसत्वले उत्तर दिए- "उत्कृष्ट ! राजकुमारी मन्दारवा, तपाईंको उत्कृष्ट मनसाय विगतका आकाङ्क्षाहरूको जागरणको परिणाम हो । विगतमा तपाईंले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धको उपस्थितिमा पवित्र धर्म सुन्नुभएको थियो । त्यस समयमा, तपाईँको नाम सिग्मो गंगादेवी थियो र म बुद्धको सभामा पाँचजना मुख्य अर्हतहरू मध्येको एक थिए । तपाईं सैंतीस शाखाको पथमा सिद्ध हुनु भयो, त्यसैले अहिले तपाईँको पुनर्जन्म साहोरका राजकुमारी राजकुमारीको रूपमा भएको छ ।

संसारमा आशक्त नहुनुहोस् । विगतको तपाईंको धर्मसँगको सम्पर्कलाई सम्झनुहोस् ! अगाडि आउनुहोस् र म तपाईंलाई प्रवृज्या दिने छु । व्यक्तिगत मुक्ति र बोधिसत्वको प्रशिक्षण प्राप्त गरेर यसलाई विशुद्धता पूर्ण रूपमा कायम राखेर, तपाईं चाँडै नै दोस्रो बुद्ध, पद्मसम्भवकी चेली बन्नुहुनेछ । तपाईंको योग्यता यस्तो छ कि तपाईं सबै प्राणीहरूको बहुमूल्य संरक्षक हुनुहुनेछ"

यो भविष्यवाणी गरिसकेपछि, उहाँले उहाँलाई प्रवृज्या दिनुभयो र उहाँले बोधिसत्व येसे जाङ्मो नाम पाउनु भयो ।

त्यसै बखत, राजाले आफ्ना मन्त्रीहरूलाई राजकुमारी मन्दारवा रहेको स्थान र उहाँको क्रियाकलाप पत्ता लगाउने आदेश दिए । तिनीहरू जङ्गलमा गए, जहाँ उनीहरूले उहाँले वास्तवमा नै प्रवृज्या लिनु भएको देखे । यो समाचार राजालाई रिपोर्ट गर्नको लागि तिनीहरू तत्काल दरबारमा फर्किए । राजकुमारीले ठूलो बोधिसत्वको उपस्थितिमा प्रवृज्या लिएकी छन् भनेर जब तिनीहरूले राजालाई बताए, राजाले महसुस गरे कि आफ्नो छोरीको लागि केवल केही सुसारेहरू द्वारा घेरिएर रहेको बेला आफ्नो प्रतिज्ञाहरूलाई कायम गर्न गाह्रो हुनेछ । त्यसपछि तिनले राजकुमारीको पाँच सय जना सुसारेहरूले पनि प्रवृज्या प्राप्त गरोस् भन्ने आदेश दिए । उहाँले आफ्ना मन्त्रीहरूलाई राजकुमारीलाई जाँच्न, उहाँ र अरूलाई आफ्नो आदेशबारे जानकारी दिन र उनको इच्छाहरूलाई तत्काल पूरा गर्न आदेश दिए ।

मन्त्रीहरूले मन्दारवाकी सुसारेहरू सबैले उहाँकै पथ अनुसरण गर्दै प्रवृज्या लिने राजाको आज्ञाबारे जानकारी दिँदै सबै नोकर चाकरहरूलाई एकठाउँमा भेला गरे ।

यदि तिनीहरूले आफ्नो प्रतिज्ञालाई तोडे भने तिनीहरूले सजाय पाउनेछन् भनेर राजाले तिनीहरूलाई पनि चेतावनी दिए । त्यसपछि सुसारेहरू बोधिसत्व र गुरुको अगाडि गए र सोधे- "ए मा ! महान् गुरु जो बुद्ध जस्तो हुनुहुन्छ ! हामी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमारी मन्दारवाकी सुसारेहरू हौ र हामीले तपाईँ कहाँ आएर प्रवृज्या लिनु पर्छ भन्ने हाम्रो राजाको आज्ञा हो । तपाईँको करुणाले कृपया हामीलाई प्रवृज्याको आशीर्वाद दिनुहोस्"

यसरी पाँच सयजना सुसारेहरू सबैले प्रवृज्या र नयाँ धर्म नामहरू प्राप्त गरे ।

मन्दारवाको नयाँ दरबार सुन्दर बगैंचा भित्र राजाको दरबारबाट एक माइलको दूरीमा निर्माण गरिएको थियो । त्यहाँ बुद्धको एक प्रतिमा स्थापना गरिएको थियो र उपयुक्त प्राण प्रतिष्ठा गर्नको लागि त्यहाँ गुरु बोधिसत्व तीन पटक आउनु भयो । राजकुमारी बस्नुहुने भित्री आवासलाई पाँचवटा गोलो पर्खालहरूले घेरिएको थियो । प्रत्येक हातामा एक सयजना सुसारेहरू बस्थे । पूर्वी र दक्षिणी प्रवेशद्वारहरूमा कडा पहरा दिइन्थ्यो र बाकी दिशाहरू बन्द गरिएका थिए । प्रवेशद्वारको संरक्षण गर्न बीसजना सुसारेहरूलाई नियुक्त गरिएको थियो र त्यहाँका बासिन्दाहरूलाई ती द्वारहरू छेउछाउ जाने अनुमति दिइएको थिएन । त्यसपछि प्रत्येक दिन मन्दारवाले लगनशील भएर आफ्नो मुक्तिको शास्त्र अध्ययन गर्नुभयो । उहाँले जाडो मौसमको तीन महिना एकान्तवासमा मन्त्र अभ्यास गर्ने परम्पराको उद्घाटन गर्नुभयो । वसन्तको तीन महिना सूत्र र उपदेशको अर्थलाई मनन गर्दै बिताउने; वर्षा यामको तीन ध्यान साधनमा बिताउने; र शरद ऋतुको तीन महिना बोधिचित्त उत्पाद गर्नको लागि दैनिक अभ्यासहरू गर्ने । उहाँको पवित्र धर्मको अभ्यास दिन रात जारी रह्यो ।

समय

प्रवृज्याको प्रतिज्ञा गर्ने बनाउने र सूत्रयानको धर्ममा तालिम लिने गराउने धर्म प्रतिको उहाँको वचनवद्धताबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको पच्चीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरु पद्मसंभवसँगको भेट

गुरु पद्मसंभवको लागि राजकुमारी मन्दारवा र उहाँको समूह सहित साहोर राज्यलाई तालिम दिने समय आयो । उहाँको हृदयबाट प्रकाशका किरणहरू उत्पन्न भएर अथाह आशीर्वाद दिँदै मन्दारवा र उहाँको समूहको तीनवटा द्वारमा प्रवेश गर्यो । त्यो रात मन्दारवाले यस्तो सपना देख्नुभयो- उहाँको अगाडिको आकाशमा, पञ्चरङ्गी प्रकाशको किरणको विस्तार भित्र रातो पुष्प केसर भएको सुनौलो फूल देखा पर्यो । त्यस फूलमाथि एकजना बुद्धको निर्माणकाय अभिव्यञ्जना प्रकट भयो । उहाँले भक्तिभावले दण्डवत् र प्रार्थना गर्नुभयो । त्यसपछि बुद्धले भन्नुभयो- "हे सिद्ध श्रेष्ठ गुणहरूले युक्त कन्या, राजकुमारी मन्दारवा, म अवलोकितेश्वरको अभिव्यञ्जना हुँ । भोलि, बाँदर महिनाको दशौं दिनमा, मलाई भेट्नको लागि घाँसे डाँडाको शिखरमा आउनुहोस् । म तपाईंलाई सङ्केतद्वारा देखाइने निर्देशनहरू प्रदान गर्छु जसले एकै जीवन कालमा मुक्ति ल्याउँछ" यसरी बोलिसकेपछि, उहाँ आकाशमा बिलाउनु भयो । यस्तो पूजनीय प्रादुर्भावसँग भेट हुनुको दृश्यको यस्तो चित्ताकर्षक सपना देखेर मन्दारवा सपनाबाट ब्यूँझनु भयो । भोलि पल्ट बिहान आफ्नो धर्म उपदेश दिँदा उहाँले त्यहाँ भेला भएका पाँच सयजना सुसारेहरूलाई भन्नुभयो- "ए मा ! गए राती मैले सबैभन्दा अनौठो सपना देखैं । आज हामी घुमफिर गर्नको लागि बाहिर जान्छौं र एक सम्यक् सम्बोधि प्राप्त भएका व्यक्तिलाई भेट्न चाहन्छौं जसले हामीलाई एक जीवन कालमा मुक्ति प्रदान गर्ने ध्यान दिएर सुन्ने निर्देशन प्रदान गर्नु हुनेछ"

मन्दारवा र उहाँको पुण्यवान सुसारेहरू धूप जति नै सुगन्धित फूलहरूले सजिएको घाँसे डाँडामा जानुभयो । अचानक तिनीहरू सामुको आकाशमा चम्किलो इन्द्रेनी रङ्गको प्रकाश उत्पन्न गर्नु हुँदै महान् बज्र गुरु पद्मसंभव देखा पर्नुभयो । उनीहरूले उहाँलाई देख्ना साथ मन्दारवा र तिनको टोलीले अपरिवर्तनीय विश्वासले अभिभूत भए । राजकुमारीले भन्नुभयो- "ए मा हो ! तीन कालका बुद्धहरूका शिरको मुकुटको रत्न हृदय पुत्र ! आफ्नो प्रारब्ध पूरा गर्नु भएर तपाईंले केवल अरूको कल्याणका लागि मात्र काम गर्नुहुन्छ । तपाईंको करुणाको अङ्कुसेद्वारा तपाईंले आफ्नो सीमा विहीन मायाको औषधिले सबैलाई पोषण गर्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निरन्तर सबै प्राणी प्राणीहरूलाई हेर्नुहुन्छ । आफ्नो आनन्दमय, उदार अनुग्रह प्रदर्शन गर्नुहोस् र समताको पात्रमा मुक्तिको किनारमा हामीलाई सबैलाई पुऱ्याइ दिनुहोस् । हामीहरू मध्येको बाटो पहिल्याउन नसकेका दृष्टि विहीन र हराएकाहरूलाई हेर्नुहोस् ! हामी तपाईँलाई हाम्रो दरबारमा आएर धर्मको चक्रलाई घुमाउनको लागि बिन्ती गर्छौं ! " गुरुले आउँछु भनेर प्रतिज्ञा गर्नुभयो । मन्दारवा र तिनको समूह उहाँको आसन्न आगमनको तयारी गर्नको लागि तत्काल दरबारमा फर्केर आउनुभयो । केहीले बाहिर तयारी गरे, अन्यले भित्र तयारी गरे । केहीले उहाँको उपदेश दिने आसनको व्यवस्था गरे, अरूले भोजन तयार गरे । केहीले धूप बत्ति चढाए । सबै तयारी पुरा भएपछि गुरु आउनुभयो । तिनीहरूले ढोकाहरू बन्द गरेर सिलबन्द गरे । गुरुले उपदेश दिने आसन ग्रहण गर्नुभयो । उहाँको तिर्खालाई शान्त पार्नको लागि तिनीहरूले पाँच बहुमूल्य रत्नहरू, विभिन्न सुक्खा पदार्थहरू, अन्न, छ्याङ, रक्सी र पेय पदार्थहरू चढाउनु भयो । यी सबै चीजहरूलाई मण्डलको रूपमा चढाउँदै मन्दारवाले यस्तो बिन्ती गर्नुभयो- "ए मा ! आफ्नो अनुहारले तीन कालका बुद्धहरूलाई प्रतिनिधित्व गर्नु हुने तपाईं जस्तो, तपाईं सम्भवतः कहाँ जन्मिएको हुन सक्नुहुन्छ ? तपाईंको जाति र माता पिताको वर्ग कस्तो हुन सक्छ ? हे अमूल्य गुरु, कृपया हामीलाई तपाईंका पवित्र शब्दहरूको अमृत दिनुहोस् !" त्यसपछि गुरुले उत्तर दिनुभयो- "ए मा ! मनको ध्यान लोभ्याउने अद्भुत सुन्दर कन्या मन्दारवा ! मेरो जन्मस्थान सत्यको खाली स्वभाव भएकोले म पिता विहीन हो । मेरी आमाको गर्भ शून्यताको प्रज्ञाज्ञान हो । म धनकोश ताल बीचको एउटा कमलको फूल भित्रबाट उत्पन्न भएँ । म अस्तित्व र शान्ति दुवैको सीमाबाट मुक्त परिवारबाट आएको हुँ । म आफैले स्व-उत्पन्न परम सुखको आध्यात्मिक सिद्धिको प्रतिनिधित्व गर्छु । "प्राणीहरूको मनलाई तह लगाइने परम लोकमा एकजना बुद्ध उत्पन्न हुनुहुन्छ जसले प्रत्येक र सबैको आवश्यकताहरूलाई पूरा गर्नुहुन्छ । तीन वटै काल भरी यी प्रादुर्भावहरूको विभिन्न नाम र देखा पर्ने विभिन्न विधिहरू भए पनि अन्त्यमा तिनीहरू अद्वैध छन् । विगतमा, असीमित प्रकाशको किरणको बुद्ध, अमिताभले पोताला पर्वत, अवलोकितेश्वरको स्वर्ग सिर्जना गर्नुभयो । त्यसपछि अवलोकितेश्वर धनकोश तालमा पद्मसम्भवको रूपमा प्रकट हुनुभयो । सत्यको मण्डलमा, उहाँ आदि बुद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समन्तभद्र हुनुहुन्छ; घनीभूत व्यूहको लोकमा, उहाँ बज्रधर बुद्ध हुनुहुन्छ; र बोधगयाको बज्रासनमा, उहाँ सम्यक् सम्बोधि प्राप्त, भगवान बुद्ध हुनुहुन्छ ।

पद्मसम्भवको रूपमा अभिन्न रूपमा देखा पर्ने म पनि यो स्वतः उपस्थिति हुँ । प्राणीहरूको आवश्यकताहरूको प्रतिक्रियाको लागि उत्पन्न हुने अचिन्तनीय आशीर्वादहरू अझ अगाडि आठ जना पुरुष बुद्धहरू र उहाँहरूको आठजना सहचरीहरू, आठ स्थानहरू र आठ सर्वोच्च शक्ति स्थलहरू, आठवटा महान् श्मशान अभ्यास स्थानहरू र गुरुको आठवटा अभिव्यञ्जनाहरूको रूपमा अभिव्यञ्जना हुन्छ जुन चेतनाको आठवटा समूहहरूको शुद्ध प्रदर्शन हो ।

यसबाहेक आठ जना बज्र गुरुहरू र आठ प्रादुर्भावहरू प्रकट भएका छन्, आठ गौरवशाली र आठ जना सिद्धि हेरुकहरू, सिद्ध गरिएको मिलन र मुक्तिको आठ महान् उपलब्धिहरू, प्रवेश चरणको आठवटा तन्त्रहरूका साथै चमत्कारिक सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूका आठवटा पक्षहरू छन् । यी आठ जना बुद्धहरूले दुई सञ्चय र वर्तमान, भूत र भविष्यको सबै महान् गुणहरू सिद्ध गर्नु भएको छ । यस आधारबाट आफैलाई प्रकट गर्ने सर्वोच्च उत्तराधिकारीहरूद्वारा दसै दिशामा बुद्धधर्मको विजय पताकालाई सधैं उच्च बनाएर फरफराउँदै वर्तमान, भूत र भविष्य भरी नै अचिन्तनीय प्रादुर्भावहरू उपस्थित रहेका छन्" यी शब्दहरू सुनेर, मन्दारवा र तिनको समूह आनन्दले भाव विभोर भए । गुरुको मार्गदर्शनमा उनीहरूले दिन रात गोप्य मन्त्रको धर्ममा प्रशिक्षण लिन थाले । उनीहरूलाई क्रिया, चर्या र योगको तीनवटा बाह्य तन्त्र र पिता, माता र अद्वैधको तीनवटा सर्वोच्च तन्त्र बारे सिकाइयो । तिनीहरूले गोप्य मन्त्र यानको एक सयवटा वर्गहरूबारे पनि अध्ययन गरे । भित्री तन्त्रको यो वर्गीकरण बमोजिम, तिनीहरूले विस्तारसँग उत्पन्न क्रमका साथै ऊर्जा नाडीहरू अत्यावश्यक वायुहरू र तरल पदार्थसँग सम्बन्धित रहेका हजारौं प्रमुख तन्त्रहरूबारे उपदेश प्राप्त गरे तिनीहरूले गोप्य मन्त्रको बाटोमा सबै प्रमुख उपदेशहरू सम्पूर्ण रूपमा पाएका थिए । समय

भविष्यवाणी बमोजिमले मन्दारवाले बज्र गुरु पद्मसंभवलाई कसरी भेट्नुभयो र आध्यात्मिक प्रसारणको चरणहरू उहाँले कसरी प्राप्त गर्नुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको छब्बीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चमत्कारहरूद्वारा राजालाई वशमा ल्याउँदै

राजकुमारी र उनको समूहलाई दिइएको उपदेशहरूको प्रगतिबाट बज्र गुरु अति नै आनन्दित भए सँगै अनिष्ट सूचक सङ्केतहरू पनि देखा परे । एकजना धेरै अरुचिकर, बिग्रेको गाई गोठालाले उहाँहरूले गुरु पद्मसंभवबाट शिक्षाहरू प्राप्त गरेर उत्सव मनाइ रहेको पूर्ण आनन्दको स्थितिमा रहेको बखत देखे । घर फर्कँदै गर्दा ती गोठालाले धेरै जना गाउँलेहरूले राजकुमारी मन्दारवा र उहाँको महिला अनुयायीहरूको प्रशंसा गरेको सुने । त्यसपछि तिनले आफूले देखेको कुराको बारेमा निन्दा गर्दै कुरा काट्न थाले जसले अवश्य नै अझ बढी कुरा काट्ने कुराकानी उत्पन्न गऱ्यो । अन्ततः राजदरवारको बाह्य मन्त्रीहरूको कानमा पुग्ने गरि अफवाह फैलियो । त्यसपछि त्यो आन्तरिक मन्त्रीहरूसम्म पुग्यो जसले रानीसम्म यो कुरा पुऱ्याए । त्यसपछि सबैभन्दा कान्छी रानीले राजालाई गए र भनिन्- "हजुरकी छोरी मन्दारवा अहिले टाउको खौरिएको साधारण मानिससँग बसि रहेकी छिन्"

यो कुरा सुनेर राजालाई धेरै रिस उठ्यो र कान्छी रानीलाई तिनको निन्दा गर्ने शब्दहरूको लागि गाली गरे- "तिमीले भनेको कुरा उपहास पूर्ण र पागलपन युक्त छ । तिम्रो मुख नकारात्मकताको भण्डार जस्तै छ । यस्तो झूटो शब्द आडम्बर हल्ला फैलाउन उत्सुक हुने तिमी जस्तो एक जना महिला एउटी राक्षसनी भन्दा कम छैन । मेरी छोरी, राजकुमारी मन्दारवाले एकजना महान् गुरुको उपस्थितिमा प्रवृज्या लिएकी थिइन् । हरेक दिशाबाट उनको हात माग्नको लागि आएका कुनै पनि राजा प्रति तीनको कुनै अनुरक्ति थिएन ।

तिनी एकज़ना साधारण मानिससँग रहनु असामान्य कुरा हो । यो कुरा अविश्वसनीय छ ! यदि यसबारे विचार गर्दा समेत, यो शारीरिक रूपले असम्भव छ किनकी तिनी त्यहाँ पाँच सयं जना सुसारेहरूले घेरिएको पाँचवटा चक्रहरूको बीचमा रहेको पाँचवटा अग्ला पर्खालले घेरिएको स्थानको बीच भागमा बस्छिन् । कसैले पनि थाहा नपाइकन को तिनीहरूको बीचबाट जान सक्छ ? यदि ती मध्येका कसैले यो कुरा गोप्य राखेको भए पनि, निश्चित रूपले सबै सुसारेहरू चुप चाप बस्न सक्ने छैन् ! यो अफवाह कसले सुरु गऱ्यो भन्नेबारे मलाई जानकारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाहियो ! त्यो व्यक्तिलाई मेरो अगाडि ल्याइयोस् ! "

रानी सात आन्तरिक मन्त्रीहरू तर्फ फर्किन् । तिनीहरू आफूले अफवाह सुनेका बाहिरी मन्त्रीहरू कहाँ गए । तिनीहरूको यो दुष्टता युक्त निन्दाको स्रोतको खोजी व्यर्थमा गयो । त्यसपछि मुख्य मन्त्रीहरू उनको इच्छा पुरा गर्न असमर्थ रहेर राजा कहाँ फर्किए । राजा अत्यन्त क्रोधित भए । उनले तिनीहरूलाई हप्काएर भविष्यमा आफ्ना विचारहरूबारे न बोल्नको लागि तिनीहरूलाई सावधान गराए । धेरै महत्त्वपूर्ण व्यक्तिहरूमा राजकुमारीलाई पाउने ठूलो इच्छा भएको र वरपरका दिशाका राजाहरू निराश हुनेछन् भन्ने कुराको स्मरण गराउँदै उनले ती सबैलाई कैद गरे ।

धेरै धन सम्पत्ति जम्मा पारेर उनले साहोरको राज्यका सबै मानिसहरूलाई भेला हुन आज्ञा दिए । त्यसपछि, सबै जनताहरूको उपस्थितिमा उनले घोषणा गरे- "क्ये हो ! साहोर राज्यका बासिन्दाहरू, ध्यान दिएर सुन्नुहोस् ! धर्मको बाटो अनुसरण गर्नको लागि राजकुमारी मन्दारवाले सामान्य जीवनलाई त्यागिन् । अहिले तिनी एकजना युवा भिक्षुसँग बस्दै छिन् भनिएको छ । यो देखेको दाबी गर्ने जो भए पनि हाम्रो अगाडी आउनु पर्छ र जम्मा पारिएको यो सम्पत्ति उसको लागि इनाम हुनेछ"

यस अचम्मको प्रस्ताव राख्दा समेत कुनै पनि व्यक्ति इनाम दाबी गर्न अगाडी आएन । यस सार्वजनिक घोषणाबारेको समाचार टाढा टाढासम्म फैलियो । यो कुरा सत्य हो कि होइन भनेर पत्ता लगाउन वरपरका देशका राजाहरूले हरेकले राजकुमारी बसेको स्थानबारे सोध्नको लागि जासुसहरू पठाए । केही कुरा पनि असामान्य नरहेको पत्ता लगाउन न सकेपछि अन्तमा तिनीहरू आफ्नो आफ्नै देशमा फर्किए ।

त्यसपछि कैद गरिएका मानिसहरूका पत्नीहरू गोठालो कहाँ गए अनि उसलाई देखेको कुरा बोल्नको लागि धेरै पैसा दिने कुरा बताए । उसको गाई वस्तुहरू हेरि दिने प्रस्ताव गर्दै तिनीहरूले उनलाई राजालाई राजकुमारीसँग जवान मान्छे आफूले देखेको कुरा तुरुन्तै बताउन प्रोत्साहित गरे । बाटोमा तिमले नौवटा अप्रिय सङ्केतहरूको सामना गरे । बजारमा आइ पुगेपछि उसले ठूलो स्वरमा सहर बासीहरूलाई सम्बोधन गरे- "क्ये ! मेरो कुरा सुन्नुहोस्, सबै राज्यका नागरिकहरू!

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रो राजाले प्रदान गरेको इनाम प्राप्त गर्ने म नै हुँ ! मन्दारवालाई एकजना जवान मानिससँग देख्ने म नै हुँ । मेरो वचन सत्य हो कि गलत हो भनेर तपाईं आफैले जाँच गरेर हेर्न सक्नुहुन्छ"

त्यससँग तिनले आफ्नो इनाम जम्मा गरेर आफ्नो गाई वस्तु भएको घरमा फर्किए ।

यो समाचार सुनेर राजाले आफ्ना मन्त्रीहरूलाई मन्दारवाको दरबारमा गएर जाँचबुझ गर्ने आदेश दिए । तथापि, रानीले उनीहरूको सट्टामा आफू जाने कुरामा जोर दिइन र त्यही निर्णय भयो । रानी आइ पुगेपछि उनलाई प्रवेश दिनमा इन्कार गरियो र तिनी त्यही मूर्च्छा परिन् । यो समाचार राजा कहाँ पुऱ्याइयो । क्रोधित भएर उनले रानीलाई आफू कहाँ फर्केर आएर मन्दारवाको आवासको प्रवेशद्वारलाई तोडेर उनीसँग उपस्थित रहेको मानिसलाई तत्काल आफ्नो सामुन्ने ल्याउने आदेश दिए । ।

मन्त्रीहरूले एक आपसमा सल्लाह गरे, तैपनि तिनीहरू भित्री कक्षमा प्रवेश गर्दा रत्न जडित सिंहासनमा बसेका एकजना सुन्दर युवकलाई देखेर आश्चर्यचकित भए । चम्किलो प्रकाशले जाजल्यवान उहाँको शरीर प्रतिष्ठाकै चित्र थियो । राजकुमारी मन्दारवा र उहाँको समूह सबै जना उहाँको अगाडि भुइँमा श्रद्धा पूर्वक हात जोडेर बसेका थिए र उहाँको हरेक शब्दलाई ध्यान दिएर सुनिरहेका थिए । राजाको आज्ञा पूरा गर्न असमर्थ भएर मन्त्रीहरू उनीहरूले देखेको कुरा बताउनको लागि फर्केर गए ।

"क्ये मा ! राजकुमारी र तिनको समूहसँग रहेका भिक्षु साधारण मानिसहरूको वंशका होइनन् ! या त उनी धनको देव पुत्र हुन या ब्रह्मदेवको पुत्र हुन । अन्यथा, उनी एकजना बुद्ध हुनु पर्छ जसको मानिसहरूको संसारमा प्रादुर्भाव भएको छ । उनी राजकुमारीको आध्यात्मिक शिक्षक भएको देख्दा हामीले उनीहरूलाई विचलित पार्न असमर्थ भयौं । कुनै प्रतिक्रिया गर्नु अघि उहाँलाई ध्यान पूर्वक जाँच गर्न महत्त्वपूर्ण छ । यो सम्भव छ कि यदि यी प्राणीको सम्बन्धमा कुनै गल्ती गरियो भने अपरिवर्तनीय नकारात्मक कर्म हुन सक्छ । यस्तो सञ्चयलाई शुद्ध गर्न वा स्वीकार गर्न गाह्रो हुन सक्छ"

यी शब्दहरू सुनेर राजा निकै क्रोधित भए । उनी आफ्नो सिंहासनबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनपेक्षित रूपमा उफ्रिए- "मन्त्रीहरू मैले लागू गरेको कानुनलाई तोड्न तयार छौ ! मेरी छोरीलाई यसरी अनादर गर्ने कुनै पनि साधारण मान्छेले त्यही बमोजिमले दण्डित हुनुपर्छ । त्यो नीच आवारालाई पक्रेर बाँधेर ताडको दाउराको चितामा जिउँदै जलाइ देउ । मन्दारवाले मेरो इच्छा अनुसार एक सम्मानित परिवारमा जान अस्वीकार गरेर अहिले साधारण आवारासँग बसिन् । तिनीलाई काँडाहरू भएको अँध्यारो खाडलमा फ्याँकि देउ जहाँ उसले दिनको उज्यालो देख्न नपाईकन पच्चीस वर्ष बिताओस् । उनको दुईजना मुख्य सुसारेहरूलाई अन्धकारमा र बाँकी पाँच सयजना सुसारेहरूलाई कैदमा राख ! यो निश्चित गर्नु कि तिनीहरूले कहिल्यै पनि लोग्ने मानिसको आवाज सुन्न नपाओस्" यस आज्ञा पछि कैदमा राखिएका मन्त्रीहरूलाई मुक्त गरियो ।

यस बारेको समाचारहरू सम्पूर्ण सीमान्त देशहरूमा फैलियो । साहोरका राजाहरूले आफूहरूलाई धोका दिए भनेर तिनीहरू रिसाएका थिए र युद्धका लागि आफ्ना सेना तयार पार्न थाले । राजकुमारी मन्दारवा र उहाँको दुई जना मुख्य सुसारेहरूलाई राजाको आज्ञा अनुसार कैद गरेर दण्डित गरियो । मन्त्रीहरूले अमूल्य गुरु प्रति गरेको व्यवहार देखेर राजकुमारी विक्षिप्त हुनु भएको थियो कि उहाँले आफ्नो सबै सुसारेहरूको सामुन्ने लज्जित बनाउनु भयो-

"के तपाईँहरू सबैभन्दा तलको नरक लोकमा असङ्ख्य पुनर्जन्महरूको कारण बन्ने यस्तो तीव्र नकारात्मक कर्मको सङ्ग्रहबाट डराउनु हुन्न ?"

तर तिनीहरूले गर्न सक्ने केही पनि थिएन ।

त्यस बीच, बज्र गुरुले आफ्ना सम्यक् सम्बोधि प्राप्त चमत्कारिक शक्तिहरू प्रदर्शन गर्नुभयो । आकाशमा धेरै देवी देवताहरू देखा परेर अचानक वर्षा भयो । बनाइएको चिता तिलको तेलको तालमा परिणत भयो । यसको बीचमा इन्द्रेनी र गगनचुम्बी विशाल बादलहरू माझ एक अद्भुत, विशाल कमलको फूल फुल्यो । राजा, मन्त्रीहरू र राज्यका सबै मानिसहरूले सम्पूर्ण आकाशमा शुभ शब्दहरू र गीतहरू गुञ्जिएको सुन्न सक्थे । सम्पूर्ण पोखरी र यसको फूल अब आगोको घेराले घेरिएको थियो । कमलको फूलको बीचमा बसेर बज्र गुरु पद्मसंभव आठ वर्षीय बच्चाको रूपमा पूर्णताका सबै लक्षणहरू सहित बस्नु भएको थियो । सात दिनमा धुवाँको कुनै अंश न छोडीकन सामान्य आगो निभ्ने गर्थ्यो । तर आगोको कस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रदर्शन रह्यो ? आकाश इन्द्रेनी, वाद्य सामग्रीको आवाज र शुद्ध धूपको सुगन्धले भरिएको थियो ।

त्यसपछि सबैले सन्देहको अंश पनि बाँकी नराखेर यी जवान मानिस साँच्चै नै एक निर्माणकाय बुद्ध भएको थाहा पाए । राजाले आफ्ना सबै मन्त्रीहरूसँग भेट गरे । त्यसपछि उनले आफ्नो प्रधानमन्त्री छोदेनलाई त्यो दृश्य भएको स्थानमा पठाए, जहाँ ती मन्त्रीले आश्चर्यचकित भएर परिवर्तित भएको आगो र पुरा फक्रेको कमलको फूल भएको भव्य काललाई अवलोकन गरे । त्यस माथि महान् बज्र गुरु बस्नु भएको थियो, जसको अद्भुत, सुन्दर उपस्थिति बुद्ध अमिताभ जस्तै थियो । उहाँको वरिपरि पाँचवटा अर्पणहरू हातमा लिएका पाँच जना कन्याहरू थिए, जस मध्येको सबै जना मन्दारवा जति नै सुन्दर थिए । गहिरो विश्वासले व्याप्त भएर, मन्त्री यसबारे सबै कुरा राजालाई रिपोर्ट गर्नको लागि फर्केर गए ।

राजा उनको अनुगामीहरू आफै हेर्नको तुरुन्तै गए । जहाँ उनले चारै दिशामा हेरे, उनले देख्न सक्ने सकै कुरा स्पष्ट प्रकाश थियो । उनी यति आश्चर्यचकित भए की उनी अवाक् भए । त्यस क्षणमा अद्भुत युवा, पद्मसंभवले तिनलाई भन्नुभयो- "के अन्तमा तीन कालका बुद्धहरूको प्रकृति रहनु भएको गुरुलाई जिउँदै जलाउने प्रयास गर्ने नकारात्मक राजा आइ पुगे ? अर्थहीन भ्रममा आधारित कानुनहरू लागू गर्ने यो संसारको भयानक भ्रममा ठूलो अनुरक्ति भएका राजा अन्त्यमा आइ पुगे ? आफ्नो निर्दोष छोरी विरुद्ध युद्ध गर्ने हावाले फुलिएको घमन्डको अति चेतना भएको राजा अन्ततः हामीसँग सामेल भए? पाँचवटा मनोविकारहरूको मूल अज्ञानता हो । अहिले र भविष्यमा अभिज्ञानको कमी भएको नकारात्मक राजा अन्त्यमा आइ पुगे ? प्राणीहरूलाई धोका दिने आशय भएका अधर्मी र पापी मन्त्रीहरू अन्तमा आइ पुगे ? "

गुरु यस प्रकारको बोल्नु भए पछि राजा पछुतोले अत्यन्त विक्षिप्त भएर बेहोस भएर भुइँमा लडे । त्यसपछि, होसमा आएपछि तिनले यसरी विलाप गरे- "मैले यो जस्तो नकारात्मक कर्म सङ्कलन गर्नेबारे कसरी सोचें ? मेरी छोरीले जीवित बुद्ध फेला पारेकी भए पनि मैले यसलाई गलत दृष्टिकोणबाट बुझें ! ओह, मैले कसरी त्यति नकारात्मक हुने बारे सोचे ? क्ये मा ! क्ये हु ! "

उनले निराशामा रुँदै आफ्नो कपाल लुछ्न थाले र अनुहार कोपर्न थाले र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावनात्मक उथलपुथलमा भुइमा लडीबुडी गर्न थाले । मुख्य मन्त्रीहरू पछुतोले भरिएका थिए र आफ्नो गहिरो पश्चाताप प्रकट गरे । आफ्नो लाजगालमा तिनीहरूले आफ्नो नेता राजालाई बिन्ती गरे-

"सुन्नुहोस्, महान् राजा, मानिसहरूको प्रभु ! हामीले यी जवान मानिसलाई अझ नजिकबाट जाँच गर्नको लागि हजुरलाई सावधान गराएको भएपनि त्यसो गरिएन । अब तपाईले अपराध स्वीकरण, अर्पण र अनुनय विनयको प्रार्थना गर्नु पर्छ" यस पटक, राजाले उनीहरूलाई सल्लाहलाई हृदयमा राखे । साहोरका सबै जाति, वर्ग, उमेर वा धर्म मतका सबै मानिसहरूलाई एक ठाउँमा जम्मा हुन आग्रह गरियो । असङ्ख्य मानिसहरू त्यस घटनाको साक्षी हुन आए । राजा उनको बीचमा उभिएर गुरु पद्मसम्भवलाई धेरै पटक साष्टाङ्ग दण्डवत् चढाउन थाले । आफ्नो थरथर कामेको आवाजमा गहिरो पछुतोको साथ तिनले यो प्रार्थना गरे-

"क्ये मा ! हे तीन कालको बुद्ध, कृपया मेरो कुरा सुन्नुहोस् ! अहिले मैले मेरो हृदयमा अनुभव गरि रहेको पछुतो असहनीय छ । मैले तपाईं जस्तो कसैलाई बलि रहेको आगोको प्रचण्ड तापमा जलाउने प्रयास गर्दा तपाईंले आगोलाई तिलको तेलको तालमा परिवर्तन गर्नुभयो । त्यसपछि, यो भव्य तालको बीचमा, तपाईं पूर्ण गौरवसाथ पुरा फक्रिएको कमलको फूलको केसरमाथि बस्नु भएको देखा पर्नुभयो । हे निष्कलङ्क रूपमा शुद्ध, रूपान्तरणका गुरु, म हजुरलाई दण्डवत् गर्दै प्रशंसा गर्छु, स्वःउत्पन्न अमर पद्मसंभव ! मैले तपाईंको सम्यक् सम्बोधि प्राप्त शरीरलाई पुऱ्याएको कुनै पनि हानिलाई म गहिरो पछुतो र ग्लानि साथ खुला रूपमा स्वीकार गर्छु र म मेरो कु-कार्यहरूको लागि क्षमा याचना गर्छु ! म नम्रता पूर्वक तपाईंलाई मेरो राज्य प्रदान गर्छु र म प्रार्थना गर्छु कि तपाईं यसलाई अब स्वीकार गर्नुहोस् । म, राजा इन्द्र विहारधर, तपाईंको अनुयायीको रूपमा रहने छु र तपाईंले प्राणीहरूको मनमा रहेको अज्ञानतालाई हटाउनुहोस् भनेर म प्रार्थना गर्छु ! कृपया आसन ग्रहण गर्नको लागि दरबारमा आउनुहोस्"

राजाले यो अर्पणहरू चढाएर अनुरोध गरे, उपस्थित सबैले देवताहरू, नागहरू, डाकिनीहरू, गुरुको प्रादुर्भावहरू र बादल र इन्द्रेनीहरूको बीचमा बुद्धहरूलाई देख्न सक्थे । त्यसपछि प्रशंसाका यी पद्यहरूसँगै एउटा राम्रो बिनाको सुन्दर आवाज सुनियो- "ह्रि ! अनुरक्त नभएको र अशुद्धताको धब्बा नलागेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महान् पद्मसंभवको शरीरलाई सराहना गर्छु !"

प्रशंसाका यस्ता थुप्रै पद्यहरू स्पष्ट रूपमा सुन्न सकिन्थ्यो । त्यसपछि सबै कुरा आकाशमा विलय भएर त्यस राज्यका मानिसहरू भक्ति र विश्वासले अभिभूत भए । महान् बज्र गुरु फेरि बोल्नुभयो- "ए मा ! हे महाराजा र प्रजाहरूको समूह, कृपया ध्यान दिनुहोस् ! म तीन कालको बुद्धहरूको प्रकृति हुँ ! गर्भको धब्बा नलागेको, म एउटा कमलको फूलबाट आफै उत्पन्न भएको हुँ । मेरो पृष्ठभूमि खुसी वा दुखबाट कुनै असर नपरेको आकाशको स्वभाव जस्तो छ । निष्कलङ्क प्रकृतिको मेरो शरीरलाई अग्नि तत्वले कुनै पनि हानी पुऱ्याउन सक्दैन । सकारात्मक र नकारात्मक कार्मिक सञ्चयको कार्यले मलाई थोरै पनि असर पार्दैन तर अन्योल ग्रस्त बोधको कारणले गर्दा प्राणीहरूले निश्चय नै गल्तीहरू गर्ने गर्छन् । हे राजा, तपाईँको महान् गुणहरू, सबैभन्दा ठूलो पर्वत मेरु पर्वत जस्तै हो । यी सबै कुरा तपाईँलाई बुद्धको पथमा मार्ग दर्शन गर्नको लागि भएको हो । हे राजा, निराश नहुनुहोस्; म तपाईँको प्रस्तावलाई स्वीकार गर्छु । अब म तपाईँले अनुरोध गरे अनुसार दरबारमा जान्छु"

राजा आनन्दले विभोर भए । उनले सबै मन्त्रीहरूलाई तत्काल दरबारमा गएर उनको सबैभन्दा नयाँ र सबैभन्दा असल रेशमी लबेदा, लत्ता कपडा र मुकुट लिएर आउने आदेश दिए । उनले तिनीहरूलाई विभिन्न ध्वजा र विजय पताकाहरूले सजाइएका सबैभन्दा राम्रा सातवटा रथहरू लिएर आउने पनि आदेश दिए । तिनीहरू तत्काल उनको इच्छाहरू पूरा गर्नको लागि गए । तिनीहरू फर्कँदा, सबैभन्दा भव्य रथमा एउटा रेसमी कपडाको सिंहासन बनाएका थिए र बज्र गुरुले रेसमी झन्डा र विजय पताकाहरू र असल भाग्यले घेरिएको आफ्नो आसन ग्रहण गर्नुभयो ।

त्यसपछि राजाले गुरुलाई जरी वस्त्रको लत्ता कपडाहरू चढाए, गुरुले प्रत्येकलाई ध्यान पूर्वक लगाउनुभयो । उहाँले राजाको मुकुट र जुत्ता पनि लगाउनुभयो । त्यसपछि राजा आफैले घोडाहरूलाई हटाएर रथको जुवालाई आफ्नो घाँटीमा लगाएर दरबार तर्फ लानको लागि रथलाई तान्न थाले । यो कुरा राज्यको सबै मानिसले देखेका थिए, जसले उत्कट श्रद्धा र भक्ति भावले अनवरत दण्डवतहरू गर्दै र प्रार्थनाहरू गर्दै ठूलो जुलुसमा रथलाई घेरेका थिए । दरबारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आइ पुगेपछि महान् वज्र गुरु आन्तरिक कक्षहरूमा प्रवेश गर्नुभयो अनि सातवटा बहुमूल्य रत्नहरूले बनेको सिंहासनमा आसन ग्रहण गर्नुभयो ।

समय

उहाँले गुरु पद्मसंभवलाई कसरी भेट्नु भयो, कसरी धर्म उपदेशहरू प्राप्त गर्नुभयो, दुर्भाविना पूर्ण अफवाहको कारणले चमत्कारिक शक्तिले राजालाई वशमा ल्याइएको थियो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको उन्नाइसौं अध्याय यहाँ पुरा हुन्छ ।

༄། སངས་རྒྱས་གཉིས་པ་ཨོ་རྒྱན་གྱི་སློབ་དཔོན་ཆེན་པོ་
པདྨ་འབྱུང་གནས་ལ་ཟ་ཧོར་རྒྱལ་པོ་ཕུལ་བའི་དབུ་ཞྭ་པདྨ་
མཐོང་གྲོལ་འདི་སྦས་ཡུལ་པདྨ་བཀོད་ཀྱི་དགོན་པ་ཞིག་ཏུ་
མཇལ་ཁ་ཐོབ།། (དབུ་ཞྭ་གཏེར་མ༔)

दोस्रो बुद्ध गुरु पद्मासंभवलाई साहोरका राजाले चढाएको टोपी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कैदबाट मुक्ति

त्यसपछि राजाले राजकुमारी मन्दारवालाई आफू कहाँ ल्याउने आदेश दिए । उहाँलाई फ्याँकिएको खाल्डो खोल्न जाँदा मन्त्रीहरूले उहाँलाई बज्र गुरुले देखाउनुभएको चमत्कारहरूबारे बताए । उहाँलाई राजाले दरबारमा आउने अनुरोध गर्दै सुनको अक्षरमा लेखिएको चर्मपत्र देखाउँदा तिनीहरूले उहाँलाई पटक पटक प्रतिक्रिया जनाउन बिन्ती गरे । तर उहाँ चुपचाप बसिरहनु भयो । मन्त्रीहरू असफल भएर फर्किए पछि राजाले मन्दारवालाई आउन राजी गराउने र उनीहरूसँग सहभागी गराउनको लागि रानीलाई आदेश दिए । मन्दारवाले त्यसलाई लगाएर दरबारमा फर्किने आशामा रानीले राजकुमारीको रेशमी कपडाहरू जम्मा पारिन् । उनीले आफ्नी छोरीलाई भेटेपछि र यसबारे विचार गर्न आग्रह गरिन्, मन्दारवाले उत्तर दिनुभयो- "जे सुकै भएपनि, पच्चीस वर्षसम्म म यही बस्न चाहन्छु । मैले कहिल्यै मेरो बुबा राजाको आज्ञा उल्लङ्घन गर्नेछैन । यद्यपि, तपाईं र मेरो बुबाको म जस्तो मात्र एक छोरी छिन् । तीन कालका बुद्ध मेरो गुरुलाई तपाईंहरूले जे गर्नु भयो त्यो कसरी त्यस्तो गर्न सक्नुभयो" त्यसपछि मन्दारवाले बलिद्र आशुको धारा बगाउनुभयो र आफ्नी आमाको अँगालोमा ढल्नु भयो । उहाँहरू दुवै जना अनियन्त्रित भएर रुनु भयो । केही समयमा नै साहोर देशका सबै महिलाहरू रुन थाले । र राजकुमारी बितिसकेको हो कि भनेर राजा त्रसित भए । उनी हतार हतार खाडल तर्फ गए । उनको राहतको लागि, उनले उहाँलाई अझै जीवित फेला पारे र उनले दरबारमा के भएको थियो भन्नेबारे आफै आएर हेर्नको लागि उहाँलाई दरबारमा फर्कनको लागि बिन्ती गरे । आँसु खसाल्दै, उनले भने- "हे छोरी, मैले तिम्रो धर्ममा यस्तो अवरोध सिर्जना गर्न कहिले पनि चाहेको थिइन । आफूले गरेको कुराको लागि तिम्रो यो बुबा गहिरो पछुतो गर्छ । म आफैलाई त्यति उच्च सोचेर, म अहिले धेरै तल झरेको छु । मेरो अर्थ हीन व्यवहारले तिम्रो लागि यस्तो दुःख ल्याएको छ । कृपया मलाई क्षमा गरि देउ" त्यसपछि उनले तिनको हात लिएर चुम्बन गरे र उनकी आमाले उहाँलाई माया गरेर सुमसुम्याइन । उहाँ राजासँग दरबार फर्कनको लागि राजी हुनु हुँदा राजा र रानी दुवै जना रोइ रहेका थिए । मन्दारवाको वज्र गुरु सँग फेरि भेट गराइयो, जसलाई उहाँले आफ्नो आँसु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुछ्दै दण्डवत् गर्नुभयो । उहाँले वज्र गुरुलाई हार्दिक भक्ति भावको यस गीतले प्रशंसा गर्नुभयो- "सम्यक् सम्बोधि प्राप्त तपाईँ यो अकुशलताको महाद्वीपमा आउनुभयो । निडरता पूर्वकको शक्तिशाली, तपाईं न त अपेक्षा न त कुनै डरसाथ आउनुभयो । चमत्कार पूर्ण सम्यक् सम्बोधि प्राप्त क्रियाकलापहरूको मूर्त रूप, तपाईँको सम्यक् सम्बोधि प्राप्त प्रदर्शनको अनवरत चमकको असल भाग्य भइ रहोस् ! कमलको फूलबाट जन्म भएको, तपाईँको शरीर चम्किलो सेतो र रातो रङ्को छ । तपाईँ उत्कृष्टताको अवर्णनीय लक्षणहरूद्वारा सजिएको हुनुहुन्छ र तपाईँको बत्तीसवटा प्रमुख लक्षणहरू हेर्नको लागि देदीप्यमान छ । तीन कालको पद्मसंभव बुद्धको महान् गुणहरू दिमागको सीमाभन्दा पर छन् । आस्था र विश्वासको साथमा म तपाईँलाई दण्डवत् गर्छु, तीन कालका बुद्धहरूसँग एक हुनु भएको मूर्त रूप । प्रमुख र साना लक्षणहरूले युक्त हर्ष उन्मादको मूर्त रूप तपाईँको रूपको सुमेरु पर्वत जस्तै महान् र निष्कलङ्क रूपमा मिलेको छ । पहाडका राजाको जस्तै आकार भएको तपाईँको टाउको कलश जस्तै गोलो छ; तपाईँको कपाल पूरा फक्रिएको उदुम्बरा फूल जस्तै मनोहर छ । तपाईँको नाक ठीक तरिकाले मिलेको छ; तपाईँको माथिल्लो र तल्लो ओठहरू कमलको फूलको पत्तिहरू जस्ता हुन् । तपाईँको जिब्रो कमलको फूल जस्तो लामो, मोटो र रातो छ । तपाईँको अन्ठाउन्नवटा दाँतहरूको प्रभावशाली श्रृङ्खला हिमालको श्रृङ्खला जस्तो मिलेको छ । तपाईँको अनुहार शान्त छ । तपाईँको गर्दन र चिउँडो युवाहरूको अति शोभा युक्त छ । तपाईँको स्वरको आवाज कलापाङ्ग चराको जस्तो देदीप्यमान छ । तपाईँको कालो जुँगा र दारी विशाल कालो भालुको रौँ जस्तै छ ।

तपाईँको वर्ण कोमलतापूर्वक सिन्दूर पोतिएको एउटा सेतो शङ्ख जस्तो छ । तपाईँको सुन्दर घाँटी एउटा सुन्दर कलश जस्तो छ । तपाईँको उपस्थितिको प्रशंसा गर्छु ! तपाईं वैभवमा पूर्ण रूपमा सन्तुलित रहेको विशाल हिउँ सिंह जस्तै हुनुहुन्छ । तपाईँको काँधहरू चौडा र पूर्ण अनुपातमा मिलेका छन् । तपाईँको खुट्टाको पन्जा र औँलाहरू लामो र झिल्लीदार छन् । तपाईँको नङ तामा जस्तो रातो स्फटिक रङ्को छ, तपाईँको नाभि कमलको फूलको काण्ड जस्तै आकर्षक छ । तपाईँको पुरुष अङ्ग भित्रिएको छ र कसिलो छ, हात्ती वा घोडाको जस्तै लुकेको छ । तपाईँको पिँडुलो हरिणको खुट्टा जस्ता छन् र तपाईँको कमल पाउ समृद्ध र मांसपेशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युक्त छन् । तपाईँ निमिष भरमै इन्द्रेनी जस्तै आकाशमा उड्नुहुन्छ ।

तपाईंको सर्वदा युवा उपस्थितिले पूर्ण र बलियों अङ्गहरूलाई टेवा दिन्छ । तपाईँ मुस्कुराउनु हुँदा, यति आकर्षक हुनुहुन्छ कि कुनै दोष भेटिंदैन । तपाईँको उपस्थिति यति आनन्ददायी छ कि तपाईंलाई हेरेर कोही पनि सन्तुष्ट हुँदैन अझ हेरि रहुँ जस्तो लाग्छ । तपाईँको चमक प्रकाशको वृत्त जस्तै गरेर चम्किन्छ । तपाईंको छाला स्पर्श गर्दा सबै जनालाई अद्वितीय बज्र परम सुख दिन्छ । तपाईं, पद्मसंभव हुनुहुन्छ जसले अवर्णनीय उत्कृष्टताका यी चिह्नहरूलाई प्रदर्शित गर्नुहुन्छ । बत्तीसवटा मुख्य लक्षणहरू प्रदर्शन गर्ने बुद्धको कायलाई प्रशंसा गर्छु" उहाँले यसरी दण्डवत् गर्नुभयो र ठूलो भक्ति भावले प्रशंसा गर्नुभयो । यसबाट वज्र गुरु धेरै आनन्दित हुनुभयो र उहाँले राजकुमारीलाई यस्तो प्रतिक्रिया दिनुभयो- "ए मा ! तिम्रो अहिलेका नातेदारहरूलाई मायालु नातेदारहरू भन्न सकिंदैन । वास्तविक मायालु नातेदार बहुमूल्य आध्यात्मिक मार्गदर्शक हो जसले पुण्यशील मार्ग देखाउँदै र हानिकारक मार्गबाट उल्टो फर्काउँदै आफूलाई सत्यको बाटोमा डोऱ्याउँछ । तिम्रो अहिलेका रगतका नातेदारहरू अहिले दया कृपाका वस्तुहरू हुन् र साधारण नातेदारहरूले तिमीलाई आध्यात्मिक बाटो बाहेकको बाटोमा लाग्न मात्र प्रोत्साहन गर्नेछन् । यसको धेरै उदाहरणहरू गणना गर र यो वास्तवमा नै अस्तित्वको चक्र भएको तिमीले स्पष्ट रूपमा देख्ने छौ । आफ्नो अनन्त आवश्यकताहरू र इच्छाहरू पूरा गर्न असक्षम भएर प्राणीहरूले लगातार दुख कष्ट पाउने गर्छन् । यो धन सम्पत्तिको अर्थ हुँदै होइन । तिमीले अन्त्यमा भेटिसकेको कुरा साँचो धनको निधि हो । आर्यहरूको सात गुणाको धन सम्पत्ति त्यो धन सम्पत्ति हो जसलाई बाहिर भेट्टाउन सकिंदैन । त्यस बाहेक, साधारण धन सम्पत्ति प्राप्त गर्ने र राख्ने अरू सबै प्रयासहरू दुखका कारण हुन् । जुन हामीले जेलाई धन भन्छौ त्यसलाई अस्तित्व वा निष्क्रियतामा पाउन सकिंदैन -यसको सट्टा तिमीमा अन्तर्निहित बहुमूल्य बुद्ध प्रकृति हो । यो व्यापक रूपमा मान्यता प्राप्त होइन र यसलाई पहिचान न गर्नाले यसलाई खेर जाने गराउँछ । यदि यो मान्यता प्राप्त भए पनि, यसलाई कायम न राखिएमा यो खेर जान्छ । त्यो नकारात्मक परिस्थितिहरूलाई आध्यात्मिक शक्ति र सिद्धिमा आमूल परिवर्तन गर्न सकिन्छ भन्ने कुरालाई बुझ्ने र यस वास्तविकतालाई उपयोग गर्ने समय आएको छ । कठिनाइ र बाधाहरूलाई मार्गको रूपमा उपयोग गर !"

केवल उहाँका शब्दहरू सुन्नाले मात्र पनि राजकुमारी मन्दारवा स्वाभाविक रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विमुक्त हुनुभयो । राजा विहारधरले आफ्नी छोरीलाई ऋषिको मासु, एउटा मनोकामना पूरा गर्ने रत्न र कुनै अपवाद बिनाको राज्यको धनसम्पत्ति चढाए । उनले गुरुलाई आफ्नो जीवनको अन्त्यसम्म आफ्नो महान् गुणहरू प्रसारण गर्न बिन्ती गरे । उनले वज्र गुरुलाई सबै मानिसहरूले सुख अनुभव गर्नमा न डोऱ्याइएसम्म साहोर देशमा बस्न अनुरोध गरे । अर्को तीन वर्षको लागि वज्र गुरुले बुद्धका शिक्षाहरूको विशाल महासागरको चक्रलाई घुमाउनुभयो । मन्दारवालाई वज्र गुरुलाई चढाइएको खबर पाए पछि सबै दिशाका राजाहरूले आफूहरूलाई धोका दिइएको अनुभव गरेर तिनीहरूले क्रोधित भएर युद्धको लागि सेना तयार पारेर आक्रामक रूपले चारै दिशाबाट साहोर राज्य तर्फ अगाडि बढे । एउटा सानो कन्दरा मार्फत प्रवेश गरेर सेनापति महाबलले केही सानो गाउँहरू कब्जा गरे । शत्रुहरूको विरुद्ध आफ्नो चमत्कारिक शक्तिहरूको प्रयोग गरेर वज्र गुरुले यसमा हस्तक्षेप गर्नुभयो । विशेष गरी, आक्रमणकारीहरूलाई फिर्ता पठाउँदै उहाँले आठ हेरुकहरूको मण्डल खोल्नुभयो, ताकि तिनीहरू सबै आफ्नो देशहरूमा फर्कियोस् । वज्र गुरुले राजाको तीन सय साठी जना मन्त्रीहरू, पाँचजना रानीहरू, मन्दारवाका पाँच सय सुसारेहरू र एक सय आठजना भिक्षुहरूलाई आफ्नो सभामा भेला पारेर तिनीहरूको लागि धर्मको चक्रलाई घुमाउनु भयो । उहाँले पवित्र उच्चारण र अभिभावकहरूका आठवटा ठेलीहरू, महा सिद्धिको घनीभूत गरिएको उच्चारणको पाँचवटा तन्त्रहरू, हृदय सार सिद्धान्तका चारवटा ठेलीहरू, पाँच अन्य शीर्षकहरू, बीसवटा तन्त्रहरू र गोप्य निर्देशनहरू को बयालीसवटा संस्करणहरूबारे सिकाउनु भयो ।

उहाँका प्रत्येक चेलाहरूले सिद्धि प्राप्त गरेर त्यस मध्येका बाह्र जना महा सिद्ध बने । सबैलाई आध्यात्मिक मार्गमा परिवर्तन नहुने गरि स्थापना गरियो । आर्य अवलोकितेश्वरका सिद्धान्तहरू साहोर देशमा फैलियो र सबै बासिन्दाहरूलाई सिद्धि प्राप्त गराइयो । राजाले सबै विधर्मीहरूलाई हटाइ दिएर त्यसपछि तिनका उत्तराधिकारी, वज्र गुरु पद्मसंभवले राज्यमा शासन गर्नको लागि सिंहासनमा बस्नुभयो समय

मन्दारवालाई कैदबाट कसरी मुक्त गरियो र गुरु पद्मसंभवले सम्पूर्ण साहोर राज्यलाई धर्मको पथ र सिद्धिको अझ उच्च स्तरहरूमा स्थापना गर्दै धर्मको चक्रलाई कसरी घुमाउनुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको अठ्ठाइसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसार त्याग

वज्र गुरुले अमरत्व हासिल गर्नको लागि मारातिकाको रूपमा चिनिने गुफामा जानको लागि प्रस्थान गर्न तयारी गरिरहनु भएको थियो । सबैले उहाँलाई नजान आग्रह गरे तर कुनै लाभ भएन । त्यसपछि उहाँले मन्दारवाको लागि यो वज्र गीत गाउनुभयो- "ए मा हो ! शरीर प्रकाशको किरणले चम्किने अद्भुत युवती ! तिम्रो सुन्दर रूप मनोहर, कोमल र पूर्ण रूपले अवर्णनीय छ । उज्वल मुस्कुराहट युक्त मनोहर, कुनै पनि दोषबाट निष्कलङ्क, तिम्रो वज्र शरीर एउटा मनोहर कमलको फूल जस्तो छ । मैले सबै सिद्ध लक्षणहरू भएकी जवान कन्या तिमीलाई हेर्दा, तिम्रो आराम, युवा रूप यति चमकदार छ कि तिमीले आफ्नो असाधारण सुन्दरताले मेरो मनलाई मन्त्रमुग्ध बनाउँछौ ।

"यो मन्दारवा फूल एक पटक मात्र युवती हुन्छ । हे महान् गुणहरूले युक्त राजकुमारी ! मेरो कुरालाई ध्यान दिएर सुन । दुख कष्ट भोग्नु पर्ने अस्तित्वको यस असीमित महासागरमा पहिला घटित संसार प्रतिको ध्याउन्नले अझ बढी निरर्थक ध्याउन्न मात्र ल्याउँछ । अब एउटा सार्थक भविष्यको लागि तयारी गर्ने समय आएको छ । युवा राजकुमारी ! पवित्र धर्ममा सिद्ध होऊ, सांसारिक क्रियाकलापहरू अनन्त छन् । भविष्यमा अपेक्षा गर्न सकिने एक मात्र कुरा विगतको अर्थ हीन क्रियाकलापहरूको चटारो मात्र हो । क्रियाकलापहरूबाट आफूलाई मुक्त पार्ने समय यही हो । युवा राजकुमारी, आफ्नै मनलाई हेर ! कसैलाई क्रोधले जित्दा दुस्मन गलत रूपमा बाह्य भएको मानिन्छ । यसले अतीतमा आफूलाई र अरूलाई असफल बनाउने कारण बनेको छ र यो नै भविष्यमा अपेक्षा गर्न सकिने कुरा हो । समय तिम्रो आफ्नै मानसिक भ्रमलाई तह लगाउने समय आएको छ । युवा राजकुमारी, आफ्नो स्वामिनी आफै बन !

भ्रम द्वारा पूर्णतया पराजित भएर, संसारको कारणहरूद्वारा लज्जित नभएर अनि तिनीहरूलाई पहिचान गर्नमा असमर्थ भएर भविष्यमा तिमीले अरू के कुराको अपेक्षा गर्न सक्छौ ? यी सबै भ्रान्तिहरूलाई महसुस गरेर धर्मको बाटोमा अगाडि बढ्ने समय आएको छ ।

युवा राजकुमारी, तिम्रो प्रज्ञाज्ञानलाई जाग्रत बनाऊ ! घमन्डले पूर्ण रूपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पराजित भएर, एकजना रानीको मार्गमा अधिकार जमाएर अरूलाई आदेश दिएर, तिमी सधैं नै त्यस्तै रहने छौ । आफैलाई जाँच गर्ने र आफैलाई आज्ञा दिने समय आएको छ । युवा कन्या, आफ्नो कमजोरीहरूलाई चिन ! तिमी ईर्ष्याद्वारा पूर्ण रूपले पराजित हुँदा तिमीले अरूलाई निन्दा गर्ने छौ र अरूलाई अपमान गर्ने छौ । पद र शक्तिको लागिं प्रतिस्पर्धा पहिला जस्तो थियो पछि पनि सधैं त्यस्तै रहने छ । जिनहरूको बाटो पच्छ्याउने समय आएको छ ।

युवा राजकुमारी, शुद्ध बोधमा तालिम प्राप्त होऊ ! नकारात्मक कार्मिक सञ्चयको यो उर्लंदो महासागरमा, दूषित पुनर्जन्महरू पहिला जस्तो थियो सधैं त्यस्तै हुनेछ । समय देवको शून्य, देदीप्यमान रूपमा ध्यान भावना गर्ने समय आएको छ । युवा राजकुमारी, उत्पन्न क्रमको पथमा परिश्रमी बन ! अन्योलतामा आधारित कुराकानीमा संलंग्न हुनु बढ्दो भ्रमको कारण बन्छ । विगतका अनन्त निरर्थक शब्दहरू भविष्यमा पनि त्यही मात्र हुनेछन् । शून्य आवाजको सारलाई पाठ गर्ने समय आएको छ ।

युवा राजकुमारी, देव उत्पन्न गर ! युवा राजकुमारी, विधिको गहन मार्ग, उत्पन्न क्रम र सम्पन्न क्रमहरूमा ध्यान भावना गर जुन शुद्ध ज्ञान वाहकहरूको गोप्य बाटो हो । यो बाटोमा प्रवेश गर्नको लागि तिम्रो असल भाग्य छ कि छैन भन्नेबारे म अचम्ममा परेको छु । निष्पक्ष शुद्ध बोधमाथि ध्यान भावना गर्ने समय आएको छ । युवा राजकुमारी, एकल बिन्दुको विश्वास विकास गर !

मन्दारवाले यी शब्दहरू सुने पछि भावुक हुनुभयो र निम्न रूपमा उत्तर दिनुभयो-

"ए मा हो ! हेर्नको लागि धेरै आनन्ददायी हे युवा ! तपाईंको शरीरको बनौट हरेक तरिकाबाट पूर्ण रूपमा मिलेको छ । तपाईंसँग सर्वोच्च रूपको सिद्धिको प्रमुख र साना लक्षणहरू छन् । मैले तपाईंलाई जति हेरे पनि तै पनि त्यो पर्याप्त हुँदैन । तपाईंको सु-मधुर र अर्थ पूर्ण शब्दहरूको वज्र वाक जति सुने पनि म अझै पनि अझ बढी सुन्नको लागि लालायित हुन्छु । तपाईंको अटूट दया करुणाको उदारतालाई जति अनुभव गरे पनि मेरो मन तपाईंबाट अलग रहन सक्दैन । अब देखि, भविष्यको सबै जीवन काल भरि नै, पूजनीय, कृपया मलाई सधैं तपाईंको करुणामय, मायालु हेरचाहमा राख्नुहोस् । मैले जसलाई देखे पनि, देश उत्कृष्ट भए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि वा नभए पनि म जहाँ गए पनि, त्यस्ता सबै अनुभवहरू आत्मा बासिन्दाहरूको विशाल सहरमा भए जस्तै हो । यी केटीको मृत्यु भएपछि, म मेरो देश बिनाको हुने छु । साँचो मातृ भूमि कुन दिशा वा कुन ठाउँ भेट्टाउन सकिन्छ ? यो रत्न जडित दरबार सर्वोच्च हुन सक्छ, तर फुट्न लागेको पानीको फोका जस्तै टिक्न सक्दैन ।

"यी केटीको मृत्यु भएपछि उसँग अब आफन्तहरूले भरिएको घर हुँदैन । एउटा स्थायी दरबार कहाँ पाउन सकिन्छ ? यद्यपि मेरो पिता साहोरका राजा उत्कृष्ट जातिको हुनुहुन्छ, आकाशमा उडेर जाने बादलहरू जस्तै, उहाँ सधैं भरीको लागि रहनु हुने छैन । यी केटीको मृत्यु भएपछि, अब मेरो पिताको नाम समेत रहने छैन । मेरो पुर्खाहरूको स्थायी स्थान कहाँ पाउन सकिन्छ ? यद्यपि मेरी आमा, रानी, सबैभन्दा उच्च पारिवारिक जातिमा जन्म भएको थियो, यो स्थिति, अस्थायी विश्रामको आसन जस्तै, दृढ रहन सक्दैन । यी केटीको मृत्यु भएपछि त्यस अनुभवको दुखलाई साँचो रूपमा साझेदारी गर्नको लागि त्यहाँ कुनै मित्र हुनेछैन, स्थायी मित्र कुन दिशामा भेट्टाउन सकिन्छ ? मनोकामना पूरा गर्ने रत्न सबै रत्नहरू मध्ये सबैभन्दा राम्रो भए पनि यो सधैंको लागि रहन सक्दैन ।

यी केटीको मृत्यु भएपछि घाँसमाथिको तुसारो जस्तै साथमा कुनै सम्पत्ति पनि लिएन जान सकिँदैन । स्थायी धनको असल भाग्य कहाँ पाउन सकिन्छ ? संसारको यस स्थानमा सांसारिक क्रियाकलापहरूद्वारा निरन्तर रूपले विचलित बनाइन्छ । अनुरक्ति र प्रतिकूलतामा आधारित पाँचवटा अनुरागहरूको जकड्ने बलहरूद्वारा बाँधिन्छ । एउटा बेकाइदाको रूप प्राप्त गरेर आफन्तहरूको लागि थप अनुरक्ति विकास गर्छ । झूटो बोल्दा, निन्दा गर्दा र छुद्र शब्दहरू बोल्दा कसैलाई पनि धर्म सम्झनका लागी कुनै समय हुँदैन । कृपया तपाईंको असीमित करुणाले मलाई यो नकारात्मक कर्मबाट जोगाउनुहोस् । ता कि हामी कहिल्यै पनि अलग नहोउ म तपाईँलाई यो यात्रामा आफ्नो साथमा लिएर जानको लागि बिन्ती गर्छु । मलाई अहिले गोप्य शिक्षाको बहुमूल्य मार्गबारे बताउनुहोस्"

त्यसपछि वज्र गुरुले उत्तर दिनुभयो- "निष्कपट कन्या, तिमीसँग भाग्यमानी कर्म भए पनि गोप्य मार्ग अभ्यास गर्नको लागि जस्तो कठिनाइ आइ परे पनि तिमीले आफ्नो जीवनको मूल्यमा समेत दृढतापूर्वक परिश्रम गरेर अभ्यास गर्नु पर्छ !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोप्य पथमा सिद्ध हुनको लागि भविष्यको बारेमा विचार गर्ने र वर्तमानका कठिनाइहरूलाई सहन तयार रहेको मन भएर यदि आवश्यक ठानियो भने रगत र मासुको शरीरलाई त्याग गर्न समेत इच्छुक हुनु पर्छ !"

मन्दारवाले उत्तर दिनुभयो- "मेरो ठूलो अटूट विश्वास, शुद्ध दृष्टिकोण र उत्कट भक्ति भाव छ । म तपाईँलाई यो यात्रामा मलाई तपाईँ सँगै लैजान अनुरोध गर्छु । मैले आफूलाई जीवित राख्नको लागि माटो र ढुङ्गा खानु पर्छ भने पनि म त्यो गर्ने छु ! "

त्यसपछि मालिकले भन्नुभयो- "हाय ! त्यसोभए म पूर्वतिर प्रस्थान गर्ने छु जवान कन्या । तिमीले फर्केर पूर्व तर्फ हेर्नु पर्छ । तिम्रो अहिलेको स्थितिमा रहनु । तिमी जति नै डराए पनि हाम्रो फेरि भेट नभएसम्मका लागि शुद्ध बोधको साहसी सम्मानलाई कायम राख"

त्यसो भनेर उहाँ आकाशमाथि जानु भयो । खेचरी लोकका सबै डाकिनीहरू उहाँलाई पहरा दिन आए । साहोरका राजा, उहाँका मन्त्रीहरू, प्रजाहरू र भेला भएकाहरू दुःखले विह्वल भए । दुखले आशु बगाउँदै अनियन्त्रित भएर तिनीहरूले गुरुलाई बिन्ती गरे ।

अर्को दिन बिहान सबेरै तिनीहरूले सबैले हेर्दा राजा, तिनका आफन्तहरू, अभिभावकहरू, धनसम्पत्तिहरू प्रति थोरै अंशको अनुरक्ति बिना मन्दारवा जानुभयो । तथापि, ओड्डीयानाका गुरु पद्मसंभवको करुणा र मायाको सुरक्षात्मक जाल भित्र उहाँ समता मुद्रामा रहनुभयो । उहाँले कुनै एउटा होइन तर दुई वा तीनवटा उपत्यका र देशहरू पार गर्नुभयो र अचानक आफूलाई एउटा मानव वस्ति नभएको विश्वासभन्दा परको डरलाग्दो, क्रोध जनक र रूखो भूमिमा पाउनुभयो ।

तीन दिनसम्मको लामो समयको लागि खाना, पेय वा आश्रय बिना उहाँ चट्टानी कन्दरामा फस्नु भयो । उहाँ भोक प्यास र जाडोले अति नै सताइनु भयो । उहाँले कैयौं उष्ण देशीय चराहरू र जङ्गली जनावरहरूको भयङ्कर आवाजहरू मात्र सुन्न सक्नुहुन्थ्यो । अन्तमा, उहाँ एउटा डाँडा माथि चढ्न सफल हुनुभयो तर कष्टको अर्को डरलाग्दो उपत्यकामा ओर्लन बाध्य हुनुभयो । त्यसपछि उहाँले हृदय गुमाउनु भयो र विचलित भएको दुखको स्थितिमा, आफ्नो चेतनाको गहिराइमा जानुभयो, जहाँ उहाँको सहज, उत्कट भक्तिभाव अविचलित नै रह्यो । उहाँ आग्रह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युक्त निराशामा रुनु भयो- "क्ये मा ! क्ये हु ! ओड्डीयानाका प्रभु गुरु ! मुक्तिको पथ प्रकट गर्नु हुने गुरु ! कृपया आफ्नो दयालु करुणाले मलाई हेर्नुहोस् ! पहिलो कुरा म यहाँ उत्तर तर्फको यस देशमा आइ पुगें । दोस्रो कुरा म जङ्गली जनावरहरूले भरिएको पूर्ण घना जङ्गलले घेरिएँ । तेस्रो कुरा चट्टानी कन्दराहरूमा ठोकिने पानीको आवाजले मेरो कान छेडेको छ । म राक्षस र नरभक्षीहरूको अधीनमा रहेको एउटा असभ्य देशमा छु भन्ने मलाई डर लाग्छ ! अनुग्रहका हे युवा, मैले अब तपाईंला ई कहाँ भेट्न सक्छु ? तपाईं बिना मेरो मन अस्थिर र कमजोर भएको छ !

"पहिलो कुरा, म यहाँ एक मानवको बसोबास नभएको भूमिमा छु जहाँको घाँस यति जङ्गली छ कि हावाले त्यसलाई नृत्य गराउँछ । दोस्रो कुरा, त्यहाँ जङ्गलमा रोइ रहेको कागको कहिले पनि नरोकिने आवाज आइ रहन्छ । तेस्रो कुरा, रातको अन्धकारले सूर्यलाई धमिलो बनाएको छ । म यो र अर्को जीवन बीच अन्तराभवमा प्रवेश गरेको छु कि भनेर मलाई आश्चर्य लागेको छ ? मेरो कानको लागि सङ्गीत जस्तो बोली हुने कहाँ हुनुहुन्छ ? अहिले यस समयमा तपाईंले मलाई देख्न सक्नुहुन्न भन्ने कुराले मेरो मन दुःखले भरिएको छ । पहिलो कुरा, म यस देशमा कुनै साथी बिना एक्लै छु । दोस्रो कुरा, यो भूतले तर्साउने श्मशान घाट जस्तो छ । तेस्रो कुरा, जङ्गली प्राणीहरूको निरन्तरको भयङ्कर डरलाग्दो कोलाहल छ । मलाई म मृत्युको सहरमा आइ पुगेको छु जस्तो लाग्छ ! अब तपाईंको करुणामय दयाले मलाई हेर्नको लागि ढिलाई नगर्नुहोस् ! हे धर्मको उत्तम भगवान, मलाई तपाईंको हृदयमा राख्नुहोस् !"

त्यसपछि उहाँ आँसुमा डुबेर भुइमा ढल्नुभयो ।

आफ्नो सर्वज्ञानको माध्यमबाट, पद्म गुरुले उहाँको बाध्यताको बारेमा थाह पाउनुभयो र उहाँ कहाँ जानुभयो । मन्दारवा उहाँको उपस्थितिमा रुनु भयो, कृतज्ञताले गाँजेकोले उहाँले गुरुलाई झटपट समाएर तिनलाई बलियो गरी पक्रिनु भयो । त्यसपछि उहाँले यी शब्दहरू मन्दारवालाई भन्नुभयो-

"यस्तो दुष्ट र उद्दण्ड भूमिको सामना गर्नु पर्ने तिम्रो साहसको डरलाग्दो सङ्कल्प के भयो ? यो जस्तो एउटा डरलाग्दो वातावरण माथि उठ्नको लागि एकजना अभ्यासकर्ताको साँचो अभ्यासको लागि उत्प्रेरक छ । प्रतिकूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थाहरू अभ्यासकर्ताहरूको लागि साँचो सम्पत्ति हो । यस्तो सर्वोच्च अभ्यासको स्थान गम्भीर धर्मको अन्तस्करण सिद्ध गर्नको लागि सबैभन्दा परम स्थान हो । एउटा डरलाग्दो, असुविधा जनक ठाउँ नाना विषयबारेको सोचलाई छिनाल्ने छुरी हो । क्रोधी श्मशान घाट त्यस्तो वातावरण हो जसको माध्यमबाट शास्वतवादको भ्रामक दृष्टिकोणबारे खुलासा हुन्छ ।

उजाड डरलाग्दो भूमिको भ्रामक प्रकृतिलाई पत्ता लगाउनु अन्तस्करण पवित्र धर्मलाई पत्ता लगाउनु हो । जङ्गलको आवाज अन्तराभवको परिचय हो । दुःख र प्रसन्नता, सत्य र छलको अस्तित्व छैन । गुरु भक्तिको साँचो अभ्यास कहिले पनि कम नहुने उत्कट वफादारीको खेती हो । यो आराम क्षेत्र हो जहाँ अन्तराभवबाट राहत प्राप्त हुन्छ । अन्तराभवमा गर्जन गरि रहेका हजारौं ड्रागनको जस्तो डरलाग्दो आवाज यमराजको आगमनको सन्देशहरूको आवाज जस्तै हो । अन्धकारको यस्तो भण्डारलाई प्रकाशको कल्पमा उजागर गर्न सकिँदैन । यो वरिपरि तीखो हतियारहरू भएको र आठवटा डरलाग्दो साँघुरो बाटोहरू र चारवटा क्रोध जनक आवाजहरू भएको घना जङ्गलमा फसेको जस्तै हो जहाँ दुःख कल्पनाभन्दा परको सहनै नसकिने खालको छ ! "

मन्दारवाको नकारात्मकता र अस्पष्टता तत्काल शुद्ध भए । उहाँको मनमा पथमा विकास भएको सबै महान् गुणहरू उत्पन्न भए ।

समय

गुरुको मुक्त पार्ने निर्देशनहरूद्वारा उहाँको संसार त्यागका सङ्केतहरू कसरी देखा पऱ्यो र वास्तविक धर्मको पथ कसरी भेट्टाइयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको उनन्तीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मारातिका गुफामा अमरत्वको सिद्धि

त्यसपछि उहाँहरू सँग सँगै बाह्य, गुह्य र गोपनीय मण्डलहरू पूरा भएको पवित्र शक्ति स्थान मारातिका गुफामा जानुभयो । सिद्ध उत्तम गुणहरूको सन्दर्भमा यो स्थान एउटा मनोकामना पुरा गर्ने रत्न जस्तै थियो जसले आध्यात्मिक सिद्धिको अभ्यासको लागि भारतको अन्य कुनै पनि पवित्र ठाउँलाई उछिन्न सक्थ्यो । गुरु र सहचरी दुवैले देवको मण्डल उत्पन्न गर्नु भयो र राजकुमारीले वज्र गुरुमा यो प्रस्ताव गर्नुभयो- "वज्र मण्डलको गोप्य मार्गमा प्रवेश गर्नको लागि मण्डल समर्पणको रूपमा म आफ्नै महान् भाग्यमानी शरीरलाई चढाउँछु" यसरी आफ्नै शरीर र जीवन चढाउँदै, मन्दारवाले यो गुरुलाई बिन्ती गर्दै यो गीत गाउनु भयो "क्ये ! हे, महान् शुद्ध ज्ञान वाहक पद्मसंभव, तपाईले शुद्ध ज्ञान वाहकहरूको बहुमूल्य गोप्य मार्गको अभिषेक प्रदान गर्ने यो अमूल्य अवसरमा, कृपया तपाईको दयाले परिपक्व भएर तयार हुने बाह्य, गुह्य र गोप्य अभिषेकहरू दिनुहोस्" त्यसपछि, महान् वज्र गुरुको निधारको न्यानोपनबाट आशीर्वादहरू उत्पन्न भएर कलश अभिषेक प्रदान गर्नुभयो । उहाँले क्रमशः सबै महान् गुणहरू उत्पन्न गर्ने गोप्य वाक अभिषेक, आवश्यक तरलहरू उत्पन्न गर्ने स्फटिक चित्त अभिषेक र वास्तविकता जस्तो छ त्यस्तै रूपमा अत्यावश्यक प्रकृतलाई उजागर गर्नको लागि परम सङ्केत चित्तको अभिषेक दिनुभयो । ऊर्जा नाडीलाई शुद्धीकरण गर्नको लागि उहाँले महा सुखको अभिषेक, अत्यावश्यक प्राणभत ऊर्जालाई शुद्ध पार्नको लागि शून्य अमृत अभिषेक, मिलन अभ्यास पथको वज्र मण्डल अभिषेक र शुद्ध मिलन अभ्यासको उत्तम गोप्य अभिषेक दिनुभयो । पाँचवटा मनोविकारहरूलाई विमुक्त पार्नको लागि उहाँले पाँचवटा आदि प्रज्ञाज्ञानको अभिषेक दिनुभयो । शुद्ध ज्ञान धारक हुने अवस्थामा सिद्ध हुनको लागी वज्र गुरु अभिषेक प्रदान गर्नुभयो । अन्तमा, उहाँले अभिषेकको शुद्ध पथ देखाउने आगम दिनुभयो । यसरी सबै प्रसारणहरूबाट परिपक्व भएर मन्दारवाले उत्पन्न र सम्पन्न क्रमका अभ्यासहरू सम्पादन गर्नको लागि आवश्यक गुणहरू प्राप्त गर्नुभयो । तीन महिनासम्म अभ्यास गरे पछि उहाँहरूले दीर्घ जीवनका बुद्ध अमितायुसको स्पष्ट दृश्य प्राप्त गर्नुभयो र एक अमर शुद्ध अभिज्ञता अभिज्ञताको स्थिति सिद्ध गर्नु भयो । उहाँ शुद्ध अभिज्ञताको भाग्यशाली अनुमोदक भएको गुरुले घोषणा गर्नु भयो र उहाँहरूको सिद्धिको कुनै पनि बाधाहरू हटाउनको लागि उहाँहरू दुवैले देव हयागृभको अभ्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नु पर्छ । उहाँहरूले सार पद्मको महान् खेल र एक हजार अत्यावश्यक निर्देशनहरूको निधि नामक तन्त्रको हयागृव मेचर चक्र अभ्यास गर्नुभयो । यस पछि गुरु र सहचरी दुवैले हयागृवको स्पष्ट दर्शन पाउनुभयो, जसको हिनहिनाहट र "हुँ" आवाज स्पष्ट रूपमा उहाँहरूको वरिपरि सुन्न सकिन्थ्यो । यस मोडमा, सबै सम्भावित राक्षसी र बाधा पुर्‍याउने शक्तिहरूलाई पराजित गरिएको थियो । मन्दारवाले आवश्यक ध्यान दिने निर्देशनहरू लगायत एक हजार भन्दा बढी विस्तृत र रचनात्मक दीर्घ कालिक विधिहरू सहितको निधि सङ्ग्रह गर्नुभयो । गुरु र सहचरी दुवै जना वर्तमान अस्तित्वको युगको अन्त्य नभएसम्मका लागि जन्म, बुढ्यौली, रोग र मृत्युको प्रक्रियाबाट मुक्त हुनुभयो । उहाँहरू अत्यन्त हर्षको मूर्त रूपमा देखा पर्नुभयो, जसबाट उहाँहरू मिलनको गोप्य अभ्यास पूरा गर्नको लागि प्रस्थान गर्नु भयो । वज्र गुरुले आफूलाई बुद्ध परिवारको केही क्रोध जनक गुरुको रूपमा प्रकट गर्नु हुँदा राजकुमारीले त्यही अनुसार अनुकरण गर्नुभयो । आदि प्रज्ञाज्ञानको पूर्ण रूपको शुद्ध मण्डलमा संलग्न भएर उहाँहरूले निष्कलङ्क चमत्कार पूर्ण प्रदर्शनको आदि अभिज्ञताको प्राप्त गर्नुभयो । उहाँहरूले ठोस वस्तुहरूमा छापहरू छाड्ने, इन्द्रेनीका प्रकाश प्रदर्शनहरू आदि लगायत सामान्य तत्वहरूलाई पराजित गर्न सक्ने क्षमता प्राप्त गर्नुभयो उहाँहरूको सम्यक् सम्बोधि प्राप्त मिलनले स्वाभाविक रूपमा आकाशबाट फूलको वर्षा गराउने र गोप्य शिक्षाको शपथ लिएका अभिभावकहरूलाई आफ्नो अधीनमा लिनु भयो र आत्म समर्पण गर्न आह्वान गर्नु भयो । त्यसपछि यी अभिभावकहरूलाई अमरत्व सिद्धि गर्ने परम्परा सुरक्षित रहेको सुनिश्चित गर्ने काम दिइयो । देवताहरू, नागहरू र मानवहरू मध्येका देवताहरू र तिनीहरूको सभाले समेत कुनै हिचकिचाहट बिना आफ्नो जीवनको सार अर्पण गरे । वज्र गुरु अमर पद्मसंभवको रूपमा र मन्दारवा अमरताको सुद्ध अभिज्ञता वाहक डाकिनी डुङ्मेन करमो सेतो शङ्खको रूपमा चिनिनु भयो । समय

मारातिका गुफामा उहाँले अमरत्व प्राप्त गर्नको लागि निर्देशनहरू प्राप्त गर्नु भयो र अमर शुद्ध अभिज्ञताको अवस्था कसरी हासिल गर्नुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको तीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोतल राज्यमा विधर्मीहरूलाई वसमा पार्दै

त्यसपछि वज्र गुरुले कोताल देशमा बस्ने बासिन्दाहरूको मनलाई वशमा ल्याउने समय आयो भन्ने कुरा थाहा पाउनु भयो । उहाँ त्यहाँ आइपुग्दा, कोताल राजा रत्नश्री र तिनको नजिकका पाँच जना सेवकहरू दरबार नजिकको एउटा सुन्दर बगैंचामा आराम गरि रहेका थिए ।

वज्र गुरुले मन्दारवालाई एउटा गीत गाउन लगाउनु भयो र उहाँले यसरी गाउनुभयो- "ए मा ! यहाँ कोताल बीचको यस सुन्दर बगैंचामा जहाँ तपाईं राजा, मन्त्रीहरू र असल योग्यता भएका पाँच सदस्यहरू भेला हुनुभएको छ, म तपाईंहरूलाई यस गीतको शब्दहरूमा ध्यान केन्द्रित गर्न अनुरोध गर्छु । म यो घुमन्ते पर्यटकले अब गाउने छु । तपाईंको विगतका उत्कृष्ट कर्म सञ्चयको बलले अहिलेको जीवनमा तपाईंले राजाको पुनर्जन्मको आनन्द लिनु हुन्छ । धन सम्पत्तिले युक्त एकजना महान् मानिसको रूपमा गरिबीले सताइएकाहरू जो कमजोर र असहाय छन् तिनीहरूको दुख कष्टलाई निवारण गर्नको लागि के काम गर्ने प्रस्ताव गर्नु हुन्छ ? यदि थप कानुन लागू गर्नु र नियन्त्रण गर्नु यसको समाधान हो भने, के लाभदायी छ र के हानिकारक भन्ने कुराको भेद कसरी गर्नु हुन्छ ?

तपाईंको सबै शक्ति, नोकर चाकर, भूमि र धन सम्पत्ति सँग, तपाईंले दश कुशल कार्यहरूको सिद्धान्त कहाँ स्थापना गर्नुभयो र कहाँ प्रचार गर्नुभयो ? तपाईंको सबै मनोरञ्जन, विशेष कार्यक्रम र सङ्गीतको वाद्य यन्त्रको साथ, कार्य कारण सिद्धान्तलाई चिन्न तपाईंको मन कतिको सक्षम भएको छ ? यो सुन्दर आनन्ददायी दरबारलाई सबैले देख्न सके पनि, आध्यात्मिक शिक्षकहरू र गुरुहरू कहाँ बस्छन् ? तपाईंको राजनीतिक चासो व्यापक र विस्तृत भए पनि बुद्धको सिद्धान्तलाई कसले सेवा गरिरहेको छ वा कसले प्रचार गरिरहेको छ ? दोस्रो बुद्ध अहिले तपाईंको राज्यमा आउनु भएको हुँदा तपाईं राजा र मन्त्रीहरूसँग उहाँलाई स्वागत गर्ने पुण्य छ ? "

उहाँको गायन समाप्त नभएसम्म राजा र मन्त्रीहरूले उहाँलाई देख्न सकेनन् । त्यसपछि उनीहरूले वज्र गुरुलाई पनि देख्न सक्थे जो एकजना सामान्य अभ्यासकर्ताको रूपमा देखा पर्नु भएको थियो । सबैभन्दा सानो मन्त्री टाढा गएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँहरूलाई हेर्नको लागि फर्कँदा यी शब्दहरू बोले-

"क्ये मा होम ! हे निर्माणकाय मूर्त रूप, तपाईं उत्कृष्ट सर्वोच्च गुणहरूद्वारा सजिएको हुनुहुन्छ । तपाईंको उपस्थितिको दीप्ति हेर्नको लागि मनमोहक छ । तपाईँ हामीले पहिला कहिले पनि नदेखेको एकजना महिला धर्म अभ्यासकर्ता सँग हुनुहुन्छ । तपाईँसँग क्षमा माग्दै, कृपया मलाई बताउनु होस तपाईं कुन देशबाट आउनु भएको हो । तपाईं यहाँ के गर्न चाहनुहुन्छ ? यहाँबाट तपाईं अर्को कुन ठाउँमा जानुहुन्छ ? कृपया मलाई मेरो प्रश्नहरूको साँचो उत्तर दिनुहोस्"

मन्दारवाले उत्तर दिनुभयो- "ए मा हो ! उहाँ महान् आध्यात्मिक गुरु धनकोश तालमा जन्मिनु भएको हो । सबै आश्चर्यजनक गुणहरूले युक्त उहाँ सम्यक् सम्बोधि प्राप्त हुनुहुन्छ ! उहाँ गुरु पद्मसंभवको रूपमा चिनिनु भएको छ । उहाँको सार प्रकृति तीनै कालका बुद्धहरूको प्रकृति हो । म राजकुमारी मन्दारवा हुँ जो साहोर देशबाट आएकी हुँ । हामी भर्खरै मारातिका गुफाबाट फर्केका हौं । हामी हाम्रो एकान्तवास पुन सुरु गर्नको लागि एकान्तमा रहेको पर्वतको गुफामा जान्छौं "

राजा र तिनका सहभागीहरू चाँडै घर फर्किए, जहाँ उनीहरूले आफ्नो परिवारका सदस्यहरूलाई भेला पारेर भने- "क्ये ! साहोरको देशको आध्यात्मिक गुरु हाम्रो राज्यमा आउनु भएको छ । उहाँलाई महान् गुरु पद्मसम्भव, कमलको फूलबाट जन्मेको रूपमा चिनिन्छ । चारवटा तत्वहरूले उहाँलाई हानी पुऱ्याउन सक्दैनन् र उहाँको चमत्कारिक क्षमताहरू अवर्णनीय छन् भन्ने हामीले सुनेका थियौं । आज उहाँ राजकुमारी मन्दारवा सँगै हाम्रो राज्यमा आइ पुग्नु भएको छ । उहाँहरूले हामीलाई उहाँहरू एकान्तवासको लागि उच्च पर्वतको गुफामा जाने योजना छ भन्नुभयो । हामीले दरबारलाई तयारी गरौं र एउटा उपदेश दिने सिंहासन बनाऔं र विजयको रेसमी ध्वजा पताकाहरू, साङ्गीतिक वाद्य वादनहरूको आवाज, धूप आदिले सबै ठाउँ भरि दिउँ"

बाह्य र भित्री मन्त्रीहरू र तिनीहरूका टोलीहरू हतार हतार उपयुक्त तयारी गर्नको लागि लागे । सबै तयार भएपछि तिनीहरू सबै जना राजा सँग गुरुलाई दरबारमा आमन्त्रित गर्नको लागी सँग सँगै गए । वज्र गुरुले एउटा सानदार हिउँ सिंहको सिंहासनमाथि आफ्नो आसन लिनु भयो र मन्दारवा रेशमी जरी वस्त्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आसनमा बस्नु भएको थियो ।

त्यसपछि ऋषि कर्मधनी, राजाका आध्यात्मिक सल्लाहकार एक सम्मानित पवित्र व्यक्तिले गुरुलाई सम्बोधन गरे- "क्ये ! ओडियानका महान् विद्वानको रूपमा जानिनु भएको तपाईँ आगो तत्वद्वारा असर नभएको एक निर्माणकाय प्रादुर्भाव, हामीले सुनेका छौ कि तपाईँ अनुरक्तिबाट मुक्त रहेको प्रादुर्भाव हो, तै पनि तपाईँ राजकुमारीसँग हुनुहुन्छ, जसले तपाईको सेवकको रूपमा काम गर्ने नीच पद चुनेकी छन् । हामीलाई यो पनि थाहा छ कि धेरै दिशाका राजाहरूले उनको अनुमोदन जित्ने प्रयास गरेका थिए तैपनि उनीले सबैलाई खारेज गरेर धर्मको बाटो पछ्याउने निर्णय गरेकी थिइन् । उनको साथ पाउने योग्यता हासिल गर्न तपाईँलाई के ले अनुमति दिन्छ ? कि त उनलाई यस राज्यलाई दिनुहोस् कि उनलाई आफू एक्लै बस्ने अनुमति दिनु तपाईँको लागि बुद्धिमानी हुनेछ भन्ने मेरो विचार छ । हे निर्माणकाय प्रादुर्भाव, यी कन्या धेरैलाई तपाईँ माथि सन्देह हुने कारण बनेकी छन्"

ऋषि बोलिसके पछि राजाले गुरुलाई आफ्नो शरण स्थानको रूपमा रहन र मन्दारवालाई आफ्नै देशमा फर्कन दिन आग्रह गरे । त्यसपछि गुरुले तिनीहरूलाई भन्नुभयो-

"क्ये मा ! हे पुण्यवान ऋषि कर्मधनी, म तीन कालको बुद्धको प्रकृति हुँ । आकाशको प्रबन्धलाई परिवर्तन गर्न न सकिए जस्तै कैयन् पूर्वाग्रहका साथ मेरो लागि बच्चाले जस्तै सोच्न गाह्रो छ । राजकुमारी वज्र कुलकी एकजना डाकिनी हुन् जसले अमरताको अवस्था सिद्धि गरेकी छन् । कुनैपनि राज्यमा स्थिति जतिसुकै उत्कृष्ट भए पनि तिनीहरू सांसारिक झमेलाका स्थानहरू हुन् । तिनी त्यसरी कहिल्यै पनि बस्न सक्दिनन्, त्यसैले धर्मको बाटो पहिल्याउनको लागि उनले सबैलाई त्यागेकी हुन् । सबै राज्यहरूलाई त्यागेर तिनी प्राणीहरूको मनलाई तालिम दिने काममा तल्लीन भएकी छिन् ।

"तपाईँको भनाइ मोहित भ्रमको परिणाम हो । हिउँ सिंह जस्तै कमलको फूलमा जन्मेका गुरुसँग हिउँ पर्वतको शिखरमा बस्ने क्षमता छ । पूर्ण रूपको आत्मविश्वास भएको उहाँ कहिल्यै कमजोर हुनुहुन्न र हिउँलाई दुस्मनको रूपमा सोच्नुहुन्छ । कमलको फूलमा जन्मनु भएको गुरु एक शानदार मयूर जस्तै हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको आहारा विष लगायतको भए पनि यसले उहाँको वर्णको दीप्तिलाई उच्च बनाउँछ । पूर्ण रूपमा आत्मविश्वास भएका उहाँ कहिल्यै कमजोर हुनुहुन्न र आफ्नो विष युक्त खानालाई हानिकारक मान्नुहुन्छ । कमलको फूलमा जन्मनु भएको गुरु एक वैदूर्य मणिको ड्रागन जस्तो हुनुहुन्छ जुन चार तत्वहरूको सार्वभौमको रूपमा आकाशमा रहन्छ । पूर्ण रूपमा आत्म विश्वास भएर उहाँ कहिल्यै कमजोर हुनुहुन्न र ठूलो आवाज सुनेर कहिले पनि भुइमा लड्नु हुन्न । कमलको फूल जन्मनु भएको गुरु समुद्र जस्तै हुनुहुन्छ । उहाँका धैर्यता सफा वा अशुद्ध सबै भन्दा महत्वपूर्ण छ । सबै वाकहरूको प्रकृति प्रतिध्वनि जस्तो हो भन्ने कुरा उहाँले पूर्ण आत्म विश्वासको साथ जान्नुहुन्छ । कमलको फूलमा जन्मनु भएका गुरु पृथ्वीको जग जस्तै हुनुहुन्छ । सबैलाई स्विकार्ने उहाँ असल र खराब तर्फ निष्पक्ष हुनुहुन्छ

पूर्ण रूपमा आत्म विश्वास भएर, सबै विवादास्पद अवधारणाहरू वास्तविक विपक्षी हो भन्ने कुरा उहाँले देख्नुहुन्छ । कमलको फूलमा जन्मनु भएको गुरु महान् गरुड जस्तै हुनुहुन्छ, जसको प्रकृति आदि काल देखि नै उत्कृष्टताको छवटा प्रदर्शनहरूलाई सिद्ध गरेको हुन्छ । पूर्ण रूपमा आत्म विश्वासका साथ, पन्छीको कुनै पनि प्रजातिको बीचमा उहाँ तिनीहरूको शक्तिले कहिल्यै कमजोर हुनुहुन्न । कमलको फूलमा जन्मनु भएको गुरु आकाशमा अटूट रूपमा चलायमान हावा तत्व जस्तै हुनुहुन्छ । पूर्ण रूपमा आत्म विश्वासका साथ उहाँ सीमित धारणा भएकाहरूको बाधाहरूद्वारा कहिले पनि डराउनु हुँदैन । कमलको फूलमा जन्मनु भएका गुरु प्रज्ञाज्ञान र कौशलको मिलनको पथको गोप्य मन्त्रको रक्षक हुनुहुन्छ । पूर्ण रूपमा आत्म विश्वासका साथ उहाँ हीनयानका मतसँग कहिल्यै डराउनु हुन्न । कन्या मन्दारवा आदिकालीन प्रज्ञाज्ञानकी सहचरी हुन् । उनको भौतिक उपस्थितिले जे जे आवश्यक ठानिन्छ त्यसलाई आमूल परिवर्तन गरि दिन्छ । पूर्ण रूपमा आत्म विश्वासका साथ उनलाई मिथ्या दृष्टिबाट कहिल्यै कमजोर तुल्याइने छैन । तपाईंको गलत, भ्रमित बोधका गलत शब्दहरू मेरो र मन्दारवाको कानको लागि घृणा जनक छ ।

त्यसपछि ऋषि कर्मधनी क्रोधित भए । उनले राजा र तिनका मन्त्रीहरूलाई यस्तो कठोर उत्तरले सम्बोधन गरे- "क्ये मा ! हे राजा र सम्माननीय मन्त्रीहरू ! पद्मसंभव नामका यी नकारात्मक आवारा एक चलाक जादुगर भन्दा बढी छैन !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले प्राणीहरूको मनसँग खेल्दै छ र धोका दिँदैछं । त्यसबाहेक, उनले आफूसँग साहोरकी कुनै पनि गुणहरू नभएकी केटी ल्याएका छन् जो स्वयं धर्मको पथको लागि कलङ्क हो । हामीले यिनीहरूलाई यहाँ हाम्रो राज्यमा रहने अनुमति दिनुपर्छ भन्ने कुरामा म पूर्णतया असहमत छु । तपाईंले तिनीहरूलाई तुरुन्तै आफ्नै देशमा पठाउनु पर्दछ भन्नेबारे अनिवार्य रूपले सोच्नु पर्छ"

ऋषिको कुरा सुने पछि राजा र उनका मन्त्रीहरूले आफ्नो हृदय परिवर्तन गरे । गुरुले उनीहरूलाई धोका दिएको सोचेर उनीहरूले उहाँलाई त्यहाँबाट पठाउने निर्णय गरेर तिनीहरूले ऋषिलाई कुनै पनि तरिकाले उनलाई हानि पुऱ्याएको भए तिनीहरूलाई क्षमा गर्न आग्रह गरे । भविष्यमा तिनीहरूको गुरु सँग केही लिनु दिनु नभएको कसम खाए र सबै कुरा सामान्य हुनेछ भने । त्यसपछि वज्र गुरुले भन्नुभयो-

"मन्दारवाको लागि एउटा विशेष अभिव्यञ्जना प्रकट गर्ने समय आएको छ । यी कथित ऋषिको घमण्डको कारणले हामीलाई निर्वासित गर्ने निर्णय गरेकाले हामी अब चाँडै हाम्रो गन्तव्यको उच्च पहाडको गुफाको लागि जाने छौं । त्यहाँबाट, यस राज्यलाई तह लगाउनको लागि विभिन्न अभिव्यञ्जनाहरू आउनेछन् र सबैलाई धर्मको बाटोमा लगाउनेछन्"

यसरी बोलिसके पछि, उहाँहरू द्रुत चालमा हिंड्नु भयो अनि तुरुन्तै उच्च पहाडको गुफामा आइ पुग्नुभयो ।

राजा र तिनका मन्त्रीहरू दरबार फर्किए । वज्र गुरु र उहाँको सहचरी अचानक र गोप्य तरिकाले कहाँ जानुभयो भन्नेबारे तिनीहरूले निर्धारित गर्न सकेनन् । उहाँहरू दुईजना कहाँ जानुभयो भन्नेबारे कसैलाई थाहा छ कि भनेर तिनीहरूले सबैलाई सोध्न थाले । अनुसन्धान पछि, उहाँहरू तिनीहरू सबैले दुईजना उच्च पहाडको गुफामा छन् भन्ने निश्चित गरे । राजा, उनका मन्त्रीहरू र ऋषिले बैठक बोलाए । उच्च पहाड उनीहरूको राज्यको केन्द्रमा छ भन्ने कुरामा तिनीहरू सहमत भए र त्यो बासिन्दाहरूको लागि उपयुक्त स्थान थिएन । तिनीहरूले गुरु र उहाँको सहचरीलाई त्यहाँबाट फर्केर जाने आग्रह गर्ने निर्णय गरे । यदि उहाँहरूले यो आज्ञालाई पालना गर्न असफल भए भने उनीहरूले उहाँहरूलाई बलजफती हटाउनेछन् । एकजना दूतलाई पठाइयो र तिनीहरूले युद्धको लागि सेना तयार गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थाले । यस बीच, पर्वतको माथिबाट गुरु र उहाँको सहचरीले यो खबर सुन्नुभयो ।

वज्र गुरुले मन्दारवालाई आफ्नो चमत्कार पूर्ण क्षमताहरू प्रकट गर्न अनुरोध गर्नुभयो । मन्दारवाले आफूलाई नौवटा टाउको भएको क्रोधी डाकिनीमा परिवर्तन गर्नुभयो । उहाँले हातमा मानव आन्द्राले बनेको नागपास लिएर हतियार उज्याउनु भएको थियो । उहाँका दुईवटा खुट्टाहरू दुईवटा पहाडहरूको टुप्पामा सुरक्षित राखिएका थिए । उहाँले आफ्नो आगोको नागपास घुमाउनु हुँदा, आगोको ज्वालाको जलाउने आवाज सबै ठाउँमा गुञ्जियो भयो । उहाँको मुखबाट म बुद्धको मूर्त रूप मन्दारवा हुँ र म बुद्धको सिद्धान्तको सबै शत्रुहरूलाई भस्म पार्छु भन्ने आवाज उद्घोषण भयो । यसले सबै सिपाहीहरूलाई तुरुन्तै पछि हट्न बाध्य बनायो र राजा र तिनको सभाको लागि उहाँको आमूल परिवर्तन र धम्कीबारेको अचम्मको खबर पुऱ्याए । यसबाट राजा क्रोधले उन्मत्त भए । उनले आफ्नो सेनालाई जम्मा पारेर असिना परे जस्तै गरेर उहाँहरू माथि बम खसालेर ती दुस्मनहरूलाई माटोको कणहरूमा मिलाइ दिने कठोर आदेश दिए । त्यसपछि विधर्मी कोतश्री र नौजना सेवकहरूसँगै सेना एक साथ उहाँहरूसँग युद्ध गर्न गए ।

सेना नजिक आएर बम हान्न थालेपछि गुरु आफै सिंहनाद, सिंहको गर्जनको रूपमा प्रकट हुनुभयो भने मन्दारवाले सिंहमुखको रूपमा सिंहको टाउको भएकी डाकिनीको रूपमा प्रादुर्भाव हुनु भयो । विधर्मीहरूले आफ्नो हतियार उज्याएर युद्ध सुरु गर्न थाले पछि डाकिनीले सिंह जस्तै गर्जन गर्नुभयो । यो आवाजले बमलाई छरपस्ट पार्‍यो र सबै सैनिकहरूलाई बेहोस बनायो । त्यसपछि सबै विधर्मीहरूले उनीहरूको पापी मन्त्र जप्न थाले जसले उल्का पात भए जस्तै गरेर तीरहरूको वर्षा गऱ्यो । ती तीरहरू नजिकै आउँदा डाकिनीले तिनीहरूलाई फूलको वर्षामा परिवर्तन गर्नुभयो । गुरु र उहाँको सहचरीलाई केहीले पनि असर गर्न सकेन ।

गुरुले उनीहरू नजिक गएर भन्नुभयो- "हे पापीहरूको मन्त्र उच्चारणको शक्तिशाली विधार्मीहरू ! पुरुष र महिला दुईजना नम्र अभ्यासकर्ताहरू तिमीहरूको शक्तिका लागि मुस्किलले सुहाउने जोडा हो । आऊ हाम्रो प्रतियोगिताको विजेताले सम्पूर्ण राज्य पाउने छ भन्ने निर्णय गरेर यसलाई समाप्त गरौं" राजा र तिनका मन्त्रीहरूले यस योजनामा सहमति जनाए । विधर्मीहरूले आफ्नो शक्तिशाली कालो जादुको मन्त्र जप्न थाले । आकाशबाट पर्वतहरूलाई दायाँ र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बायाँ तर्फ ढाल्नको लागि नौवटा ठूला असिनाहरू खसे । वज्र गुरुले तर्जनी मुद्रा देखाउनु भयो जसले त्यस्तो शक्तिशाली असिना खसायो कि त्यसले गर्दा विधर्मीहरूको मृत्यु भयो । ऋषिले रगत बान्ता गरेर मृत्युको नजिक पुगेर राजा र तिनका मन्त्रीहरूलाई बोलाएर आफ्नो जीवनलाई बचाउनको लागि तिनीहरूसँग के विधि छ भनेर सोधे । त्यस बीच डाकिनीले पहाडहरूलाई तिनीहरूको मूल रूपमा पुनर् स्थापित गरि दिनुभयो ।

एक पटक फेरि राजा र तिनका मन्त्रीहरूको बैठक बस्यो । त्यसपछि महा मन्त्री अजीभैजले गुरु पद्मसंभवलाई सम्बोधन गरे- "धेरै राज्यहरूमा पवित्र धर्मका प्रकाशक, चारवटा तत्वहरूको नियन्त्रक ! तपाईँको आगमन भएको क्षणमा यस राज्यलाई आस्था र विश्वासले ओतप्रोत पार्नु भएको तपाईं जस्तोसँग प्रतिस्पर्धा गर्ने कुनै आवश्यकता छैन । आफूले गरेको कामको लागि ऋषिलाई राज्यबाट निर्वासित गरिनु पर्छ र सबै विधर्मीहरूलाई निर्मूल पार्नु पर्दछ ताकि तिनीहरूको नाम समेत मेटियोस् । राज्यलाई शरणको उपयुक्त वस्तु चाहिन्छ र ऋषिले यसलाई धान्न ढिलो भइ सक्यो । दोस्रो बुद्धको करुणा बाहेक, अरू के को आशा छ ? यस राज्यलाई शरणको साँचो वस्तुले सुरक्षित गर्ने समय आएको छ"

राजा र तिनका सबै मन्त्रीले यसमा सहमति जनाए । त्यसपछि प्रधानमन्त्री अजिभैजले राजाले गएर गुरु र उहाँको सहचरीलाई कायलनामा चढाउन र राज्यको रक्षा गर्न उहाँहरूलाई अनुरोध गर्नुहोस् भनेर सिफारिस गरे । यस अतिरिक्त, तिनीहरूले उहाँलाई ऋषिको जीवनमाथि दया गर्ने बिन्ती गर्ने निर्णय गरे ।

गुरु र उहाँको सहचरीको सामुन्ने आउँदै गर्दा मन्त्रीले आदर पूर्वक यस्तो बिन्ती गरे-

"क्ये मा हो ! हे महान् वज्र गुरु र सहचरी, सम्यक् सम्बोधि प्राप्त चमत्कारिक क्रियाकलापको सर्वोच्च ! कृपया अज्ञानताले भरिएका प्राणीहरू यी राजा र उनका मन्त्रीहरूलाई तपाईँको दयावान् करुणाको अङ्कुसेले हेर्नुहोस् । हामी तपाईँको शरणमा पर्छौं र तपाईँको सहिष्णुताको लागि बिन्ती गर्छौं । कृपया हामीलाई अमूल्य पवित्र धर्मको वरदान दिनुहोस् । हाम्रो पहिलेको निर्देशकको गलत सल्लाहलाई पछ्याएर, हामीले गम्भीर गल्ती गरेका छौं"

वज्र गुरुले उत्तर दिनुभयो- "निष्कलङ्क पद्मसम्भव र सहचरीहरू तपाईँ, राजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र तपाईँको सभाद्वारा दुख दिइयो । भ्रमित बोधको परिणाम स्वरूप, तपाईंले त्यही बमोजिमले आफ्नो कर्मलाई पछ्याउनुभयो । यी नकारात्मक, दया विहीन कथित ऋषिले सबैलाई हामी विरुद्ध फर्काए । यस्तो हानिकारक मनसायको म माथि प्रतिकूल असर नपरे पनि अन्त्यमा गएर हार्ने उनी नै हुन । अब उनले आफूले आफैलाई बचाउनुपर्छ । सम्पूर्ण राज्यलाई पवित्र धर्मको मार्गमा लगाउने समय आएको छ"

राजा र मन्त्रीहरूले तत्काल आफ्नो नकारात्मकतालाई स्वीकार गरेर गुरुलाई आफ्नो भ्रमित अन्योलतको लागि दया गर्न आग्रह गरे । त्यसपछि एक जना मन्त्रीहरूले ऋषि बितेको भेट्टाउनको लागि फर्किए ।

त्यसपछि राजाले वज्र गुरुले भन्नु भएको हरेक शब्दलाई पालना गरे । उनले आफ्ना सबै प्रजाहरूलाई भेला पारेर महान् वज्र गुरुको उपस्थितिमा उनीहरूले हेतु र फल यानका शिक्षाहरू प्राप्त गरे । त्यसपछि मन्दारवाद्वारा दिएका व्याख्याहरूद्वारा राजा र तिनका मन्त्रीहरू विमुक्त भए । राज्यका एक हजार महिला अभ्यासकर्ताहरूले आफ्नो आध्यात्मिक प्रमुखको रूपमा मन्दारवासँग प्रवृज्याको प्रतिज्ञा लिए र कैयौं हजार महिलाहरूले दिन र रात धर्मको अभ्यास गर्न थाले । त्यसपछि वज्र गुरुले राजा र तिनका सबै मन्त्रीहरूलाई गोप्य मन्त्र सिकाउनुभयो । उहाँले राजकुमारी रत्नश्रीलाई आफ्नो सहचरीको रूपमा लिनु भयो र चेलाहरूलाई पद्म कुलको हयागृवको मण्डलमा ल्याउनुभयो । उहाँले तीन वर्षको लागि धर्मको चक्र घुमाउनु भयो र राज्यमा एक सय भन्दा बढी व्यक्तिहरूले मुक्ति प्राप्त गरे । तीन हजार पुरुष र महिला अभ्यासकर्ताहरू पूर्ण रूपले सिद्ध भए ।

समय

कोताल राज्यलाई उहँले धर्मको पथमा कसरी स्थापित गर्नु भयो र विधर्मीहरूलाई कसरी वशमा ल्याउनुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको एकतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्मशान घाटको तत्वहरूलाई पराजित गर्दै

गुरु र सहचरी कलिङ्ग र सिंहवन नामको श्मशान घाटमा जानुभयो जहाँ क्रोधी डाकिनीहरू श्रीगणी, प्रतिमा, सुकाम अन्य पाँच सय दसजना अनुयायीहरूसँग सभामा बस्नुभयो । दिनको समयमा उहाँहरू रूखहरूको अर्ध-अँध्यारो छायामा रहनुभयो । साँझमा गुरु श्मशान घाटको राक्षसीसँग दनदनाइ रहेको आगोको बगैंचामा मिलनको अभ्यासमा संलग्न रहनुभयो । त्यसपछि उहाँले सबै क्रोधी डाकिनीहरूको लागि धर्मको चक्र घुमाउनु भयो ।

त्यस बखत मन्दारवा योग दुचल भनिने उत्तरी श्मशान घाटमा जानुभयो जहाँ उहाँले भयानक राक्षसी आत्मा र तिनीहरूका सभाहरूमा धेरै जादुई शक्तिहरू देखाउनुभयो । यी केही दुरात्मा प्राणीहरू डरले चिच्याउँदै र कर्कश रूपमा सुसेल्न थाले भने अरूले निराशामा आफ्ना राक्षस देवताहरूलाई बोलाए । केहीले टुक्रा टुक्रा पारिएका शरीरहरूलाई घिसारे भने अरूले काढिएको छाला बजाए । केही विकृत उत्तेजनामा रोएर केहीले सु-मधुर गीत गाए । केहीले हतियार उचाले; अरू "मार, मार!" भन्दै चिच्याए, केहीले पहाडहरूलाई धराशायी बनाए भने अरूले समुद्रलाई पछाडि धकेले । केहीले आगोहरू बनाए, अरूले दाउरा चिरे । केहीले पहिरो खसाल्दै चट्टानहरू धकेले र कसैले मन्दारवालाई शारीरिक रूपमा हानी पुऱ्याउन खोजे । तिनीहरूले आफ्नो जादुई शक्ति धेरै तरिकाले देखाए । डाकिनीले गुरुलाई बिन्ती गर्नुभयो र उहाँ तत्काल उहाँको छेउमा प्रकट हुनुभयो- "यी दुरात्मा श्मशान घाटका भूत राक्षसहरूलाई तिमीले तह लगाउनु पर्छ । विगतमा डमरु राज्यमा राजासँग धेरै जना मन्त्रीहरू थिए जसले कहिले पनि विश्वास विकसित गरेनन् । त्यस समयमा, तिमी पेमाकीको रूपमा प्रादुर्भाव भयौ र राजकुमारको शक्तिशाली साथी बन्यौ । धेरैजना राक्षस मन्त्रीहरू र उनीहरूको टोलीले उल्टो प्रार्थनाहरू गरे र तिनीहरू पछि यी राक्षस तत्वहरूको रूपमा पुनर्जन्म भएका छन् । अघिल्लो समयबाट, उनीहरूको मनलाई तह लगाउने अभिलाषा राख्ने डाकिनी तिमी नै हौ । यसो गर्दा; तिनीहरूलाई मिलन र मुक्तिको करुणामय विधिले तह लगाउ र तिनीहरूलाई पाँच वर्षसम्म सिद्धान्तबारे बोध गराइ देऊ । म छोरा ढाहा र अरूलाई पराजित गरेर तिनीहरूलाई प्राप्ति र मुक्तिको गोप्य मन्त्रको पथमा स्थापित गर्ने छु"

यसरी भविष्यवाणी गरिसकेपछि उहाँ आफ्नै स्थानमा फर्कनुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दारवालाई अब थाहा भयो कि उहाँको लागि यी क्रोधी राक्षसहरूलाई धर्ममा ल्याउने समय आयो । उनीहरूलाई सम्यक् सम्बोधिमा ल्याउनको लागि जे सुकै गर्न आवश्यक भए पनि त्यो गर्ने अभिप्रायले उहाँ हेमाचालको रूपमा चिनिने श्मशान घाटको गुफामा जानुभयो । त्यहाँ उहाँले पहिले भन्दा बढी सम्यक् सम्बोधि प्राप्त चमत्कारिक क्रियाकलापहरू प्रदर्शन गर्नुभयो ।

त्यसपछि डाकिनीले सबै भूत प्रेतको लागि यो गीत गाउनुभयो- "क्ये ! यहाँ भेला भएका तिमीहरू सबैले सुन ! यस संसारको महासागरलाई पार गर्नको लागी तिमीहरूले सावधानी पूर्वक अनासक्तको जहाजमाथि निर्भर रहनु पर्छ । म यस महासागरलाई पार गरेको एकजना बालिका हुँ । तिमीहरू सबै भूत प्रेतलाई मैले जे सिद्धि गरेको छु त्यो प्राप्त होस् ! भ्रमको ठूलो विशाल मैदानलाई पार गर्नको लागि तिमी अनिवार्य रूपमा लगनशीलताको घोडामा चढ्नु पर्छ । म त्यस महान् मैदानलाई पार गरेकी एकजना बालिका हुँ । तिमी सबै भूत प्रेतलाई त्यो प्राप्त होस् ! अनुरागको महान् नदीलाई पार गर्नको लागी तिमीले अनिवार्य रूपमा अनासक्तको पुल निर्माण गर्नु पर्छ । म अनासक्तको महान् परम आनन्दबारे थाहा भएको एकजना बालिका हुँ ! मैले तिमीहरू सबै भूत प्रेतलाई यी सबै प्रकट गर्नु पर्छ । मृत्युको कष्टको डरलाग्दो सङ्कीर्ण गल्लीबाट अजन्म साथीले स्वतन्त्रता प्रदान गर्न सक्दछ । म निर्माणकायको स्थिति प्राप्त गरेको एकजना बालिका हुँ । मैले सबै भूत प्रेतको लागि यो सबै विधि प्रकट गर्नु पर्छ । मृत्युको कष्टको कैदखानाबाट भाग्नको लागि कष्ट भन्दा परको अवस्थालाई पार गर्ने विधि थाहा पाउनुपर्छ । म अमरत्व प्राप्त गरेको एकजना बालिका हुँ र मैले चालेको पाइलाबारे सबै भूत प्रेतलाई प्रकट गर्ने छु । विगतका सबै बुद्धहरूले त्यस भन्दा परको अवस्थामा आइ पुग्नको लागि संसारको नकारात्मकताको यो बलिरहेको आगोको खाल्टोलाई पार गर्नु भएको छ । म बुद्धत्व प्राप्त गरेकी एकजना बालिका हुँ र मलाई विरोध गर्ने तिमी सबै भूत प्रेतहरूमेरो करुणाको वस्तुहरू हौ"

उहाँले यस्तो तरिकाले बोल्दा सबै भूत प्रेतले आफ्नो जादुई कर्तुत प्रदर्शनलाई जारी राखे । उहाँले उनीहरूलाई भन्नुभयो- "तिम्रो चमत्कार एउटी केटीको गहना जति नै शक्तिशाली छ !" त्यसपछि तिनीहरूले एकजना उपद्रो हल्ला मच्चाएर सबै भन्दा क्रूर केही राक्षस नेताहरूले डाकिनीको शरीरलाई यहाँ र त्यहाँ घिसार्न थाले । ती मध्ये केहीले उहाँलाई पिट्न थाले, कसैले तिनलाई बलात्कार गर्न थाले र कसैले यहाँको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोप्य ठाउँलाई फैलाएर खोले । अरू आगो बाल्नमा, पानी ल्याउनमा र केही आफ्नै अकल्पनीय शक्तिहरू प्रदर्शन गर्नमा व्यस्त थिए ।

त्यस समयमा डाकिनी एकाग्र भएर करुणा माथिको ध्यान भावनाको अवस्थामा रहनु भयो । त्यसपछि, क्रोधी ध्यान भावनाको अवस्थामा प्रवेश गर्दै उहाँ देदीप्यमान भयानक महिलाको रूपमा उत्पन्न हुनुभयो । उहाँले राक्षसहरूको वर्षा, असिना र चट्याङहरूलाई कोइला र बलिसकेको दाउराको टुक्राहरूमा परिणत गर्नुभयो । उहाँ कराउनु भयो- "हम भ्योह ! म तीन कालका बुद्धको सहचरी हुँ । तिमीहरू सबै र तिमीहरूका अनुचरहरू मेरो अधीनमा छौ ! म देदीप्यमान भयानक क्रोधी, डरलाग्दो स्त्री हुँ ! म करुणाले तह लगाउन नसकिने सबै तात्विक राक्षसहरूको मारक हुँ ! म तिमीलाई आफ्नो जिन्दगीको सार आत्मसमर्पण गर्न लगाउने छु र तिमीहरूलाई शपथ लिन प्रतिज्ञा गराउने छु !" राक्षसहरू तुरुन्तै आश्चर्यचकित भए । कोहीले चेतना गुमाए भने अरू डरले भाग्न खोजे । केही पागल भए तर उहाँको आदेशबाट सबै जना भाग्न असमर्थ थिए । डाकिनीको शरीरको प्रकाशको किरणले तिनीहरू मध्येका प्रत्येकले द[illegible]दार रहने कसम खाए र सद्गुणको पथलाई उत्पाद गरे । त्यसपछि डाकिनीले तिनीहरूलाई गोप्य अभिषेक प्रदान गर्नुभयो र उहाँको गोप्य नाम काल रक्षा मार जिता रह्यो । उहाँले प्रत्येकलाई धर्म नाम र सम्मानका शब्दहरूलाई सम्मान गर्ने जल दिनुभयो । यसरी अनन्य रूपले गोप्य मन्त्रको सिद्धान्तबारे खुलासा गर्दै उहाँ आफैले धेरै अभिव्यञ्जनाहरू पठाउनलाई जारी राख्नुभयो जस मध्येको सबैले गोप्य मन्त्रको माध्यमबाट राक्षसहरूलाई मुक्त गर्ने कामलाई जारी राख्यो । तिनीहरू सबै जना गोप्य मन्त्रमा सिद्ध भए यसैले उहाँले सार रहस्यसँग उनीहरूलाई सशक्त गरेर उनीहरूलाई सबै ध्यान दिनु पर्ने निर्देशनहरू र पूरक अभ्यासहरू लगायत क्रोधी राक्षसलाई तह लगाउने नामक सिद्धिको चक्र प्रदान गर्नुभयो । त्यसपछि उहाँले तिब्बतको भूमिमा भविष्यका निर्माणकाय गुरुहरूलाई विश्वास हस्तान्तरण गर्ने आदेश दिनुभयो र अझ अगाडी सबै भूत प्रेतहरूले बुद्धत्व प्राप्त गर्नेछन् भनेर भविष्यवाणी गर्नु भयो । समय *वज्र गुरुको भविष्यवाणी बमोजिम मन्दारवाले योङदुत्सल श्मशान घाटका आठ सय सातजना भूत प्रेतलाई कसरी पराजित गर्नुभयो र धर्म चक्र कसरी प्रवर्तन गर्नु भएर तिनीहरूलाई निधिको रक्षकको रूपमा स्थापना गर्नुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको बत्तीसौं अध्याय यहाँ पुरा हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चामरका नरभक्षीहरूलाई धर्ममा ल्याउदै

त्यसपछि महान् गुरुले भन्नुभयो- "क्ये ! राजकुमारी मन्दारवा ध्यान दिएर सुन ! चामरको तामा रङ्गको महाद्वीपमा अहिलेसम्म पनि तह न लगाइएका धेरै नरभक्षीहरू छन् । तिनीहरूका राजाको नाम झखाहा लिङ र तिनीहरूकी रानीको नाम भुमहिंग हो । तिम्रो लागि तिनीहरूको मनलाई तह लगाउने समय आयो । त्यस राज्यको केन्द्रमा तीव्र चालले यात्रा गर । हताकिन नामक त्यस दरबारको बुर्जामा तिमीलाई त्यहाँ बस्ने नर भक्षीहरूकी रानीले खाने छिन् । त्यस बेला आफ्नो चेतनालाई स्थानान्तरण गरेर आफू तिनी भएको स्वाँग पार्दै उनको शरीरलाई आफ्नो अधिकारमा लेउ । त्यसपछि, राजालाई पराजित गर्दै तिमीले तिनीहरू सबैलाई धर्मको बाटोमा डोऱ्याउने छौ । तिमीले तीन वर्षसम्म तिनीहरूलाई सबै गोप्य मन्त्र सिकाउने छौ । म, पद्मसंभव, धर्मको चक्रलाई घुमाउँदै अर्को राज्यमा हुने छु । त्यसपछि हामी दुवै जनाले धर्म स्थापित गर्नको लागि उड्डियानाको भूमिमा यात्रा गर्ने छौं"

उहाँको भविष्यवाणी प्राप्त गर्दै डाकिनी तीन महिनाको समयमा तीव्र चालको अभ्यासमा सिद्ध हुनुभयो । त्यसपछि उहाँ चामरको भूमिमा गएर सिधैं दरबारको शिखरतिर जानुभयो । त्यहाँ उहाँले रानी भुमहिंग भेट्टाउनु भयो जसको वर्ण रातो र कपाल सुन्तले रङको थियो । तिनका दाह्राहरू यति ठूला थिए कि उनीहरूले उनको छाती छुन्थ्यो र तिनले एउटा मानव छाला काढेर लगाएकी थिइन् । उनको आँखी भौं चाउरी परेको छालाको पिण्ड थियो । उनको मुखबाट कर्कश सिटी प्रतिध्वनित हुन्थ्यो र तिनले डाकिनीलाई एकै क्षणमा निलिन् । डाकिनीले "फट!" भनेर कराउनु भयो र आफ्नो चेतनालाई स्थानान्तरण गर्नुभयो ताकि रानीको शरीर ढलेर अलग होस् ।

ती नरभक्षीको पेट च्यातिएर खोलियो र राजकुमारी देखा पर्नु भयो । त्यस बखत, अन्य पुरुष र महिला नरभक्षीहरूले उनीहरूको रानी ढलेको र उनको शरीरबाट अर्की केटी निस्किएको दृश्य हेर्नको लागि जम्मा भए । उनीहरूको रानीले आफ्नै शरीर चढाएको देखेर उनीहरूले अचम्ममा परे । रानी अझै जीवित न रहे पनि उनीहरूले यो केटी उनको छोरी हो भन्ने महसुस गरेर उहाँलाई स्वीकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरे ।

राजा झाखाहा लिङले यी केटी आफू जस्तो छैन र उनको छोरी हुन सक्दैन भने यसैले उनले उहाँलाई आफ्नी रानीको रूपमा लिने फैसला गरेर उहाँहरू आफ्नो दरबार सँगै जानुभयो । त्यो रात राजा निदाएपछि डाकिनीले राजाको चेतनालाई एउटा स्वर्गमा स्थानान्तरण गरि दिनु भयो । क्रियाकलापको डाक अक्षोभ्य वज्रको एक अभिव्यञ्जना राजामा विलय भयो र तिनको शरीरलाई कब्जामा लियो । त्यस समयबाट सम्पूर्ण राज्यलाई नियन्त्रणमा राखिएको थियो र सबैलाई धर्म अभ्यास गर्न भनिएको थियो । तैपनि यसलाई कसैले पनि पालन गरेन र राज्यका मानिसहरूले रानीलाई दोष लगाए । तिनीहरूले उहाँको हत्या गर्ने निर्णय गरे अनि हातमा हतियार लिएर त्यो उद्देश्य लिएर अगाडि बढे ।

त्यसपछि मन्दारवाले आफूलाई सिंहको जस्तो टाउको भएकी क्रोधी डाकिनीको रूपमा प्रकट गर्नुभयो भने राजा अक्षोभ्य वज्र हयागृभ हेरुका देवताहरूको रूपमा देखा परे । उहाँहरूले केवल "हुँ" उच्चारण गर्दैमा सबै नरभक्षीहरू डरले कूँजो भए । स्तब्ध र अक्क न बक्क बनाएर तिनीहरूलाई शक्ति विहीन बनाइयो । हेरुकहरूले ताली बजाउँदै एक एक गरेर नरभक्षीहरूलाई मार्न थाले । नरभक्षीहरूले बिस्तारै जे आदेश दिए पनि मान्ने वाचा गरे अनि तिनीहरूको आध्यात्मिक अभ्यास सुरु भयो । पुण्य तर्फ प्रवृत्त भएकाहरूलाई गोप्य मन्त्रको पथमा ल्याइयो । अकुशल रहेकाहरूलाई दण्डित गरियो र क्रोधी विधिबाट विमुक्त पारियो । डाकिनीले अविरल बग्ने नदी जस्तै गरेर परिपक्व हुने अभिषेक प्रदान गर्नुभयो । त्यसको बदलामा राजाले मुक्त पार्ने टीकाहरू प्रदान गर्नुभयो । दिन र रात भरी नै तिनीहरूलाई पवित्र धर्मको अभ्यासमा प्रशिक्षित गरियो ताकि बोध सिद्धिको एउटै मिलनको अनुभवमा सबैलाई विमुक्त गर्न सकियोस् । उहाँहरूले तीन वर्षसम्म धर्मको चक्रलाई घुमाउनुभयो र अन्तमा प्रत्येक बासिन्दाले प्रकाशको शरीर प्राप्त गरे र चामर भूमिलाई खाली पारियो ।

समय चमारको पुरुष र स्त्री नरभक्षीहरूलाई मन्दारवाले कसरी धर्मको पथमा ल्याउनुभयो, तिनीहरूले इन्द्रेनी काय कसरी प्राप्त गरे र त्यस भूमिलाई कसरी खाली पारियो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको तेतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आठवटा राज्यहरूमा आठवटा चमत्कारहरू

त्यसपछि गुरु र उहाँको सहचरी मन्दारवा ङाम्पा छालचेन र काइलाङ्रोग लगायत आठवटा प्रमुख र सहायक श्मशान घाटहरूमा बस्न जानुभयो । यस समयमा महान् वज्र गुरुले क्रोधी डाकिनीहरू, देवी देवता र नरभक्षीहरूको लागि धर्म चक्रलाई घुमाउनुभयो । यसको साथै यसै समयमा मन्दारवाले आठवटा महान् चमत्कारिक कार्यहरू प्रदर्शन गर्नुभयो ।

सर्वप्रथम, आठजना क्रोधी डाकिनीहरूले उनीहरूको जादु प्रदर्शन गरिरहेको बेला अमृतको बगैंचा नामक क्रोधी आवाजको श्मशान घाटमा मन्दारवाले पाँचवटा अभिव्यञ्जनाहरू पठाउनुभयो जो खाली आकाशमा पूर्ण पद्मासनमा बस्नुभयो । उहाँहरूको हत्केलाबाट आठवटा दिशामा आठवटा ठूला उर्लदा तालहरू बनाउँदै अमृत सञ्जीवनी वर्षा भयो । प्रत्येक तालको बीचमा हजारौं पत्तीहरू भएको एउटा कमलको फूल देखा पर्यो र कमल फूलको परागमा उहाँको आफ्नै अभिव्यञ्जना बसेको थियो । प्रत्येक अभिव्यञ्जना उस्तै अभिव्यञ्जनाको टोलीद्वारा घेरिएको थियो । केहीले अर्पणहरू चढाउँदै थिए अरूहरू परिक्रमा गर्दै थिए भने अझै अरूले वीणा बजाउँदै थिए । केहीले दण्डवत् गर्दै थिए केहीले प्रशंसाको गीत गाउँदै थिए र केहीले माथि तर्फ फूल अर्पण गर्दै थिए ।

यो अचम्मको प्रदर्शनले सबै क्रोधी डाकिनीहरू विश्वासले ओतप्रोत भए र तिनीहरूले यस्तो घोषणा गरे- "क्ये मा ! मानिसहरू मध्येकी राजकुमारी मन्दारवा ! तपाईं सबैभन्दा अचम्म लाग्दो महान् गुणहरूले युक्त एकजना सहचरी हुनुहुन्छ ! दोस्रो बुद्धको प्रमुख सहचरीको रूपमा तपाईंले अवधारणात्मक ज्ञानको समाधि सिद्ध गर्नु भएको छ । तपाईंको चमत्कारिक अभिव्यञ्जनाले प्रकाशका पाँचवटा विभिन्न अभिव्यञ्जनाहरू प्रकाश, हजार-पत्ती भएको कमलको फूलहरू र अमृतले भरिएका तालहरू उत्पन्न गरेको छ । पाँचवटा महान् गुणहरूको निष्कलङ्क डाकिनी तपाईं कल्पनाभन्दा परको स्वतः उत्पन्न हुने चमत्कारहरूको प्रादुर्भाव हुनुहुन्छ । अब यस श्मशान घाटमा जम्मा भएका सबै डाकिनीहरूलाई पवित्र धर्मको उपहारले हामी क्रोधी डाकिनीहरूको यो समूहलाई सन्तुष्ट पार्न विन्ती गर्छौं "

मन्दारवाले यस व्रज्र गीतले आफ्नो प्रतिक्रिया दिनुभयो- "नमो गुरु पद्माकर !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल शुद्धताको आकाशमा धर्मकायको नीलो नभ मण्डलले इन्द्रेनीको बादलहरूको सबै दिशाहरूमा व्याप्त रहेको सम्भोगकायलाई प्रकट गर्छ । जुन विधिले आवश्यक हुन्छ त्यही विधिले तह लगाउने निर्माणकायको महान् वर्षा अनुयायीहरूको अबाधित बगैंचाको अजन्म भूमिमा खस्छ । पाँचवटा आदिकालीन प्रज्ञाज्ञानहरूको असीमित प्रादुर्भावहरूले यानहरूको सारतत्वको निष्कलङ्क फललाई परिपक्व बनाउँछ । आकाश जस्तै सर्व व्याप्त त्यसको परिणाम महान् उत्कर्षको अमिश्रित अवस्था हो ।

तीनवटा कालभरि नै अद्वितीय रहनु भएको उड्डीयानको भगवान गुरु पद्मसंभवको आशीर्वादले मैले यो निष्कलङ्क उदात्त मूर्त रूप प्राप्त गर्ने महान् भाग्य पाएको थिए । अहिले सुन ! गोचर वस्तु वा स्वभावको अस्तित्व परस्परको भर पराइ माथि आधारित भए पनि यी डाकिनीले अस्तित्वको शुद्ध बोधलाई प्रतिनिधित्व गर्छिन् र तिमीहरू क्रोधी मामोहरूले संसारमा अशुद्ध क्रोधी अभिव्यक्तिको प्रतिनिधित्व गर्छ । आदिकालीन रूपमा तिमीहरू सबै जना कुनै पनि भ्रम बिना मूल शुद्धताको आफ्नो सार प्रकृतिमा छौ । यद्यपि तिम्रो अस्थायी अस्पष्टताहरूको कारणले गर्दा तिमीले आफ्नो आत्म ग्राह र यो सँगै आउने दुख कष्टको अहिलेको अवस्था सिर्जना गरेकी छौ । तिम्रो दुख कष्ट तिम्रो आफ्नै अन्योलतबाट उत्पन्न भएको हो भन्ने कुरालाई तिमीले अनिवार्य रूपमा स्विकार गर्नु पर्छ ।

"अब क्रोधी मामोहरू अन्योलमा नपर ! तिम्रो आफ्नै मनको प्रकृति बुद्ध हो । यो भ्रमको कारणले निन्दा नगर्नु जसको प्रकृति बुद्ध हो । क्रोधी मामोहरू यो बाहिरी आकृतिहरूको भ्रम पूर्ण खेलमा हठी अनुरक्तिलाई न गाँज्नु । क्रोधी मामोहरू अवधारणात्मक मनको वस्तुहरूलाई सत्य हो भनेर नमान । द्वैध लोभीपन र लफलफको यो बानी व्यहोरागत चक्रलाई कायम राखिनु हुँदैन । हे क्रोधी मामोहरू, यसलाई धराशायी हुन देउ । हे क्रोधी मामोहरू, पाँचवटा निश्चितताहरूको अद्वैध अवस्था प्राप्त गर जुन नैसर्गिक रूपमा स्वःउत्पन्न ज्ञानको शुद्ध आदिकालीन प्रज्ञाज्ञान हो ।

हे क्रोधी मामोहरू, यो संसारको अनन्त सागरबाट मुक्ति प्राप्तिको लागी तिमीहरूले अनिवार्य रूपमा विष नाशक र उपाय कौशलहरू प्रयोग गर्नुपर्छ । हे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रोधी मामोहरू, तिमीहरूको आफ्नै मनको प्रकृतिलाई अरु केही होइन मौलिक आदिकालीन बुद्धको रूपमा चिन । यो जानेर, हे क्रोध डाकिनीहरू, ! आफ्नै प्रकृतिलाई अवलोकन गर । प्रत्यक्ष रूपमा पहिले अज्ञात रहेको आफ्नै धर्मकाय प्रकृतिलाई प्रकट गर । हे क्रोधी मामोहरू, चारवटा कायहरूको परम अवस्था पूरा गर !"

उहाँले यसरी बोली सक्कु भएपछि सबै मामोहरूलाई मुक्त पारियो । त्यसपछि उहाँको अभिव्यञ्जनाहरू उहाँकै हृदयमा विलय भए र मामोहरू उहाँको वफादार सेवक भए । उहाँहरूले एक सय आठवटा गोप्य मौखिक प्रसारण तन्त्रहरू तयार गर्नुभयो र तिनीहरूलाई निधि ग्रन्थहरूको गोपनीय प्रतीक लिपिमा संक्षिप्त पार्नुभयो । त्यस समयमा नरभक्षी मामोहरूले राक्षस गैंडाको छालाको सन्दुक अर्पण गरे । सबै यक्ष राक्षसहरूले "क्ष" अक्षर लेखिएको सन्दुक चढाए । शासकहरूले ढुङ्गाले बनेको सन्दुक चढाए । निधि ग्रन्थको कागजको मुठालाई प्रत्येक सन्दुकहरू भित्र राखिएको थियो र त्यसको ढकनीलाई सावधानी पूर्वक सिलबन्द गरिएको थियो । यी सन्दुकहरू मामोहरूलाई सुम्पिएको थियो, जसले तिनीहरूलाई लगेर एउटा स्तूपको कलश आकारको शङ्कु भित्र लुकाएर राखे ।

त्यसपछि डाकिनी सिंहवन नामले चिनिने श्मशान घाटको ताडको रूखको छायामा बस्नुभयो । उहाँको सिद्धिको स्तरलाई जाँच गर्न र तिनीहरूको जादुई शक्ति प्रदर्शन गर्नको लागि बहत्तर जना दुष्ट शासकहरू आए । त्यसपछि, मन्दारवाका हात्केलाहरूबाट सेतो, पहेँलो, रातो र हरियो अमृत उत्पन्न भयो । दसै दिशाहरूमा बग्दै त्यस अमृतले दस जना डाकिनीहरूलाई आह्वान गर्‍यो जो सबै जना मन्दारवाको शरीरमा विलय भए । त्यसपछि, दुष्ट शासकहरूलाई कसम खुवाएर बन्धनमा पार्दै उहाँको शरीरबाट हाते उपकरणहरू सहित असङ्ख्य जादुई अभिव्यञ्जनाहरूको दस जना क्रोधी प्राणीहरू उत्पन्न भए । तिनीहरूले असङ्ख्य चमत्कारहरू प्रदर्शन गर्ने थप प्रकाशका किरणहरू पठाइएका थिए जसले गर्दा दुष्ट शासकहरू परास्त भए । तिनीहरू आफ्नो जीवन सार आत्मसमर्पण गर्न बाध्य भए ।

त्यस समयमा सबै प्रतापी संरक्षकहरूले उहाँको मौखिक निर्देशन पाएका थिए र रक्षक काला राक्षसले एउटा रत्न जडित् सन्दुक चढाए । सबै निर्देशनहरूलाई त्यस भाँडाभित्र राखिएको थियो । जसलाई त्यसपछि आकाशको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विस्तारमा सिलबन्द गरिएको थियो जहाँ त्यो विलय भयो । त्यस पछि, यी पहिलेका दुष्ट शासकहरू मध्येका प्रत्येक गोप्य मन्त्र शिक्षाको रक्षक भए । त्यसपछि जे जे भएको थियो त्यसबारे रिपोर्ट गर्दै मन्दारवाको ओड्डीयानाको अमूल्य गुरु सँग भेट भयो । अति खुसी भएर उहाँले उहाँलाई भन्नुभयो- "अब तिमी तुरुन्त कोटभिर देशमा जानु पर्छ र महा दानवी अवरोधकर्ता वज्रविनाक र उनका अनुयायीहरूलाई वाचाको बन्धनमा बाँध्नु पर्छ । तिम्रो आफ्नो पूर्ण रूपमा दिइएको महान् गुणहरू प्रदर्शन गर्ने समय आएको छ !"

उहाँ तत्काल कोटभिर तर्फ प्रस्थान गर्नुभयो जहाँ उहाँ एउटा कामरूप रूख मुनि बस्नुभयो । त्यसपछि उहाँले वज्रधातु मण्डल प्रकट गर्नुभयो जसको बाहिरी परिधि शिक्षाको नौवटा यानहरू प्रत्येकको मण्डल थियो । आन्तरिक मण्डल चार र छवटा तान्त्रिक वर्गहरूको प्रदर्शन; र गोप्य मण्डल महान् परम आनन्दको मण्डलको दरबारको अभिव्यञ्जना थियो । उहाँले सत्रौं महिनासम्म अभ्यास गर्नुभएपछि सु-स्पष्ट साथ देवताहरूको सम्पूर्ण मण्डल पुरै देखा पर्यो ।

त्यस समयमा आठ हजार जना बाधकहरूको आफ्नो टोलीको साथमा शक्तिशाली राक्षसी अवरोधक वज्रविनाकले देवी देवताहरूको प्रज्ञाज्ञान मण्डल विरुद्ध कालो जादुको युद्ध सुरु गरे । आकाशबाट अचानक असिना जस्तै गरेर बालुवा, पत्थर र माटोको वर्षा भयो । निरन्तर विलाप गरेको र चिच्याएको रहस्यमय आवाज चारै तर्फ व्याप्त भयो । भूकम्प उत्पन्न गर्दै र दिन र रातको चक्रमा अवरोध पुऱ्याउँदै अचानक एउटा भयानक धूलोको आँधी देखा पर्यो । उल्का पिण्डहरू, असिनाहरू, चट्याङहरू, ड्रागनको गर्जन जता ततै सुनियो ।

रातमा पहाडहरूलाई जलाउँदै आगो प्रचण्ड भयो । दिउँसो सूर्यलाई अशुभ बादलहरूले ढाक्यो । "मार, मार!" र "हान, हान!" को क्रूर कोलाहल गुञ्जियो । विभिन्न काल्पनिक जीवहरू देखा पर्न थाले । केही आकर्षक युवक र युवती जस्ता देखिन्थे भने अरू डरलाग्दो अभिव्यक्ति भएको जीर्ण घिनलाग्दो मानिस जस्ता देखिन्थे । केही टाउकोहरू शरीरमा मिल्दैन थिए र तिनीहरू सबैले बुझ्न नसकिने विकृत शब्द आडम्बरको आवाज निकाल्थे । त्यसपछि बाघ, चितुवा, खैरो भालुहरू र ठूला बाँदरमा चढेर राक्षसहरू आए । तिनीहरूको मुख र नाकको प्वालबाट आगो र धुवा निस्किन्थ्यो । तिनीहरूको सङ्ख्या यति धेरै थियो कि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनीहरूको मुनि पृथ्वी हल्लिन्थ्यो ।

राक्षसी अवरोधकहरूलाई आकर्षित गर्नको लागि र तिनीहरूको भविष्यबारे भविष्यवाणी गर्नको लागी अब डाकिनी मन्दारवाले आफ्नो चमत्कारिक शक्तिहरूको पूर्ण शक्तिलाई प्रकट गर्नुभयो । उहाँले आफूलाई सयवटा टाउको र हजारवटा हातहरू भएको पूर्णताको एकजना महारानीको रूपमा परिवर्तन गर्नुभयो । उहाँको प्रत्येक रोमकूपबाट आगो उत्पन्न भयो र उहाँको हातले अनेकौं हतियार उज्याउनु भयो । उहाँको कपाल माथि देवताहरू तर्फ फर्किएको थियो र श्मशान घाटको आभूषणले सजिएको पहिरन लगाउनु भएको थियो । उहाँले आफ्नो एक सयवटा खुट्टाले कुल्चिँदा उहाँको तल सम्पूर्ण संसार कम्पायमान भयो । उहाँले आदिकालीन प्रज्ञाज्ञानको मण्डल आगोको ज्वाला स्थापना गर्नु भयो ।

उहाँले अचानक यो डरलाग्दो गीत गाउनुभयो- "हुँ ! हुँ ! भ्योह ! भ्योह ! म अस्तित्वको तीनवटा लोकहरूको आगोको ज्वालामा बल्दै गरेको डाकिनी हुँ । मेरो आगोको ज्वालामा बल्दै गरेको तरबारले म तँ दुष्ट पापीहरूलाई टुक्रा टुक्रा बनाउँछु । यस संसारमा मेरो शक्ति स्वर्ग जस्तै असीमित र विशाल छ । मेरो हरेक इशाराले समुद्रको छालहरूलाई उत्प्रेरित गर्छ । संसारमा र त्यस भन्दा टाढा शान्ति पूर्ण रहेको जे छ ती सबै माथि मेरो शक्तिले प्रभुत्व जमाउँछ; जे बाँकी रहे पनि त्यसलाई म मेरो हातका हत्केलाहरूमा दबाउनु पर्छ । अब तँ गिद्ध जस्ता राक्षस र पापीहरू आफ्नो विनाशको क्षणको लागि तयारी गर ! रुलु ! रुलु ! हुँ ! भ्योह ! भ्योह ! भ्योह ! भ्योह ! "

त्यसपछि उहाँले तिनीहरूलाई माटोमा कुल्चिँदै वरिपरिका सबै ठूला र साना पहाडको छेउमा आफ्नो खुट्टाको पन्जाहरू राख्नुभयो ।

डर त्रासले त्राहिमांम भएर बाधकहरू बेहोस भए । तिनीहरू ब्यूँझिँदा तिनीहरूले डराउँदै आफ्नो जीवनको सारको चढाए- "क्ये मा ! आदिकालीन प्रज्ञाज्ञान डाकिनी, कृपया सुन्नुहोस् ! चिरकालको समय देखि, अज्ञानतामा आधारित रहेको हाम्रो दूषित कर्मको शक्तिद्वारा हामीले प्राणीहरूलाई अरू केही पनि होइन हानी मात्र पुऱ्याएका छौ । हामीले सबै बुद्धहरूको सहचरी तपाईँको समेत विरोध गरेका छौं । ध्यान भावनाको स्थिरीकरणबाट उत्पन्न भएको तपाईँको रूप क्रोधी करुणाको सर्वोच्च अभिव्यक्ति हो । अब डराएर हामी तपाईँलाई हाम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

जीवन नै अर्पण गर्छौं ।

त्यसपछि, उनीहरूको शब्दहरू अनुसार तिनीहरूले सपथ लिंदै आफ्नो जीवनको सार चढाए "त्री त्री ओ ना मा रा का दु ना" शरीर चढाउँदाको सपथ "त्री त्री या मा बी ना या का दुन जा" हृदय मन्त्रको रूपमा आफ्नो वाकको सार चढाउँदाको सपथ र "त्री मु ता या गु यी ही तुन निक" चित्तको सारलाई चढाउँदाको शपथ । यस प्रकारले त्यसपछि तिनीहरूलाई शिक्षाको संरक्षक बनेर बस्ने वाचा गराइयो । तिनीहरूले कहिले पनि जानी जानीकन कुनै पनि प्राणीको मनलाई हानि नगर्ने वाचा पनि गरे । त्यसपछि तिनीहरू सबैले अरुको उपकार गर्ने मन बोधिचित्तको ध्यान भावना गर्न थाले ।

त्यस समयमा उहाँले मन्दारवाको रूपमा आफ्नो शान्त प्रादुर्भाव देखाउनुभयो । पवित्र धर्मको आशीर्वादको महान् लहरको रूपमा उहाँले तिनीहरूको मनलाई तह लगाउनको लागि सात सय भन्दा बढी मौखिक निर्देशनहरू दिनुभयो । तिनीहरूलाई साङ्केतिक लिपिमा खाँदिएको थियो र गैंडाको छालाको सिलबन्द गरिएको सन्दुकमा सिद्धान्तका क्रोधी महिला रक्षकलाई दिइएको थियो ।

त्यसपछि घटेका सबै घटनाहरूको विवरण दिनको लागि मन्दारवाले गुरुसँग भेट गर्नुभयो । उहाँले महान् कैलाश पर्वत भित्र गाड्नको लागि उहाँलाई एक सयवटा थप मौखिक निर्देशहरू दिनुभयो । मन्दारवा तीव्र चालमा हिंडेर सात दिनमा तिब्बतको कैलाश पर्वतमा पुग्नुभयो । उहाँको आगमनमा स्थानीय तत्वहरू, नागहरू र आत्माहरूले असङ्ख्य जादुई छलहरू देखाए । त्यसपछि उहाँ डाकिनी उमा देवीको रूपमा प्रकट हुनु भएर पर्वतका रक्षक महादेवसँगको मिलनमा संलग्न हुनुभयो । उनलाई गोप्य अभिषेक प्रदान गर्दै उहाँले उनलाई शपथ दिलाउनु भयो । उनलाई एक सय आठवटा निधिहरू दिएपछि उहाँ नेपाल भूमिमा जानुभयो ।

सात दिनसम्म असुर नामक पर्वत गुफामा रहनुभयो र आठजना नेपाली मानिसहरूसँग उहाँको भेट भयो । तिनीहरू मध्ये एक जना जवान नेपाली कन्या थिइन् जसले अनेकौं रत्न जडित गर गहना लगाएकी थिइन् । उहाँसँग पहिला कहिल्यै पनि भेट भएको थिएन भन्दै उनीले डाकिनी प्रति ठूलो भक्ति भाव देखाइन-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हे डाकिनी, तपाईँ कहाँबाट आउनुभयो ? तपाईँको माता पिताको नाम के हो ? तपाईँले अध्ययन गर्नुभएको गुरुको नाम के हो ? तपाईँको पारिवारिक वर्ग र वंश कस्तो छ ? तपाईँ अहिले यहाँ किन आउनुभयो ?" म तपाईँलाई मेरो प्रश्नहरूको उत्तर दिनुहोस् भन्ने अनुरोध गर्छु ।

"विगतमा ठूलो पुण्य सङ्ग्रह गरेकी यिनी नै हुन्" मन्दारवाले सोच्नुभयो- "उनी पद्म कूलकी महिला जस्तै छिन्, देवताहरूको एक बहिनी" महिलाले जीवनको अन्त्य नजिक आइरहेको र निकट भविष्यमा प्राणीहरूको कल्याण गर्ने डाकिनीको रूपमा पुनर्जन्म लिने सर्वज्ञानले थाहा पाएर मन्दारवाले ब्रह्माको यो गीत गाउनुभयो जुन उहाँको गलाबाट स्वतः उत्पन्न भयो-

"क्ये ! हे नेपाल भूमिकी उच्च स्त्री ! मेरो पारिवारिक वर्ग साहोरको शाही परिवार हो । मेरो बुबाको नाम राजा विहारधर हो र मेरी आमा वाङ्मो ओगमा हुन् । मेरो नाम राजकुमारी मन्दारवा हो । मेरो आध्यात्मिक गुरु ओड्डीयानको गुरु पद्मसंभव हुनुहुन्छ । म बौद्धधर्मको नौवटा यानको मार्गलाई अनुसरण गर्छु । म एउटा श्मशान घाटबाट अर्कोमा यात्रा गरि रहने भएकोले मेरो निवासको ठाउँ अनिश्चित छ । भ्रमहरूलाई बढाउने र प्रोत्साहन दिने पतिको लागि मेरो कुनै चाहना छैन । मेरो पुत्र परम सुखको आदिकालीन प्रज्ञाज्ञानको पुत्र हो । मेरो कुनै मायावत् सेवकहरू वा अनुयायीहरू छैनन् ।

मेरो धर्म संरक्षक यस संसारका डाकिनी र मामोहरू हुन् । म यो ठाउँमा बहुमूल्य गोप्य निर्देशनहरू लुकाउनको लागि आएकी छु जुन वज्र गुरुले गोप्य मन्त्रको सारबारे दिनुभएको छ । मैले तिनीहरूलाई यहाँ अर्पणको रूपमा ल्याएकी छु । तीन वर्षपछि तपाईँ स्त्रीको मृत्यु हुनेछ । तपाईँको नेपालका राजाको रानीको रूपमा पुनर्जन्म हुनेछ र तपाईँको नाम शाक्यदेवी हुनेछ । तपाईँले महान् गुरु पद्मसंभवलाई भेट्नुहुनेछ र गोप्य मन्त्रको उपदेशहरू प्राप्त गर्नको लागि उपयुक्त भाँडो बन्नुहुनेछ । त्यसपछि तपाईँले तिब्बत भूमिको रातो मुहार भएका मानिसहरूको लाभको लागि धेरै गहन निधि ग्रन्थहरू लुकाउनु हुनेछ"

त्यसपछि मन्दारवा आठजना नेपाली मानिसहरूसँग गाउँमा गएर उनको कथाको वर्णन गर्नुभयो ।

डाकिनी प्रामाणिक हो कि होइन भनेर हेर्नको लागि राज्यका सबै मानिसहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकत्रित भए । एक वृद्ध तपस्वीले उहाँलाई सम्बोधन गरे- "कन्या, तपाईं आध्यात्मिक गुरुमाथि भरोसा राख्ने कोही हुनुहुन्छ । मलाई आश्चर्य लागेको छ तपाईँले कस्तो गहन प्रसारण प्राप्त गर्नुभएको छ ? तिनीहरू मध्ये कुनैमा सिद्धि प्राप्त गर्नको लागि समय लिनु भएको छ ? तपाईँले यस्ता प्रसारणहरू प्राप्त गर्नु भएको छ भन्ने तपाईँसँग के के सङ्केत छ ? सायद तपाईं वास्तवमा एकजना पतिको खोजीमा यहाँ आउनुभएको हो ?" यस्ता जाँच गर्ने प्रश्नहरू सोध्दा तिनले उहाँलाई डरलाग्दो अभिव्यक्तिले एकोहोरो गरेर हेरे ।

डाकिनीले उत्तर दिनुभयो- "क्ये ! यता सुन्नुहोस् ! म शुद्ध ज्ञान वाहक हुँ । मेरो वर्ग र वंश पनि गुरुको भन्दा पनि ठूलो छ । म यहाँ जस्तो कसैसँग प्रतिस्पर्धा गर्न आएको होइन । तपाईंको गलत विचारहरूलाई उल्ट्याउनको लागि मैले आफ्नै बारेको केही कुरालाई प्रकट गर्ने छु"

मन्दारवा आकाशमा उड्नु भयो । उहाँको शरीर सूर्यको किरण जत्ति नै तेज प्रकाशले चम्कियो । उहाँको मुखबाट धर्मको आवाज स्वतः उत्पन्न भयो-

"हुँ ! ह्र ! तालबाट जन्मनु भएको र अनुरक्तिको कलङ्कबाट मुक्त रहनु भएको सर्वोच्च दयालु भगवान गुरु पद्मसंभव तीन कालका बुद्धहरूको प्रतिनिधि हुनुहुन्छ । यस कन्या मन्दारवालाई वर्तमान क्षणमा हेर्नुहोस् ! संसारको विकृत विचारहरूलाई सफा गर्नको लागि कृपया मलाई तपाईंको करुणाले समाउनुहोस् । मेरो सर्वोच्च चित्त समन्तभद्रीको शुद्ध आदिकालीन ज्ञानको प्रकृति हो । जन्म र मृत्युको डरबाट म तीनवटा काल भरि नै मुक्त छु । मैले अनुरक्तिबाट निष्कलङ्क रहेको परमानन्दको परम सुखको मूर्तत्वको अवस्था प्राप्त गरेकोले म संसारमा रहँदिन । प्राणीहरूको लाभको लागि कुनै अनुरक्ति बिना तह लगाउने धर्मको द्वार खोलेर कसरी निर्बाध रूपमा काम गर्ने भन्नेबारे मलाई थाहा छ । अझै पनि संसारको चङ्गुलमा फसेका प्राणीहरू र मुक्ति तर्फ अगाडि बढ्ने अभिलाषा राख्नेहरू मेरा अनुयायीहरू बन्न सक्छन् किनभने म स्थायी रूपमा सुख ल्याउने पूर्ण रूपले शुद्ध गोपनीय मन्त्रको रक्षक हुँ"

यसरी बोल्दै उहाँले आफ्नो औंलाहरूले चुड्की बजाउनु हुँदा प्रौढ सन्त बेहोस भए । ठूलो भक्ति भाव महसुस गर्दै नेपालका सबै मानिसहरूले उहाँलाई दण्डवत् गरे । उनीहरूले उहाँलाई आदर पूर्वक धर्म सिकाउन अनुरोध गरे यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँले यो गीत गाउनु भयो- "क्ये ! सुन, नेपालका पुरुष र महिलाहरू ! यस सांसारिक अस्तित्वको पीडा अनन्त छ । जे खुसी देखा परे पनि त्यो माहुरीले बनाउने मह जस्तो हो । संसार प्रतिको अनुरक्ति विष जस्तै हो । अनजानमा समेत यसमा भाग लिनु स्वतः विनाशकारी छ । कर्मको बानी व्यहोरागत प्रवृत्ति दीर्घकालीन जेल सजाय जस्तै हो -यदि कसैको असावधानी पूर्वक त्यस्तो अवस्थामा पतन भयो भने उसले मुक्तिको लागि मौका गुमाउँछ । यदि लिप्त भयो भने अस्थायी मनोरञ्जनहरू भ्रामक छन् र तिनीहरू गएको क्षणमा दुख कष्ट हुन्छ ।

सांसारिक साथीहरूको माखेसाङ्लो एकजना कसाहीलाई भेट्नु जस्तै हो किन कि अंततः कसैको तल्लो लोकहरूको पुनर्जन्म तर्फ डोऱ्याइने छ । धन र सम्पत्ति एकजना भोको प्रेतको एकचित्तको वस्तुहरू जस्तै छन् । यस संसारको व्यस्तताले कुनै स्वतन्त्रता दिँदैन र यो आफैलाई विस्तारै बिस्तारै मृत्यु हुने गरि पिटेको जस्तै हो । तपाई आफ्नै गरिबीको दास हुनुहुने भएकोले यस अस्तित्वमा लहसिएर रहनु तपाईँको लागि दुःखको कारण हुनेछ । अहिले सर्वोच्च पथलाई कब्जामा लिनुहोस् । आफ्नो शरणको वस्तुको रूपमा त्रिरत्नहरूमाथि निर्भर रहनुहोस् । पवित्र धर्म प्रतिको तपाईँको प्रतिबद्धताले तपाईँको लागि यो जीवन र भविष्यका जीवनहरूमा खुसी आउनेछ । म, मन्दारवाले यस तरिकाले अभ्यास गर्छु । यदि तपाईँ भाग्यशाली अनुयायीहरू हुनुहुन्छ भने तपाईँहरूले तदनुसार अनवरत चेष्टा गर्नु हुनेछ"

यी शब्दहरूबाट तिनीहरू सबै आनन्दित भए ।

त्यसपछि मन्दारवा तीव्र चालमा भयानक छाङछाङ श्मशान घाटमा यात्रा गर्नुभयो । त्यहाँ भाब्रामारी जङ्गलको एउटा गुफामा उहाँ एक हप्तासम्म बस्नुभयो । यस श्मशान घाटमा बस्ने सबै तत्वहरूले उहाँलाई विस्थापन गर्नको लागि धेरै विचलित पार्ने प्रादुर्भावहरू प्रदर्शित गरे । उहाँ आफ्नो स्तरको विकासको प्रदर्शन गर्दै सिंहको टाउको भएकी डाकिनी सिंहमुख डाकिनीको रूपमा प्रकट हुनुभयो । उहाँले सबै दुरात्मा र तत्वहरूलाई बन्धनमा पारेर धर्मको रक्षा गर्ने शपथ खुवाउनु भयो ।

त्यसपछि उहाँ पद्मवनको क्षेत्रमा पुगेर भेन्धा देशमा जानुभयो । यो वास्तवमा कुम्री भनिने खतरनाक रक्त पिपासुहरूको सहर हो । तिनीहरूले खानको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि हजारौं प्राणीहरूलाई मारि रहेका थिए । ती कसाहीहरूलाई पथ देखाउनको लागि आफूलाई फिरन्ता जस्तो देखिने बनाएर डाकिनी चौबाटोमा गएर बस्नुभयो । उहाँको वरिपरि धेरै जना कसाहीहरू भेला भए । यो मगन्ते केटी कति सुन्दर छिन् तिनीहरूले उनीसँग सुत्न पाउलान् कि भनेर तिनीहरूले गफ गरे । मन्दारवाले भन्नुभयो- "यस संसारको एकजना साधारण प्रेमीको लागि विशेष गरी यहाँ बस्ने तिमी कसाहीहरू मध्ये कुनै एक जना सँग मेरो कुनै इच्छा छैन । आफ्नो जीवन बाहेक यस संसारमा पोषण गरेर राख्नु पर्ने केही कुरा पनि छैन तैपनि यो राक्षसी ठाउँमा अनावश्यक हत्या र मृत्यु छ ! तिमी दुरात्मा मासु खानेहरूको कुनै पनि पत्नी अनिष्ट श्मशान घाटको भूत प्रेतको रूप हुनुपर्छ ! "

तिनको उत्तरले नरभक्षीहरू अत्यन्तै क्रोधी भए । तिनीहरूले ठूलो स्वरमा कराए "उसलाई मार !" उहाँको जीवन अन्त्य गर्न खोज्दै केहीले उहाँलाई पिट्ने प्रयास गरे । यदि उहाँले तिनीहरूलाई बलात्कार गर्न दिएन भने तिनीहरूले उहाँको हात र खुट्टाहरू काटि दिने धम्कि दिए । उनीहरूले उहाँलाई पक्रिएपछि मन्दारवा अचानक क्रोधी डाकिनीको रूपमा प्रकट हुनुभयो । उहाँको उपस्थिति यति गहन थियो कि उहाँको टाउको आकाशमा निकै टाढासम्म पुग्यो । विजयको उल्लासमय आवाज निकाल्दै र आफूले सबै कसाइहरूलाई विमुक्त पार्ने घोषणा गर्दै उहाँको शरीरबाट छ जना डाकिनीहरू उत्पन्न भए । त्यसपछि त्यस देशका सबै मानिसहरू चारै तिर भेला भए । तिनीहरूले डाकिनीलाई दण्डवत् गर्न थाले र डाकिनीले जे आज्ञा दिए पनि मान्ने वाचा गरे । उहाँहरूले तिनीहरूलाई अरूको जीवन लिन बन्द गर्न भन्नुभयो जस पछि उनीहरू सबैले आफ्नो अकुशल मार्ग त्यागेर धर्मको बाटोमा प्रवेश गरे । डाकिनीले तीन महिनासम्म लागि धर्म चक्रलाई घुमाउनुभयो र उनीहरूले बुद्धको सिद्धान्तको बाटोबाट मुक्ति पाए ।

त्यसपछि मन्दारवा कलिङ्गा भनिने देशमा जानुभयो । त्यहाँ उहाँले वज्र गुरुलाई भेट्नुभयो र सार गोप्यताको साँचोबारे मौखिक निर्देशनहरू प्राप्त गर्नु भयो । उहाँले भन्नुभयो- "मन्दारवा, अब तिमी अनिवार्य रूपमा साहोरको पूर्वी देशमा जानु पर्छ जहाँ अझै पनि तह लगाउनु पर्ने प्राणीहरू छन् । तिमीले धर्मको उपहार दिएर उनीहरूको आवश्यकतालाई पूरा गर्नु पर्छ" त्यसपछि मन्दारवा बंगाल जानुभयो र उहाँ राज्यको नजिक पुग्दा सिराना नामक एउटा सहर भएर जानुभयो जहाँ उहाँको एउटा वृद्ध युगल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जोडी सँग भेट भयो । पति एकजना शिल्पकार थिए र उनीहरू सर्वाकर नामका एक छोरा थिए र प्रभासत्व नामक एकजना छोरी थिए । ती दुई जनाले डाकिनीलाई लामो समयसम्म हेरी बसे । त्यसपछि तिनीहरूले भक्ति भावले आफ्नो शिरले उहाँको पाउ छोए । उनीहरूको पहिले उहाँलाई भेट्ने असल भाग्य नभएकोले उनीहरूले उहाँलाई पथ देखाइदिने आग्रह गरे ।

मन्दारवाले भन्नुभयो- "सर्वाकर नामक पुत्र, तिम्रो बारेमा मलाई जे भन्नु छ त्यो सुन । विगतमा डमरू नामक राज्यमा म पेमाक्यी नामक रानी थिएँ । त्यस बेला तपाईंको बुबा यक्ष आनन्दपाल थिए र तिमी राजा शिन्ता बुधो भयौ । तिमी कैयन् नरभक्षीहरूलाई मार्न बाध्य भएको थियौ त्यसैले हालको लगायत कैयन् तल्लो पुनर्जन्म लियौ । तिम्रो लागि यो अवस्थाबाट स्थानान्तरण गर्ने समय आएको छ । प्रभासत्त्व नामक तिमी बालिका डमरुको कला नामक रानी थियौ । तिमीहरू दुवैले म तर्फ यस्तो तीव्र श्रद्धा देखाउनुको कारण यही हो । अब म तिमीहरूलाई गोप्य मन्त्रको शिक्षा दिने छु ।

गोप्य मन्त्रको अभिषेक र उपदेश प्राप्त गरेपछि तिनीहरूले मुक्ति पाए । तीन महिना भित्र तिनीहरूले इन्द्रेनी शरीर प्राप्त गरे । "अब" मन्दारवाले भन्नुभयो- "म मेरो बुबा र आमालाई फेरि एक पटक भेट्न जानु पर्छ "

साहोरमा आइ पुग्दा सबै बाह्य र भित्री मन्त्रीहरू र तिनीहरूका समूहहरूले एकान्तवासमा ध्यान भावनाको अभ्यास गर्दै थिए र मन्दारवाको आगमनको खबर पाएनन् । केही समय पछि उहाँले शिल्पकारकी छोरीलाई भेट्नुभयो जो उहाँलाई देख्न पाएकोमा यति धेरै खुसी भइन कि उनले उहाँको खुट्टाहरू समातेर उहाँको आगमनको समाचार सुनाइन । सम्पूर्ण राज्य भेला नभएसम्म एक एक गरेर साहोरका सम्पूर्ण मानिसहरू एकत्र हुन थाले । राजा र रानी सभामा सामेल हुँदा सबै जना आनन्दित भए ।

मन्दारवाले माता पितालाई दण्डवत् गर्नुभयो र तिनीहरूले उहाँलाई फिर्ता दण्डवत् गरे । त्यसपछि डाकिनीले उनीहरूको कल्याणका लागि आफ्नो सम्यक् सम्बोधि प्राप्त चमत्कारिक क्रियाकलापलाई प्रदर्शन गर्नुभयो । उहाँले आफ्नो छाती खोल्नुभयो उहाँले उनीहरूलाई आफ्नो हृदयभित्र सम्पूर्ण मण्डल, दीर्घ जीवनका देवताहरूको विश्व देव कुल स्पष्ट ढङ्गले स्पष्ट रूपमा सम्पूर्ण मण्डललाई देखाउनु

CC-0. Nepal Sanskrit Academy, Kāthmandu Collection

भयो । सबै जना भक्ति भावले अचम्ममा परेर विह्वल भए । एक वर्षको लागि उहाँले धर्म चक्रलाई अनवरत ढङ्गले घुमाउनु भयो । त्यस समयमा उहाँको बुबा र आमा, राजा र रानीले इन्द्रेनी शरीर प्राप्त गरे, मन्त्री सुग्पा राजाको हृदयमा विलय भए अनि साहोरको सम्पूर्ण राज्य मुक्त भयो ।

समय

प्राणीहरूलाई तह लगाउनको लागि मानव र आत्माहरू दुवैलाई धर्मको पथमा लगाउनको लागि मन्दारवाले आठवटा राज्यहरूमा आठवटा महान् चमत्कारहरू कसरी प्रदर्शन गर्नुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको चौतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओड्डीयानमा धर्मचक्र प्रवर्तन

केही समय पछि मन्दारवा शुभक शेखर नामक महान् स्तूपको अगाडी पुग्नुभयो । त्यहाँ महान् वज्र गुरु बस्नु भएको थियो र उहाँले उहाँको उपस्थितिमा आराम लिनुभयो । उहाँले आठजना महान् गुरुहरूलाई अमर जीवनको मण्डल देखाएर अभिषेक दिनुभयो ।

यस पछि गुरु र सहचरी ओड्डीयानको भूमि भरी सँग सँगै यात्रा गर्नुभयो जहाँ मन्दारवाले आफूलाई बिरालोको मुखको रूपमा प्रकट गर्नुभयो । जब वज्र गुरु फर्केर आउनु भएको खबर ओड्डीयानका बासिन्दाहरूले सुने धेरै जना विश्वास र भक्ति भावले भरिएका थिए भने अरूले गुरु विरुद्ध षडयन्त्र रच्न थाले । राजा वा रानीलाई नभनीकन दुष्ट मन्त्री प्रकारले गुरु र सहचरीलाई मार्न भनेर जलाउन पठाए ।

त्यस समयमा राजकुमारी प्रभाधरलाई मन्दारवा तर्फ ईर्ष्या लाग्यो । तिनले आफ्ना माता पितालाई विगतमा जहिले पनि एक्लै रहनु हुने गुरुले एकजना माग्ने केटी भेट्टाउनु भएको छ र आफ्नो साथमा उनलाई लिएर राज्यमा आउनुभएको छ र मन्त्रीहरूले उनीहरूलाई जिउँदै जलाउने आदेश दिएका छन् भनिन् । यस मामिलाबारे जाँच गर्ने आवश्यकता रहेको अनुभव गरेर राजा र रानी हेर्न जाँदा आगोले गुरु र सहचरीलाई पटक्कै नजलाएको पाए ।

त्यसपछि गुरु र सहचरीले आगोलाई तालमा परिणत गर्ने चमत्कार देखाउनुभयो । राजा र रानी, राजकुमारी प्रभाधरका साथै सम्पूर्ण राज्यले उनीहरूको महान् विश्वास व्यक्त गरेर धेरै दण्डवतहरू चढाए । बुबा, राजा इंद्रभुतिले भक्तिभावले दण्डवत् गरेर प्रशंसाका यी शब्दहरू चढाए-

"हृ ! धर्मकाय गुरु, अकृत्रिम र परिपाठ देखि मुक्त; धर्म भगवान गुरु, परम आनन्दको संभोगकाय, निर्माणकाय गुरु, कमलको फूलबाट जन्म भएको, म दण्डवत् गर्छु र गुरु वज्र धारकलाई तीन कायलाई प्रशंसा गर्छु"

त्यसपछि राजा आफैले उहाँहरूलाई धूप बत्ति अर्पण स्थल तर्फ डोर्‍याएर लादै गुरु र सहचरीलाई नौ पटक दण्डवत् चढाए उहाँहरूलाई सिंहासनमा बस्न निम्त्याए र धर्म उपदेश दिने अनुरोध गरे । गुरुले उत्तर दिनुभयो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"क्ये ! रत्न राजा इन्द्रभुति ! तपाईँले विगतमा देखाउनु भएको दयाको ऋण चुकाउनको लागि म यस समयमा धर्मको उपहार चढाउँछु । राजकुमारी प्रभाधरको मनमा रहेको दुखलाई सफा गर्न डाकिनी मन्दारवाले धर्म सिकाउने छिन् । म सिद्धि प्राप्त गर्नको लागि र पवित्र धर्मले कैयौँ राज्यहरूलाई तह लगाउनको लागि अनिवार्य रूपमा आठवटा श्मशान घाटमा जानु पर्छ । यी डाकिनी र मैले दीर्घ जीवन मारातिका गुफामा सँगसँगै अमरता हासिल गरेका छौ । तिनी अमरताको एकजना शुद्ध ज्ञान संवाहक हुन् । त्यसपछि हामी सँगसँगै कोतालको भूमिमा गयौ र दुई हजार वर्षको अवधिमा केवल अरूको लाभको लागी मात्र त्यसो गर्दै विस्तारै विस्तारै असङ्ख्य प्राणीहरूको मनलाई तह लगाइयो । अब यहाँ ओड्डीयान देशमा आफ्नो मनलाई तह न लगाइएकाहरू धेरै छन् । गोप्य मन्त्रको धर्मले तिनीहरूलाई मुक्त पार्नेछ"

यी शब्दहरू बोलिसक्नु भएपछि उहाँले राजा, रानी र उनीहरूको सबै प्रजाहरूलाई गहन रूपको गोप्य मन्त्र प्रकट गर्नुभयो । त्यसपछि उहाँले प्रभाधरलाई आफ्नो सहचरीको रूपमा लिनु भयो र उनीलाई एकताको सर्वोच्च गोपनीय अभिषेक प्रदान गर्नुभयो । मन्दारवाले सबै महिलाहरू भेला गर्नुभयो र दिनभरि रात भरि उनीहरूलाई छवटा तान्त्रिक वर्गको बारेमा सिकाउनु भयो । आध्यात्मिक अनुशासन स्थापना गर्दै उनीहरू सबैले क्रमशः मुक्ति पाएका थिए । राजा इन्द्रभूति र उनको टोलीका पाँच सय जनाले केही पनि बाँकी न राखीकन इन्द्रेनी शरीर प्राप्त गरेर पूर्ण रूपमा सम्यक् सम्बोधि प्राप्त गरे । अन्ततः सम्पूर्ण राज्यले इन्द्रेनी शरीर प्राप्त गर्यो र ओडिनाको भूमिलाई यसको गहिराइबाट खाली बनाइयो ।

समय

उड्डीयान भूमिमा उहाँले कसरी धर्मको चक्रलाई घुमाउनु भयो र त्यहाँका प्रत्येक व्यक्तिलाई सम्यक् सम्बोधिको अवस्थामा ल्याउनु भयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारीको जीवन र मुक्तिको पैंतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाम्भालामा धर्म चक्र प्रवर्तन

त्यसपछि. ाकिनी आनन्दकरको भूमिमा जानुभयो जहाँ उहाँले महान् वज्र गरुसँग भेट्नुभयो र सम्मान पूर्वक सोध्नुभयो- "ह ! कमल फूलबाट जन्मिनु भएको हे निष्कलङ्क निर्माणकाय बुद्ध ! धर्मकाय बुद्धको सम्यक् सम्बोधि प्राप्त मण्डलमा अलग पार्न नसकिने गरि एक हुनु भाएका एकजना संभोगकायका प्राकृतिक अभिव्यक्ति महान् दयाको हे बज्र गुरु ! र तपाईँको पाउमा दण्डवत् गर्छु ! मेरो पुर्खाहरू भनेको सर्वोच्च साहोर जाति हो । अघिल्लो जीवनका उत्कृष्ट परिस्थितिहरूको कारणले गर्दा म संसारको डरबाट मुक्त छु । भाग्यशाली कर्मसँग एकै भएको रूपमा मैले पवित्र धर्मलाई भेटेकी छु । विगतको प्रार्थनाको बलबाट मैले गुरुलाई मेरो शिरको मुकुटमा राखेको छु ।

मेरो उत्कृष्ट असल भाग्यको कारणले मेरो ओड्डीयानको भगवान गुरुसँग भेट भएको छ । एउटा उपयुक्त भाँडाको रूपमा मैले गोप्य धर्मको नौवटा गहन सिद्धान्तहरू पाएको छु । मेरो परिश्रमको बलले मैले दुईवटा आध्यात्मिक सिद्धिहरू पाएको छु । अब मसँग निष्कलङ्क निर्माणकायको शक्ति छ । तपाईँको लागि तिब्बत र नेपालका देशहरूलाई तह लगाउन जाने समय आएको छ । मेरो लागि परम सत्यताको निष्कलङ्क आकाशमा विलय हुने समय आएको छ । त्यसपछि मैले गोप्य मन्त्रको क्रियाकलापलाई बढाउने उद्देश्यको लागि एक पटक फेरि असङ्ख्य अभिव्यञ्जनाहरू पठाउने छु । यो प्रकाशको शरीरमा विलय गर्ने समय नै हुनु पर्छ" गुरुले उत्तर दिनुभयो-

"क्ये ! सुन, आदिकालीन डाकिनी मन्दारवा ! परम सुखको लोकमा तिमी सर्वोच्च सहचरी पण्डारावासिनी हौ । पोताला लोकमा तिमी सर्वोच्च नाट्येन्द्री हौ । चामरद्विपमा तिमी डुङ्गमेन कर्मो हौ । भारतमा तिमीलाई देवी श्रीमाला भनिन्छ । साहोरमा तिमी राजकुमारी मन्दारवा हौ । तिमी जस्तै बोधिसत्वहरू अत्यन्त दुर्लभ छन् । अरूको लाभ हासिल गर्न एक पटक तिम्रो आवश्यकता छ । यो शाम्भाला लोकका प्राणीहरूको चित्तलाई तह लगाउन आवश्यक छ । महान् शक्तिशाली तिमी कृपया अहिले त्यहाँ जाऊ र आफ्नो सम्यक् सम्बोधि प्राप्त क्रियाकलाप प्रदर्शन गर । तिमीले त्यहाँ पन्ध्र वर्षको लागि धर्मको चक्रलाई घुमाउने छौ । यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकार सहचरीले शाम्भालाको यात्रा गर्नुभयो । ती पच्चीसवटा महाद्वीपहरूको त्यस देशमा पूर्वी लोक भतनाको रूपमा जानिन्थ्यो र राजाको नाम भूटिनर थियो । उनी र सयकडौं प्रजाहरूको उनका समूहहरू उहाँलाई भेट्न आए । डाकिनीले कठिनाइका साथ धिरू नदी तर्ने प्रयास गर्दै गर्दा उहाँ अचानक एउटा चरा जस्तै उडेर पारी जानुभयो । राजा र तिनको प्रजाहरू उहाँ नजिक गएर यसरी सम्बोधन गरे- "क्ये ! देव पुत्री जस्ती कन्या, तपाइँ एउटा चरा जस्तै उड्नु भएकोले तपाईंको चमत्कारिक क्षमताहरू निर्बाध छन् । हेर्नको लागि तपाई अत्यन्त सुन्दरी हुनुहुन्छ र उत्कृष्टताको मुख्य र सहायक सबै लक्षणहरूले युक्त हुनुहुन्छ । कृपया हामीलाई तपाईंका माता पिताको जाति र तपाईं कहाँबाट आउनुभयो त्यो भन्नुहोस् । कृपया हामीलाई सबै कुरा बाँकी न राखीकन भन्नुहोस्" डाकिनीले तिनीहरूलाई यस्तो प्रतिक्रिया दिनुभयो-"क्ये ! हे राजा र तपाईंको समूह राम्रो गरि सुन्नुहोस् । म बङ्गालको सर्वोच्च भूमिबाट आएकी हुँ र मेरो वंश पद्म डाकिनीको हो । मेरो पूर्वज साहोरका हुन र मेरो नाम राजकुमारी मन्दारवा हो । म ओड्डीयानको महान् गुरुको सहचरी हुँ । म यहाँ प्राणीहरूलाई तह लगाउन आएको छु । हे राजा र प्रजाहरू ! के तपाईंहरू आफूमा पर्याप्त विश्वास छ भन्ने सोच्नुहुन्छ ? यदि तपाईं उपयुक्त भाँडाहरू हुनुहुन्छ भने म तपाईंलाई धर्म सिकाउन चाहन्छु"

उहाँका शब्दहरू सुनेर राजा र तिनको समूहले विश्वासको विकास भयो । ठूलो भक्तिभावले दण्डवत् गर्दै तिनीहरूले नम्र भई यस्तो अनुरोध गरे- "क्यें ! हे महान् डाकिनी, कृपया हामीले के भन्न चाहन्छौ सुन्नुहोस् । हामी अस्तित्वको लोक प्रति अनुरक्त छौं । हाम्रो जीवन संसारको भ्रमित कर्मको खोजमा खर्च हुन्छ । हामी यस जीवनबाट गुज्रिए पछि हामी मध्येका थोरैले मात्र धर्मलाई भेटाउन सक्षम हुने छौं । हामी उपयुक्त भाँडाहरू हौ कि होइनौ भन्नेबारे पूजनीय माता केवल तपाईंलाई मात्र थाहा हुनेछ । कृपया पवित्र धर्मको अमृतले हामीलाई सन्तुष्ट पार्नुहोस्" मन्दारवा तिनीहरूको दरबारमा जानुभयो । उहाँले सम्पूर्ण राज्यको लागि पुण्यको कानुन स्थापित गर्नुभयो । त्यहाँ नौ तल्लाको एउटा दरबार निर्माण गरिएको थियो र उहाँले गोप्य मञ्चको चक्र घुमाउन थाल्नुभयो । राजा उनका मन्त्रीहरू र उपस्थित सबैले मुक्ति पाए ।

त्यसपछि उहाँले दक्षिण पूर्वी महाद्वीपमा मन्डन नामक सहरको यात्रा गर्नुभयो जहाँ उहाँ सहरको प्रवेश द्वारको छेउमा बस्नुभयो । त्यहाँ उहाँले धेरै प्राणीहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सजाय दिइरहेको र हानि पुऱ्याइ रहेको थाहा पाउनुभयो र उनीहरूलाई मुक्त पार्ने समय आयो भन्नेबारे उहाँलाई थाहा थियो । डाकिनीले एउटा मानव लासलाई उठाउनुभयो र उहाँ आकाशमा उड्दा र त्यसले आफ्नो रंग पुनः प्राप्त गर्यो । श्वास फेर्न थाल्यो र जीवित भयो । यो घटना देख्ने सबै जना छक्क परे । एक व्यक्तिले अर्कोलाई भने र अन्ततः सम्पूर्ण राज्यले यस चमत्कारको बारेमा सुने । तिनीहरू सबैलाई सजिलै गरेर धर्मको पथमा लगाइयो । त्यसपछि मन्दारवा दक्षिणी महाद्वीपमा जानुभयो । त्यहाँ उहाँले धेरैजना सैनिकहरूलाई युद्धमा संलग्न हुँदै गरेको देख्नुभयो । उहाँले "हूँ" र "फट" अक्षरहरू जप्नुभयो जसले मरेका सबै सैनिकहरूलाई इन्द्रेनी कायमा परिवर्तन गर्ने गरायो । सबै हतियारहरू फूलहरूमा परिणत भए । सैनिकहरूको मन भक्तिभावले भरिएको थियो र द्वन्द्व स्वाभाविक रूपमा समाप्त भयो । त्यहाँ उहाँले तीन वर्षसम्म धर्मको चक्रलाई घुमाउनुभयो ।

त्यसपछि डाकिनी दक्षिण पश्चिमको गोतिप नामक ठूलो सहरमा जानुभयो । त्यस राज्यका सबै मानिसहरूलाई कुष्ठ रोग लागेको थियो र सबैलाई भयानक पीडा भएको थियो । सहचरीले उनीहरूलाई आफ्नो पिसापले अभिषेक गर्नुभयो र उनीहरूको तत्काल उपचार भयो । राज्यका सबै जना विश्वासले अभिभूत भएर सबै रोग र बिमारीलाई तुरुन्तै शान्त गरिएको थियो । त्यसपछि उहाँ "रोगबाट मुक्त पार्ने डाकिनी" को रूपमा चिनिनु भयो । उनीहरूलाई धर्मको उपहारले सन्तुष्ट बनाएर उहाँ पश्चिमी महाद्वीप तर्फ जानु भयो ।

कताना भनिने सहर पुग्नुहुँदा मन्दारवाले त्यहाँका सबैले आफूलाई निन्दा गरेको पाउनुभयो । यिनी जस्ती जवान केटीसँग एकजना श्रीमान् हुनु पर्छ भनेर उनीहरूले भन्दै थिए । त्यसपछि डाकिनीले आफ्नो शरीरको धेरै अभिव्यञ्जनाहरू पठाउनुभयो र त्यहाँका सबैसँग मिलनमा संलग्न हुनुभयो । गोप्य अभिषेक दिँदै उहाँले ती सबैलाई इन्द्रेनी कायमा मुक्त पार्नुभयो । उहाँले राज्यको राजकुमार र सबै पुरुष बासिन्दाहरूलाई मिलनको एक मात्र विधिको माध्यमबाट मुक्तिको बाटोमा राख्नुभयो । यस अतिरिक्त उहाँले सबै महिलाहरूलाई धर्म मार्गमा लगाउनुभयो । यस पछि डाकिनी उत्तर पश्चिमी महाद्वीपमा जानुभयो । उहाँ खेमाली सहरमा पुग्नुहुँदा सबैले उहाँलाई देख्न सक्ने भएपछि उहाँ आकाशमा उड्नुभयो यो गीत गाउनुभयो- "ए मा ! म यस संसारमा एक सम्यक् सम्बोधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त मूर्त रूपको प्रकट हुँ । सूर्य जस्तै म सर्वोच्च वर्गबाट आएकी हुँ र मेरी आमा चन्द्रमा जस्तै छिन् । तल खस्ने कुनै डर त्रास बिना यी बालिकाले आकाशमा यात्रा गर्न सक्छिन् ! म एक राजकुमारीको रूपमा बुद्धहरूको प्रादुर्भाव हुँ । मेरो सहचर परम सुखको आनन्दमय मूर्त रूप हो । म रहस्यमय ताप सल्काउने नृत्य प्रदर्शन गर्ने केटी हुँ । मलाई भ्रान्तिमा आसक्तिको डर छैन । म, मन्दारवा, तीन कालका देवहरूको सहचरी हुँ । धर्मकायको आदिकालीन मण्डलको प्रकृति मेरो कैयौँ चमत्कारिक अभिव्यञ्जनाहरूको रूपमा प्रकट हुन्छ । यहाँ शाम्भालाको उत्तरी राज्यमा विश्वास योग्य अनुयायीहरूको लागि धर्म चक्रलाई घुमाउनमा मलाई कुनै डर छैन । शक्तिशाली राजा र उनको प्रसिद्ध मन्त्रीहरूको लागि मैले बुझाइ र मुक्तिको समानताको धर्म चक्रलाई घुमाउनु पर्छ । म दूषित बोधको मन देखि डराउँदिन" यसरी बोलेपछि तिनीहरू सबै जना भक्तिभावले भरिए र त्यसपछि यहाँले धर्मको चक्रलाई घुमाउनु भयो । त्यसपछि उहाँ उत्तरी महाद्वीपमा तर्फ जानुभयो । राजाले उहाँलाई आफू नजिक आउँदै गरेको देखे । तिनले आफ्ना मन्त्रीहरूलाई भेला गरेर भने- "क्ये ! हे मन्त्रीहरू, चाँडै दरबार बाहिर जाऊ र तिमीले एकजना जवान युवतीलाई आउँदै गरेको देख्ने छौ । तिनीमा यस राज्यको रानी बन्न सक्ने सम्भावना देखिन्छ । तिमीले उनको विशेष गुणहरूलाई जाँच गर्नु र उसलाई यहाँ मकहाँ ल्याउनै पर्छ ! "

पाँच जना मन्त्रीहरू डाकिनीलाई भेट्न गए । तिनीहरूले भने- "बालिका, तपाईँ कहाँबाट आउनुभयो र यहाँ किन आउनुभयो ? के तपाईं हाम्रो राजाको रानी बन्न चाहनुहुन्छ?" उहाँले यस्तो उत्तर दिनुभयो- "म संसारमा रहन चाहने बालिका होइन । राजा जति उत्कृष्ट भएपनि उनले अस्तित्वको यस संसारमा नकारात्मकता जम्मा गर्छन् । मन्त्रीहरू उत्कृष्ट भएपनि तिनीहरू नरकका दूतहरू जस्तै हुन् । टोलीमा धेरै जना सदस्यहरू भएपनि तिनीहरू मारको समूह जस्ता छन् । कसैको धन सम्पत्ति प्रचुर मात्रामा भए पनि तिनीहरू भोको प्रेतको तृष्णाका वस्तुहरू जस्तै हुन्छन् जुन कहिल्यै सन्तुष्ट हुन सक्दैन । धर्मको पथमा यात्रा गर्दा एकजना रानी हुनुको लागि मसँग समय छैन" मन्त्रीहरूले राजालाई खबर गरे जो उनको प्रतिक्रियाले निकै क्रोधित बने- "तिनीले तपाईं मन्त्रीहरू र मेरा प्रजाहरूलाई अपमान गरे । हामीले यो दिमाग नभएकी आवारालाई जलाएर मारौं !"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रीहरूले मन्दारवालाई पक्रेर गाँजा बिरुवाको डोरीले कसेर बाँधे । त्यसपछि तिनीहरूले उहाँलाई चन्दन र तिलको तेलको आगोको ज्वालामा फ्याँकि दिए । अचानक आठ वर्गका देवी देवता र राक्षसहरू सँगै एक दिव्य शुद्ध वर्षा भयो । आगोको केन्द्रमा त्यहाँ अमृतको एउटा ठूलो उर्लदो ताल देखा पर्यो । तालको केन्द्रमा एक ठूलो कमलको फूल थियो र कमलको फूलमा प्रकाशको किरणले चम्किलो हुँदै मन्दारवा बस्नु भएको थियो । राजाको डोरीहरू र जन्जिरहरू उहाँको रत्न जडित गहनाहरू बनेका थिए । धुवाँहरू इन्द्रेनीले भरिएका बादलहरू बनेका थिए र चारै तर्फ मीठो धूपको सुगन्ध व्याप्त भयो । सम्भाला राज्यमा बादलहरूबाट गुञ्जायमान हुँदै गरेको देवताहरूको वाद्यवादनका सामग्रीको सु-मधुर आवाज सबैले स्पष्ट रूपमा सुन्न सक्थे । मन्त्रीहरू र उनीहरूको टोली चाँडै आइ पुग्यो । उनीहरूले जे देखे त्यसबाट आश्चर्यचकित भएका थिए र तिनीहरू तत्काल राजालाई देवताहरू र नागहरूले डाकिनीलाई अर्पणहरू चढाइरहेका थिए भन्न गए । सबै मन्त्रीहरू ठूलो लाज र पछुतोले भरिएका थिए । त्यसपछि नागहरूका राजा नन्दले यस्तो प्रशंसा गरे- "ह्‌ ! सुखावतीमाःतपाईंलाई पण्डरावासिनी भनिन्छ । तपाईं यस संसारमा एकजना राजकुमारीको रूपमा प्रादुर्भाव हुनुभयो । तपाईं ओड्डीयानको महान् गुरुको सहचरी हुनुहुन्छ । महिला बोधिसत्वको यस रूपलाई म प्रशंसा गर्छु !" त्यसपछि राजा र मन्त्रीहरूले आफ्नो नकारात्मक कामलाई स्वीकार गरे । डाकिनीको चमत्कारिक शक्तिहरूको समाचारले सम्भालाका तेह्रवटा राज्यहरू आश्चर्यचकित भए । तिनीहरू सबैले उहाँ प्रति बलियो विश्वास विकास गरेर उहाँलाई उपदेश दिनको लागि अनुरोध गरे । राजाले मन्दारवालाई दरबारमा आउने निम्तो दिए । उहाँ आइ पुग्नु भए पछि उनले यो बिन्ती चढाए- "अद्भुत र प्रख्यात आदिकालीन प्रज्ञाज्ञान डाकिनी बोधिसत्व, बुद्धहरूका एकमात्र आमा ! हाम्रो अज्ञानता र लिप्साले ढाकिएर हामीले यस्तो गम्भीर नकारात्मक गल्ती गरेका छौं । तपाईंको बहुमूल्य शरीरलाई हानि गर्ने प्रयास गर्दै हामीले तपाईंलाई जिउँदै जलाउने असफल प्रयास समेत गर्‍यौ । तपाईंले तालको बीचमा कमलको फूलमाथि रहेर देवताहरू, नागहरू र यस संसारका पुरुषहरूको प्रशंसा गरेको आदिकालीन प्रज्ञाज्ञान डाकिनीको चमत्कारिक क्रियाकलाप प्रकट गर्नुभयो । हामी पछुताउँदै हाम्रो गल्तीहरू स्वीकार गर्छौं र तपाईंको सहिष्णुताको लागि बिन्ती गर्छौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कृपया हामीलाई बहुमूल्य गहन धर्म प्रदान गर्नुहोस् !" यस अनुरोधमा सहचरीले तिनीहरूलाई क्षमा गर्नुभयो र सम्पूर्ण राज्यलाई एक ठाउँमा भेला गर्नुभयो । उहाँले सबैको लागि धर्मको चक्रलाई घुमाउनुभयो र उनीहरू पाँच वर्षसम्म अभ्यासमा लगनशील भए । शाम्भालाका सात लाख जना बासिन्दाहरूले शरीरको कुनै पनि अंश बाँकी न छाडीकन इन्द्रेनी काय प्राप्त गरे । त्यसपछि सहचरी त्यहाँ बसिरहनु भएको गुरुसँग सामेल हुनको लागि सिंहला देशमा जानुभयो ।

समय

तेह्र लाख अनुयायीहरूलाई इन्द्रेनी कायमा मुक्त गराउँदै सम्भालाको एक्काइसवटा ठूला र साना क्षेत्रहरूमा धर्मको चक्रलाई कसरी घुमाउनुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवन र मुक्तिको छत्तीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाज्ञान डाकिनी बन्दै

त्यसपछि मन्दारवाले महान् वज्र गुरुलाई सम्मान पूर्वक दण्डवत् गर्नुभयो र निम्न अनुरोध गर्नुभयो- "क्ये ! तीन कालका बुद्धहरूको सम्यक् सम्बोधि प्राप्त मूर्त रूप, दयामा अद्वितीय ! एउटा कमलको फूलबाट स्वतः उत्पन्न हुनु भएका हे भगवान, गर्भ द्वारा निष्कलङ्क, तपाईँको सम्यक् सम्बोधि प्राप्त क्रियाकलाप आकाश जस्तै असीमित छन् । हे गुरु पद्मसंभव, तपाईंको करुणाले मलाई ग्रहण गर्नुहोस् ! यो अनि भविष्यको सबै जीवनमा हामी कहिल्यै अलग हुन नपरोस् !

अब मेरो लागि निष्कलङ्क धर्मकायमा विलय हुने समय आएको छ । संरक्षक, तीनवटै मूर्त रूपहरूको वास्तविक प्रकृतिमा सम्यक् सम्बोधि प्राप्त मलाई बाटो देखाइ दिनुहोस् र पछाडिबाट मलाई सहायता गर्नुहोस् । म जन्म र मृत्युको चक्र देखि मुक्त भएकोले मैले कर्मको प्रवृत्तिहरूको थकित पार्ने सङ्गहहरूलाई पालन गर्नु आवश्यक छैन । प्राणीहरूको फाइदाको लागि मैले जानी बुझीकन अभिव्यञ्जनाहरूको चमत्कार प्रदर्शन गरेकी छु । मेरो प्रणिधानहरूको शक्तिले प्राणीहरूलाई जसरी तह लगाउन आवश्यक ठानिन्छ त्यसरी तह लगाउने मसँग चमत्कारिक क्षमता छ । साधारण मृत्युको कारण रहेको रोगबाट मुक्त रहेकी म चम्किलो स्पष्ट प्रकाशको किरणमा मुक्त रहन्छु । अन्तराभव (बार्दो) को अवस्थालाई झेल्न नपरीकन म सिधैं शुद्ध लोकहरूमा यात्रा गर्छु । तैपनि बुद्धहरूका क्रियाकलापहरू खाली नभएसम्म प्राणीहरूलाई लाभ पुऱ्याउने मेरो प्रयास अटूट रहोस् ।

त्यसपछि अमूल्य गुरुले उत्तर दिनुभयो-

"क्ये ! पूज्य माता, प्रज्ञाज्ञान डाकिनी मन्दारवा ! तिमी, सर्वोच्च डाकिनी, यस संसारलाई हेर्ने बहुमूल्य आँखा हौ । तिमीले स्वाभाविक रूपमा बुद्धहरूको पाँचवटा शुद्ध लोकहरूलाई सिद्ध गरेकी छौ; तिम्रो सर्वोच्च धर्मकाय चित्त जन्म र मृत्युबाट मुक्त छ । हे डाकिनी, तिम्रो तात्विक प्रकृति आकाश जस्तै छ । आउनु र जानु, पठाउनु र प्राप्त गर्नुको सीमाहरूबाट मुक्त रहेको तिम्रो अवर्णनीय प्रकृति प्राकृतिक सम्भोगकाय वाक हो जसको साठीवटा कोमल शाखाहरू छन् । महा सुखको विस्तारमा सहज रूपमा विलय हुने एउटा रूप भएकी तिमी, डाकिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहने, मृत्यु हुने र पुनर्जन्म लिने आवश्यकताबाट मुक्त छौ । आकाशमा बिलाएर जाने बादल जस्तै जन्म र मृत्युको चक्र तिम्रो लागि बिरानो छ । तिम्रो विशिष्ट रूपले जादुई नृत्य प्रदर्शन गर्दछ जसको प्रकृति पानीमा चन्द्रमाको प्रतिबिम्ब जस्तो छ ।

जाने रहने वा मृत्यु हुने विशेषताहरूबाट मुक्त रहेकी तिमीले कुन तरिकामा सबै भन्दा बढी आवश्यक छ त्यही तरिकाले प्राणीहरूको मनलाई तह लगाउनको लागि तीनवटा काल भरि नै उत्पन्न हुन्छौ । संयोजित अवस्थाहरूबाट मुक्त रहेकी स्त्रीले बनाएको प्रादुर्भाव तिमीले जानेर बुझेर आफ्नो पुनर्जन्मको ठाउँ छान्छौ ! बुद्ध अमिताभको सर्वोच्च सहचरीको रूपमा देवी तिम्रो नृत्यले प्राणीहरूको चेतनलाई सन्तुष्टि ल्याउँछ । असङ्ख्य उच्च गुणहरू प्रकट गर्न सक्ने चमत्कारिक क्षमता भएकी देवी, तिम्रो वर्तमान मूर्त रूप सत्यको मण्डलमा विलय भए पनि तिमीले अटूट रूपले तह लगाइनु पर्ने प्राणीहरूको आवश्यकता बमोजिमले व्यक्तिगत रूपमा देखा पर्ने अभिव्यञ्जनाहरूको समूहहरू प्रकट गर्ने छौ । तिम्रो क्षमताको सीमा वा नाप निर्धारण गर्न कोही पनि सक्षम छैन । समयको सबै कल्पहरू भरि नै पूज्य माता, म तिमीबाट कहिल्यै पनि अलग नहोउ !"

यति बोलेर ड्रागन महिनाको दशौं दिनमा भारतको भेचेमा रहेको उच्चतम पहाडको टुप्पोबाट गुरु प्रस्थान गर्नुभयो ।

मन्दारवाले त्यहाँ भेला भएका बाँकी रहेका असङ्ख्य अनुयायीहरूलाई आध्यात्मिक प्रसारणहरू प्रदान गर्नुभयो । त्यसपछि उहाँले तिनीहरूलाई यस्तो सल्लाह दिनुभयो- "क्ये ! भ्रामक प्रकृति सांसारिक रहेको हे शुद्ध साथीहरू, यस साधारण संसारमा स्थायी रूपमा रहन कसैको लागि पनि असम्भव छ । तिमीहरूमा जुनसुकै शङ्का भए पनि कृपया मलाई अहिले भन किनकी प्राणीहरूको लाभको लागी यहाँ रहने मेरो समय पूरा भएको छ"

त्यही बमोजिम, उहाँका धेरै जना अनुयायीहरूले व्यक्तिगत प्रश्नहरू सोधेर पूर्णतया सन्तुष्ट नभएसम्म पूर्ण निर्देशन प्राप्त गरे । त्यसपछि साहोरकी एक जवान बालिका अगाडि आएर आदर पूर्वक यो अनुरोध गरिन्-

"ए मा ! देवताहरूकी छोरी, प्राणीहरूको मार्गदर्शक ! प्राणीहरूको रक्षकको रूपमा हामीहरू माझ रहनुको बदला सत्यको मण्डलमा जानु भएर, तपाईंको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्यक् सम्बोधि प्राप्त ज्ञानले के सोचिरहेको हुनेछ ? के यो साँच्चिकै सम्भव छ कि तपाईंले हामीलाई एकजना रक्षक बिना यहाँ छोडेर जानु हुनेछ ? प्रज्ञाज्ञान डाकिनी, हाम्रो मुटु जति नै बहुमूल्य, तपाईँ यहाँ आफ्ना चेलाहरूलाई पवित्र धर्म सिकाउनको लागि कसरी रहनु हुन्न ? अब तपाईं कसरी दुःख भन्दा बाहिरको स्थानमा जानेबारे सोच्न सक्नुहुन्छ ? कमजोर मन भएका व्यक्तिहरू, नकारात्मक कर्मले भरिएकाहरूलाई त्याग गर्नु तपाईंको करुणा र दयाको लागि सम्भव छ ?

पूजनीय माता, डाकिनी मन्दारवा, प्राणीहरूलाई बाटो देखाउनको लागि यदि तपाईँ अहिले यहाँ रहनु हुन्न भने परम सुखको स्थानमा गएर तपाईंले के पाउनु हुन्छ ? देख्ने आँखा बिना हामीलाई यहाँ अन्धकारमा छोडेर जान के वास्तवमा तपाईंको लागि सम्भव छ ? म र सबै प्राणीहरूका लागी, तपाईँ एक मात्र माता हुनुहुन्छ, एकमात्र गुरु हुनुहुन्छ ! यो कठिन समयमा हामी माझ बस्न तपाईं कसरी सक्नुहुन्न ? सत्यको मण्डलमा बिलाएर जाने निर्णय तपाईँ कसरी गर्न सक्नुहुन्छ ? एक मात्र छोरोलाई आमाले छोडेर गए जस्तो गरेर तपाईं कसरी हामीलाई छोडेर जान सक्नुहुन्छ ? बुद्धका शिक्षाहरूका लागि बत्ति, हे डाकिनी सहचरी, तपाईंले आफ्नो सम्यक् सम्बोधि प्राप्त क्रियाकलाप मार्फत स्पष्टीकरण र सिद्धिबारेका शिक्षाहरूलाई कायम राख्नको लागि यहाँ न रहिकन परम सुखको स्वर्गमा जाने विचार गर्न कसरी सक्नुहुन्छ ? यो अन्धकार ठाउँबाट टाढा जाने पथमा प्राणीहरूलाई कसले डोऱ्याउँछ ? हाय, हाय ! हे आमा, कृपया हामीसँग यही रहनुहोस् ! "

बालिकाको शब्दहरूले उपस्थित सबैले ठूलो ठूलो स्वरमा विलाप गर्न थाले । यसले डाकिनीलाई बोल्न बाध्य बनायो "विश्वासी अनुयायीहरूको भेला मेरो कुरा सुन ! यस संसारमा कोही पनि स्थायी छैन । आकाशमा इन्द्रेनी स्पष्ट र स्थिर देखिए पनि यो तत्कालमा गायब हुन्छ । म जस्ती बालिका अहिले जवान र जीवनले भरिएको देखिए पनि मेरो लागि प्राणीहरूलाई सहयोग गर्नको लागी जाने समय आउँदा म यहाँ रहनको लागि शक्ति विहीन हुन्छु । गर्मी मौसमको फूल शानदार चमक सँग फुले पनि यो सुन्दर दृश्य मौसम परिवर्तन हुनासाथ गायब हुनेछ । यो बालिकामा मापदण्ड भन्दा परको स्वास्थ्य र ऊर्जा भए पनि अरूलाई सहयोग गर्ने कुरा आउँदा उनी आफ्नो प्रस्थानमा नियन्त्रण गर्न सक्दिनन् ।

राजा यस संसारमा सार्वभौम भए पनि त्यस्तो शक्तिशाली स्थिति केवल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्थायी छ । अनित्यताको अवस्थाबाट कुनै पनि चीज मुक्त छैन । साहोरकी राजकुमारी मन्दारवाको जन्म उच्च वर्गमा भए पनि प्राणीहरूको लाभको लागि उनीलाई अझै पनि एक समय अर्को लोकको यात्रा गर्नुपर्छ । यहाँसम्म कि प्राणीहरूलाई तह लगाउने उद्देश्यको लागि प्रकट हुने प्रमुख र सहायक लक्षणहरू भएको त्रुटि विहीन बुद्धको वज्र काय समेत दुखको बन्धनहरू भन्दा पर जानु पर्छ । राजकुमारीले अरूको कल्याणका लागि धेरै कामहरू गरेको भए पनि अरूको लाभको लागि यात्रा गर्नु पर्ने भएकोले उनी अहिलेको लागि यहाँ रहन सक्दिनन् । हे अनुयायीहरू, यी शब्दहरू सुनेर यी अति आवश्यक निर्देशनहरूको अर्थबारे सोच विचार गर ! "

उहाँले बोल्नु भएपछि, मन्दारवाको शरीर उर्लँदो प्रकाशको किरणको पिण्ड बनेको थियो र सम्पूर्ण आकाश जगमगाउँदा इन्द्रेनीहरूले भरिएको थियो । पृथ्वी छ पटक हल्लियो र सामूहिक बादलहरू भित्रबाट साङ्गीतिक वाद्य वादनको आवाज स्पष्टसँग सुन्न सकिन्थ्यो । तुफानको वर्षा जस्तै गरेर रंगीन फूलहरूको ठूलो वर्षा भयो । कुनै अपवाद बिना भक्तिभावले देवता र आत्माहरूले दण्डवत् गरे । धेरै मानिसहरूले प्रश्नहरू सोधे र तिनीहरू कै भूमिको भाषामा उत्तर पाए ।

डाकिनीको रूप त्यसपछि तीर जस्तै गरेर आकाशमा उडेको देखियो र एक पटक फेरि उहाँको बोली स्पष्ट रूपमा सुन्न सकिन्थ्यो- "सुन, यहाँ भेला भएका मेरा समर्पित अनुयायीहरू ! मेरो अन्तिम आदेशलाई आफ्नो हृदयमा ध्यान पूर्वक राख । यस अमूल्य मानव जन्मलाई खेर न फालीकन, यसलाई धर्मले चम्काउ र यसलाई सबै मनोकामनाहरू पुरा गर्ने साँचो स्रोतको रूपमा पोषण गर ! अल्छी वा असावधान नहुनु वा जीवन र जगतलाई स्थायी हो भन्ने न ठान्नु ! समय बरबाद नगरीकन, आफ्नो मनलाई तालिम दिएर धर्म पूरा गर ! केलाई स्वीकार गर्ने र केलाई अस्वीकार गर्ने भन्नेबारे सँधै विचार गर र पाप र पुण्यमा भ्रमित नहुनु । धर्ममा लगनशील हुनु र तिमीले अनन्त परम सुख पाउने छौ ! "

"संसारको यो लोक एउटा कारागार जस्तै छ । आफूलाई स्वतन्त्र बनाउने र मुक्त पार्नको लागि सबै भन्दा राम्रो के हो भन्नेबारे सँधै विचार गर । शरण गमनको तीनवटा बहुमूल्य रत्नहरूले कहिले पनि विश्वासघात गर्दैन । यस अचुक शरणलाई बलियो गरेर समाउ र महान् उद्देश्यलाई पूरा गर । तिमीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिरकालदेखि सङ्ग्रह गरेको अशुद्ध पतनहरू र नकारात्मकताहरूलाई स्वीकार गर्नुपर्छ, शुद्ध पार्नुपर्छ र सबै नकारात्मकताहरू समाप्त भएसम्म कहिले पनि न दोहोऱ्याउनू । सबै महान् गुणहरूको आधार पुण्यको बहुमूल्य सङ्ग्रह हो । यसलाई मनमा राख्दा तिमी बुद्धको सबै विशेषताहरूमा तत्काल सिद्ध हुने छौ ! "

"असीमित सामान्य र सर्वोच्च आध्यात्मिक सिद्धिहरू प्राप्त नगरेसम्म तिमीले अमूल्य वज्र गुरुको महान् दयालाई मनमा राख्नुपर्छ । त्रेक्चो, काट्नेको स्पष्ट प्रकाशको सिद्धान्तको अत्यावश्यक प्रकृतिलाई अनुमोदन गरेर पथको चरणहरू सिद्ध नभएसम्म मानसिक प्रक्षेपणहरूको जादूई प्रकृतिलाई महसुस गर । शून्यता र करुणामाथि असाध्यै ध्यान भावना गरेर अरूलाई लाभ पुऱ्याउने महान् उद्देश्य पूरा गर्ने क्षमताले पुरै सुसज्जित होऊ । यदि मनले परम दृष्टिकोणलाई कहिल्यै पनि गल्ती गरेन भने कुनै कठिनाइ बिना सम्यक् सम्बोधिको अवस्थामा पुग्न सजिलो हुन्छ ।

"हे अनुयायीहरू, यी मौखिक निर्देशनहरूलाई आफ्नी आमाको हृदयको मनोकामना पुरा गर्ने रत्न जस्तै मान्नु । दुईवटा उद्देश्यहरू स्वतः पुरा हुनेछ भन्ने कुरामा कुनै शङ्का नलिनू । साहोरकी यी राजकुमारी मन्दारवाले जन्म र मृत्युबाट मुक्त रहेको यो निष्कलङ्क शरीर पत्ता लगाएकी छ, मृत्युको सबैभन्दा सूक्ष्म कष्ट समेत कहिले पनि अनुभव गर्नु पर्दैन ! मौलिक शुद्धताको आदीकालीन रूपमा शुद्ध आकाशको विस्तारमा मन्दारवाको चित्त यसको मौलिक आराम गर्ने स्थानमा रहन्छ । अनुत्पन्न धर्मकायको मूल रूपमा शुद्ध आकाशको जगमा राजकुमारी गैह्र अवधारणाको निर्बाध प्रकृति भित्र विलय हुन्छिन् । आदिकालीन रक्षक समन्तभद्रसँगको मिलनमा मन्दारवा आनन्ददायी महान् परम सुखको विस्तारमा बस्छिन्"

"मेरा रूपहरू आकाश जस्तै छन्, पूर्ण रूपले न जाने न आउने, न जन्म न मृत्यु, न चिरायु न शून्यवाद । त्यस्तै गरी, संसारको यो लोकलाई खाली न बनाएसम्म मेरा चमत्कारिक प्रादुर्भावहरू कल्पना भन्दा परका हुनेछन्"

"सबै प्राणीहरूको चित्त स्वाभाविक रूपमा उज्ज्वल र खाली छन् । तिनीहरू मन्दारवाबाट अलग गर्न नसकिने गरी खालीपनको स्वभावमा रहन्छन् । पाँचवटा आदिकालीन प्रज्ञाज्ञानको शुद्ध अभिव्यक्तिको रूपमा चित्तको प्रकृति अद्वैध परम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखको अवस्थामा मन्दारवाबाट कहिले पनि अलग रहँदैन । एकजना विश्वासी साक्षीको मनमा, अभिव्यञ्जनाहरू मन्दारवाको निर्बाध प्रकृतिको रूपमा रहन्छ । मन्दारवाको प्रज्ञाज्ञान निर्विकार तीनवटा कायहरूको कुशल प्रदर्शनबाट सधैंको लागि अलग छुट्याउन नसकिने छ । तिम्रो आफ्नै साँचो स्वभावको समतामा रहँदा, म, सहचरी मन्दारवा, प्रतीकात्मक दृश्यहरूमा तिम्रो अगाडि देखा पर्नेछु । मलाई प्रार्थना गर र तिमीले आफ्नो साँचो अनुहारसँग आकस्मिक भेट हुनेछ ! "

मन्दारवा बोली सक्नु भएपछि उहाँको हृदयबाट प्रकाशको किरणको रूपमा रातो र सेतो दुईवटा उत्पल फूलहरू देखा परेर तिब्बत र नेपालको भूमितर्फ यात्रा गर्यो । उहाँको शरीर क्रमशः अदृश्य भयो र त्यसपछि सम्पूर्ण आकाशलाई ढाक्दै प्रकाशको नाजुक मण्डलको रूपमा देखा पर्यो । पद्मव्युहको अकनिष्ठ स्वर्गमा प्रस्थान गरेर उहाँ आदिकालीन प्रज्ञाज्ञानको सर्वोच्च गोप्य सहचरीको सम्यक् सम्बोधि प्राप्त मूर्त रूपमा उत्पन्न हुनुभयो । त्यस बखत, उहाँका नौ सयजना वफादार शुद्ध ज्ञान अनुयायीहरू पछाडि केही पनि न छाडीकन एक साथ इन्द्रेनी कायमा विलय भए ।

समय

उहाँ प्राणीहरूलाई लाभ पुऱ्याउनमा कसरी सिद्धि प्राप्त हुनु भयो, तिनीहरूले पछाडि केही पनि न छाडीकन इन्द्रेनी कायमा कसरी मुक्ति प्राप्त गरे र उहाँ गोप्य आदिकालीन प्रज्ञाज्ञान डाकिनीको रूपका उत्पन्न हुँदै सुखावती भूमिमा कसरी जानुभयो भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवन र मुक्तिको सैंतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दारवाका अभिव्यञ्जनाहरूलाई प्रार्थना

दण्डवत् र मण्डल चढाएर डाकिनी येसे छोग्यालले गुरुलाई आफ्नो गहन कृतज्ञता व्यक्त गर्नुभयो । ओड्डीयानका भगवान गुरुलाई बिन्ती गर्दै उहाँले भन्नुभयो- "क्ये ! गुरु पद्मसंभव, ओड्डीयानको भूमिमा अधिराजकुमार ! शितवन सिलवाछेल र आठवटा ठूला श्मशान घाटहरूमा तपाईंले आफैलाई आठ अभिव्यक्तिको रूपमा प्रकट गर्नुभयो । अहिले तपाईं धर्मको चक्रलाई घुमाउँदै तिब्बतको भूमिमा रहनु भएको छ । तपाईंको महान् दयाले तपाईंले गोपनीय मन्त्र सिद्धान्तको गहन सम्पदाबारे असङ्ख्य निर्देशनहरू दिनुभएको छ ।

म, डाकिनीहरूको सर्वोच्चले ओड्डीयानका भगवान तपाइँलाई दण्डवत् गर्छु ! हामीलाई मुख्य डाकिनी मन्दारवाको जीवनहरू र मुक्तिबारे सम्पूर्ण उपदेश दिनु भएकोमा हामी तपाईं प्रति कृतज्ञता अभिव्यक्त गर्छौं ! यहाँ भेला भएका हामीहरूको र भविष्यको पुस्ताहरूको लाभको लागि कृपया हामीलाई उहाँको सम्यक् सम्बोधि प्राप्त कार्यहरूबारे पढ्नको लागि सरल र आस्था जगाउन प्रेरणा दिने संक्षेप संस्करण दिनको लागि विन्ती गर्छु । कृपया हाम्रो कल्याणको लागि केही गहन शब्दहरू बोल्नुहोस्, ताकि हामीले दुईवटा अशुद्धिहरूलाई शुद्ध पार्न सकौं र आशीर्वाद र आध्यात्मिक सिद्धि प्राप्त गर्न सकौं । म हजुरलाई अब आफ्नो ठूलो दया र करुणाले फेरि बोल्न बिन्ती गर्छु ! "

गुरु उहाँको अनुरोधबाट अत्यन्त प्रसन्न हुनुभयो र उहाँले भन्नुभयो- "सुन म तिमीलाई भन्छु" उहाँले यस्तो निर्देशन दिनुभयो- "यो अनुनय विनयको प्रार्थना पढ्नेले सूर्योदय हुँदा दुवै हात जोडेर घुँडा टेकेर हार्दिक अवस्था भक्तिभावको अवस्थामा त्यसो गर्नु"

त्यसपछि अनमोल गुरुले यस्तो गीत गाउनुभयो-

एमाहो !
विगतको भास्कर युगमा
राजा इंद्रदेवकी छोरीको रूपमा पण्डरावासिनी नामले चिनिनु भएकी,
उहाँ संसारलाई त्याग्ने र बुद्धत्वलाई चरितार्थ गर्ने मार्गमा प्रशिक्षित हुनुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछि रत्नविस्तिर्ण नामले चिनिने युगमा,
उहाँ राजकुमारी नाट्येन्द्रीको रूपमा पवित्र जातिमा जन्मिनुभयो
सूर्यगर्भ र तिनको सम्पूर्ण राज्यलाई धर्मको बाटोमा लगाइएको थियो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

तीन कालका बुद्धहरूको आशीर्वादले
बुद्ध कनकमुनिले सिद्धान्तलाई प्रकट गर्नु भएको उज्यालो युगमा,
प्राणीहरूको मनलाई तह लगाउनको लागि पाँचवटा महाद्विपहरूमा उहाँले
स्वाभाविक रूपले पाँचवटा मूर्त रूपहरूलाई
अभिव्यञ्जनाहरूको रूपमा प्रकट गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

भगवान ब्रह्मा र सहचरीको राजकुमारीको रूपमा जन्मिँदा
उहाँ ओजर नान्गेनको रूपमा चिनिनु हुन्थ्यो
भारतको कानिका राज्यको सबै मानिसहरूलाई धर्मको बाटोमा लगाउनुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

आर्यहरूको आशीर्वादले डमरु देशमा,
उहाँको जन्म कमलको फूलबाट भएको थियो र
हयागृवलाई आफ्नो सहयोगीको रूपमा आह्वान गर्नुभयो
शान्त र क्रोधी उपायहरूबाट राज्यलाई धर्मको पथमा परिवर्तन गर्नुभयो
मन्दारवाको पाउमा म प्रार्थना गर्छु !

इन्द्र देवको निवासमा, कंकरी भूमिमा,
उहाँ बुद्ध दाम्पा टोग्कारकी आमा हुनु हुन्थ्यो र
उहाँले असुरहरूको दललाई तह लगाउनुभयो
उहाँ सम्पूर्ण देशलाई आफ्नो वशमा पार्नको लागि प्रख्यात हुनुहुन्थ्यो,
जसलाई बुद्धको बाटोमा परिवर्तन गर्नुभयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दारवाको पाउमा म बिन्ती गर्छु!

रत्न जडित पर्वतको शिखरको भूमिगत क्षेत्रमा
उहाँ नागहरूको बीचमा फैलिएको महामारीको उपचार गर्नको लागि
एकजना नागिनीको रूपमा प्रकट हुनुभयो
धर्मिन्द्राको रूपमा चिनिएर उहाँले
सबै नागहरूलाई सम्यक् सम्बोधिको पथमा लगाउनुभयो !
मन्दारवाको पाउमा, म बिन्ती गर्छु !

असुरहरूको राजकुमारीको प्रादुर्भावको रूपमा
उहाँले ईर्ष्याका असुरहरूको दललाई तह लगाउनु भयो
समन्तभद्रीको रूपमा चिनिएर,
उहाँले राक्षसी असुरहरूको समुदायहरूलाई परिपक्वता र मुक्तिमा ल्याउनुभयो ।
मन्दारवाको पाउमा, म बिन्ती गर्छु !

बुद्ध कश्यपको उपस्थितिमा,
उहाँले बोधिचित्त उत्पाद गर्नुभयो र
राजा सुखपालको छोरी श्री सागरको रूपमा पुनर्जन्म लिनु भयो
उहाँ एक हजार भिक्षुणीहरूको सम्यक् सम्बोधिको लागि जिम्मेवार हुनुहुन्थ्यो
मन्दारवाको पाउमा, म बिंन्ती गर्छु !

शाक्यमुनि बुद्धको समयमा,
उहाँले पच्चीस पटक प्रकट हुनुभयो
उहाँको अरू प्रादुर्भावहरू पूर्ण रूपले अचिन्त्य छन्,
यस्तो गोप्य मन्त्रयानको पथको द्वार खोल्नुहुने
मन्दारवाको पाउमा म प्रार्थना गर्छु !

त्यसपछि, पश्चिमी प्रमोदवन सुखभवन सुखावतीमा,
यहाँ दस लाख अभिव्यञ्जनाहरूले गोप्य मन्त्र प्रकट गर्छन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको डाकिनी प्रादुर्भाव तिनीहरू प्रत्येकमा प्रकट हुन्छ !
मन्दारवाको पाउमा, म बिन्ती गर्छु !

सर्वोच्च सहचरी पण्डरावासिनीको पाँच स्थानबाट
प्रकाशको किरण सत्य मण्डलको पाँचजना डाकिनीको अभिव्यञ्जना बन्नको लागि
सबै स्वर्गहरूमा चम्कियो ।
'हृ' अक्षरलाई आशीर्वाद र अभिषेक दिँदै, यो प्रकाशको किरणले साहोरको भूमिमा प्रकट भयो ।
मन्दारवाको पाउमा, म बिन्ती गर्छु !
उहाँको चमत्कारिक शक्तिका माध्यमबाट,
उहाँका माता र पिता, राजा र रानीले
आफ्ना सपनाहरूमा अचम्म लाग्दो सङ्केतहरू पाएका थिए ।
काठ-घोडा वर्षमा, महिनाको दसौं दिनमा उहाँको जन्म भएको थियो र
तत्काल स्वर र व्यञ्जनहरूको आवाजहरू उच्चारण गर्नु भएको थियो !
मन्दारवाको पाउमा, म बिन्ती गर्छु!
जन्मको क्षणमा नै, उहाँले माता पितालाई
उहाँहरूको दयाको गुण तिर्नको लागि दण्डवत् गर्नु भएको थियो,
अनि भेला भएका सबैको लागि मनमोहक गीत गाउनु भएको थियो ।
उहाँलाई स्नान गराउनको लागि देवताहरू आएका थिए र
उहाँको प्रसिद्धि यस संसारमा व्याप्त भयो ।
मन्दारवाको पाउमा, म बिन्ती गर्छु!

जन्म, बुढ्यौली, रोग र मृत्युको दुखलाई देखेर
उहाँले गहिरो विकर्षण महसुस गर्नुभयो,
उहाँको मन संसारबाट फर्कियो र
पवित्र धर्मको पाँच विज्ञान राम्ररी तालिम प्राप्त हुनुभयो ।
मन्दारवाको पाउमा, म बिन्ती गर्छु!

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरु ड्रिमे र वज्र वाराहीको भविष्यवाणी अनुसार,
गौतल भूमिमा उहाँले पाखण्डी क्याबसेलसँग बहस गर्नु भयो
त्यस बखत उहाँले सबै विधर्मीहरूलाई पराजित गरे आफ्नो वशमा ल्याउनुभयो
मन्दारवाको पाउमा, म बिन्ती गर्छु !

साहोर भूमिमा उहाँले तीन सयजना महिलाहरूलाई
धर्मको पथमा ल्याउनुभयो र राजकुमार पाल्देको मृत्यु हुँदा
राजा र रानीको दुखलाई आमूल परिवर्तन गर्नु भयो ।
उहाँले पवित्र ऋषिको मासु भेटाउनुभयो,
जुन मानिसहरूको भक्तिको मुख्य वस्तु बन्यो ।
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

उहाँले भेटा र साहोरको बीचमा मेलमिलाप गराउनुभयो
तिनीहरूले युद्ध समाप्त गरे
पण्डरावासिनीको भविष्यवाणी अनुसार,
उहाँले आफ्नो अनुगामीहरूलाई धर्मको पथमा ल्याउनु भयो
अरूको कल्याण गर्नको लागि संसारमा रहनको लागि
उहाँले जोसले भरिएका प्रार्थनाहरू उत्पन्न गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

राजासँग भेट गरेर उहाँले सबै दिशाका शाही विवाहार्थीहरूले
विवाह गर्नको लागि हात दिन गरिएको अनुरोधबारे छलफल गर्नुभयो ।
संसारमा अनुरक्ति बिना, उहाँले वज्रसत्त्वबाट भविष्यवाणी प्राप्त गर्नुभयो
कुशलतापूर्वक भागेर उहाँले मठाधिकारी गुरुबाट प्रवृज्या लिनु भयो ।
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

शास्त्रीय लेखहरू राम्ररी जाँच गर्दै उहाँले अध्ययन गर्नुभयो
ग्रन्थहरूलाई पूर्ण रूपले छानबिन गरेर उहाँले त्रिपिटक अध्ययन गर्नुभयो
र आनन्द कुञ्जमा उहाँले आफ्ना पाँच सयजना सुसारेहरूलाई धर्म सिकाउनुभयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँले गुरु पद्मसंभवको प्रादुर्भावबाट प्रत्यक्ष रूपमा भविष्यवाणी प्राप्त गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती चढाउँछु !

फूलको बगैंचामा आइ पुगेर उहाँको वास्तवमा गुरुसँग आमनेसामने भेट भयो
जब उहाँलाई धर्म सिकाउनको लागि दरबारमा आउने निम्तो दिइयो
एकजना घुमन्ते गोठालाले यसबारे थाहा पाए
अफवाहहरू उब्जिए र राजाले तिनीहरूलाई सजाय दिने कारबाही गरे
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

राजाको रानीले गुरु पद्मसम्भवलाई जिउँदै जलाउन प्रयास गर्दा समेत
उहाँले आफ्नो चमत्कारिक शक्तिहरू प्रकट गर्नुभयो
राजा र मन्त्रीहरू गहिरो पछुतोले भरिएका थिए
गुरु राजा र रानी सँग रहनुभयो,
जुन समयमा राजाले औपचारिक रूपमा
मन्दारवालाई ओड्डीयानको गुरुलाई अर्पण गरे ।
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

ओड्डीयानको देशका सबै पुरुषहरू गुरुको चेला बने
र मन्दारवाले सबै महिलाहरूलाई धर्मबारे बताउनु भयो जसले मुक्ति प्राप्त गरे
गुरुको मौखिक निर्देशन प्राप्त गरेर मन्दारवा पूर्ण परिपक्वतामा पुग्नुभयो ।
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

सङ्केतको गहन धर्म प्राप्त गर्दै,
उहाँ गुरु सँगै मारातिका गुफामा जानुभयो र
एक अमर ज्ञान संवाहक हुनुको मृत्यु विहीन अवस्था वास्तवमा नै सिद्ध गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

कोताला देशमा, उहाँले चमत्कारपूर्ण उपायद्वारा प्राणीहरूलाई तह लगाउनुभयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधर्मीहरूको जादुमा ठूलो जीत हासिल गर्नुभयो
योंग्दुको श्मशान घाटमाउहाँले विरोधीहरूको दललाई वाचा बन्धनमा पार्नु भयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

पद्मसंभवको भविष्यवाणी अनुसार उहाँ चामर देशमा जानुभयो,
जहाँ उहाँले सबै पुरुष र महिला नरभक्षीहरूलाई धर्म मार्गमा लगाउनुभयो
तिनीहरूले इन्द्रेनी शरीर प्राप्त गरे र सम्पूर्ण देशलाई खाली बनाइयो !
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

ङाम्पात्साल र आठ महा देशहरू र काइलाद्रोग र आठ साना शक्ती क्षेत्रहरूमा,
उहाँले आठवटा प्रमुख र सहायक चमत्कार पूर्ण,
सम्यक् सम्बोधि प्राप्त शारीरिक कार्यहरू प्रकट गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

त्यसपछि गुरु पद्मसंभव र सहचरी सँगै ओडियान देशको लागि प्रस्थान गर्नुभयो
उपाय कौशलद्वारा सबै विकृत विचारहरूलाई निकाल्नको लागि
उहाँहरूले धर्मको चक्रलाई घुमाउनुभयो र सबै जना इन्द्रेनी कायमा मुक्त भए
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

गुरुको भविष्यवाणी अनुसार उहाँ शाम्भाला जानुभयो र
आफ्नो महान् उपाय कौशलद्वारा
पच्चीसवटा स्वर्गहरूका प्राणीहरूलाई तह लगाउनु भयो
दस लाख, तीन सय हजार भाग्यशाली चेलाहरूलाई इन्द्रेनी शरीरमा मुक्त पारियो
।
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

त्यसपछि उहाँ भेते, भारतको उच्चतम पर्वतको शिखरको यात्रा गर्नुभयो
जहाँ कुनै अपवाद बिना बाँकी सबै प्रसारणहरू दिइएको थियो ।
उहाँले आफैलाई तिब्बतमा एउटा र एक नेपालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा सेतो र रातो रङको दुईवटा उत्पल फूलको रूपमा प्रकट गर्नुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

केही पनि बाँकी नराखीकन एउटा इन्द्रेनी जस्तै आकाशको विस्तारमा विलय हुँदै
उहाँ पद्मव्युहको अकनिष्ठ स्वर्गमा प्रस्थान गर्नुभयो ।
उहाँ गोप्य आदिकालीन प्रज्ञाज्ञान डाकिनीको
सर्वोच्च सहचरीको मूर्त रूपमा आमूल परिवर्तन हुनुभयो ।
मन्दारवाको पाउमा म बिन्ती गर्छु!

नौ सयजना शुद्ध ज्ञान वाहक चेलाहरूसँगै, इन्द्रेनी शरीरमा विलय भए पछि
अरूको लाभको लागि उहाँ एक पटक फेरि प्रकट हुनुभयो
प्राणीहरूको मनलाई तह लगाउनको लागि
डाकिनीको रूपमा प्रकट हुँदै आवश्यक सबै विधिमा
आफैलाई प्रकट गर्दै मन्दारवा अटूट रूपमा प्रादुर्भाव हुनुभयो
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

परम सुखावती भूमिको लोकमा उहाँ गोप्य प्रज्ञाज्ञान
सहचरी पण्डरावासिनीको रूपमा; खेचारी लोकमा,
नाट्येन्द्रीको रूपमा; र साहोरमा, दुङमेन कार्मोको रूपमा चिनिनु हुन्छ
मन्दारवाको पाउमा म बिन्ती गर्छु !

म र भविष्यका जीवन कालका अन्य सबै जना
जो डाकिनीहरू मध्येकी सर्वोच्च हुनुहुन्छ
उहाँसँग कहिले पनि छुट्टिन नपरोस् !
हामी सबै जना डरको अस्थायी र परम अवस्थाबाट मुक्त होस्,
हामीलाई सम्यक् बुद्धत्व सिद्धि होस् !
उहाँको कैयन् जीवनहरूको उदाहरण जस्तै धर्म सम्पन्न गरेर
हामी सबै सम्यक् सम्बोधि प्राप्त होस् !
सबै अपवाद बिना सबै बाधाहरू शान्त होस् !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अरूको लाभ तत्काल र पूरा सिद्ध होस् !
संसारको लोकहरूलाई खाली पार्दै
सबै प्राणीहरूलाई जिन माताको अवस्थामा राख्नको लागि
मलाई आशीर्वाद प्रदान गर्नुहोस् ।

ती व्यक्तिहरूको लागि जो यी शब्दहरूबाट कहिल्यै डगमगाउँदैनन् र जो यी शब्दहरूमा दृढ रहेर एकदमै ध्यान राख्छन्, तिनीहरूले अतीतका असङ्ख्य जीवन कालहरूमा सञ्चित गरेका नकारात्मक धमिलोपनहरू केही पनि बाँकी न रहिकन शुद्ध होस् ! चरण र पथहरूमा सबै महान् गुणहरूलाई पूरा गरेर र डाकिनीलाई आकस्मिक रूपमा भेटेर, सामान्य र सर्वोच्च सिद्धिहरूलाई तत्काल प्राप्त गरिनेछ । रोग र राक्षसी शक्तिका अवरोधहरू उत्पन्न गराउने नकारात्मक सञ्चयको कारणलाई कुनै अपवाद बिना उल्टाइने छ; दीर्घ जीवन, उत्कृष्ट स्वास्थ्य र धन सम्पत्ति र समृद्धिको सुख हुनेछ । जे कुराको इच्छा गरे पनि स्वतः उपस्थित हुनेछ !

"परम सुखावती भुवनमा भविष्यको पुनर्जन्म हुने स्थान तर्फ जानको लागि आमा मन्दारवाले मार्गदर्शन गर्नु हुनेछ भन्ने कुरामा कुनै पनि सन्देह नराख्नू । यसरी नै, तिब्बतका भाग्यशाली चेलाहरू सहित सबै प्राणीहरूका लागि, जसले मन्दारवाको जीवनहरू र मुक्तिको यो वृत्तान्त लेख्छ वा पढ्छ र विश्वास र भक्तिको साथ दण्डवत् गर्छ, अर्पणहरू चढाउँछ र बिन्ती गर्छ उसको सबै इच्छाहरू तत्काल पुरा भएको परिणाम अनुभव गर्नेछ । यो वृत्तान्तलाई जसले शुद्ध विश्वासले पढ्छ उसको सङ्क्रामक रोग, युद्ध, दुर्भाग्य र खडेरी, कालो जादु, श्राप, हानिकारक भयहरूलाई शान्त पारिनेछ । यदि कसैले यो वृत्तान्तलाई एक सय पटक पढ्यो भने उसको असमयको मृत्यु र जीवनका अवरोधहरूलाई उल्ट्याइने छ ।

यदि कसैले यो ग्रन्थ पढेमा चार-खुट्टे जनावरहरूका साथै गरिबीले सताइएका भिखारीहरूले सहनु पर्ने रोगहरू शान्त हुनेछन् र असल भाग्य र समृद्धता प्रशस्त हुनेछ । यदि सन्तानको चाहना छ भने यो ग्रन्थ पढ्दा परिवार वृद्धि हुनेछ । जीवन र मुक्तिको बारेको यो ग्रन्थ जोसँग हुन्छ कुनै अवरोध बिना उसको सबै इच्छाहरू पूरा हुनेछ । कुनै पनि गुम्बा, देश, सहर वा पारिवारिक घर भित्र यो वृत्तान्तको प्रति जहाँ पाइन्छ आत्माहरू, राक्षसी सेनाहरू र भूत प्रेतलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टाढै राखिनेछ, एक माइल भन्दा नजिक पुग्न असमर्थ हुनेछ । यदि यो वृत्तान्तलाई राम्रो भविष्यको पुनर्जन्म पाउनको लागि एक सय पटक पढियो भने तल्लो लोकको जन्मको डरबाट मुक्त हुनेछ र चेतनाले खेचारी लोकमा यात्रा गर्नेछ ।

"यस वृत्तान्तको वास्तविक लाभ यति उल्लेखनीय छन् कि तिनीहरूबारे सहज रूपमा व्यक्त गर्न सकिँदैन । यदि यसलाई शरीरमा लगाइयो भने, कान्ति क्षयका असरहरू उत्पन्न हुने छैनन् । हतियारहरूको डर हुनेछैन र विषले आफ्नो क्षमता गुमाउनेछ । सङ्क्रामक रोगहरू, खुल्ला, पीपयुक्त घाउहरू र कुष्ठ रोग सबैलाई शान्त गरिनेछ । रोग, राक्षसी शक्तिको कब्जा, नष्टकारी शक्तिहरू र यस्ता सबै हानिहरूको शक्ति हरण हुनेछ । यात्रा गर्नु अघि यदि यो वृत्तान्त पढ्नु भएको छ भने, धराप, लुटपाट, विश्वासघाती गल्लीहरू सबै शान्त हुनेछन् । यदि यो ग्रन्थलाई पूजाको वस्तुको रूपमा नियमित राखियो भने, नियमित दण्डवत्, प्रार्थना, परिक्रमा र प्रसादहरू चढाउने गरियो भने परम सुखावती भूमिमा पुनर्जन्म हुनेछ भन्ने कुरा निश्चित छ । यस कारण, भविष्यका प्राणीहरूले त्यही बमोजिमले निरन्तर प्रयत्न गर्नू ! " समय

मन्दारवाको क्रमागत पुनर्जन्महरूलाई कस्तो प्रार्थना गर्ने भन्नेबारे वर्णन गरिएको अमूल्य माला नामक साहोरकी राजकुमारी मन्दारवाको जीवन र मुक्तिको अठतीसौं अध्याय यहाँ पुरा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहार

एक पटक फेरि, कुलपुत्री येसे छोग्यालले अनुरोध गर्नुभयो- "क्ये ! ओड्डीयानका गुरु पद्मसंभव ! भविष्यको प्रचारको लागि डाकिनीको जीवनहरू र मुक्तिको यो बहुमूल्य वृत्तान्त मौखिक प्रसारणको (कामा) को भाग हुनुपर्छ या पुन फेला पारिएको निधि (तेर्मा) परम्पराको रूपमा हुनु पर्छ ? यसले प्राणीहरूको लाभ कहिले प्राप्त गर्ने अभिप्राय राखिएको छ ? तपाईँको महान् दयाले कृपया भविष्यको लागि हामीलाई सङ्केत दिनुहोस्"

यस अनुरोधको लागि, गुरुले यस्तो उत्तर दिनुभयो- "राम्ररी सुन्नुहोस्, जोमो येसे छोग्यालमा ! पहिले कहिले पनि प्रकट नगरिएको डाकिनीको जीवन र मुक्तिको यो वृत्तान्तलाई तीन प्रतिमा लिपिबद्ध गरिनेछ जसलाई मेरो ध्यान भावना गर्ने स्थानहरू तीन ठाउँहरूमा चाङ्ग्रोङ मेबार ड्राग, चारोङ ड्राग र गोवोवाङ पर्वत निधिको रूपमा गाडेर लुकाइने छ । यी तीन प्रतिलाई गैंडाको छालाको सन्दुक भित्र यी तीनवटा शक्ति स्थानहरूमा लुकाएर राखिने छ । निधिलाई संरक्षण गर्नको लागि निधि संरक्षकहरू दु, चेन र लुलाई अधिकार दिइने छ ।

"गोवोवाङ पर्वतको गुफामा लुकाउने वृत्तान्त भविष्यमा प्रकट गरिनेछ जब मानव जीवनको अपेक्षा तीस वर्ष मुनी र बीस वर्ष माथि हुनेछ । त्यस बखत, यस वृत्तान्तले प्राणीहरूलाई लाभ पुऱ्याउनेछ । साङ्ग्रोङ गुफामा लुकाइने संक्षिप्त संस्करण जीवनको अपेक्षा चालीस वर्ष भएपछि प्रचार गरिनेछ र कर्मा वा दोर्जे नाम भएको व्यक्तिलाई दिइनेछ । तथापि, यसको खोजको शुभ परिस्थितिलाई उल्ट्याइने छ र स्वर्णपत्रमा लेखिएका अक्षरहरू मेटिनेछन् ।

"जीवनको अपेक्षा बीस वर्ष भएपछि चारोङ गुफामा गाडिने वृत्तान्तलाई दोखाम भनिने क्षेत्रमा रत्न नामक व्यक्तिद्वारा व्यापक रूपमा प्रचार गरिनेछ । तीनवटा अरू वृत्तान्तहरूलाई गाडिने छ चारोङ गुफामा संक्षिप्त वृत्तान्त गाडिने छ"

मध्यवर्ती संस्करणको निधिलाई निधिपति सामतेन लिङपाद्वा प्रकट गरिनेछ जसको जन्म फलाम भेडा वर्षमा हुनेछ । एकजना महान् सहनशील व्यक्तिको रूपमा, उनी निष्पक्ष हुनेछन् र महान्, शुद्ध बोधलाई समर्थन गर्नेछन् । उनका प्रज्ञाज्ञानका गुणहरू उत्कृष्ट हुनेछ र उनी कहिल्यै पनि नराम्रो, नकारात्मक प्राणीहरूसँग रहने छैनन् । अस्पष्टता देखि पूर्णतया मुक्त रहेको एकजना मानिस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनी आदिकालीन प्रज्ञाज्ञानको आँखाको मालिक हुनेछ । उनको हृदयमा "हुँ" अक्षर अङ्कित हुनेछ, उनको घाँटीमा "ब्रुँ" अक्षर लेखिएको हुनेछ उनको काँधमा एउटा स्वस्तिक अङ्कित हुनेछ ।

"उनको तिघ्रा हड्डी आभूषणको ढाँचाको हुनेछ र उनको नाभिमा "तँ" अक्षर कुँदिएको हुनेछ । सबै उच्च गुणहरूको मालिकको रूपमा, उ मारहरूलाई वशमा पार्ने हुनेछ । आफ्नो अन्तिम पुनर्जन्ममा, लुकाइएको विधिको माध्यमबाट उ निधी परम्पराको महान् उपयोगकर्ता हुनेछ । मेरो वाकको आशीर्वादले उनले प्राणीहरूलाई डोऱ्याउनेछ; उसले जोसँग सम्बन्ध बनाए पनि तिनीहरूलाई अवैवर्तिक अवस्थामा राखियोस्"

"यो निधि प्राप्त गरिसकेपछि, रिग्देन दावा, सोनम, ड्रोन्मा र धर्मको रूपमा चिनिनेलाई नभेटेसम्म उनले यसलाई बीस वर्षको लागि लुकाउने छ । तिनीहरूलाई मित्र बनाएर, उनले स्पष्ट रूपमा यो वृत्तान्त प्रकट गर्नेछन् र तिनीहरू यस निधिको धर्म रक्षकहरू हुनेछन् । यस वृत्तान्तसँग जोडिएको पाँच मुख्य पाठहरूका साथै छवटा शाखाहरू पनि छन् । असङ्ख्य प्राणीहरूलाई लाभ पुऱ्याउनको लागि तिनीहरू सबैलाई प्रचार गरिनेछ । अब नानाम दोर्जे दुद्जोमको एउटा निधि आठवटा द्वारहरू भएको मन्दारवाको यो जीवन वृत्तान्तलाई जेग्याल पर्वत नजिकैको डाकिनीहरूको गोप्य गुफामा लुकाइएको छ । यस धर्म निधिको एक आपसमा निर्भर रहेका रक्षकहरू 'चो' वा 'छो' हो । यदि तिनीहरू मध्ये कुनै एक जनाको योसँग भेट भएमा यसलाई प्रकाशित गरिनेछ भन्ने कुरामा कुनै पनि शङ्का छैन । त्यसपछि सानो छपाइले भविष्यवाणी गरिएका निधि रक्षकहरूलाई स्पष्ट रूपले सङ्केत गर्छ । यो निधिले तिब्बतका मानिसहरूलाई परम सुख र खुसी दिनेछ । तेह्रौं अतिरिक्त निधिहरू पत्ता लगाउँदा, गहिरो कुञ्जीलाई अभिभावकहरूले दिनेछन् । त्यस कारण, भविष्यका पुस्ताहरूले कुनै पनि शङ्कालाई त्याग्नु पर्छ ! " समय

त्यसपछि लेखिकाको रूपमा काम गर्दै डाकिनी येसे छोग्यालले सेतो भोज पत्रमा यसलाई प्रतीकात्मक सङ्केतको गोप्य लिपिमा तीन पटक लेख्नु भएको थियो । चाङरोङ मेबार भनिने गुफामा उहाँले सन्दर्भ मौखिक निर्देशनहरूसँगै पद्म पुङ्रे तन्त्र लुकाउनु भयो । गोवोवाङ्ग पर्वतमा, उहाँले टुगदामको पाँचवटा चक्र र यसको साथै याङचाङ छेन्पो लुकाउनुभयो । कालो चारोङ गुफामा उहाँले पूर्व मैत्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रलाई पूरक टिकाहरूको साथमा लुकाउनुभयो; यसरी भविष्यमा निधिपतिहरू र अभिभावकहरूको हातमा विश्वाससाथ सुम्पनुभयो । शुभ कामनाको धेरै प्रार्थनाहरू चढाइयो !

समय ग्या ग्या ग्या कु ग्या सुङ ग्या तुग ग्या दा थिम

सम्मानका शब्दहरूको मोहर लगाइएको, सम्यक् सम्बोधि प्राप्त कायको मोहर, सम्यक् सम्बोधि प्राप्त वाकको मोहर र सम्यक् सम्बोधि प्राप्त चित्तको मोहर । यस युगको अन्त्यमा देखा परेका तान्त्रिक पण्डित हेरुक ओर्ग्येन जिग्मे मीङग्युर सामतेन लिङपा थिन्ले डोडुल लेराब देवा चालले यो निधिलाई गोवोवाङ पर्वत पद्म ध्यान भावना गुफाबाट आफ्नो चौधौं वर्ष भाले काठ बाँदर वर्षमा प्रकट गर्नुभयो । येसे छोग्यालको चित्त प्रतिबद्धता, यस जीवनहरू र मुक्तिको वृत्तान्त सँगै पाँचवटा विभागहरूमा प्रकट गरिएको थियो र त्यसपछि निधि प्रर्कटकर्ताले आफू सैंतीस वर्ष नपुगेसम्मको लागि लुकाए । भविष्यवाणी गरिए बमोजिम लाङ्याव ग्याल्वा झाङछुव, दोर्सुल छेवाङ तेन्जिङ पेमा थिन्लेको अवतारलाई भेटेपछि निधिलाई प्रकट गर्नको लागि निधिपतिले सातवटा शक्तिशाली प्राकृतिक सङ्केतहरू प्राप्त गरे । त्यसपछि दोर्शुल छेवाङ तेन्जीङ पेमा थिन्लेले निधिपतिलाई यस प्रकाशनको रेकर्ड गर्ने सामग्री दिए र लेखन कार्य जेग्याल पर्वत नजिकको दुदुल ङाग भनिने गोचन ग्याल्वाको आश्रममा सुरु भएको थियो । यो काम ओड्डीयानका गुरुले सिद्धि पाउनु भएको स्थान मारातिकामा जारी रह्यो र गाङशुंग याङकिल्गार भनिने स्थानमा पुरा भयो । सम्पूर्ण वृत्तान्तलाई सेतो भोज पत्रको सुनौलो चर्मपत्रमा लेखिएको थियो जसको आकार दुई औंला चौडाइ र तीन औंला लम्बाइ छ । सबै सञ्चित र परिणामकारी पुण्यले भगवान बुद्धको सिद्धान्तमा वृद्धि ल्याओस् र सिद्धान्तको महान् समर्थकहरूको पद्म पाउ एक सय युगसम्म यस संसारमा सुदृढ रहोस् ! सबै प्राणीहरूले पूर्ण रूपमा सम्पन्न परम सुख र खुसी अनुभव गर्न सकुन् !

सर्व मङ्गलम् ग्योह ! सँधै असल भाग्य र पुण्य होस् !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नमः समन्त बुद्धन अचिन्त्यदमुतरूपीण ओं तारे स्वाहाः

यो मन्त्ररूपी अक्षर पुस्तकभित्र राखिएकाले भुलवश यस पुस्तकलाई नाघे तापनि दोष लाग्दैन भनी **मञ्जुश्री मूलतन्त्रमा** वर्णन गरिएको छ ।

༄༅། །མཁའ་སྤྱོད་ཆོས་གསུམ་རིང་ལུགས་ཆེ། །འཛམ་གླིང་ས་གསུམ་ཁྱབ་པར་འཕེལ།།
འགྲོ་རྒྱུད་མཆོག་གསུམ་སྣང་བ་དང་། །མི་འབྲལ་དུས་གསུམ་དགེ་ལེགས་སོག། ||

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

“कर्मले फलहरू कसरी वहन गर्छ भन्ने तरिकाहरूबारे विचार गर । यस संसारको सबै दान दातव्य, धन, सम्पत्ति एउटा मायावी वा सपना जस्तै हो यिनीहरूको वास्तविक अस्तित्व छैन । सुन्दरता र अक्षय निधिहरू आकाशमा बिलाएर जाने इन्द्रेनी जस्तै हो । अहिले तिनीहरू उपस्थित रहे पनि तिनीहरू कहिल्यै पनि स्थायी हुन सक्दैनन् । पाँचवटा बहुमूल्य रत्नहरूले सजाइएको एउटा सुन्दर नौ तले दरबार नै पनि भ्रम र पतन हुने एउटा कारण हो । युवा अवस्था र सुन्दरता उमेर ढल्केर जानुलाई सहन सक्ने क्षमता नभएको र पहिलो पटकको हिउँले नष्ट भएर जाने ग्रीष्म ऋतुको फूल जस्तै हो । महँगो रेशमी कपडा र गहनाहरू घाँसमा टल्किने शीतको थोपा जस्तै हो । “अहिले अस्तित्वमा भए पनि बलियो हावाको पहिलो झोक्कासँगै तिनीहरू तुरुन्तै बिलाएर जाने छन् । आफन्तजन, मित्र र सहयोगीहरू बजारमा आएका आगन्तुकहरू जस्तै हुन् । एक क्षणमा तिनीहरू तुरुन्तै भेला हुन्छन्, अर्को क्षणमा तिनीहरू अपरिहार्य रूपमा जान्छन् । तिम्रो आफ्नै जीवनको सार पनि बलियो हावालाई सहन खोज्दै गरेको एउटा मैनबत्तीको जस्तै हो त्यो कहिले निभ्छ भन्ने कुरा निर्धारण गर्नको लागि कुनै तरिका छैन र यसलाई ठूलो हेरचाह गरेर सुरक्षित राख्नु पर्छ । शक्ति र प्रसिद्धि आकाशबाट आउने चट्याङको आवाज जस्तो हो । एक क्षणको लागि सुनिने तिनीहरू अर्थ हीन गुञ्जन बन्छन् । यसलाई जसरी हेरिए पनि यसको सार धूलोको थुप्रोको भन्दा कम छ । मनको विनाशको कारण अर्थहीन, भ्रमित बोधको निस्सार खोजी हो । यो संसारमा जन्मनुको पीडा फलामको जाली भएको जेलभित्र थुनिन बाध्य पारिएको जस्तै हो । अस्तित्वको लोकहरूमा अटूट रूपले पुनर्जन्म लिनु नरकको अठारवटा अवस्थाहरूमा रहनु भन्दा खराब छ । बुढ्यौलीको पीडा पखेटा गुमाएको एउटा ठूलो बुढो चरा जस्तै हो ।

9 789937 110563

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection